अज्ञात यात्रा

(निबन्धसङ्ग्रह)

लेखक

चिरञ्जीवी दाहाल

प्रकाशक

कालीगण्डकी साहित्य परिषद्

चितवन

कृति : अज्ञात यात्रा
विधा : निबन्ध
प्रकाशक : कालीगण्डकी साहित्य परिषद्
चितवन
प्रकाशन मिति : २०८२, वैशाख
प्रकाशित प्रति : ५०१
सर्वाधिकार © : लेखकमा
मूल्य : रु. ३५५।–

सेटिङ : जीवननाथ ढुङ्गाना
भरतपुर–१२, चितवन, ९८४५०४६७४४

मुद्रक : .... छापाखाना
||||||||||||||||||||||
फोन : ....

ISBN : 978-9937-....-.....-....

Aangyat Yatra

(Essay Collections)

by : Chiranjeebi Dahal

Published by:
Kaligandaki Literary Council Chitwan
(2025 AD)

लेखकको अनुमतिविना यस पुस्तकको कुनै पनि अंश वा पूरै पुस्तक (समीक्षात्मक प्रयोजनबाहेक) पुनरुत्पादन वा कपी गर्न पाइने छैन।

समर्पण

जन्मदात्री, पुनर्जीवन दायिनी

एवं

जीवन जिउन सिकाउने सबैप्रति

मुखबन्ध

सरल र आधारभूत अर्थमा जीवन भनेको एउटा लामो प्रक्रियागत खेल हो। जुन जन्मदेखि सुरु हुन्छ र मृत्युसम्म जारी रहन्छ। जीवनको खेलमा सहभागी हुन चाहने सबैले खेलका सामान्य नियमहरूमा बाँधिनुपर्छ। खेलाडी भन्नासाथ निकै अनुशासित बन्नुपर्छ। अनुशासनमा रहन नसक्नेले सजायँ पाउँछ। खेल खेल्दा खेलका नियमहरूसँग जानकार हुनैपर्छ। नियमभित्र रहेर खेलमा सहभागिता जनाउने व्यक्ति विजयी बन्नसक्छ। नियममा रहन नसक्नेले पूर्ण समय खेल खेल्न पाउँदैन। कुनै पनि समय ऊ खेलबाट निष्काशित हुन सक्छ। खेलमा विजयी हुनेले पुरस्कार प्राप्त गरेजस्तै जीवनको खेलमा विजयी हुनेले पनि पुरस्कार स्वरूप परमायु प्राप्त गर्छ भने पराजय हुनेले अल्पायु प्राप्त गर्छ। यसर्थ हरेक खेलमा जस्तै जीवनको खेलमा पनि अनुशासनको ठूलो महत्त्व हुन्छ।

धर्तीमा जन्म लिएका अधिकांश मानिसहरूको मुख्य लक्ष्य सायद यही परमायु नामको पुरस्कार र पदक प्राप्त गर्नु मात्र हो। अन्यथा मानिस जन्मनुको मूल कारण यही हो भनेर आजसम्म कसैले पनि किटेर भन्न सकेको छैन। हाम्रो सोचाइ पनि यस्तै छ, हामीले लामो समयसम्म बाँच्नुलाई सफल जीवन मान्ने गरेका छौँ। लामो समय बाँच्न सक्नुलाई हामीले जीवनको सबैभन्दा महत्त्वपूर्ण उपलब्धि ठान्ने गरेका छौँ। यसैलाई ठूलो पुरस्कार सम्झिने गरेका छौँ। गम्भीर रोगबाट ग्रस्त मान्छेले बाँच्नका लागि अनेकौँ प्रयास गर्छ। उसले केको लागि बाँच्ने प्रयास गरिरहेको छ, यसको जवाफ ऊसँग हुँदैन। यसरी मान्छेले बाँच्नुलाई ठूलो उपलब्धि मान्ने गरेको छ किन ?

जीवन एक त्यस्तो चरण हो जसमा जीवहरूले आफ्नो जैविक प्रक्रियाहरू प्रदर्शन गर्छन्। जीवन वास्तवमा समस्त जीवहरूको सबैभन्दा अनमोल सम्पत्ति हो। जैविक पदार्थहरूमा प्रजनन र विकास गर्ने क्षमता हुन्छ। मानिस पनि यस्तै क्षमता भएको प्राणी हो। यो प्रक्रिया जन्मबाट सुरु भएर मृत्युमा समाप्त हुनेगरेको छ। मेरो विचारमा प्राणीहरूले जैविक प्रक्रिया सक्रिय गर्न सक्ने समय मात्र जीवन हो। दार्शनिकहरू, योगीहरू, विद्वान् मानिसहरू जीवन बुझ्ने कोसिस गर्छन्। मानिस वास्तवमा यो संसारमा किन आयो र आउनुको उद्देश्य के हो ? उनीहरू हरहमेशा यही प्रश्नको उत्तर खोजिरहेका हुन्छन्। यसको वास्तविक उत्तर कसैसँग हुँदैन। सबैले जीवन बारे आआफ्नै मनोभावद्वारा कल्पित दृश्यको वर्णन गर्छन् तर हरेकको व्याख्या फरक हुने

गरेको छ । किनकि सबैले एकै प्रकारको कल्पना गर्न सक्दैनन् । जसले जसरी बताए पनि जीवन र मृत्युका परिभाषाहरू फरकफरक हुन्छन् । तर ती सबै काल्पनिक हुन्छन् । धर्तीमा जन्म लिएका सबै प्राणीमध्ये आफूलाई उच्चकोटिको ठान्ने मानिसले जीवसृष्टिको करोडौँ वर्षसम्म पनि जन्म र मृत्युको वास्तविक भेद थाहा पाउन सकेको छैन र सक्दैन पनि । मानिसको सबभन्दा ठूलो कमजोरी यही हो । यस अर्थमा यो आश्चर्यको विषय पनि हो । मानिसले जन्म लिएपछि बाँचुन्जेलसम्म अनेकौँ सङ्घर्ष गर्छ । दौडधुप गर्छ । धन कमाउने र नाम कमाउने प्रतिस्पर्धामा भाग लिन्छ । सहकर्मी साथीहरूप्रति ईर्ष्या गर्छ । मान्छेले बाँच्ने प्रतिस्पर्धामा पनि भाग लिइरहेको हुन्छ । आखिर यी र यस्तै कुरामा मानिस किन प्रयत्नशील भइरहन्छ ? यस प्रश्नको उत्तर उसैलाई थाहा हुँदैन जो स्वयं प्रतिस्पर्धामा उत्रिएको हुन्छ, मानिस एउटा त्यस्तो यात्रामा निस्किएको यात्रु हो, जसको लक्ष्य यात्रा गर्ने यात्रीलाई समेत थाहा हुँदैन । आफ्नो यात्रा कहाँको हो ? कहाँ पुग्नु छ ? कसरी र कहिले पुग्न सकिन्छ ? मानिस केका लागि दौडिरहेको छ ? अधिकांश मानिस न ईश्वर प्राप्तिका लागि दौडिरहेको हुन्छ न मोक्ष प्राप्तिका लागि दौडिरहेका हुन्छ, हरेक मान्छेले यात्रा गर्दागर्दै र थाहा नपाई एक दिन आफ्नो यात्रामा पूर्णविराम लगाउनुपर्छ ।

के सबै कर्म मानिसले बाँच्नको लागि मात्र गरिरहेको हुन्छ ? उसो भए बाँच्नु मात्र जीवन हो ? यी र यस्ता अनगिन्ती प्रश्नै प्रश्नहरूको बी(चमा अनेक जीवसँगै मान्छे पनि साथमा उभिएको छ । यदि बाँच्नकै लागि हो भने यति विधि सङ्घर्ष किन गर्नुपऱ्यो ? बाँच्न मात्र त पृथ्वीमा रहेका सम्पूर्ण प्राणीहरू बाँचिरहेका छन् । जसले भविष्यका लागि कुनै पनि वस्तु सञ्चय गर्दैनन् । बिरामी हुँदा उपचार पनि गर्दैनन् तर मानिसलाई भने मरिन्छ कि भन्ने भयले हरहमेशा सताइरहेको हुन्छ । मर्नबाट जोगिनका लागि उसले अनेकौँ प्रयत्न गर्छ, उपचार गर्छ । भविष्य सुनिश्चित गर्ने नाममा वस्तु सञ्चय गरिरहेको हुन्छ । त्यो भविष्य कुन हो ? के छ भविष्यमा ? भविष्य कस्तो छ ? भविष्य टाढा छ या नजिक छ ? भविष्य कसले देखेको छ ? यस कुराको जवाफ कसैले पनि दिन सक्दैन । मान्छेले कष्टसँग कमाएको अथाह धनसम(पत्ति यही धरामा छोडेर एक दिन रित्तै जानुपर्छ । केवल कमाउने र रमाउने काम मानिसले मात्र गर्छ । अन्य प्राणी र जीवहरू यसै पनि रमाउन सक्छन् तिनलाई रमाउनका लागि कमाउनु पर्दैन । न भौतिक वस्तु चाहिन्छ, न पद प्रतिष्ठा चाहिन्छ, **श्रीमद्भगवत् गीता**मा भनिएको छ –

"जीवचक्रं भ्रमत्येवं मा धैर्यात्प्रच्युतो भव ।"

गीताले भने जस्तै जीवनको चक्र यसरी नै चलिरहेको हुन्छ । धैर्य गुमाउनु हुँदैन । मान्छेको जीवनमा धेरै थोरै जेसुकै होस् पालैपालो सुखदुःख आउनेजाने भइरहेको हुन्छ । भनाइ छ, “दुःखमा नआत्तिनु सुखमा नमात्तिनु ।” जीवन त सहज ठाने सहज र असहज ठाने असहज हुने रहेछ । जीवनका तितामिठा र अन्य विविध भोगाइहरूले मलाई यही सिकाएको छ । जीवन के हो ? जीवनको परिभाषा किन फरकफरक तरिकाले दिने गरिएको छ ? उसो त जीवन भनेको विद्यालय र कलेजमा पढाइने गरेको गणित विषय होइन, जोड–घटाउ र गुणा गर्दा गणितमा जस्तै ठ्याक्कै एउटै उत्तर आउने । जीवनमा न त गणितको जस्तै समस्यालाई समाधान गर्ने कुनै सूत्र नै हुन्छन् न उत्तरहरू हुन्छन् । हरेक मानिसको जीवन र जीवनका भोगाइहरू एकै प्रकारको हुँदैन । जीवनप्रति सबैको अपेक्षा र बुझाइ फरकफरक हुन्छ । जीवन कसरी भोग्ने, कसरी जिउने, यो व्यक्तिको निजी सोचाइमा भरपर्छ । जीवन यसरी जिउनुपर्छ, उसरी जिउनुपर्छ भनेर बाँड्ने गरिएको सरसल्लाह र अर्ती उपदेश विभिन्न व्यक्तिका निजी अनुमानहरू हुन् ।

अधिकांश मानिसले सुख र दुःख दुवै व्यहोरेका हुन्छन् । अनेकौँ मान्छेमध्ये कोही धेरै दुःखी हुन्छन्, कोही धेरै सुखी । तर हरेक मानिससँग दुःख र सुखको अनुभव भने अवश्य हुन्छ । सामान्यतया जीवनको खेलमा अनुशासित खेलाडीले भन्दा निष्कासन हुनै लागेका खेलाडीले खेललाई केही नजिकबाट चिन्ने मौका पाएका हुन्छन् । त्यो खेलकुद रङ्गशालामा खेल्ने खेल होस् या जीवनको खेल किन नहोस् । यसैले यो निबन्ध सङ्ग्रहमा जीवनसँग प्रत्यक्ष रूपमा जोडिएका केही विषयहरू पनि यहाँ समावेश गर्ने प्रयास गरेको छु । केही निबन्धहरू विभिन्न साहित्यिक पत्रपत्रिकाहरूमा प्रकाशित भइसकेका हुन् भने केही निबन्धहरू अप्रकाशित निबन्ध हुन् । मेरा अघिल्ला कृतिहरूजस्तै पाठकले यस कृतिलाई पनि मन पराइदिनु हुनेछ भन्ने अपेक्षा गरेको छु । आदरणीय पाठक तथा समीक्षकहरूले यसमा भएका कमीक(मजोरीलाई औँल्याइ दिनु भए आगामी प्रकाशनका लागि थप मार्गदर्शन हुनेछ । यस पुस्तक प्रकाशनका क्रममा महत्त्वपूर्ण सहयोग दिनुहुने आदरणीय गुरु प्रा. कपिल अज्ञातप्रति हार्दिक कृतज्ञता अर्पण गर्दछु साथै विभिन्न साहित्यिक पत्रपत्रिकामार्फत निबन्ध प्रकाशित गरिदिनुहुने सबैप्रति अत्यन्तै आभारी छु ।

र पुस्तकको भूमिका लेखिदिएर मलाई लेखन कार्यमा प्रोत्साहन गर्नुहुने ...... प्रति हार्दिक कृतज्ञता अर्पण गर्दछु ।

चिरञ्जीवी दाहाल
चितवन

विषयसूची

१.	अन्तर्मुखी स्वभाव	१
२.	अब ती दिन हाम्रा रहेनन्	६
३.	असहिष्णुता	११
४.	अज्ञात यात्रा	१६
५.	आलस्य	२२
६.	इमान्दारिता	२८
७.	ईर्ष्या	३३
८.	एउटा सामान्य सपना	३९
९.	कल्पना	४५
१०.	किन लेख्ने ?	५०
११.	कोटसँगको मोहभङ्ग	५६
१२.	को नहुँदा के हुन्छ ?	६३
१३.	खुशी	७०
१४.	चालिस वर्षअघिको ताहुँ	७५
१५.	छैटौँ इन्द्रिय	८१
१६.	जिजीविषा र मुमूर्षा	८७
१७.	जिज्ञासा	९२
१८.	जीवन ईर्ष्या र गल्ती	९७
१९.	जीवनको चित्र र बुढ्यौली उमेर	१०२
२०.	जीवनको सार	१०७
२१.	जीवन र मृत्यु	१११
२२.	तीस वर्षअघि र आजको गाउँ	११७
२३.	तीस वर्षपछि जन्मभूमि पुग्दा	१२४
२४.	धोका	१२९

२५.	पागल लाटोकोसेरो	१३४
२६.	परिवर्तन	१३९
२७.	बाँसुरीको धुनले आगो निभ्दैन	१४४
२८.	मनको दास	१४९
२९.	मागेबुढाको झोला	१५६
३०.	माटोको माया	१६२
३१.	मान्छेले के भन्लान्	१६८
३२.	मेरो जन्मभूमि मेरो तान्द्राङ	१७३
३३.	रहर र बाल्यकाल	१७८
३४.	वृद्धावस्था ईश्वरको वरदान हो	१८३
३५.	सुख जीवनको प्रधान सूचक होइन	१८९

अन्तर्मुखी स्वभाव

किन हो मलाई एक्लै बस्न मनपर्छ । एकदम शान्त वातावरणमा बसेर पढ्नु, लेख्नुको मज्जा छुट्टै हुन्छ । एकान्तमा पढ्दा, लेखकले भन्न खोजेको कुरा स्पष्ट बुझिन्छ । कसैको भावनामा सँगै बगिरहँदा अर्काको भावनामा बगेको छु भन्ने पनि भुसुक्कै बिर्सिने रहेछ । जब पुस्तक पढ्दै जाँदा लाग्न थाल्छ, यो मेरो आफ्नै भावना हो । यो पुस्तक अरू कसैको विषयमा नभएर मेरो आफ्नै विषयमा लेखेको रहेछ, यसरी पाठकमा जुन सिर्जनाले भ्रम उत्पन्न गराइदिन सक्छ, मलाई त्यस्तै प्रकारको सिर्जना उत्कृष्ट लाग्छ । यहाँ उल्लेख गरिए जस्तै अर्काको जीवनलाई छुनसक्ने गरी लेख्ने मान्छेहरू त्यति धेरै हुँदैनन् । जति छन् ती अब्बल लेखकमा गनिन्छन् ।

पढ्ने कुरा मात्र होइन, जब म केही लेख्न बस्छु एकान्त वातावरणमा बसेर लेखिरहँदा मेरा भावनाहरू छताछुल्ल भएर पोखिन्छन् । यस्तो वातावरण पाउने हो भने मैले उपन्यासको दुई तीनवटा परिच्छेद एउटै बसाइमा मजाले लेख्न सक्छु । हुन त मेरालागि एकान्तवास जति प्रिय छ, त्यति नै कष्टकर पनि हुने गरेको छ । यदाकदा जब शान्ति भङ्ग हुन्छ, म चार हरफ पनि सिर्जना गर्न सक्दिन । मेरो यही कमजोरीले मलाई पटकपटक धोका दिने गरेको छ । मेरो भावनाहरू एकाएक फाटेको बादलजस्तै हेर्दाहेर्दै तरङ्गित बनेर जान्छन् । यसरी शान्ति भङ्ग गरिदिने सबै विषयसँग मलाई मन्द रिस उठ्छ । मन्द रिस यसकारण भनिरहेको छु, रिस उठ्यो भन्दैमा म त्यसको ठाडै प्रतिरोध गर्न पनि सक्दिन । यसरी पढाइ र लेखाइमा विभिन्न किसिमका अवरोधका कारण मेरो जीवनमा प्रत्यक्ष रूपमा असर गरिरहेको हुन्छ । विशेषगरी हामीजस्तो मध्यम परिवारमा हुर्किएको मान्छेलाई यसरी अवरोध पुऱ्याउन अनेक तत्त्वहरूले पृष्ठपोषण गरिरहेका हुन्छन् ।

टाट्नोमा बाख्रा अल्झिँदा, गाईको दाम्लो कसिँदा, कुकुरले कसैलाई झम्टिँदा पनि पढाइ, लेखाइ तत्काल छोडेर त्यहाँ उपस्थित हुन पुग्नुपर्छ । यसरी मेरो पढाइ, लेखाइलाई मात्र होइन, मेरो मनको शान्तिलाई भङ्ग गर्ने र अवरोध पुऱ्याउने झिनामसिना तर महत्त्वपूर्ण तत्त्वहरू मेरो वरिपरी प्रसस्त छन् र केही तत्काल देखा पर्छन् जसको कल्पना पनि गरिएको हुँदैन । कहिले घरबाहिर जोगी आएर अलख लगाइरहेको हुन्छ । उसलाई भिक्षा दिएर पठाउनु गृहस्थको कर्तव्य हुन आउँछ । म कापी, कलम अलपत्र छाडेर चामल भण्डार गरी राखेको घ्याम्पोको खोजीमा लाग्छु । एकैछिनमा गुम्बा, मन्दिर र चर्च निर्माणका लागि भन्दै चन्दा रसिदको ठेली लिएर केही युवाहरू आइपुग्छन् । यिनलाई मैले सजिलै चन्दा नदिए पनि उनीहरू आउजाउ गरिरहँदा मेरो महत्त्वपूर्ण समय भने बर्बाद हुने गरेको छ । चन्दा माग्ने कार्यलाई यिनले आफ्नो अधिकार सम्झन्छन् । मलाई लाग्छ, चन्दा दिन सक्दिन भन्नु पनि मेरो अधिकार हो । मैले देखेको छु, यीमध्ये कतिले त दिनभरि चन्दा सङ्कलन गरेर साँझ जाँड भोज गरेर मोजमस्ती गरेको मैले पटकपटक थाहा पाएको र यदाकदा देखेको पनि छु । यसरी चन्दा लिन आउनेहरूसँग मैले मात्र होइन सबैले आशङ्का गर्न पाउनुपर्छ । मेरो यही मान्यताका कारण कहिलेकाहीँ उनीहरूसँग सामान्य विवाद पनि हुने गरेको छ । कहिलेकाहीँ यस्तो संयोग पनि पर्छ, वास्तविक चन्दा आवश्यक पर्नेहरू शङ्काको घेरामा पर्ने गर्छन् । त्यसबेला मलाई आत्मग्लानि हुन्छ । यी निरीह र भाग्यले ठगेका मान्छेसँग मैले यसरी परीक्षा लिन नहुने थियो । फेरि म सोच्छु, जाँच गर्नै पर्थ्यो अन्यथा मैले दान गरेको दुई-चार पैसाको सहयोग कुपात्रको हातमा परेको भए मबाट ठूलो अपराध हुन पुग्थ्यो । पूर्वीय धर्मदर्शनले भनेको छ "दान दिँदा कुपात्रलाई होइन, सुपात्रलाई दिनुपर्छ । अन्यथा दानको महत्त्व हुँदैन ।" जे होस् मेरो एकाग्रतालाई भङ्ग गर्ने अनगिन्ती परिवेशहरूले मलाई पटकपटक अवरोध पऱ्याइरहेका हुन्छन् ।

एक जना व्यक्ति जोगी बनेर घरबाट निस्कियो भने त्यस परिवारमा एउटा अनौठो पीडाको जन्म हुन्छ । शोक मनाऔँ, ऊ जिउँदै छ, जिउँदो मान्छेको विछोडमा शोक गर्नु उचित मानिँदैन । जब व्यक्ति कहिले पनि घर फर्कन्न भनेर निस्कन्छ, त्यसको अर्थ ऊ मरे सरह हुन्छ । यसबेला खुशी मनाउने कुरा पनि भएन । खुशी र पीडाको बीचको अवस्था सायद सामान्य अवस्था हो ।

परिवारको सदस्य घर नफर्कने गरी निस्कँदाको अवस्थालाई कसरी सामान्य अवस्था मान्न सकिन्छ ? यस्ता धेरै विषयहरू हुन्छन्, जसले मलाई सँधै अन्यौल पार्ने गरेका छन् । यस्तो समयमा मैले के गर्न हुन्छ र के गर्न हुँदैन भनेर छुट्याउन सक्दिन । म न हाँस्न सक्छु, न रुन सक्छु, जब मभित्र यस्तो विषयले प्रवेश गर्छ, मेरो मन विक्षिप्तजस्तै हुन्छ । मलाई लाग्छ म मनोरोगी बन्न लागेको हुनुपर्छ, मनोरोगका सुरुवाती लक्षणहरू यस्तै हुनसक्छन् । फेरि यो आशङ्का मेरो मनमा धेरै बेरसम्म रहँदैन । साँच्चै यो मनोरोगको लक्षण भएको भए रोग प्रकट हुन यतिका वर्ष नलाग्नुपर्ने हो । जब म बाल्यावस्थामा थिएँ, त्यसबेला पनि मलाई यस्तै लाग्थ्यो । कुनै लक्षण देखिएपछि पूर्ण रोगी बन्न पचास–साठी वर्षको लामो समय नलाग्नुपर्ने हो ।

त्यसपछि लाग्छ यो लक्षण मेरो अहङ्कारको लक्षण हुनसक्छ । कतिपय मेरा आफन्त र चिनजानका साथीभाइहरूसँग मेरो गहिरो मित्रता कहिले पनि हुन सकेन । मसँग मित्रता गर्नेहरूले अधिकांश मित्रता सम्झौताका आधारमा गर्ने गर्छन् । मलाई सम्झौतामा गरिएको सम्बन्धमा विश्वास लाग्दैन । मलाई शङ्का लाग्छ, आजभोलि यस्तो सिद्धान्त बासी भइसकेको छ, जुन मैले अङ्गीकार गरिरहेको छु । म यिनै बासी सिद्धान्तका कारण एक्लोपन मनपराउने भएको हुँ कि ? म कुनै दिन विवाह, व्रतबन्ध तथा यस्तै मान्छेहरू जमघट भएको समारोहमा जान्छु । त्यस्तो समारोहमा उपस्थित नहुने हो भने मेरो विषयमा नानाथरी कुरा चल्न सक्छन् । म त्यहाँ पनि पुग्नै पर्छ । मेरो अन्तर्मुखी स्वभावले त्यहाँको वातावरणलाई पटक्कै पचाउन सक्दैन । मान्छेहरूले गर्ने गरेका अनौठा व्यवहार र अनेकौँ प्रश्नहरूले मलाई आश्चर्य लाग्छ । एक दिन बिहे भोजमा गएको बेला एक जना मित्रले मलाई प्रश्न गरे, “यहाँलाई तारेको मासु मन पर्छ कि लेदो मासु ?” मैले भनिदिएँ, “मेरो इच्छाअनुसारको मासुको परिकार तयार गर्न यहाँलाई निकै सजिलो पनि हुने थियो, यो प्रश्न मलाई यहाँको घरमा पाहुना बन्न गएको समयमा सोध्नु भएको भए म जवाफ दिन सक्थेँ । यो भोजमा सायद दुवै प्रकारका मासुका परिकार छन् । एक किसिमको मन परे पनि आखिर प्रायः अधिकांश निम्तालुले दुवै प्रकारका परिकारले थाल सजाउने गर्छौं । सके चाटीचुटी बनाएर खान्छौँ नसके थालमा छोडेर हिँड्छौँ । यसमा मनपर्नु र नपर्नुको के अर्थ रह्यो र ?” मेरो कुरा सुनेपछि मित्र निकै रन्थनिएका थिए । त्यसपछि मेरा ती मित्रले मलाई हेर्दै हेरेनन् । उनी अर्कैतिर

लागे । यस्तै बेतुकका प्रश्न मलाई पटक्कै मन पर्दैन । मेरो सोचाइलाई यस्ता ताइनतुइका प्रश्नहरूले प्रत्यक्ष असर गर्ने गरेका छन् । त्यसपछि मेरो दिमागमा त्यही प्रश्न बारम्बार ठोक्किइरहन्छ । तिनले मलाई त्यो प्रश्न गर्नुको अर्थ के हुन सक्छ ? अब म त्यसदिन रातभरि सुत्न सक्दिन । प्रश्नवाला मेरा मित्रले के सोचे होलान् भन्नु भन्दा पनि तिनले त्यस प्रकारको प्रश्न किन गरे होलान् ? मेरो मनमा त्यही प्रश्नले घरीघरी झस्काइरहेको हुन्छ । म रातभरि सुत्न सक्दिन, त्यसैको कारण मेरो भोलिपल्टको नियमित कार्यहरू लथालिङ्ग हुन्छ । कसैको एउटा बेकारको प्रश्नले मलाई दुईतीन दिनसम्म असर गर्छ । मैले ती आफन्तको विषयमा चिन्ता नलिए पनि तिनकै कारणले मेरो केही दिनको अमूल्य समय बर्बाद भइसकेको हुन्छ । बर्बाद भएको समयको न क्षतिपूर्ति माग्न मिल्छ, न कसैसँग गुनासो गर्न सकिन्छ, यहाँसम्मकी उनले मेरो समय लथालिङ्ग बनाइदिए भन्दै म कुनै मान्छेसँग गुनासो गर्नसमेत सक्दिन, सायद मिल्दैन, हाम्रो सामाजिक मान्यताअनुसार यस प्रकारले समयको अवरोध गरिदिनेलाई अपराधको श्रेणीमा राख्ने गरिएको छैन । सायद त्यस दिनदेखि मेरा उनै मित्र र मेरो सम्बन्धमा दरार आएको छ । अचेल मलाई देख्दा उनी अलि पर सरेर हिँड्छन् र मुन्टो बटार्छन् । कुरै गर्ने हो भने त्यसरी तर्किएर उनी होइन, म हिँड्नुपर्ने थियो ।

मलाई यसप्रकारका प्रश्नहरूले अलमल्याइदिने गरेका छन् । यस्तो समारोहमा गएर आएपछि कताकता मेरो मन ब्याट्री सकिएको मोबाइलजस्तै लाग्न थाल्छ । अब तत्काल मेरो भित्री मनदेखि निस्कनुपर्ने भावनाहरू पटक्कै निस्कन मान्दैनन् । पढ्न लाग्यो भने सोही समारोहका अनगिन्ती दृश्यहरू मेरो आँखा अगाडि घुमिरहन्छन् । त्यहाँ घटेका घटनाहरूले मलाई लेखेटिरहन्छन् । मलाई शारीरिक थकाइ लागेको महसुस हुन्छ । शरीर भित्रदेखि गलिरहेझैँ लाग्छ । अब मैले आफ्ना भावनाहरूलाई रिचार्ज गर्नुपर्ने हुन्छ । म शयनकक्षमा पस्छु, केहीबेरको आरामपछि बल्ल मेरो भावना रिचार्ज भएजस्तो लाग्छ । बेलाबखत मैले यस्तै अनुभव गर्ने गरेको छु । मेरो यो स्वभाव भर्खर विकसित भएको भने होइन । जब म केटाकेटी थिएँ । मेरो यस्तो स्वभाव विकसित भइसकेको थियो । किशोरावस्थासम्म मैले एकलकाटे नाम पाएको थिएँ । जब किशोरावस्था पार भयो, मान्छेहरूले "ठूलो मान्छे भएको" भन्न थाले । कसैले स्वार्थी नाम दिए । कसैले अभिमानी भने, कसैले घमण्डी पनि भने । यसमा

मेरो कत्ति पनि गुनासो छैन । मान्छेले आफ्नो नजरले जस्तो देख्छन् त्यस्तै भन्न पाउनुपर्छ । मैले पनि धेरै मान्छेलाई यसरी नै भन्ने गरेको छु । यो त मानवीय स्वभाव हो ।

मेरो मात्र होइन अन्य केही मान्छेको पनि मैले यस्तै स्वभाव देखेको छु । यस्तो स्वभावलाई कसैले अहङ्कार भनेर ठोकुवा गर्छन् । कसैले यो रोग हो पनि भन्ने गर्छन् । कसैले भने यसलाई एक प्रकारको मानवीय विशेषता भन्ने गर्छन् । हरेक विषय र वस्तुलाई हरेक मान्छेले हेर्ने दृष्टिकोण एउटै हुँदैन । यसैले जसले जसरी हेरे पनि खास फरक पर्दैन । लाग्छ अन्तर्मुखी स्वभाव कुनै रोग होइन । यसलाई निर्मूल पार्नुपर्छ, उन्मूलन नै गर्नुपर्छ भन्ने मेरो मान्यता छैन । बहिर्मुखी स्वभाव भएका मान्छेले अन्तर्मुखी स्वभाव चाहेर पनि विकसित गर्न सक्दैनन् । आफूसँग यस्तो स्वभाव भएकोमा मलाई चिन्ता होइन खुशी लाग्छ । सुरुवाती दिनमा चिन्ता लाग्ने भए तापनि अचेल मैले चित्त बुझाउने गरेको छु । हरेक मान्छेले स्वतन्त्र रूपमा जिउन पाउनुपर्छ । यसमा कसैले छेकबार लगाउन खोज्छ भने सरासर अन्याय भएन र ? मेरो स्वभावअनुसार म एक्लै बस्न रुचाउँछु भने कसैले बलजफ्ति बहिर्मुखी स्वभावको हुनुपर्छ भन्दै ममाथि प्रतिपक्षी विचार लाद्न मिल्छ र ? म यसैमा खुशी हुन सक्छु, यसैमा रमाउन सक्छु । संसारको सबैभन्दा ठूलो आनन्द यसैमा देखेको छु भने मेरो अन्तर्मुखी स्वभावले कसलाई के नोक्सान गरेको छ र ? होइन कसैलाई प्रत्यक्ष असर गरेको भए क्षमा चाहन्छु ।

अब ती दिन हाम्रा रहेनन्

वर्तमान आधुनिक संसारमा सबै कुरा सजिलैसँग पहुँचयोग्य हुँदै गएका छन् र चाँडै खपत पनि भइरहेका हुन्छन् । यसरी हरेक वस्तु द्रुत-गतिमा उपलब्ध हुने भएपछि, चाडवाड, विवाह, व्रतबन्ध आउन लाग्दा महिनौँ अगाडिदेखि तयारी गरिरहनुपर्ने अवस्था अब रहेन । यसलाई देख्ने र भोग्ने पुस्ता अझैसम्म जीवित छन् र केही वर्षसम्म पनि जीवित रहिरहन सक्छन् ।

केही वर्षअघिसम्म बिहेको आगमनमा महिनौँ ढिकीमा धान कुटेर चामल बनाउने, चिउरा कुट्ने, सालको पात ल्याएर टपरी गाँस्ने, घरमा कालिगड बोलाएर सुनका गहना बनाउने, बालीघरे सूचीकार घरमा बोलाएर हप्तौँसम्म कपडा सिलाउने, भोजभतेरका लागि दाउराको बन्दोबस्त गर्ने, पाहुनापाछाका लागि सिरकडसना तयार गर्नेजस्ता कार्यमा प्रशस्त समय खर्च हुने गरेको थियो । वर्तमान अवस्थामा जस्तै सबै सामग्री द्रुतगतिमा सम्पन्न हुन र उपलब्ध हुनसक्ने सम्भावना थिएन । यसको लागि छरछिमेक, इष्टमित्र र बन्धुबान्धवहरूको सहयोग लिनुपर्थ्यो । सहयोग दिनेले कुनै पनि किसिमको आनाकानी नगरी सहयोग दिने प्रचलन थियो भने सहयोग पाउनेले पनि सामान्य अनुरोध गरेकै भरमा सहयोग पाउँथे । जब जुग जमाना फेरिंदै गयो, समाजका हरेक कार्य द्रुतगतिमा सम्पन्न हुन थाले । वर्तमान अवस्थामा यस प्रकारका सहयोग र भारापर्मका कार्यहरू पनि बिस्तारै हराउँदै जान थाल्यो ।

समयको परिवर्तनसँगै वर्तमानमा यी र अन्य काम धन्दाका लागि समय खर्च गर्नुपर्दैन । जतिबेला यी सबै तयारी गर्नुपर्ने अवस्था कायम थियो, मान्छेले अहिले तिनै कुरा यतिसम्म सहज होला भनेर कल्पना पनि गरेका थिएनन् । अचेल, आज कुरा मिलाएर भोलि सजिलै बिहे सम्पन्न हुन्छ । प्रेषित गरेको महिना दिनमा प्रापकको हात पर्ने गरेको चिठी, व्यक्तिलाई सम्झनासाथ

खबर पुग्ने मात्र होइन, तत्काल अनुहार हेरेर दोहोरो संवाद गर्न सकिन्छ । यी त द्रुतगतिमा सम्पन्न हुने गरेका कार्यको प्रतिनिधि उदाहरण मात्र हुन् । यसरी हरेक क्षेत्रका कार्य द्रुतगतिमा सम्पन्न हुने गरेका कारण व्यक्ति तथा समाजलाई सहज त भएको छ तर यही कारण हामीमा एउटा नराम्रो अभ्यास विकसित भएको छ । त्यो हो धैर्यधारण गर्न सक्ने क्षमतामा ह्रास । हरेक कार्य द्रुत गतिमा सम्पन्न हुन थालेपछि हामी कुनै पनि कुराको प्रतीक्षा गर्न सक्दैनौँ । हामी सबै कुरा तत्काल सम्पन्न भएको हेर्न चाहन्छौँ । जसरी महाकाव्य छोडेर खण्डकाव्य, खण्डकाव्य छोडेर कविता, कविता छोडेर चार हरफको मुक्तक र मुक्तक छोडेर तीन हरफको कोपिला, हाइकुतिर सल्किएका छौँ । हुन त यी पनि एक प्रकारका साहित्य सिर्जना हुन् तर हामीलाई जतिसक्दो छोटो, छिटो र छरितो मात्र चाहिएको छ । यसरी पढ्न मात्र होइन हामी कमाउन र रमाउन पनि लामो र वैधानिक बाटो होइन छोटो र अवैधानिक बाटो रोज्न लागेका छौँ ।

आजभोलि अधिकांश मान्छेमा धैर्यधारण गर्ने क्षमतामा तीव्र रूपमा ह्रास हुँदै गएको देखिन्छ । यसरी धैर्यधारण गर्न नसक्ने समस्याका कारण मानिसहरूमा मानसिक समस्यासमेत बढिरहेको कुराको बेलाबखत चर्चापरिचर्चा हुने गरेका छन् । सबै वस्तुजस्तै अचेल माया, प्रेम र सम्बन्धहरूसमेत यही गतिमा चल्न थालेका छन् । केही समयअघिको तुलनामा विवाहबन्धनजस्तो विश्वासको सम्बन्ध छोटो अवधिमा सम्बन्धविच्छेदमा समाप्त हुने गरेको छ । यही कारण जताततै दुःखी मान्छे र दुःखी समाज सिर्जना हुने क्रम बढिरहेको छ । हुँदाहुँदा आधुनिक जीवनमा, हामीले माया, प्रेम र सम्बन्धहरू विकसित गर्न पनि द्रुत गतिको सहारा लिन थालेका छौँ । हामी माया, प्रेम र सम्बन्धहरू पनि तुरुन्त स्थापित गर्छौं । त्यसबाट तत्काल आफ्नो स्वार्थ पूरा भएको हेर्न चाहन्छौँ । स्वार्थ पूरा नभए निमेषभरमा सम्बन्धहरू विच्छेद गरिदिन्छौँ किनकि अचेल हामीसँग धैर्यधारण गर्न सक्ने शक्ति लेश मात्र पनि बाँकी छैन । हामी आजको निर्णयले बिहे गर्छौं, भोलिपल्ट नै आफ्नो स्वार्थ पूरा भएको देख्न चाहन्छौँ । स्वार्थ पूरा नभए वा पूरा नहुने आशङ्का भरमा हामी निराश हुन्छौँ । त्यसैले पर्सिपल्ट सम्बन्ध विच्छेद गरिदिन्छौँ । अहिले हरेक क्षेत्र र हरेक व्यक्ति यही रोगबाट ग्रसित भएको देख्न सकिन्छ । यो एक प्रकारको गम्भीर मानसिक समस्या हो । यसले समाज रूपान्तरणको दिशालाई नै अधोगतितर्फ धकेलिरहेको देखिन्छ ।

हामी सबै प्रकारका जिम्मेवारी लिन, आफूभित्रको अभिमानलाई बलिदान दिन, माया र प्रेम बृद्धि गर्न तथा सम्बन्ध कायम राखिराख्न पनि सकिरहेको हुँदैनौँ । समय दिन मात्र होइन हामीले त्यसको लागि कुनै प्रयाससमेत गर्न छोडिसकेका छौँ । हामीले सामना गर्नुपर्ने सानातिना समस्याबाट पनि भाग्ने गरेका छौँ, हार मान्ने गरेका छौँ । केही वर्षअघिसम्म कुनै गाउँ समाजमा सम्बन्ध विच्छेदका एउटा घटना पनि देखिँदैन थियो । अचेल सम्बन्ध विच्छेदको दर निरन्तर बढ्दै गएको देखिन्छ । दीर्घकालीन सम्बन्धहरू “एउटा जान्छ, अर्को आउँछ” भन्ने तर्कको साथ अल्पकालीन सम्बन्धहरूले प्रतिस्थापन गरिरहेका छन् । किनभने हामीले एकआपसमा जोडिएको भावनाको सम्बन्धसमेत सामान्य कारणले गुमाइरहेका छौँ । लामो समयसम्म रहनुपर्ने र सुखद जोडी बनाउनुपर्ने पतिपत्नीको सम्बन्धसमेत एकाएक र एकदम छिटो अन्त्य हुनुमा, सम्बन्ध जोड्दा महत्त्वपूर्ण तत्त्वविना जोड्ने गरिएकोले हो भन्ने यथार्थलाई हामीले सहज रूपमा बुझ्न सकेका छैनौँ । विनाशर्त सम्बन्ध गाँस्न छोडिएको छ । हरेक शर्तसहितका सम्बन्धमा समर्पण र प्रतिबद्धताको अभाव हुने गरेको छ । विनाप्रतिबद्धता र विनासमर्पणको सम्बन्धमा विश्वासको पनि अभाव हुन्छ । जब एकअर्कामा विश्वासको कमी हुन्छ, सम्बन्धहरू सजिलै टुट्ने गर्छन्, जसरी हिजोआज प्रशस्त मात्रामा देखिने गरेको छ । सम्बन्धमा विश्वासको भावना र प्रेमको सारलाई बढावा दिने मुख्य कारकतत्त्व प्रतिबद्धता हो । अर्को शब्दमा भन्दा यसलाई भक्ति भनिन्छ । एउटा व्यक्तिले केवल एउटा सम्बन्धमा मात्र माया र मायाको अनुभूति गर्न सक्छ, जसमा उसले विश्वास गरिरहेको हुन्छ । उता अर्को व्यक्ति अनिवार्य रूपमा कुनै पनि कुरामा प्रतिबद्ध हुन चाहँदैन भने सम्बन्धमा चिसो पस्छ । दाम्पत्य जीवनमा प्रतिबद्धताको अर्थ पुरुष र महिलाबीचको सम्बन्धमा इमानदारी, खुलापन र स्थिरता हो । उल्लेखित बुँदाहरूमा प्रतिबद्ध रहन सक्ने हो भने सम्बन्ध चिरस्थायी बन्नसक्छ । अन्यथा सम्बन्धहरूमा दिगोपन आउँन सक्दैन ।

सम्बन्धलाई दीर्घायु बनाउन स्वतन्त्रताले मात्र पनि पुग्दैन । इमान्दारिता र अनुशासनमा रहन सक्नुपर्छ । कतिपय दम्पतिले स्वतन्त्रताको आडमा इमान्दारिता र अनुशासनको खिल्ली उडाउने गरेको पाइन्छ । यसरी अधिकांश दम्पतिको सम्बन्धबीचमै दुर्घटनामा पर्ने गरेको छ । यसैले दम्पति दुवैले इमानदारी बन्ने प्रतिबद्धता जाहेर गर्ने मात्र होइन त्यसलाई व्यवहारमा समेत उतार्न सक्नुपर्छ । यस्तो प्रतिबद्धता मौखिक र अलिखित हुन्छन् । दुई दम्पतिबीचको सम्बन्ध चिरस्थायी बनाई राख्न लिखित प्रतिबद्धता तयार

गर्ने प्रचलन छैन । प्रतिबद्धता भनेको सम्बन्ध जारी राख्ने बाचाबन्धन हो । यो प्रतिबद्धताले दम्पतिलाई नवजीवन प्रदान गर्दछ । आपसी सम्बन्ध मजबुत बनाउन ऊर्जाको काम गर्छ । प्रतिबद्धताका तीन महत्त्वपूर्ण चरणहरू हुन्छन् । प्रतिबद्धता स्थापित गर्ने, प्रतिबद्धता कायम राख्ने र प्रतिबद्धता भङ्ग गर्ने । प्रतिबद्धता पूरा गर्न रातारात सम्भव हुँदैन । भावनाहरू आदानप्रदान गरेर, सुनेर र एकअर्कालाई बुझेर एकले अर्कालाई समर्थन गरेपछि मात्र प्रतिबद्धताहरू पूरा हुन्छन् । उता प्रतिबद्धता कायम राख्न भने प्रशस्त धैर्यधारणको खाँचो पर्छ । सामान्य भनाभन, घर झगडा र शङ्का र आशङ्काको भरमा प्रतिबद्धता भङ्ग नगरी राम्रोसँग बुझेर एकआपसमा छलफल गरेर समाधान खोज्न सक्नुपर्छ । धैर्यधारण गर्न नसक्दा भने प्रतिबद्धता भङ्ग हुन पटक्कै समय लाग्दैन । यसरी हरेक सम्बन्धमा फाटो आउने प्रमुख कारण द्रुत गतिमा स्वार्थी बन्नु हो ।

सम्बन्धहरू शारीरिक र भावनात्मक अन्तर्क्रियाबाट गहिरो आत्मीयतामा बढ्दै जाँदा माया र प्रेमसहितको भक्ति भावना सिर्जना हुन्छ । यो अनुभूतिले जीवनको उतारचढावमार्फत दम्पतिलाई एउटै डोरीको गाँठोमा बाँधेर नफुस्कने गरी राख्छ । प्रतिबद्धता भनेको त्यस्तो निर्णय हो, जसमा गरिएका वाचाहरू जसरी पनि पूरा गर्नुपर्छ । वचनवद्धतापछि भविष्यमा छलछाम नगरिकन व्यक्तिसँगको सम्बन्ध कायम राख्नुपर्छ । त्यसको जिम्मेवारी लिनु र उत्पन्न हुन सक्ने सबै समस्यालाई पार गर्ने प्रयास गर्न तयार रहनुपर्छ । सम्बन्धमा प्रतिबद्धता दुई पक्षीय हुनुपर्छ । एकअर्काप्रति प्रतिबद्धताको भावना भएका दम्पतिहरू एकअर्का र उनीहरूको सम्बन्धको बारेमा सकारात्मक सोच्छन् । नतिजा, तिनीहरू आफ्नो सम्बन्धलाई ठोस हिसाबले राख्न प्रयास गरिरहन्छन् । भाग्यमानीहरूले आफ्नो सम्बन्धलाई त्याग्दैनन् । केही अभागीहरूले भने प्रतिबद्धता भङ्ग गर्न सक्छन् । जसले प्रतिबद्धता तोड्छ उसले जीवनमा दुःख पायो भन्नेमा बुझे हुन्छ । हुन त प्रतिबद्धता पछि पनि दाम्पत्य जीवनमा समस्या आउँदैन भन्न सकिन्न । सामान्य समस्यादेखि लिएर कहिलेकाहीँ गम्भीर प्रकृतिका समस्याहरू पनि आउन सक्छन् । त्यस्तो परिस्थितिमा समस्या अथवा द्वन्द्वलाई भरिसक्के आफ्नो नियन्त्रणबाट बाहिर जान नदिने प्रयास गर्नुपर्छ, जसका कारण समाधान सजिलोसँग हुन सकोस् ।

मस्तिष्कसँग प्रत्यक्ष सम्बन्ध राख्ने सबैभन्दा महत्त्वपूर्ण अङ्ग यौनाङ्ग हो । यौनिक क्रियामा मस्तिष्कमा एक शानदार जैविक रासायनिक प्रक्रिया हुने गर्छ । यौनसम्पर्कका क्रममा मस्तिष्कमा निस्कने विभिन्न रसायनका कारण यौन हार्मोनले यौनिकतालाई शारीरिक क्रियाकलाप मात्र होइन, आनन्द,

उत्साह र स्नेहको बलियो भावना सिर्जना गर्दछ । यसले नशाको रूपमा लत बसाइदिन्छ । जब यौन क्रियाकलापमा लत बस्छ, उसले तिनै क्रियाकलाप दोहोऱ्याउन चाहन्छ । यसरी कामुकताले साँचो प्रेम अनुभव गर्न र प्रतिबद्धता सिर्जना गर्न बलियो आकर्षण थपिरहेको हुन्छ । मायालु दम्पतिबीचको यौनसम्बन्ध, बन्धनको सबैभन्दा घनिष्ट र रोमाञ्चक रूपहरूमध्ये एक हो । प्रेमले मानिसहरूलाई भावनात्मक र शारीरिक घनिष्ठतातर्फ डोऱ्याउँछ । नजिक हुने यो चाहनाले आफूलाई बुझेर र आफूले माया गर्ने, स्पर्श गर्ने व्यक्तिसँग मन साटासाट गर्दा भावनात्मक सन्तुष्टि प्राप्त हुन्छ ।

भावना र यौनसम्पर्कबाट पनि व्यक्तिले शारीरिक सन्तुष्टि प्राप्त गर्छ । पति र पत्नीबीच एकअर्काको भावना बुझेर सक्रिय यौन जीवन बिताउनुपर्छ । जसले धैर्य र निष्ठा विनाशर्त प्रेम, इमानदारी, जोश र पारस्परिक सम्मानजस्ता सुखी सम्बन्धहरूको आधारशिला बलियो बनाउने काम गर्दछ । जसरी भवन बलियो हुनका लागि इँटाका बीचमा पर्याप्त मात्रामा तयारी सिमेन्ट (मसला) राख्नु आवश्यक हुन्छ, त्यसरी नै सम्बन्ध दीर्घकालीन हुनका लागि आपसी सन्तुष्टि हासिल गरिरहनु पनि महत्त्वपूर्ण कुरा हुन आउँछ । यसरी छोटो समयमा सम्बन्ध भत्किने मूल कारणका रूपमा यौन असन्तुष्टि र यौन अभावलाई पनि लिन सकिन्छ । जसका कारण एकअर्कामा विकसित हुनुपर्ने माया, प्रेम र स्नेह विकसित हुन सक्दैन । बिहेपछि लामो समय विदेश बस्नेगर्दा, जागिर र व्यापारको सिलसिलामा पतिपत्नी लामो समयसम्म छुट्टिएर बस्नुपर्दा, दम्पतिमध्ये कुनै एक अथवा दुवै जनाले घरबाहिर साथी राख्दा र यौन उत्तेजना नहुने, कुनै रोग लागेमा पनि धेरैजसो दाम्पत्य सम्बन्धहरू टुट्ने प्रबल सम्भावना रहन्छ । यसै विषयले दाम्पत्य जीवनमा चिरा परेका अनगिन्ती घटनाहरू देखिन थालेका छन् । यसैलाई मुख्य कारण मान्दै छोटो समयमा छिन्नभिन्न हुने क्रम बढिरहेको छ । यसतर्फ समयमा विचार पुऱ्याउनु बुद्धिमानी हुनेछ । केही वर्षअघिसम्म यस्ता सामान्य समस्याका कारण सम्बन्ध टुट्ने गरेको थिएन । वर्तमानमा यो क्रम ह्वात्तै बढेको देखिन्छ । सबै पुराना वस्तुहरू उपभोगका लागि अयोग्य हुँदैनन् । आधुनिक बन्ने नाममा असल संस्कार र परम्परा बिर्सन नहुने थियो ।

(अमरज्योति)

असहिष्णुता

सङ्गत गर्दिन भन्दाभन्दै पनि मैले केही असहिष्णु मान्छेहरूसँग सङ्गत गरिरहेको छु । हरेक दिन ठोकिइरहने मान्छेसँग सङ्गत गर्नै पर्नेहुन्छ । यसरी ठोकिनेहरूमा अधिकांशतः छरछिमेक, आफन्त, भाइबन्धुहरू र निकै नजिक भनिएका मान्छेहरू नै ज्यादातर पर्छन् । यसको मतलब एकअर्कासँग अत्यन्त नजिकका मान्छेहरू बढी असहिष्णु हुने गरेको पाइन्छ । एउटा नजिकको मान्छेको कमिकमजोरी अर्को नजिकको मान्छेलाई थाहा हुन्छ । उसले गरेका केही कुकृत्यहरू टाढाकोले भन्दा नजिकको मान्छेले छिटो थाहा पाउँछ । यसरी उसको विषयमा अनेक कमजोरी थाहा हुँदाहुँदै उसले त्यस्तो व्यक्तिलाई मरिगए पनि मानसम्मान गर्न सक्दैन र ऊप्रति सहिष्णु बन्न सक्दैन । जब उसले केही मान्छेको मानसम्मान पाइरहेको हुन्छ, उसलाई लाग्छ मलाई सबैले मानसम्मान गर्नुपर्छ । एक जनाले मानसम्मान गर्न नहुने देख्छ, अर्कोले गर्नै पर्ने ठान्छ । नतिजा दुवैले एकअर्कालाई असहिष्णु सम्झन थाल्छन् । वास्तवमा अत्यन्त असहिष्णु मान्छेहरूको सङ्ख्या अत्यधिक देखिने एउटा प्रमुख कारण यही हो ।

सहिष्णुता भनेको सामान्यतया समझदारी हुनु, सम्मान दिन सक्नु, क्षमा दिन सक्नु, सभ्य हुनु, कसैको आग्रह स्वीकार गर्नु, विचलित नहुनु, भिन्नता र भिन्न विचारहरूको सीमा नतोकी भिन्नतामा पनि नकारात्मक प्रतिक्रिया नगर्नु, र आपसी समझदारीका साथ विरोधी विचारहरूमा पनि शान्त भएर छलफल गर्नु हो । सहिष्णुता एक मूल्य र मान्यता हो, जसले मानव जीवनलाई नियमन गर्दछ । पारस्परिक सम्मान, शान्ति र शान्तिको वातावरणलाई सुदृढ गर्दछ र मानिसहरूमा सकारात्मक विचार र भावनाहरू उत्पन्न गर्न अनुमति दिन्छ । तर यी सबै गुणले भरिएको मान्छे पनि कहिलेकाहीँ झनक्क रिसाउँछ । हरेक

विषयलाई नकारात्मक सोचाइले हेर्छ भने विचार गर्नैं पर्ने हुन्छ शङ्का गर्नुपर्छ, ऊभित्र असहिष्णुता विकसित हुन थालेको हुनुपर्छ ।

“अचेल मलाई निकै छिटो रिस उठ्ने गरेको छ । यसको खास कारण यही हो भनेर म भन्न सक्दिन । लाग्छ, मेरो सहने शक्ति ह्वात्तै घटेको छ । म केही मान्छेहरूको आवाज सुन्नै सक्दिन । आवाज मात्र सुन्न नसक्ने भए त ठिकै थियो तर म तिनको अनुहार पनि हेर्न चाहन्न । तर अचम्मको कुरा तिनीहरूले मेरो विरुद्ध विष वमन गर्नु, गालीगलौजमा उत्रनु त परै जावस् मेरो विषयमा चुइँक्कसम्म बोलेका छैनन् । न त उनीहरूले कतै भेट हुँदा मसँग वादविवाद नै गर्ने गरेका छन्, तिनीहरूले मेरो प्रगतिमा ईर्ष्या पनि गर्दैनन् । तर पनि तिनीहरूलाई म किन मन पराउँदिन ? मैले यसको कारण अझैसम्म पनि बुझ्न सकेको छैन ।” एक दिन एक जना साथीले मसँग यसो भन्दै गर्दा मलाई आश्चर्य लागेको थियो । मान्छे मन नपर्ने हुन त विविध कारणहरू चाहिन्छ । विनाकारण कसैलाई मन पर्दैन भन्दा मलाई अनौठो लाग्यो । यसरी विनाकारण कसैसँग रिस उठ्नु भनेको पक्कै उनीहरूको निजी समस्या हुनुपर्छ । उनले निकै आश्चर्यजनक कुरा सुनाए । मलाई लागेको थियो, यस्तो त नहुनुपर्ने हो, साथीको कुराले म सोचमग्न भएँ तर त्यसको केही समयपछि ती साथीले भनेजस्तै ठिक त्यस्तै लक्षण म आफैँमा देखिन थाल्यो । जब ती साथीबाट यो कुरा सुनेको थिएँ, त्यसको केही दिनपछि मलाई पनि त्यस्तै रोगले समात्यो, लाग्यो यो कुनै प्रकारको सरुवा रोग रहेछ । अब मलाई पनि त्यही रोगले आक्रमण गरेको हुनुपर्छ, यसैमा म विश्वस्त थिएँ। बाटोमा अचानक कुनै मान्छे भेट भयो भने मलाई लाग्छ, अब आजलाई साइत परेन, मलाई निकै चिन्ता लाग्छ । गजबको कुरा के भने यस्तो अनुभव सबै मान्छेलाई देख्दा हुँदैन । कुनै कुनै मान्छेलाई देख्दा मात्र हुन्छ । निकै पछि मात्र थाहा पाएँ, यस्तो अनुभव मलाई मात्र होइन, अरू पनि धेरैलाई हुने रहेछ । यस सम्बन्धमा विज्ञानले के भन्छ, त्यो मलाई थाहा छैन तर सनातन धर्मदर्शनले भने यस्तो अवस्थालाई पूर्वजन्मसँग जोडेर हेर्ने गरेको छ । सनातन धर्मदर्शनका ग्रन्थहरूमा स्पष्टसँग भनेको छ, “मान्छेका कतिपय व्यवहार र आनीबानीहरू पूर्वजन्मसँग सम्बन्धित हुन्छन् ।” सायद यथार्थ यही हो अथवा नहुन पनि सक्छ तर म त्यसलाई सजिलै विश्वास गरिदिन्छु ।

मैले केही मान्छे देखेको छु जसलाई बच्चाको सङ्गत मन पर्दैन । उनीहरू बच्चाको आवाज सुन्न र सहन सक्दैनन् तर अधिकांश मानिसहरू

बच्चालाई भगवानको रूप मान्दछन् । यसको सिधा अर्थ हुन्छ, बच्चा मन नपराउने मान्छेले भगवानको अस्तित्व स्वीकार गर्दैन र तिनलाई इमान्दार मान्छे मन पर्दैन । प्रायः अधिकांश बच्चाहरू निश्छल, निष्कपट र इमान्दार हुन्छन् । बच्चाले भुटो बोल्दैनन् । त्यसैले बच्चा मन नपराउने मान्छेहरू दम्भी र घमण्डी मानिन्छन् । विनाकारण कसैलाई मन पराउन छोडियो भने मान्छेमा दम्भको विकास हुँदैछ र ऊ अहङ्कारी भएछ भनेर बुभ्नुपर्छ । यसको मतलव मभित्र पनि दम्भ र अहङ्कारको बीजारोपण भइसकेको हो ? अब मैले पनि त्यसको कारण तुरुन्त खोज्नुपर्छ । त्यसको निराकरण गर्नुपर्ने हुन्छ । हुनसक्छ मभित्र गम्भीर रूपमा असहिष्णुता विकसित भइरहेको छ । यसैले अचेल मलाई निकै चिन्ता लाग्ने गरेको छ ।

म प्रायः घरको बैठक कोठामा एक्लै हुन्छु । सामान्य दैनिकी मात्र होइन, वास्तवमा अचेल म सुत्नसमेत सकिरहेको छैन । म सबै नियमित कामकाज स्थगित गरिदिन्छु । गजबको कुरा त के हो भने म कसैसँग बातचित गर्न र खुशी हुन मात्र होइन, अचेल म कसैसँग खुलेर रिसाउन पनि नसक्ने भएको छु । भनिन्छ, असहिष्णुतामा एउटा व्यक्तिले आफ्नो क्रोध व्यक्त गर्नसमेत सक्दैन । यदि यी कुरा सत्य हुन् भने म असहिष्णु बन्दै गएको कुरा शतप्रतिशत सही हो । मलाई लाग्थ्यो म त्यति असहिष्णु खालको मान्छे हुँदै होइन । यो मैले आफ्नै प्रशंसा गर्न भनिरहेको छैन । अन्य केही मान्छेहरूले पनि स्वीकार गरिदिएका छन् । कसैले मेरो प्रशंसा गरेको मैले पटकपटक आफ्नै कानले सुनेको छु । यथार्थमा तिनीहरूले भने जस्तै म यति प्रशंसा गरिहाल्नुपर्ने व्यक्ति भने होइन । लाग्छ म एउटा सामान्य मान्छे हुँ । कतिपय मान्छेको नजरमा अभै पनि म सहिष्णु मानिन सक्छु केहीको नजरमा असहिष्णु । यसरी अचानक म थाम्नै नसक्ने गरी असहिष्णु नबन्नुपर्ने, के कारणलले म असहिष्णु बनिरहेको छु ? मैले आजसम्म त्यसको भेउ पाउन सकेको छैन । मेरो अनुमानमा असहिष्णु कुनै शारीरिक रोग पनि नहुनुपर्छ । होइन वंशाणुगत कारणले असहिष्णु भएको भनौँ भने समाजको नजरमा मेरो हजुरबा र बा निकै सहिष्णु थिए । म पनि तिनकै रगतको अंशियार हुँ । आखिर म किन असहिष्णु बन्दै गएको छु ? यही सोचाइमा मैले निकै समय बर्बाद गरिसकेको छु ।

मलाई लाग्छ, कुनै वित्तीय संस्था वा बैङ्कमा गएको बेला डेढ-दुई घण्टा पर्खनुपऱ्यो भने मान्छे असहिष्णु देखिनु सामान्य कुरा हो । कुनै

कार्यालयमा जाँदा त्यहाँको अस्तव्यस्त गतिविधि देखेर असहिष्णु हुनु पनि ठूलो कुरा होइन । नेताको काइते भाषण सुनेर असहिष्णु त धेरै मान्छेहरू हुने गरेका छन् । यस्तो अवस्थामा हुने असहिष्णु क्षणिक हुन्छ । त्यो स्थानबाट फिर्ता भएपछि आफूभित्रको असहिष्णु स्वतः हराएर जान्छ । यो अवस्थालाई रोग लागेको भन्न मिल्दैन । किनकि यो क्षणिक असहिष्णुता केही समयपछि पुनः सहिष्णुतामा परिणत हुन्छ । यससम्बन्धी अनुभव मैले पटकपटक सँगालेको छु । यद्यपि, व्यक्तिले छोटो अवधिको पर्खाइमा पनि असहिष्णु हुन थाल्यो, घरमा, समाजमा र छरछिमेकमा पनि यस्तो लक्षण देखिन र देखाउन थाल्यो भने अब छिट्टै यस अवस्थाको मूल्याङ्कन गर्नुपर्छ, विचार गर्नै पर्ने हुन्छ । असहिष्णुतामा, व्यक्तिले प्रायः टाउको हल्लाउँदै प्रतिक्रिया दिएर क्रोध व्यक्त गर्ने प्रयास गर्दछ । अचेल मलाई झगडा गर्न निकै डर लाग्छ । यदि झगडा गर्न कुनै व्यक्ति तम्तयार भयो भने पनि म ऊसँग झगडा गर्न सक्दिन । मात्र उनीहरूसँग टाउको हल्लाएर प्रतिवाद गरिदिन्छु ।

कुनै मान्छे घरबाहिर निस्कन लागेको समयमा जब उसका सन्तानहरू डराउँछन् वा ऊसँग छेलिएर बस्न खोज्छन् भने उनीहरूले आफ्नो सन्तानलाई कत्ति पनि सहन सक्दैनन् भन्ने बुझ्न सकिन्छ । यस्ता मान्छेहरू निकै असहिष्णु मानिन्छन् । उसको कमजोर मानसिकताका कारण ऊ अन्य परचक्रीहरूसँग खुलेर विद्रोह गर्न सक्दैन, त्यसको बदला उसले आफ्नै बालबालिकालाई हप्काउने र दप्काउने काम गर्छ । यसैले बालबालिकाहरू हप्काइ, दप्काइबाट उम्किन पहिले नै डराएको अभिनय गर्छन् वा ऊसँग टाढा हुन खोज्छन् । लामो समयसम्म यही प्रक्रिया दोहोरी रहने हो भने यसले बालबालिकामा चिडचिडाहट र क्रोधको प्रकोप निम्त्याउन सक्छ ।

चिडचिडाहटमा, क्रोधको भावना व्यक्त गरिन्छ । रिस व्यक्त गर्दा चिडचिडाहट तत्काल समाधान हुन्छ । कतिपय अवस्थामा, कुनै व्यक्तिहरू विनाकारण रिसाउने, झर्किने गर्छन् । रिसाउनुपर्ने कुनै कारण नभए पनि, उसलाई कसैले सोध्छ “तपाईको दिन कस्तो रह्यो ?“उसको अप्रत्यासित जवाफ हुन्छ – “जस्तो रहे पनि के चाहियो ?” जब कसैले केही विचार नगरी यस्तो जवाफ दिन्छ भने, ऊ असहिष्णु बन्दैछ होइन ऊ पूर्ण रूपमा असहिष्णु बनिसकेको रहेछ भन्ने बुझ्नुपर्छ । केही मानिसहरू दैनिक जीवनमा आइपर्ने लगभग सबै कुरामा रिसाउँछन् । तर, उनीहरूलाई आफू रिसाइरहेको

भने थाहा नहुनसक्छ । यस्तो अवस्थाको बारेमा व्यक्तिलाई सचेत गराउनुपर्छ । कहिलेकाहीँ यो अवस्था अवसाद र चिन्ता विकारसँग समेत सम्बन्धित हुन सक्छन् । सामान्य कुराकानीमा पनि केही मानिस क्रोधित हुन सक्छन् । यसरी विनाकारण मान्छेहरू क्रोधित भएको मैले पटकपटक देखेको र व्यहोरेको छु ।

केही वर्षअघि म बसबाट यात्रा गरेर चितवनबाट काठमाडौँ जाँदै थिएँ, मेरो गन्तब्य कीर्तिपुर थियो । यसभन्दा अघि म कहिले पनि कीर्तिपुर गएको थिइन । जब कलङ्की चोकमा झर्ने बेला भयो, मसँगैको सिटमा यात्रा गर्ने एक जना भलाद्मी व्यक्तिलाई सोधेँ, "कीर्तीपुर जानलाई चोकमा झरेपछि कता जानुपर्छ ?" "मलाई के थाहा, जता जान मनलाग्छ त्यतै गए हुन्छ ।" उनले दिएको यसप्रकारको उत्तरले म जिल्ल परेँ । लाग्यो उनी जीवनमा गम्भीर समस्यासँग जुधिरहेका छन् । उनको जीवन निकै कष्टकर हुनुपर्छ । उनको उत्तर दिने शैलीले यही कुराको सङ्केत गरिरहेको थियो । मनमा तनाव बोकेर हिँड्नेहरू कसैले प्रश्न गर्दा यसरी नै उतर्सिएर प्रस्तुत हुन्छन् । मैले उनलाई थप तनाव दिन चाहिन र कुनै प्रतिक्रिया पनि दिइन । बरु अर्को यात्रुले मैले प्रश्न गर्न नभ्याउँदै उत्तर दिए "कलङ्कीबाट बल्खु जाने बस चढ्नुस् र बल्खुबाट कीर्तिपुर जाने अर्को सवारी चढ्नुस् ।" अधिकांश व्यक्तिले दोस्रो व्यक्तिले जस्तै उत्तर दिने गर्छन् । आफूलाई जानकारी नभए अलग कुरा ।

चिडचिडाहट दैनिक तनावसँग पनि सम्बन्धित हुन सक्छ वा मान्छे पुरानो तनावसँग लडिरहेको हुनुपर्छ । यद्यपि, यही अवस्था जारी रहिरह्यो भने उसमा अनुपयुक्त व्यवहार बृद्धि हुँदै जानसक्छ । मानसिक रोगको सुरुवाती लक्षण पनि असहिष्णु बन्नु हो । जब मान्छेमा असहिष्णुपन बढ्दै जान्छ । ऊ गम्भीर प्रकृतिको मानसिक रोगी समेत बन्न सक्छ । यस्तो अवस्थामा बेलैमा विचार पुऱ्याउनु उपयुक्त हुन्छ ।

अज्ञात यात्रा

मान्छेले सधैँ समयलाई पछ्याइरहेको हुन्छ । तमाम मान्छेहरूको अनुसरण गर्दै म पनि समयको पछाडि दौडिरहेको छु । निकै वर्ष दौडिएपछि मलाई थाहा हुँदैछ, मेरो दौड बेकार साबित हुँदै गएको छ । जति दौडिए पनि यो दौडाइ उपलब्धिविहीन बनिरहेको छ । जीवनको यही दौडाइका क्रममा म धेरै पटक चिप्लिएर पछारिएको छु । आजसम्म जति पटक पछारिएँ त्यति पटक उठ्न पनि सफल भएको छु तर जीवनमा एक दिन त्यस्तो दिन पनि आउनेछ, जुन दिन पछारिएपछि कहिले पनि उठ्न सकिने छैन । सत्य यही हो । यस सत्यलाई असत्य साबित गर्ने तागत सायद कसैको पनि छैन । मान्छेहरूले यसैलाई जीवनको अन्त्य भएको घोषणा गर्ने गरेकाछन् । यस प्रकारको अन्त्य धेरै मान्छेको भइसकेको छ । त्यसैले यो खासै ठूलो घटना पनि होइन । यही दृश्य मैले पनि देखेको छु, सबै मान्छेले देखेका छन् । देख्दादेख्दै पनि मान्छेले जन्मदेखि अन्त्य हुने समयको मध्य भागसम्म यसरी नै दौड प्रतियोगितामा निरन्तर भाग लिइरहनुपर्छ, पन्छिन मिल्दैन । वास्तविकता यही हो । जब मान्छेहरूलाई देख्छु, सबै आआफ्नो गतिमा दौडिरहेका छन् । त्यसैले म मात्र दौडमा सहभागी नभइकन शान्त भएर बस्न सक्दिन र मिल्दैन पनि । किनभने हाम्रो सामाजिक मान्यता यस्तै छ । अधिकांश मान्छेले भन्दा केही भिन्न कार्य गर्नेलाई समाजले राम्रो नजरले हेर्दैन । हरेक व्यक्तिलाई लाग्छ, आफूलाई समाजले राम्रै भनिदिए हुन्थ्यो । केही मान्छेले सम्पन्न गर्ने कतिपय कार्य आफ्नो राजिखुशीले नभई समाजलाई देखाउनकै लागि गर्ने गर्छन् । कतिपय मान्छेहरू कसैलाई देखाउनकै लागि आफूलाई प्रिय लागेको आनीबानी परिवर्तन गर्न बाध्य हुन्छन् । यसमा आश्चर्य मान्नु पर्दैन । यसैलाई मध्यनजर गर्दै मैले पनि मान्छेहरूको भिडमा सँगै दौड्नुपर्छ । जबसम्म शरीरमा तागत

रहन्छ म निरन्तर दौडिरहेको हुनेछु । यो दौडमा न मैले कसैलाई उछिन्न सकेको छु, न त दौडिएवापत कुनै पदक र पुरस्कार नै उछिट्याउन सफल बनेको छु ।

जीवनको सास अरूले जस्तै मैले पनि जन्मनासाथ फोक्सोमा भरेको हो । अहिले म त्यसैको भरमा सडक र गल्लीमा त्यही सास फुक्दै दौडिरहेको हुन्छु । जब म दौडन्छु, दौडने क्रममा यदाकदा प्रशस्त रमाइला दृश्यहरू देख्ने गरेको छु । कहिले नरमाइला दृश्यहरू पनि देखेको छु । कहिले केही अनौठा र विचित्र दृश्यहरू समेत देख्छु । मैले देखिरहेको छु भोगिरहेको छु । तीर्थ हिँडेको बसयात्रामा जस्तै जीवनयात्राका क्रममा पनि अनगिन्ती स्टपहरूमा केही क्षणको लागि जीवनको गाडी रोकिने गरेको छ । लाग्छ, यसबेला धेरै समय बर्बाद गर्नु हुँदैन, जसले तपाईं-हामीजस्ता यात्रुलाई एकदमै विचलित बनाउन सक्छ । आध्यात्मिक स्टपमा रोकियो भने एकैछिन भए पनि आध्यात्मिक स्वाद चाख्ने प्रयास गर्नुपर्छ । कुनै स्टपमा झैझगडा भइरहेको हुनसक्छ, त्यहाँ कसैको पनि कुरा नसुनेझैँ गर्नुपर्छ । गीत, सङ्गीत र नाचगान चलिरहेको स्टपमा कहिलेकाहीँ मनोरन्जन लिन भने हिच्किचाउनु हुँदैन । यही कुरा मेरो मनमा उब्जने गरेको छ । तर पनि म त्यसलाई व्यवहारमा उतार्न सकिरहेको हुन्न ।

जीवनको दौडमा मान्छेको अधिकांश समय अर्काको अनुकरण गरेर बित्ने गरेको छ । जहाँसम्म लाग्छ मैले सम्पन्न गरेका लगभग सबै कार्य आफ्नो मनज्ञानले गरेका थिएनन् । बाल्यावस्था र किशोरावस्थामा मेरा अग्रज दाजुहरू झोला भिरेर विद्यालय गएको देखेपछि म पनि विद्यालय र कलेज जान थालेको हुँ । विवाह गर्दा, जागिर गर्दा, नयाँ घर निर्माण गर्दा मैले स्वतःस्फूर्त रूपमा गरेको थिइन । ती सबै कार्यमा कसै न कसैको अनुकरण गरिएको थियो । कति मान्छे, सँगैको दामली सांसद र मन्त्री भएको देखेर राजनीतिमा होमिएका भेटिन्छन् । विभिन्न प्रकारका सुख-सुविधा लिने क्रममा समेत मान्छेले कसैको अनुकरण गरिरहेको हुन्छ । यसरी अनुकरण गर्ने विषयमा कसैले कसैलाई तालिम पनि दिइरहनु पर्दैन । यी र यस्तै स्वभाव मान्छेमा स्वतः विकसित हुन्छन् । सृष्टिको प्रारम्भदेखि सुरु भएको यो रीति सायद सृष्टि रहेसम्म रहिरहन्छ । जीवनको दौडमा पनि मान्छेको यही स्वभावले केही न केही योगदान गरिरहेको हुन्छ । अन्यथा मानव दौड

बीचैमा स्थगन हुन सक्थ्यो । यसरी कसैको अनुकरण गर्दै थालनी गरिएका सबै कार्यहरू शतप्रतिशत सफल हुन्छन् भन्न सकिँदैन ।

मैले यात्रा गरेको परिवेश र सडकहरू कहिले उबडखाबड, कहिले भताभुङ्ग, कहिले धुलो र फोहोर मात्र देखिन्छन् । मेरो यात्रा सधैँ अनिश्चित र कहिल्यै अन्त्य नहुने किसिमको छ । मेरो गन्तब्यका बारेमा म पूर्ण रूपमा अनभिज्ञ छु । यो अनौठो यात्राको नाम जीवनयात्रा हो । जीवन कहिलेकाहीँ अत्यन्त भारी र कठिन हुनेरहेछ । जीवनले कहिले असह्य पीडा दिन्छ तर पनि म यसबाट उम्किन सक्दिन । मेरो यो यात्राको निश्चित लक्ष्य पनि छैन । म जहाँसम्म पुगेर स्थायी विश्राम लिन्छु, यो शरीर यही धरामा समर्पण गर्नेछु । यात्राका क्रममा अनगिन्ती साथीहरू, सहकर्मीहरू भेट भए । कति आफन्तका रूपमा भेटिए, कति सहयोगीका रूपमा, यदाकदा प्रतिस्पर्धीका रूपमा पनि नभेटिएका होइनन् । लाग्छ, कैयौँसँग त मेरो घाँटी पनि जोडिएको छ । भेटिएकाहरूमध्ये केही प्रत्यक्ष माया देखाउन सक्ने छन्, माया बाँड्नेहरू पनि छन् । कतिले हल्का ईर्ष्या पनि गर्छन् र कतिलाई म हुनु र नहुनुको कुनै अर्थ छैन । सायद यही क्रम जीवनको अन्तिम क्षणसम्म पनि कायमै रहन्छ । मलाई थाहा छ सत्य परिवर्तन हुँदैन । किनकि यिनै हुन् जीवनका सत्यहरू ।

यो जीवन सङ्घर्षमा अनेकौँ पटक डुब्दै र उत्रदै गरेको अनुभव छ मसँग । म कसैसँग गुनासो गर्न पनि सक्दिन र चाहन्न पनि । गुनासो पछि प्राप्त हुने सुधारिएको परिस्थितिमाथि विश्वास गर्न पनि सक्दिन । मलाई गुनासो र सम्बन्धका बारेमा थाहा पनि छैन तर पनि म आफ्नो अन्तर्मुखी स्वभावलाई कत्ति पनि परिवर्तन गर्न सक्दिन । यो मेरो जन्मजात गुण हो भन्न रुचाउँछु । मेरो आवाज, मेरो मौनता, मेरो रङ्ग, मेरो रङ्गहीनता नै मेरो पहिचान हो र मेरो जीवन हो । आजसम्म मैले मध्य विन्दुमा सुरक्षित रहेको जीवनको मैदान फेला पार्न पनि सकिरहेको छैन । जहाँ यो यात्रा केही सहज हुनसक्छ भन्ने सुनेको छु । निकै लामो यात्रा सकिसके पनि, दौडने सिलसिलामा लगभग कुनै समय म मैदानी मध्ये भागको करिब करिब पुग्न लागेको पनि हुन्छु तर दुर्भाग्य, मलाई कसैले कुहिनोले ठेलेर घुचेटी रहेको पाउँछु । घुचेट्नेहरू मेरा चिरपरिचितहरू हुन्छन् । मेरा आफन्तहरू हुन्छन् । मेरा भाइबन्धुहरू हुन्छन् । आखिर माया गर्ने र ईर्ष्या गर्ने भनेकै आफ्नै मान्छेले हो । अपरिचित मान्छेले माया गर्नु र ईर्ष्या गर्नुको के नै अर्थ हुन्छ र ? जो

नजिक छ, माया पनि उसैलाई गरिन्छ र ईर्ष्या पनि उसैलाई गरिन्छ । त्यसैले सीमित मान्छेहरू मात्र पुग्ने गरेको हरियाली मैदानमा म आजसम्म पुग्न नसक्नुको प्रमुख कारण यही हो भन्ने ठहर गरेको छु ।

यो जीवनमा कहिले हजारौँ रङ्गले सजिएको परिदृश्य मनमा देखिन्छ । यात्राका क्रममा कहिले कालो र सेतो चलचित्रको दुःखद दृश्यमा पुगिन्छ । कहिले आफूलाई जीवनको लयबद्ध तालमेलमा सबैभन्दा रमणीय नृत्यको प्रेमको तहमा नाचिरहेको अनुभूति हुन्छ । तिनै सुमधुर स्वरका कारण जीवन सङ्गीतमय भएझैँ लाग्छ । कहिलेकाहीँ मौनताबीच अर्केस्ट्राको कालो दौरा, सुरुवाल र रातो पगरीमा सजिएको अवस्थामा आफूलाई पाउँछु । यिनै कल्पनाहरूले मलाई जिउन सहज बनाइदिएका छन् । क्षणिक खुशी दिने गरेका छन् । यो यात्रा कहाँ, कसरी र कहिले टुङ्गिन्छ भन्ने पटक्कै ज्ञान छैन न त कसैबाट त्यस सम्बन्धी जानकारी नै पाएको छु, यो बाटोमा म किन दौडिरहेको छु भन्ने पनि म स्वयंलाई थाहा छैन । आखिर यो यात्रा किन जारी छ ? मलाई यही प्रश्नले बारम्बार लखेटी रहेको हुन्छ । यो यात्रा मन परे पनि, नपरे पनि मलाई दौडिरहन बाध्य बनाइएको छ । म मेरो स्वतन्त्रतालाई बन्धक बनाएर यो कस्तो शर्तमा सम्झौता गरिरहेको छु र यो दौडमा भाग लिइरहेको छु, मलाई आश्चर्य लाग्छ । यात्राको सिलसिलामा जब म केही अगाडि पुग्छु, एक्कासि दोबाटो र चौबाटोहरू भेटिने गर्छन् र सडकहरू विभाजित भएका पाइन्छन् । त्यति बेला म निकै बिलखबन्दमा परेको हुन्छु तर पनि कुनै एउटा बाटो रोज्नै पर्नै बाध्यता आइदिन्छ । संयोगले कुनै बेला असाध्यै राम्रो बाटोमा पुगिन्छ, कहिले अन्धकार, डरलाग्दो र खतरनाक बाटोमा पुगेको अनुभव पनि सँगालेको छु । बाटोमा भेट भएका दौडका सहभागीहरू पनि केहीले मैले प्रयोग गरेको बाटो पछ्याउने गरेका छन् भने कहिलेकाहीँ मैले पनि अरूले प्रयोग गरेको बाटो पछ्याउने गरेको छु ।

कैयौँ पटक मैले हार मानेर दौड अन्त्य गर्ने विचार पनि नगरेको होइन तर यसरी बीच बाटोमा प्रतियोगिताबाट भाग्नु निकै काँतर र नालायकीपन ठहर हुने बलियो सम्भावना देखिरहेको हुन्छु । त्यसैले मैले जस्तोसुकै सङ्कट र कठिनाइ आए पनि युद्ध मैदानबाट नभाग्ने प्रण गरेको छु । किनकि म काँतर बन्न चाहन्न । बरु यस्तो अवस्थामा मैले बोकेको भारीबाट केही थान सामग्रीहरू झिकेर मिल्काउने धृष्टता भने पटकपटक गरेको सम्झना छ । यसरी

मिल्काउने क्रममा कुनै दिन महत्त्वपूर्ण सामग्री मिल्किएका छन् । जब भारी गह्रुङ्गो हुन्छ, सायद मैलेजस्तै अन्य मान्छेले पनि यसरी नै फालेको हुनुपर्छ । अन्यथा यसरी फालेका पोकाहरू सडकका दायाँबायाँ छरपस्ट अवस्थामा फेला नपर्नुपर्ने हो । जहाँ जिम्मेवारीका, इज्जतका, दायित्वबोधका पोकाहरू प्रशस्त भेटिने गरेका छन् । सायद जीवनमा भेटिएका अनगिन्ती वस्तुहरूमध्ये सबैभन्दा भारी वस्तु यिनै हुनुपर्छ । अन्यथा अधिकांश मान्छेले बेकारका वस्तुहरू बोकेर यी महत्त्वपूर्ण वस्तु नफाल्नुपर्थ्यो, ख्याल गर्नुपर्ने कुरा के भने यात्राका क्रममा धेरै झोला र भारी गह्रौँ भयो भने पनि यात्रामा कठिनाइ उत्पन्न हुनसक्छ । त्यसरी नै जीवनयात्रामा सकेसम्म आर्थिक, सामाजिक, मानसिक र हृदयको बोझबाट मुक्त हुनुपर्दछ । यदि छिटो र हल्का यात्रा गर्ने हो भने, आफ्नो सबै शत्रुता, ईर्ष्या, स्वार्थ र डरलाई पछाडि छोड्नुपर्ने रहेछ । अधिकांश मान्छेले यो यथार्थ जीवनको पूर्वार्द्धमा थाहा पाइदिने भए सबैको यात्रा कति सुन्दर हुन्थ्यो होला । जब जीवनको यात्रा उत्तरार्द्धतिर पुग्छ, मान्छेले बिस्तारै यसको भेउ पाउने गर्दो रहेछ तर समय बितिसकेको हुन्छ । यो मेरो आफ्नै भोगाइले सिकाएको पाठ हो ।

अनगिन्ती हेमन्तका कठ्याङ्ग्रिँदा रातहरू मेरो सामुन्नेमा आए र गए । ग्रीष्मका तातो र उराठिला, शरद अनि वसन्तका मगमगाउँदा दिनहरू पनि आए तर पनि तिनले यो दौडमा कुनै पनि प्रकारको प्रभाव पारेको थाहा पाएको छैन । दौड निरन्तर जारी नै छ । कहिले गोडाका पैतालाहरूमा तिखा काँढा बिझ्ने गरेका छन् । कहिले चोट लागेर शरीरबाट रगत बगिरहेको हुन्छ । कहिले सास फेर्न असहज हुन्छ । कहिले ठेस लागेर लड्दा नाक ठोकिन्छ । चिउँडो फुटिरहेको हुन्छ । चिसो र आँधीबेहरीको रात एवं औँसीको रातमा म निकै सन्त्रासका साथ बाँचिरहेको हुन्छु । जाडो भएको महसुस हुन्छ । जिउ थर्थरी काँप्न लाग्छ । कुनै दिन अचानक औडाहा हुन्छ, गर्मीले जिउ फतक्क गलेको हुन्छ । जब बिहानीपख घामको उज्यालो देखिन्छ डरहरू स्वतः हट्ने गर्छन् । मलाई अधिकांश समय डरहरूले स्वागत गरिरहेका हुन्छन् भने तिनलाई आफूले ससम्मान बिदाइ पनि गर्ने गरेको छु । हुरी, बतास, असिना र पानीसँग नडराउने कसम खाएको छु । हरेक दिनको सुरुवातसँगै आशा र विश्वासको यात्रा सुरु गर्छु, कुनै दिन तिनले धर्म छोड्दैनन् भने कुनै दिन नराम्रोसँग धोका पनि दिने गरेका छन् । दौडने क्रममा कहिले म मरुभूमिको

निर्जन बगरमा पुगेको छु । खुशीको कुरा त्यहाँ मलाई कुनै दिन पनि तिर्खाले आकुलव्याकुल भने बनाएको छैन । किनभने मलाई राम्रोसँग थाहा छ, मरुभूमिमा पानी पाइँदैन । मैले मानसिक रूपमा आफूलाई तयार गर्ने गरेको छु । मैले पटकपटक उकालो बाटो पार गरेको छु, नदीनाला र खोलासमेत तरेको छु । भाग्यले त्यहाँ पनि बग्न र डुब्नबाट मुस्किलले बचेको छु । कति पटक भिरको बाटोबाट पनि लड्नबाट जोगिएको छु । तर यी सबै यसै सम्भव भएका होइनन् । त्यस समय मैले निकै होसियारी अपनाउने गरेको छु । मलाई थाहा छ, कहिलेकाहीँ मेरो होसियारीले पनि काम गर्दैन । सायद यही हो जीवनको अज्ञात यात्रा भनेको । यो अज्ञात जीवनयात्रा सोचेजस्तो सहज नहुने रहेछ । लाग्छ, यात्राका क्रममा अनेकौँ बाधा-व्यवधान आउँछन् । यात्रामा होस पुऱ्याएर दौडनु बुद्धिमानी हुन्छ । पाइलापाइलामा होसियार रहनुपर्छ, अनि मात्र दौड सहज हुन्छ । न त पुग्ने ठाउँको लक्ष्य छ, न समयको ज्ञान छ, तैपनि मान्छेले यो अज्ञात यात्रा सहज र सुलभ होस् भन्नेचाहिँ चाहने रहेछ ।

आलस्य

बाल्यावस्थामा मलाई हजुरबाले अल्छी भन्नुहुन्थ्यो । किशोरावस्थामा बाआमाले अल्छी भनेको सम्झना छ । अध्ययनको सिलसिलामा मलाई मेरा आदरणीय गुरुहरूले अल्छी भन्नुभयो । यसैगरी जागिरको अवधिभरि हाकिमहरूले अल्छी भन्ने गरेका थिए । अवकाशपछिका दिनमा मेरी अर्धाङ्गिनी र आफ्नै छोराबुहारीले अल्छी भन्ने गरेका छन् । ज-जसले अल्छी भने पनि मेरो कुनै गुनासो छैन । एक मन लाग्छ, जस्तो देखे त्यस्तै भने तिनले के बिराए ? अर्को मनले भन्छ, ज-जसले मलाई ठाडै अल्छीको संज्ञाले विभूषित गरे ती मेरा शुभचिन्तक थिए । आलस्यताका कारण मैले बाटो बिराउन लागेको अवस्थामा तिनले मलाई सुधार्नका लागि दिएको सुझाव हो । यसलाई अन्यथा सोच्नु हुँदैन । सुझाव दिने भनेको अत्यन्त नजिकको मान्छेले मात्र हो । विनाचिनजानको र भावनात्मक निकटता नभएकाहरूले यसरी हतपती सुझाव र सल्लाह दिँदैनन् । प्रश्न यति धेरै शुभचिन्तकले अल्छी भनेकोमा होइन, अल्छीपनाबाट म सुधार्न सकँ अथवा सकिन भन्ने मात्र हो ।

आलस्यको सूत्रपात मान्छेले बाल्यावस्थादेखि नै आरम्भ गरेको हुन्छ । अधिकांश मान्छेका जीवनका प्रारम्भिक वर्षहरू अत्यन्त रमाइला र सुबिस्तापूर्ण हुन्छन् । त्यतिखेर शारीरिक श्रम गर्नुपर्दैन, जतिखेर पनि आरामसँग रहन पाइन्छ । दिनमा बीस-बीस घण्टा सुत्यो, भोक-तिर्खा लागे रोइदिए भयो । आमा महत्त्वपूर्ण काम छोडेर पनि टुप्लुक्क आइपुग्छिन, पेटभरि दूध खुवाउँछिन् । यतिसम्म कि दिशापिसाबका लागि समेत उठिरहनु पर्दैन । पुछपाछ पारेर हुन्छ कि तातो, चिसो पानीले धोएर हुन्छ, आमाले तुरुन्त सफा गरिदिन्छिन् । नुहाउन धारा, बाथरुम जानु पर्दैन, तिनै आमाले च्याप्प समातेर मौसमअनुसार चिसो वा मनतातो पानीले नुहाइदिन्छिन् । रुँदै नुहायो, आँखा पनि सफा, ज्यान पनि सफा । मेरो आँखाअघि यी र यस्तै दृश्यहरू

घुम्न थाल्छन् । आमाले तातो मेथी पड्काएको तेल घसेर जाडो भए तत्काल घाममा सुत्ने व्यवस्था मिलाइदिन्छिन्, गर्मी भए त्यहीअनुसारको बन्दोवस्त गर्न आमालाई कसैले पनि सम्झाइरहनु पर्दैन थियो । हुन पनि यी आमाहरू आँखामा गाजल र टाउकोमा सिउर बाटेपछि आफ्ना सन्तानलाई कुनै सिनेमाको नायक, नायिकाभन्दा कम ठान्दैनन् । पसिना आए पनि तुरुन्तै कपडा फेरि दिने, दूध चुस्दा भोटो भिजे पनि ओभानो भोटो फेरि दिने, रोए पनि ध्यान पुऱ्याउने, हाँसे पनि खुशी हुने । जे जसो गरे पनि आमाबाबु रिसाउलान् भन्ने त फिटिक्कै डर हुँदैन थियो । इष्टमित्र, छरछिमेक पनि सधैँ खुशी राख्न सकिने । आहा ! कति रमाइलो बाल्यकाल, सम्झँदा पनि मन फुरुङ्ग हुन्छ ।

सम्पूर्ण जीवन यसरी नै बिताउन पाउने हो भने मान्छेको जीवन कति आनन्द हुन्थ्यो होला । घर भरिपूर्ण भए पनि नभए पनि केहीलाई छोडेर यी र यस्ता सुविधामा हुर्किएको कुरा प्रायः सबैलाई सम्झना होला । बिर्सिसकेको भए पनि सम्झने कोसिस गरौँ त लगभग अधिकांश मान्छेहरूको बाल्यावस्था यसरी नै बितेको हुनुपर्छ । यो सुविधा कुनै एउटा पुस्ताले मात्र होइन, अनगिन्ती पुस्ताले पाइसकेका छन् । अझै कैयौँले यिनै सुविधा उपभोग गर्नका लागि जन्म लिइरहेका हुन्छन् । ईश्वरको सृष्टिमा पक्षपात हुँदैन । यही प्रक्रिया यो संसार रहेसम्म रहिरहन्छ । एकपटक यसप्रकारको सुविधाभोगी हुने अवसर केहीलाई छोडेर सबैलाई आउँछ । मलाई बाल्यकालको अधिकांश समय सुविधाभोगी भएको मात्र सम्झना आइरहन्छ । अहिले लाग्छ, सायद मभित्र झाँगिएको आलस्यता त्यसैको उपज थियो । बाल्यावस्थामा उपभोग गरेका तिनै सुख र सुविधाहरू किशोरावस्था र प्रौढावस्थामा आलस्यता जन्माउने प्रमुख कारण बनेको हुनुपर्छ ।

जसरी उमेर बढ्दै जान्छ, परिवारमा बच्चालाई आत्मनिर्भर बन्नका लागि प्रशिक्षण दिन सुरु गरिन्छ । सबैको चाहना हुन्छ, बच्चा जब नौ–दश वर्षमा पाइला टेक्छ, प्रक्षालन कार्य, खानपिनदेखि उठ्ने चुठ्ने कार्य सबै आफैँ गरोस् । यही उमेरदेखि बच्चालाई आत्मनिर्भर बनाउन विभिन्न अभ्यास गराउने गरिएको छ । हिन्दू धर्म परम्परामा लगभग व्रतबन्ध गर्ने उमेर यही हो । जब उनीहरूको व्रतबन्ध गरिन्छ, उनीहरू स्वयं नुहाउन थाल्छन् । गायत्री मन्त्र कण्ठस्थ गर्छन् । जसले गर्दा बच्चाहरूको अध्ययन कार्यमा समेत त्यसले महत्त्वपूर्ण भूमिका निभाएको हुन्छ । उनीहरूले लगाइरहेको फोहर कपडा मिल्काएर सफा धोती फेरेर खाना खान सिक्छन् । यसरी हिन्दू धर्मले

बच्चाहरूको बानी परिवर्तन गर्नुपर्ने समयमा व्रतबन्ध नामको संस्कारद्वारा तिनको आनीबानी सुधार गर्ने परिपाटी स्वतः मिलाइएको पाइन्छ । सायद यस्ता संस्कारहरू बाल्यावस्थाको आलस्य हटाएर किशोरावस्थामा जोश र जाँगर बढाउने उद्देश्यले थालनी गरिएको हुनुपर्छ ।

यस प्रकारको उमेर र अवस्था उसको भावी व्यवहारका लागि निर्णायक भूमिका खेल्ने अवस्था हो । यही शिक्षण अवधिमा उसलाई सक्रिय नबनाउने हो भने ऊ आजीवन सक्रिय रहन सक्दैन । अन्यथा उसमा अजिङ्गरको जस्तै बानी विकसित हुँदै जान्छ । गहिरो स्वास फेर्ने र अधिकांश समय सुतिरहने । अझै वर्तमानले थप अर्को विकृति विकसित गरिदिएको छ, त्यो हो मोबाइल संस्कृति । हातमा मोबाइल लिएको किशोरलाई बोलाउनुपर्छ, उसले सुन्दैन । घरमा को आयो, को गयो ? त्यो समेत उसलाई थाहा हुँदैन । यदि व्रतबन्धजस्ता संस्कार नभइदिने हो भने उनीहरूलाई विशेष तालिमको व्यवस्था गर्नुपर्ने हुन सक्थ्यो । यो उमेरमा बानी परिवर्तन नगर्ने हो भने उसले गर्ने थप अपेक्षाहरूसमेत आलस्यता जगाउने प्रकृतिका हुन थाल्छन् । खाना, पानी पनि भुर्र उडेर यतै आइदिए हुन्थ्यो । चिया, खाजा तोकिएको समयमा उपलब्ध भइदिए जाती हुन्थ्यो । त्यो पनि आफू सुतिरहेको स्थानमा । जब भनेको ठाउँ र समयमा खाना, खाजा आइपुग्दैन उसलाई चिडचिडाहट सुरु हुन्छ, रिस उठ्छ, आँखाको रङ स्वतः बदलिन थाल्छ । जब मान्छेमा यस्तो लक्षण देखापर्न थाल्छ, ऊ डिप्रेसनमा जाने बलियो सम्भावना हुन्छ । यसरी एउटा बच्चाको जीवन छोटो अवधिमा लथालिङ्ग हुनसक्छ ।

एउटा पुरानो कथा छ, "असारमासको उखर्माउलो गर्मीमा दुई जना अल्छीहरू आँपको फेदमा सुतिरहेका थिए । रुखमा पाकेको आँप लटरम्म थियो । सुतिरहेका अल्छीमध्ये एउटाले भन्यो – "रुखमा चढ्न सकिन्न, थुपुक्क पाकेको आँप खसिदिए टपक्क टिपेर सुतेको ठाउँमै खान पाइन्थ्यो ।" अर्कोले उसलाई झपार्दै भन्यो – "चुप लाग्, आँप यताउता खस्यो भने कसले ल्याइदिन्छ ? बरु सोझै मुखमा खस्यो भने काइदा हुन्थ्यो ।"

यसपछि भने उनीहरू मुख आँ गरेर सुतिरहे । यो अत्यधिक अल्छीहरूलाई सुनाउनका लागि रचिएको कथा हुनसक्छ वा यथार्थ पनि हुनसक्छ । यतिविधि अल्छी हुनबाट जोगाउन बच्चा हुर्किएपछि निकै कठिन हुन्छ । त्यसैले समयमा नै बच्चाहरूलाई स्वाबलम्बी बन्न सिकाउनुपर्छ । एउटा पुरानो भनाइ छ, "बच्चा भनेको मुछेर ठिक्क पारेको माटोको डल्लो हो । यिनलाई कस्तो आकारमा ढाल्ने भन्नेचाहिँ अभिभावकको हातमा निर्भर हुन्छ ।"

बाल्यकालमा स्वयं आफैले कुनै पनि बच्चाले केही जान्दैन । उसले जे देख्यो, जे सुन्यो त्यसैलाई टपक्क टिप्छ । ऊ माता–पिता र शिक्षक नामको डुङ्गामा चढेर यात्रामा निस्कन्छ । डुङ्गा जता जान्छ उनीहरू त्यतै पुग्छन् । डुङ्गा जुनसुकै दिशामा लगिए पनि उनीहरूले प्रतिक्रिया जनाउँदैनन् । डुङ्गा किनारामा गए पनि सदर, भुमरीमा पुगे पनि सदर । यति मात्र होइन, चालकले भट्टी ताके पनि ठिक, टट्टी ताके पनि ठिक । जब बाल्यकालबाट किशोरावस्थामा पुग्ने समय आउँछ, सम्झनुपर्छ अब उसको बुझाइ र बुद्धि परिमार्जन गर्ने समय भयो । अब उसले केही समयअघिसम्म दिशा–पिसाबका लागि आमा वा अन्य अभिभावक गुहार्ने गरेको कुरा अब भने राम्रो मानिँदैन । आमाले पनि यस्ता कुरामा अघि सर्नु हुँदैन । उसले पनि प्रक्षालन सहयोगी र खाना खुवाइदिने सहायकका रूपमा आमालाई सम्झनु हुँदैन । अब उसले बिस्तारै यी सबै कुरा स्वयं सम्पन्न गर्न सक्नुपर्छ । बच्चालाई यी र यस्तै कुराको जानकारी बेलैमा दिने गर्नुपर्छ । यो अवस्था जीवनको त्यस्तो सन्धिकाल हो । यसबेला उसले आफ्नो बुझाइ, बुद्धि र बानी परिमार्जित गर्दै लैजानुपर्छ । अन्यथा भविष्यमा उसले दुःख पाउन सक्छ ।

बिस्तारै उसलाई घर, गृहस्थीका सामान्य कार्यहरू सिकाइदिनुपर्छ । कुनै कालखण्डमा आफूलाई गाई, भैँसी दुहुन आउँदैन, नाम्लो र दाम्लो पनि बनाउन आउँदैन, कुचो बाट्न आउँदैन । घाँस काट्न र भकारो मिल्काउन सक्दिन भन्ने दिन आउनबाट रोक्नुपर्छ । भोजन तयार गर्नु त टाढाको कुरा, मैले चिया पनि तयार गर्न नसक्ने अनगिन्ती मान्छेहरू देखेको र भेटेको छु । दुःखको कुरा तिनले यस्ता साधारण काम नजानेकोमा आत्मग्लानि होइन, कथित खानदानी बन्ने भोकका कारण उल्टै गर्व गरिरहेको देख्न पाइन्छ । यो मैले स्वयं भोगेको वास्तविकता हो । यसलाई सबैले बेलैमा बुझ्न सक्नुपर्छ । भविष्यमा त्यो काम गर्ने वातावरण मिलेन भने छुट्टै कुरा अन्यथा सबैले यस विषयमा जानिराख्नुपर्छ । यी सबै कुरामा सकिन्छ दक्ष, होइन भने अर्धदक्ष त बन्नैपर्छ । घरको सामान्य काम नजान्दा कुनै समय खानदानी मानिने प्रचलन थियो होला तर वर्तमानले त्यसलाई खानदानी होइन पाटे अल्छी भनिदिन्छ, आलस्यताको प्रतीक मानिदिन्छ । उमेर पुगेपछिको कुनै समय, आफूलाई खाना बनाउन आउँदैन भन्दै, घरमा एक्लो भएको दिन होटलबाट रोटी ल्याएर पेट भर्नुपर्‍यो भने हामीले गृहस्थी जीवन बिताउनुको के नै अर्थ रह्यो र ? सायद यसबेला उसलाई जिउँदै मरेजस्तो अनुभूति हुनसक्छ । उस्तै परे भोकै

बस्नुपर्छ । बानी भनेको जस्तो बसाल्यो, त्यस्तै बस्ने रहेछ । अल्छी बानीले पढाइमा पनि राम्रो अङ्कसहित उत्तीर्ण हुन सकिँदैन । गाउँतिर साँझ, बिहान भात पकाउन अल्छी मानेर पसलबाट रोटी र तरकारी किनेर खाने बानी पारेका अल्छीहरूको सङ्ख्या दिनप्रतिदिन बढ्न लाग्यो भने सम्झनुस्, अब व्यक्ति, समाज र गाउँको ओरालो यात्रा सुरु भयो । किनकि एक जनाले गरेको कुरा सारा गाउँले अनुसरण गर्न थाल्छन् । त्यसपछि भने गाउँको कुनै पनि घरको चुल्होमा आगो बलेन भने पनि आश्चर्य नमाने हुन्छ ।

हाम्रा कतिपय संस्कारहरू बालबालिकालाई कसरी परिपक्व बनाउने भन्ने विषयमा लक्षित गरिएको पाइन्छ । पिताको मृत्यु संस्कारमा व्रतबन्ध गरेको पुत्रले किरिया गर्नुपर्ने संस्कार एउटा अर्को नमूना हो । यसबेला बच्चाले तेह्र दिनसम्म स्वयं खाना बनाउनुपर्छ । पकाएका भाँडावर्तन आफैले सफा गर्नुपर्छ । यदि बालकको व्रतबन्ध नगरेको भए उसले यो कार्य गर्नु हुँदैन भनिएको छ । किनभने व्रतबन्ध नगरेको बालक धेरै सानो हुनसक्छ । उसले यी सबै कर्म सहजै सम्पन्न गर्न सक्दैन । यसरी बालबालिकालाई अभ्यास गराउनुपर्ने कतिपय कार्यहरू हाम्रो संस्कारहरूले स्वतः परिवर्तन गराउने अभ्यास गरेका छन् । पृथ्वीमा रहेका अनगिन्ती मान्छेहरूको जीवनमा केही न केही चुनौतीहरू हुन्छन् । अल्छी गरेर यी चुनौतीबाट भाग्ने हो भने जीवन कष्टकर हुनसक्छ । आफ्नो बच्चाहरूलाई तपाईँ डाक्टर, इन्जिनियर, पाइलट, कानुनवेत्ता बनाउने सोच राख्नुहुन्छ । दुर्भाग्यको कुरा तर उसलाई फिटिक्कै पढ्न पनि आउँदैन र पढ्न मन पनि लाग्दैन । उत्कृष्ट खेलाडी बनाउन चाहनुहुन्छ, तर उसले चौरमा झर्नासाथ रिँगटा लागेको र सास फुलेको कुरा सुनाउँछ । बच्चालाई किशोरावस्थामा नै सबै कुराको सीप सिकाएर उसमा आलस्यपन विकसित हुनबाट जोगाउनुपर्छ । दुःखको कुरा यसरी सिकाउनुपर्छ भन्ने हेक्का त्यसबेला हामीलाई हुँदैन ।

आलस्य संस्कृतिको विकासले, मान्छेलाई स्वतन्त्र हुन दिदैँन । आलस्यले मान्छेलाई दास बनाउँछ । वर्तमानमा आलस्य रोग व्यापक रूपमा फैलिरहेको छ । यसबाट समयमा नै वचन सक्नुपर्छ । आधुनिक दासहरू अत्यन्त अल्छी हुन्छन् । उनीहरूले आफ्नो जीवनको आनन्द लिन र जिम्मेवारीबाट भाग्न मात्र ध्यान केन्द्रित गरिरहेका हुन्छन् । यिनीहरूको कुनै सपना वा लक्ष्य हुँदैन । मालिकको विजयमा ताली लगाउने, झोला–झाम्टा बोक्ने र मालिकले गरेका राम्रा नराम्रा कामको समर्थन गर्ने मात्र यिनको उद्देश्य हुन्छ । दासहरूको

शब्दकोशमा आलोचना र नैतिकता भन्ने शब्द हुँदैन । मालिकको सेवाभन्दा बाहेक यिनीहरूको कुनै लक्ष्य पनि हुँदैन । यिनीहरू आँफू त अल्छी हुन्छन् नै, दासका परिवारका सबै सदस्य समेत अल्छी हुने गर्छन् । सुखा, खडेरी, बाढी जे सुकै होस्, मालिकले यिनको रसदपानीको जिम्मा लिएको हुन्छ । यिनले बाढी, पैह्रो, सुख्खा खडेरी, अनिकालको सामना गर्नुपर्दैन । त्यसैले यी जाँगरिलो हुन जिन्दगीमा जान्दैनन् ।

दासहरूको तोकिएको लक्ष्य हुँदैन । यिनीहरू मालिकको लक्ष्य पछ्याएर बाँचिरहेका हुन्छन् । यसैले यस प्रकारका लक्ष्य लिनेहरूलाई ' आधुनिक दास'को रूपमा हेरिन्छ । आलस्य निम्त्याउने काममा यी आधुनिक दासहरूको निकै ठूलो हात हुन्छ । यसबाहेक चौबिसै घण्टा समय खेर फाल्ने र टेलिभिजन स्क्रिनको अगाडि घण्टौँ बिताउने, फेसबुक, टिकटक, इन्स्टाग्रामका पोष्टहरूमा समय खेर फाल्ने वा निरन्तर आफूलाई विचलित पार्नेहरू आधुनिक संस्कृतिका आधुनिक दासहरू हुन् । जब मान्छे यस्ता वस्तुहरूको अम्मली हुन्छ, उसमा भएको जाँगर बिस्तारै हराउँदै जान्छ र मान्छे अल्छी बन्छ ।

वास्तविक संसारका चुनौतीहरूबाट उम्कन र आफू आरामदायी जीवन जिउन वास्तविक र समस्याहरूबाट टाढा रहनका लागि मान्छेहरू कसैको दास बन्ने गर्छन् र जीवन बर्बाद गर्छन् । दासहरू स्वेच्छाले निर्णय गर्न सक्दैनन् । रावणको भाइ कुम्भकर्णले दाजुको आज्ञापालन गर्थ्यो । उसले दाजुले अह्राएको काम मात्र गर्ने गरेको थियो । कुम्भकर्णको निजी लक्ष्य थिएन । ऊ अधिकांश समय मजाले सुतिरहेको हुन्थ्यो । कुम्भकर्ण त्रेतायुगमा नभएर कलियुगमा जन्मिएको भए धेरै सुत्ने विधामा गिनिज बुक अफ वर्ल्ड रेकर्डमा आफ्नो नाम लेखाउन सफल हुन सक्थ्यो । गिनिज बुकमा नाम नलेखाए पनि **रामायण**जस्तो बहुचर्चित ग्रन्थमा नाम लेखाउन ऊ सफल भएकै हो । इतिहासले नाम मात्र हेर्दैन, कुनाम हो या सुनाम हो त्यसको लेखाजोखा गर्छ । अल्छीपन निर्मूल गर्ने ओखती बजारमा पाइँदैन । यसको अचुक उपचार आफ्नै मनबाट गर्नुपर्छ । उमेर हुँदासम्म यस्तो जानकारी नहुने रहेछ । जब उमेर पुग्दै गयो अब जाँगरिलो बन्न यही उमेरले छेकिरहेको हुन्छ । औसत मान्छेभन्दा अल्छी भएकोमा अहिले आत्मग्लानि मात्र हुने गरेको छ ।

इमान्दारिता

म इमान्दार मान्छे हो या होइन ? म आफैँलाई थाहा छैन। कतिपय प्रसङ्गमा म अत्यन्त इमान्दार छु। कतिपय प्रसङ्गमा म आफैँलाई इमान्दार मान्न सकिरहेको हुन्न। साँच्चै र पूर्ण रूपमा इमान्दार बन्ने कुरा सहज छैन। इमान्दार हुनु भनेको कुनै पनि हिसाबले झूट नबोल्नु, कसैलाई धोका नदिनु हो। अन्याय नगर्नु, भ्रष्टाचार नगर्नु, कसैलाई दुःख नदिनु पनि इमान्दारिताभित्र पर्दछ। जब मान्छे इमान्दार हुन्छ, उसले आफ्नो चरित्रलाई मजबुत, जिम्मेवार र साहसी बनाइरहेको हुन्छ। जब मान्छेको चरित्र मजबुत हुन्छ, उसलाई कसैले पनि हल्लाउन, डगाउन सक्दैन। यति मात्र पनि होइन, मान्छे ईश्वरसँग र धर्मसँग पनि इमान्दार बन्न सक्नुपर्छ। तब मात्र मान्छेको नैतिकतामा निखार आउँछ।

मानसिक शान्ति र आत्मसम्मानको साथ जिउने चाहना अनि शुभचिन्तकहरूबाट आशीर्वाद प्राप्त गर्ने इच्छा हरेक व्यक्तिमा हुन्छ। यिनै कुरा प्राप्त गर्नका लागि इमान्दार बन्नुभन्दा बाहेक अर्को विकल्प छैन। बेइमान मान्छेहरू यस्ता कुराबाट बन्चित हुन्छन्। यथार्थ यही हो। मैले बुझेको छु। बुझ्दाबुझ्दै पनि म यदाकदा बेइमान बनेको सम्झना छ।

बेइमानहरूले स्वयं आफू र आफ्ना आफन्तलाई चोट पुऱ्याउँछन्। जब कसैले भ्रष्टाचार गर्छ, झूट बोल्छ, चोरी गर्छ वा कसैलाई धोका दिन्छ, त्यसबेला उसको आफ्नै आत्मा पनि डराइरहेको हुन्छ भने अरूसँगको सम्बन्धमा स्खलन आउन थाल्छ। इमान्दार हुनुले मान्छेको भविष्यका अवसर हरूलाई सुरक्षित गर्छ र उसको आत्माद्वारा निर्देशित हुने आफ्नै क्षमतामा बृद्धि हुन्छ। विद्यालयमा पढाउनेले विद्यालय र विद्यार्थीप्रति इमान्दार बन्न सक्नुपर्छ। राजनीति गर्नेले, देश र जनताप्रति इमान्दार बन्नुपर्छ। हरेक

व्यक्तिले आआफ्नो क्षेत्रमा इमान्दार बन्ने हो भने मुलुक रामराज्य बन्छ । त्रेतायुगमा अयोध्या राज्यलाई त्यसै रामराज्य भनिएको होइन, त्यसको एक मात्र कारण थियो, तत्कालीन शासक र जनता दुवै थरी इमान्दार थिए । यथार्थ यही हो, यसमा कत्ति पनि शङ्का गर्ने ठाउँ छैन ।

मान्छेको मनमा कहिलेकाहीँ अनेक नकारात्मक तर्कहरू उठ्न सक्छन् । "इमान्दार बनेर गरीब हुनुभन्दा, बेइमान बनेर धनी हुनु ठिक" भन्नेजस्ता तर्क । इमान्दारिता भनेको त्यो पनि हो, जसमा यस प्रकारका कुतर्कहरू कहिले पनि मनमा आउन दिनुहुँदैन । इमान्दार बन्न सही र गलत कुराहरूको पहिचान गर्नसक्नुपर्छ । अनि मात्र मान्छे पूर्ण रूपमा इमान्दार बन्नसक्छ । कसैले इमान्दार शब्द बोलिरहँदा, पढ्दा र सुन्दा समेत त्यसले मान्छेको मस्तिष्कलाई असर गरिरहेको हुन्छ । यो यथार्थ कुरा हो । नपत्याए एकपटक आफैँले आफैँलाई जाँच गरी हेर्नुपर्छ । 'इमान्दार' शब्द प्रयोग गर्दा जुनसुकै व्यक्ति जतिसुकै बेइमान, भ्रष्ट र नैतिकहीन किन नहोस् तर मनमा एकपटक इमान्दारिताको लहर र तरङ्ग फैलिन्छ । मनमा हलचल उत्पन्न हुन्छ । जसरी मलामी गएको दिन चितामा जलिरहेको शव देखेर मान्छेको मनमा जीवन भनेको केही होइन रहेछ, एक दिन सबैले मर्नुपर्छ भन्ने भावनाको विकास हुन्छ । त्यहाँको दृश्यले सबै मलामी गएकाहरूको मनमा एक प्रकारको हलचल उत्पन्न हुन्छ । जीवन र जगतलाई हेर्ने उसको दृष्टिकोणमा अचानक परिवर्तन आउँछ । इमान्दारीपूर्वक भन्नुपर्दा इमान्दार शब्द सुन्दा पनि क्षणिक नै किन नहोस् मान्छेमा तत्काल परिवर्तन आउँछ । मलाई हुने गरेको यो अनुभूति मैले पटकपटक अनुभव गरेको छु ।

मलाई अहिले पनि सम्झना छ, विद्यालयमा परीक्षाको नतिजा आएको दिन, म पहिलेभन्दा धेरै मेहनत गरेर पढ्न चाहन्थेँ, मनमनै वाचा गर्थेँ, "अब आयन्दा म निकै मेहनत गरेर पढ्ने छु । यस पटकभन्दा अवश्य पनि बढी अङ्क प्राप्त गर्नेछु ।" बिस्तारै समय बित्दै जान्थ्यो, म त्यसदिन गरेको वाचा भुल्दै जान्थेँ । यसरी नतिजा घोषणा गरिएको दिन नियमित अध्ययनका क्रममा अनुशासित बन्नुपर्छ भन्ने कुरा मलाई मात्र होइन अन्य मान्छेलाई पनि लाग्न सक्छ । जब हामी इमान्दारिताका बारेमा कुरा गर्छौं, हामी पनि सोच्न थाल्छौं, हामीले जीवनमा सधैँ इमान्दारिताको मार्ग अनुसरण गर्नुपर्छ, यतिन्जेल जे भयो भयो ।

इमान्दारिता भनेको विद्यालयमा शिक्षकले सिकाउने आदर्श शिक्षा मात्र होइन । यो त मान्छेको जीवनमा भए-गरेका अनुभवहरूको सूचीबाट आउने कुरा हो । छातीमा हात राखेर सम्झनुहोस्, तपाईँलाई कसैले बेइमानी गऱ्यो भने तपाईँको चित्त जसरी दुख्छ, तपाईँले बेइमानी गर्दा अरूको चित्त पनि त्यसैगरी दुख्छ । सबैले आफूभित्रको बेइमानी नामको झारपातलाई समयमा गोडमेल गरेर फाल्न सक्नुपर्छ । जसरी फूल सुन्दर हुनसक्छ तर सुगन्ध नभए त्यसको मूल्य घट्छ, त्यसैगरी मानिस जतिसुकै विद्वान र सम्पन्न किन नहोस् तर जीवनमा इमान्दार बन्न सकिएन भने उसको जीवन व्यर्थ र अधुरो मानिन्छ । मान्छेभित्रको इमान्दारी भनेको फूलमा समाहित बास्नाजस्तै रहेछ ।

"इमान्दारिता"बारेको यो उखान प्रचलनमा छ "चिया बिग्रियो भने दिन बिग्रन्छ, अचार बिग्रियो भने वर्ष बिग्रन्छ तर नैतिकता बिग्रियो भने जीवन बर्बाद हुन्छ ।" हुन त यो भनाइले धेरैलाई छुन नसक्ला तर पनि यथार्थ भने यही हो । आजको युगले मानिसलाई लोभीपापी बनाएको छ । आजभोलि मानिस आफ्नो दुःखले दुःखी हुँदैन, अरूको खुशीले दुःखी हुन्छ । मानिस आफ्नो इमान्दारितालाई बिर्सेर धन-सम्पत्ति, भोग-विलास र मान-मर्यादाको आशामा बेइमान रूपी कुबाटोमा हिँड्छ । यसबाट सम्बन्धित व्यक्तिलाई मात्र नोक्सान हुँदैन उसको परिवार, नातागोता र समाजले समेत नोक्सानी व्यहोर्नुपर्छ । बेइमानी गरेर प्राप्त गरेको धन, प्रतिष्ठा र इज्जतको आयु लामो हुँदैन, अत्यन्त छोटो हुन्छ । यस प्रकारको कमाइबाट उसलाई बाहिरी रूपमा खुशी मिल्ने भए पनि ऊ भित्रैदेखि अत्यन्त दुःखी हुन्छ । जब मान्छे भित्रैदेखि दुःखी हुन्छ, उसलाई अचानक भोजनमा अरूचि हुन्छ, निन्द्रा गायब हुन्छ । मनमा अनेक नचाहिँदो कल्पनाको जन्म हुन्छ । जब यी र यस्तै कुराहरूले मनमा एक किसिमको नकारात्मक तरङ्गहरू फैलन सुरु गर्छन्, मान्छे अस्वस्थ हुन्छ, त्यो पनि मानसिक र शारीरिक रूपमा अस्वस्थ । छलकपट र झुटको खेती गर्ने मान्छे समाजमा स्थापित हुन सक्दैन । ऊ सधैँ एक्लो हुन्छ । मान्छे सामाजिक प्राणी भएकोले जब ऊ समाजबाट एक्लिन पुग्छ, उसको पतन सुरु हुन्छ । अन्त्यमा मान्छेको दुःखदायी अवसान हुन्छ ।

इतिहास साक्षी छ, अंशबन्डा गर्दा कौरव पक्षले गरेको बेइमानी नै भीषण महाभारत युद्धको मूल कारण बनेको थियो । फलस्वरूप त्यस युद्धमा कौरवहरू आफू मात्र मारिएका थिएनन्, तिनका आफन्त, नातागोता

र भाइभारदार सबैको त्यही युद्धका कारण दुःखद अन्त्य भएको थियो । उता रावणको बेइमानीका कारण राम–रावण युद्धमा रावण स्वयं एक्लै मारिएको थिएन । उसका बहादुर र पराक्रमी पुत्र र भाइहरूसमेत मारिएका थिए । राज्यका अनगिन्ती सेनाहरू मारिए । लङ्काजस्तो समृद्धशाली मुलुक तहसनहस भएको थियो । रावणले राज्यको शासन सत्ताबाट हात त यसै पनि धुनुपर्‍यो । त्यस युद्धमा उसले आफ्नो जीवनसमेत गुमाउनुपरेको थियो । यसर्थ बेइमानी हुनु भनेको झगडाको बिउ रोप्नु हो । युद्धको आह्वान गर्नु हो र आफूलगायत परिवार एवं आफन्तजनको समेत बर्बादी गर्नु हो ।

देशको शासन प्रणाली बेइमान भयो भने जनआन्दोलन हुन्छ । आन्दोलनमा अनगिन्ती मान्छेहरूले ज्यान गुमाउन सक्छन् । नेपालमा पञ्चायती शासन प्रणालीको बेइमानी विरुद्धको जनआन्दोलन त्यसैको एउटा नमूना थियो । जुन हामी स्वयंले अनुभव गरेका छौँ । त्यसैले बेइमानीको अन्तिम निष्कर्ष भनेको पतन हो । इमान्दारीपूर्वक राज गर्नेहरूको नाम इतिहासमा सुनौला अक्षरले लेखिने गरेको छ । बेइमानीहरूलाई इतिहासले कहिले पनि पत्याउँदैन । मान्छे बेइमान हुनुको मूल कारण भनेको मानिसमा बढ्दो ईर्ष्या, लोभ, लालच र अभिमान हो भने केही मान्छेहरूलाई अपर्याप्तताको कारणले बेइमान बन्न प्रेरित गर्छ । त्यसैले मान्छेले “सन्तोषी सदा सुखी” मन्त्र लिएर हिँड्नुपर्छ । हरेक मान्छे इमान्दार हुन चाहँदैन भन्ने होइन तर उसको मनभित्र रहेको सुषुप्त लोभ र ईर्ष्याले उसलाई बेइमानीतर्फ अघि बढ्न प्रेरित गर्छ । सही निर्णय गर्ने समय यही हो, यसबेला मन दह्रो बनाएर बेइमानी बाटो नहिँडेर इमानको पथमा लाग्न सक्नुपर्छ । इमान्दारिताले आत्मसम्मान र व्यक्तित्वविशेषको सम्मान दुवै व्यक्त गर्दछ । बेइमानीले न अरूलाई सम्मान गर्छ न आफैलाई । इमान्दार व्यक्तिले जीवनलाई खुलापन, विश्वसनीयता र स्पष्टतामा समाहित गर्दछ । यसले उज्यालोमा बाँच्ने स्वभावलाई प्रतिनिधित्व गर्दछ । बेइमानीले अँध्यारो स्थान मात्र खोजिरहेको हुन्छ । यसो हुनुको खास कारण भनेको उसलाई बाह्यजगत्ले घृणा गरिरहेको हुन्छ, दुत्कारिरहेको हुन्छ । ऊ बाह्यजगत्सँग भाग्न बाध्य हुन्छ र उसको बाह्यजगत्सँगको सम्पर्क विच्छेद हुन्छ । देखिरहेको छु समाजमा इमान्दार मान्छेहरूभन्दा बेइमान मान्छेहरूको बाहुल्य बढिरहेको छ ।

इमान्दारिता भनेको सत्यको भावनाप्रति निष्कपट भक्ति हो । एक इमान्दार व्यक्तिले खुला दिमागले सत्य खोज्छ र सत्यसँग स्पष्ट रूपमा संवाद

गर्ने प्रयास गरिरहेको हुन्छ । इमान्दारिता हामीभित्रबाट सुरु हुन्छ, इमान्दारिता हाम्रो व्यक्तिगत सम्बन्धको अंश हो । अन्ततः यसले हामीले गर्ने सबै कुरामा बाटो देखाउने काम गर्छ । इमान्दारिताको कुरा गर्दा, इमान्दारिता व्यक्तिको स्वभाव र उसको मनको विचारले धेरै कुरामा निर्भर गर्दछ । इमान्दारिता भनेको, व्यक्तिहरूबीचको इमान्दारी मात्र इमान्दारी होइन, तिनीहरूको सोचाइ र प्रकृतिको आधारमा आफ्नो स्वभाव अन्य प्राणीह रूप्रति पनि जो इमान्दार छ ऊ वास्तविक रूपमा इमान्दार मानिन्छ ।

इमान्दारिता एउटा यस्तो बाटोबाट गरिने यात्रा हो जसमा कत्ति पनि भीड हुँदैन, बाटोमा काँडा, पत्थर पनि हुँदैन र कुनै पनि प्रकारको बाधा अड्चन पनि हुँदैन । यो बाटो प्रायः सुनसान र शान्त हुन्छ । यहाँ हिँड्दा कसैसँग डराउनु पर्दैन । यस बाटोमा हिँस्रक जनावरहरू भेटिँदैनन् । इमान्दारिताको बाटोमा यात्रा गर्दा भोक, प्यास र थकाइ पनि लाग्दैन । तर यो बाटो हिँड्न त्यति सजिलो भने छैन । यहाँ हिँड्ने सम्पूर्ण यात्रीहरूको सहिष्णुता, नैतिकताको परीक्षण गरिन्छ । परीक्षामा उत्तीर्ण हुनेहरूले इमान्दारिताको प्रमाणपत्र पाउँछन् । परीक्षामा अनुत्तीर्ण हुनेले सजाय पाउँछन्, सजाय अत्यन्त कष्टकर हुनसक्छ । सजाय पाउनेलाई समाजले थुक्छ, बहिष्कार गर्नसक्छ, घृणा गर्छ । यी सामाजिक सजायँबाहेक राज्यले दिने सजाय आफ्नै ठाउँमा छँदैछ । इमान्दार बन्ने या नबन्ने विषय व्यक्ति स्वयंमा भरपर्छ । कसैमा भने इमान्दारीपन जन्मजात आएको हुन्छ । अन्त्यमा यति मात्र भनौँ "इमान्दारिता भनेको आफूले कसैलाई गर्ने उपकार होइन, आफूले आफैलाई दिइने उपहार हो ।" ख्याल गरौँ, नाम र कीर्तिको प्रलोभनमा दिएको लाखौँ रुपैयाँको सहयोग भन्दा इमान्दारी र मायाले दिएको एकमुठी चामलको महत्त्व ठूलो हुन्छ ।

ईर्ष्या

मलाई सम्झना छ, बाल्यकालमा जब म जाउलो खान गाह्रो मान्थेँ, तब आमा र हजुरआमाले भन्ने गर्दथे – "भाइ र बैनीलाई हेर् त, उनीहरूले कसरी खान्छन्, भाइ र बैनीले आफ्नो भाग उत्तिखेरै खाए, त्यो पनि चाटचुट पारेर । तँभन्दा भाइबैनी कति असल छन् कति, असल मान्छेले पो छिटो खान्छ ।" आमा र हजुरआमाले भनेका यी शब्दहरू जब मेरो कानमा पर्दथे, म झसङ्ग हुन्थेँ । यथार्थमा ती शब्दहरू सामान्य थिए । मेरा अभिभावकहरूले मेरो तेजोबध गर्ने उद्देश्यले त्यस्ता शब्दको प्रयोग गरेका थिएनन् । तिनको उद्देश्य थियो, मैले पनि भाइ र बैनीले जस्तै टन्न जाउलो खाइदिएको भए हुन्थ्यो । राम्रोसँग जाउलो नखाने बालक सजिलै फस्टाउन सक्दैन । मेरा अभिभावकलाई मात्र होइन, आम अभिभावकलाई यो र यस्तै चिन्ताले सताइरहेको हुन्छ ।

हुनसक्छ, यही विषयमा उनीहरू पनि निकै चिन्तित देखिन्थे । उनीहरूलाई लाग्थ्यो, आफ्नो बच्चालाई जसरी पनि जाउलो खुवाउनै पर्छ, अन्यथा यो टाक्सिन सक्छ, आमा हजुरआमाले मात्र होइन अर्को दिन बा, हजुरबाले जाउलो खुवाउँदा पनि प्रायः यस्तै शब्द प्रयोग गर्थे । हुन त आजभोलि सबै बालबालिकाहरू हजुरबा, हजुरआमाको साथमा त्यति देखिँदैनन् । युरोप, अमेरिका बस्ने नाति र नातिनीले थोरैले मात्र आफ्ना हजुरबा, हजुरआमा चिन्ने अवसर पाउँछन् । राम्रोसँग चिन्ने हो भने पनि अब नातिनातिनालाई हजुरबा, हजुरआमाले जाउलो खुवाएको देख्न पाइँदैन । आशा गरौँ हाम्रो पुस्तालाई जस्तो अचेल आधुनिक युगका बालबच्चालाई परिवारका वरिष्ठ सदस्यहरूले ईर्ष्याको बिउ रोपिदिनु पर्दैन । त्यसबेला उनीहरूले खाना खुवाउनको लागि हप्काउने, फकाउने र ईर्ष्या जगाउनेमध्ये कुनै एउटा वा सबै उपायहरू प्रयोग गर्ने गर्थे ।

आमाबाबुको मनमा सन्तानप्रति अरू कुनै नकारात्मक भावना हुँदैन थियो । सायद मेरा अभिभावकहरूले पनि मेरो भलाइका लागि भाइबैनी असल र म खराब भन्दै मभित्र ईर्ष्या जगाइदिएको हुनुपर्छ । जसका कारण मैले पनि भाइबैनीले जस्तै सजिलै जाउलो खान सकूँ । उहाँहरूले भनेको तिनै शब्दका कारण हरेक बालमस्तिष्कमा भने जाउलो खाने मात्र होइन, भाइबैनीप्रति हेर्ने दृष्टिकोणमा समेत व्यापक परिवर्तन आउन लाग्थ्यो ।

त्यसै दिनदेखि एउटा बच्चाले आफ्नो भाइ र बैनीलाई आफ्नो प्रतिस्पर्धी देख्न थाल्छ । बच्चाको मनमा त्यसै दिनदेखि ईर्ष्याको बिउ रोपिन्छ । यसरी ईर्ष्याको बीजारोपण भएको कुरा आमाबाहरूलाई मात्र होइन बच्चाहरूलाई पनि थाहा हुँदैन । मान्छेभित्र थाहा नपाइकन ईर्ष्याको बीजारोपण कसरी हुन्छ भन्ने यो एउटा सानो उदाहरण मात्र हो ।

यसरी एउटा बालकको दिमागमा ईर्ष्याको बिउ रोपिदिने काममा कुनै परचक्रीको हात हुँदैन । त्यसमा हाम्रो आफ्नै अज्ञानता जिम्मेवार बन्ने गरेको छ । बच्चाहरूलाई आफ्नो घरबाटै ईर्ष्यालु बन्ने वातावरण सिर्जना गरिन्छ र त्यसै प्रकारको प्रेरणा दिइन्छ । यसरी बाल्यावस्थामा एकपटक मात्र होइन, आफ्नै अभिभावकबाट जानअनजानमा पटकपटक ईर्ष्याको वीजारोपण गरिदिने काम हुनेगर्दछ । त्यस्तै घटनाहरूबाट दाजुले भाइलाई आफ्नो प्रतिस्पर्धी सम्झन्छ । भाइले खाएको, पिएको र खेलेकोलगायत अन्य उसका सबै गतिविधिमा निगरानी राख्न थाल्छ । अभिभावकहरूले गर्ने माया र स्नेहमा भिन्नता देख्न थाल्छ । बालबालिकामा ईर्ष्याको बिउ टुसाउन आमाबाबुका तिनै शब्दहरू पर्याप्त हुन्छन् । जब दाजुले आफ्नो निगरानी गरिरहेको तथ्य भाइले सुँइको पाउँछ, अब भने दुवै दाजुभाइमा ईर्ष्याको अङ्कुरण हुन्छ । उनीहरू ईर्ष्यालु बन्न पुग्छन् । बिस्तारै मनभित्र ईर्ष्याको खेती लहलहाउन थाल्छ र एक दिन त्यसले ठूलो वृक्षको आकार लिन्छ ।

सन्तानले स्कूलमा अलि कम अङ्क ल्याएपछि परिवारका सदस्यले उसले भन्दा बढी अङ्क ल्याउने छिमेकी बच्चाको उदाहरण दिँदै उसलाई अन्य बच्चाभन्दा नालायक भएको घोषणा गरिदिन्छन् । जसका कारण उसको एक जना प्रतिष्पर्धी पुनः थपिन्छ । प्रतिस्पर्धीले ल्याएको बढी अङ्कका कारण उसमा थप ईर्ष्याको विकास हुन्छ । जुन यथार्थ अभिभावकले नभनेसम्म उसलाई थाहा हुँदैन । जब अभिभावकहरूले उसलाई नालायकको संज्ञा

दिन्छन्, उसलाई आफू साँच्चै नालायक हुँ जस्तो लाग्छ । हरेक नालायक व्यक्तिले लायक व्यक्तिप्रति ईर्ष्या गर्नु स्वाभाविक हुन्छ ।

यति मात्र होइन कलेजमा आफूभन्दा धेरै लोकप्रिय सहपाठी, जागिरमा धेरै तलब भएको सहकर्मीसँग तुलना गर्ने प्रचलनले पनि उसमा ईर्ष्या बृद्धि हुँदै जान्छ । उसले घरबाट सिकेको कुरा व्यवहारमा प्रयोग गर्दै जान्छ । आफूभन्दा हरेक विषयमा उत्कृष्ट व्यक्तिलाई सुरुमा प्रतिस्पर्धी र पछि दुश्मन सम्झन थाल्छ । त्यसपछि एउटा व्यक्ति भयङ्कर ईर्ष्यालु बन्न पुग्छ । जीवनको कुनै कालखण्डमा यस्तै ईर्ष्यालु व्यक्तिको जीवन निकै कष्टप्रद हुनसक्छ । हामी बाल्यकालदेखि परिवारको यस्तै संस्कारमा हुर्किएका छौँ, जहाँ उसलाई पटकपटक सुनाउने गरिन्छ, “ऊभन्दा उत्कृष्ट कोही छ ।” त्यतिबेला उसले सम्झन्छ, उत्कृष्ट र असल बन्नका लागि, जसरी पनि माथि उठ्नुपर्छ । सबैभन्दा श्रेष्ठ बन्नैपर्छ, श्रेष्ठ बन्न जस्तोसुकै सम्झौता किन गर्नु नपरोस् । वास्तविकता के हो भने सबै व्यक्तिको समान गतिमा शारीरिक र मानसिक विकास हुँदैन । संसारमा रहेका प्रत्येक मान्छेको अनुहार मात्र फरक हुँदैन, बानीब्यहोरा, बुद्धि र विवेक पनि फरकफरक हुने गर्दछ । सबै सन्तानको शक्ति र कमजोरी पनि फरक हुन्छ । तर पनि एउटा बच्चालाई बारम्बार अर्को व्यक्तिसँग तुलना गरिरहँदा उसको मनमा प्रश्न उठ्छ, “आफू साँच्चैको कमजोर व्यक्ति हो ? नालायक हो ?” बारम्बार यही प्रक्रिया दोहोरिने क्रममा ऊ साँच्चै कमजोर हुन्छ । समाजले यस्तै कमजोर बालबालिकालाई नालायकको संज्ञा दिने गर्छन् । आफूसँग नभएको खुबी अन्य मान्छेमा के छ ? किन छ ? बालबालिकाले यही प्रश्नको उत्तर खोजिरहन्छन् ।

जब हामी आफूलाई अरूभन्दा कमजोर ठान्छौँ, हाम्रो मनमा अचानक ईर्ष्या उत्पन्न हुन्छ । हामी अधिकांश व्यक्ति यस्तै पारिवारिक शिक्षा ग्रहण गर्दै हुर्किएका हौँ । मान्छे ईर्ष्यालु हुने कारणमध्ये प्रमुख कारण यही हो । यसरी बाल्यकालमा रोपिएको ईर्ष्याको विरुवाले पछि विशाल आकार लिन्छ । त्यसैको फलस्वरूप उमेर पुगेका मान्छेहरूले आफ्ना समकालीन साथीभाइलाई ईर्ष्या गर्ने गर्छन् । एउटा लेखकले अर्को लेखकलाई, एउटा नेताले अर्को नेतालाई, एउटा शिक्षकले अर्को शिक्षकलाई, एउटा समाजसेवीले अर्को समाजसेवीलाई ईर्ष्या गरिरहेको दृश्य चारैतिर देख्न पाइन्छ । एकले अर्कालाई सहयोग र सद्भाव बढाउनुपर्नेहरू यसरी एकअर्काबीच ईर्ष्यालु बन्ने

गर्दा कताकता तालमेल नमिलेको वातावरणको विकास भइरहेको हुन्छ । जब मान्छेको मनमा ईर्ष्याको विकास हुन्छ, उसमा एक प्रकारको कुण्ठा विकसित हुन लाग्दछ । कुण्ठाको मूल स्रोत ईर्ष्या हो । यसरी कुण्ठाको जन्म ईर्ष्याद्वारा हुन्छ । कुनै विशेष गुण तपाईँ हामीसँग छ अन्य मान्छेसँग छैन भने उनीहरूले तपाईँ हाम्रो ईर्ष्या गर्ने गर्छन् । ईर्ष्या, सहकर्मी साथीहरूसँग हुन्छ, छरछिमेक, दाजुभाइ र आफन्तसँग पनि हुनेगर्छ । ईर्ष्याको कारण बनिरहेको सम्बन्ध बिच्छेद हुनसक्छ । ईर्ष्याकै कारण एकआपसमा वादविवाद र झगडा हुन्छ ।

आफूभित्र के कारण ईर्ष्या बढिरहेको छ, यसर्थ कहिलेकाहीँ आफूले आफैँलाई सावधानीपूर्वक ध्यान दिनुपर्छ । बेलाबखत अरूलाई पनि समय दिनुपर्छ । बरु आफूलाई धेरै समय दिएर अरूलाई थोरै नै किन नहोस्, त्यसका लागि केही समय छुट्याउने गर्नुपर्छ । अन्यथा अरूलाई दिन नसकेको समय एक दिन आफैँलाई घातक हुन सक्छ । साथीले प्रगति गर्दा खुशी हुन सक्नुपर्छ । होइन खुशी हुन सकिँदैन भने आफू खुशी हुँदा मात्र होइन, कुनै दिन दुःखी हुँदा पनि एक्लै पर्ने सम्भावना रहन्छ । मान्छेलाई सुखमा नभए पनि दुःख पर्दा साथी र सहयोगीको आवश्यकता पर्छ । कसैले प्रगति गर्दा, पुरस्कार प्राप्त गर्दा, पदोन्नति हुँदा त्यसलाई राम्रो सङ्केत मान्नुपर्छ । कुनै एक जना व्यक्तिको राम्रो हुनु भनेको सम्बन्धित व्यक्ति, परिवार, गाउँ र मुलुकका लागि सुन्दर पक्ष त हुँदै हो । साथीको उन्नतिले कुनै दिन तपाईँ हामीलाई पनि फाइदा पुग्नसक्छ । उन्नति गर्नेसँग अन्य व्यक्तिले समेत प्रेरणा लिएर अगाडि बढ्न सकिन्छ र त्यसलाई अनुसरण गर्दै केही असल कर्म गर्न सकिन्छ । यदि कसैले प्रगति गरेको छ भने, त्यो किन सफल भयो भनेर जान्नु महत्त्वपूर्ण कुरा हो । उसले आफ्नो ध्यान आफैमा केन्द्रित गर्ने गरेका कारण ऊ यो स्थानसम्म पुगेको कुरा तपाईँ–हामीले पनि थाहा पाउन सकिन्छ । आफ्नो मनोवृत्ति सकारात्मक राख्ने मौका पाइन्छ । आफ्नो काममा पूर्ण रूपमा ध्यान दिन सकिन्छ । यसले हामीलाई अरूको प्रगति देखेर ईर्ष्या गर्ने फुर्सद हुँदैन । जीवन जिउनु एउटा कला हो तर जीवन कसरी जिउने यो भने हामी आफैमा भर पर्छ । हामी यस कलामा कसरी विज्ञ बन्ने ? जीवन जिउने धेरै तरिकाहरू छन् तर आधारभूत कुराको अभाव भयो भने जीवन निकै भारी हुन्छ । जब जीवन भारी हुन्छ, मान्छेले मृत्युको चाहना पनि गर्नसक्छ । त्यसैले रिस, ईर्ष्या र लोभ गर्ने बानी बिस्तारै त्याग्दै जानुपर्छ ।

मान्छेले जीवन जिउने क्रममा गर्ने सबैभन्दा ठूलो गल्ती नै ईर्ष्या हो। ईर्ष्या मात्र यस्तो शब्द हो जसले जीवनको परिभाषा नै बदलिदिन्छ। ईर्ष्याको कारणले हामी आफैलाई चिन्न र देख्न सक्दैनौँ। जीवनको अन्त्यसम्म पुग्दा हामीले नबुझेको एउटा प्रश्नको उत्तर बल्ल पाउँछौँ। आफूले जीवनमा उन्नतिप्रगति गर्न नसक्नुको मूल कारण आफूभित्रको ईर्ष्या हुन्छ। साथीभाइ र आफन्तले आफूलाई मन नपराउने कारण पनि ईर्ष्या नै हो। यतिबेला समय बितिसकेको हुनेछ। अब हामीले प्रश्नको उत्तर पाएर पनि केही गर्न सक्दैनौँ। यसरी ईर्ष्याका कारण मान्छे जहाँ छ त्यहीँ रहिरहन्छ। यही ईर्ष्याले एकआपसमा शत्रुता बढाइ दिन्छ। ईर्ष्याका कारण मान्छेलाई मान्छेसँग डर लाग्छ। एउटा मान्छे बिस्तारै अर्को मान्छेको शत्रु बनिरहेको हुन्छ। जीवनमा बारम्बार देखिने परिदृश्य यही हो।

अब यस्तो अवस्थामा कसैलाई दोष दिन मिल्दैन। गल्ती आफ्नै हुन्छ। विचारणीय कुरा के भने, जब ईर्ष्या गम्भीर रूपमा प्रकट हुन्छ, ईर्ष्याले एकअर्का विरुद्ध हतियार उठाउन र हत्या गर्नसमेत उक्साउन सक्छ। ईर्ष्या गर्ने बानी कुनै पनि व्यक्तिमा सबैभन्दा खराब पक्ष हो। जब यो एक व्यक्तिभित्र हुर्कन्छ, यसले तिनीहरूलाई एक न एक दिन विनाश गराएर छोड्छ। भनिन्छ, जीवनमा अरूभन्दा बलियो वा राम्रो हुन नसक्ने व्यक्ति ईर्ष्यालु हुन्छ। यो ईर्ष्या मानिसको मनमा आउनेबित्तिकै उसले राम्रोलाई पनि खराब देख्न थाल्छ। यसको विपरीत, एक सक्षम र बुद्धिमान व्यक्तिले अरूको गुण र विशेषताहरू हेर्छ, तिनीहरूबाट सिक्छ र अर्को व्यक्तिलाई ईर्ष्या गर्दैन। ईर्ष्याले गर्दा मानिसलाई धेरै प्रकारको हानि हुन्छ।

ईर्ष्या असफलताको अर्को नाम हो, जसले तपाईं हाम्रो आफ्नै महत्त्वलाई घटाउँछ। जीवनमा आफूलाई ईर्ष्या गर्ने मानिसहरूलाई कहिल्यै घृणा गर्नु हुँदैन किनभने उनीहरूको सोचाइमा तपाईं हामी उनीहरूभन्दा निकै अब्बल छौँ। किनकि जब कसैले हामीलाई ईर्ष्या गर्छ, ऊ पक्कै हामीभन्दा कमजोर मान्छे हो भनेर बुझ्नुपर्छ। कुनै पनि व्यक्तिको गुणप्रति ईर्ष्या गर्नुको अर्थ हो ईर्ष्या गर्ने व्यक्तिले मुखले जेसुकै भनोस् तर उसले तपाईलाई आफूभन्दा निकै ठूलो र बलियो ठान्ने गर्दछ। यदि कुनै व्यक्तिले सबै मानिसहरूका राम्रा गुणहरूलाई ईर्ष्या गर्नुको सट्टा अनुसरण गर्ने प्रयास गर्छ भने, ऊ एक दिन संसारको सबैभन्दा ठूलो व्यक्ति बन्नसक्छ। ईर्ष्या र

घृणा भनेको डढेलोको आगोजस्तै हो, जुन अचानक मुस्लो बनेर निस्कन्छ र ईर्ष्या गर्ने व्यक्तिलाई नै जलाइदिन्छ। अरूलाई दोष दिनु कदापि ठीक होइन। यदि हामी मान्छेको कुरा गर्छौं भने, संसारमा पक्षपाती, अन्यायी, कम बौद्धिक व्यक्तिहरू धेरै हुन्छन् । विशेष बुद्धि भएका व्यक्तिहरू थोरै हुन्छन्, जसले पूर्वाग्रहविना राम्रो सोच्छन् र निष्पक्ष व्यवहार गर्छन् ।"

मूर्ख वा दुष्ट मानिसहरूले यस्तो व्यवहार गर्छन् कि तिनीहरूले एक व्यक्तिलाई उसको एउटा मात्रै दोष देख्दा पनि घृणा गर्छन्। यिनै मान्छेहरू जब कसैको पुनः गुण देखेर उसलाई आदर गर्न थाल्छन्। त्यसपछि उसको गम्भीर गल्ती पनि बिर्सिन्छन्। उसलाई धेरै असल व्यक्ति वा देवताको रूपमा व्यवहार गर्छन् । यी दुवै व्यवहार उचित मानिँदैन । यसर्थ एक-दुईवटा राम्रो काम देखेर कसैलाई अन्धाधुन्ध प्रशंसा गरिहाल्ने र एक-दुईवटा नराम्रो कामको भरमा धुवाँदार बदख्वाइँ गरिहाल्ने बानी छोड्नुपर्छ।

एउटा सामान्य सपना

अस्तिजस्तै लाग्छ, हाम्रो बिहे भएको चालिस हिउँद बितिसकेछन् तर मलाई जीवनका यी चालिस वर्ष, चालिस दिनभन्दा पनि कम लागिरहेका छन्, अत्यन्त छोटो । कुनै दिन हामीले एउटा नयाँ यात्राको आरम्भका लागि अग्रसर भएका थियौँ । जीवनमा कतिखेर नयाँ योजना बन्छन्, त्यो आफैलाई पनि थाहा नहुने रहेछ । मुस्किलले एउटा योजना बनाएर अघि बढ्न खोज्यो, अनेकौँ बाधाव्यवधानहरू आइदिन्छन् । मानौँ बसिरहेको सुन्दर घर एक्कासि आएको भुइँचालोले तहसनहस बनाइदिएको छ । यसपछि भत्किएको घरको प्रशंसामा न दिन काट्न सकिन्छ न शान्तिसँग बस्न सकिन्छ, जीवनमा देख्ने सपनाहरू, बाँच्नका लागि बनाइने योजनाहरू वास्तविक जीवनको तालमेल किन मिल्दैन ? मलाई यही प्रश्नले बारम्बार सोचमग्न बनाइदिने गरेको छ ।

हामीले चालिस वर्षपूर्व एक नयाँ र रोमाञ्चक यात्राको सुरुवात गरेका थियौँ । जब हाम्रो पहिलो यात्रा सुरु भएको थियो, हामीसँग केही थान सुन्दर तर सामान्य रहरबाहेक त्यति ठूला र लोभलाग्दा सपनाहरू केही पनि थिएनन् । सायद हामीले ठूलाठूला र अत्यन्त महत्त्वाकाङ्क्षी सपना देख्ने दुस्साहस गरेको भए हामीभित्र लोभ, ईर्ष्या र तनावका फसलहरू विकसित हुने थिए । जब यिनीहरू बोटमा छिप्पिन लाग्थे, त्यसलाई गाउँ र समाजको बजारमा बिक्री गर्ने साहस हामीमा हुँदैन थियो । अन्यथा उत्पादित सबै फसल हामीले नै उपभोग गर्नुपर्ने हुन्थ्यो । त्यसैले हामीले अत्यन्त मामुली र झिनामसिना सपनाहरू मात्र देख्ने गरेका थियौँ । जसअनुसार हाम्रो जीवन जेनतेन तर हाँसीखुशी चलिरहेको थियो ।

दुर्भाग्यवश यो खुशियाली लामोसमयसम्म टिक्न सकेन । बिहे भएको केही समयपछि, अकस्मात् हामीले देखेका तिनै सपनाहरूमा कसैको

आँखा लाग्यो । हामीले संयुक्त रूपमा बुनेर निश्चित आकार दिने कोसिस गरिरहेका सपनाहरू केही क्षणमै चकनाचुर भए । हाम्रै आँखाअगाडि तिनीहरू, फ्रेमबाट झरेको सिसाजस्तै टुक्राटुक्रा भएर फुटे । न त्यो पुनः भुइँबाट उठाएर जोड्न सकिन्थ्यो, न त्यसको उपयोग गर्न सकिन्थ्यो, हौसला र आत्मविश्वाससँगै हिँडेको हाम्रो यात्रामा अचानक सडक अवरुद्ध हुनेगरी खसेको पहिरोजस्तै सहज रूपमा पन्छाउन नसक्नेगरी अवरोध देखापऱ्यो । अर्को शब्दमा भन्नुपर्दा अप्रत्यासित रूपमा मेरा एकजोडी मृगौलाहरूले तिनले गर्नुपर्ने नियमित कार्य गर्न छोडिदिए । हुनसक्छ, यिनको स्याहारसम्भारमा केही कमी कमजोरी भयो वा यिनलाई अपेय तथा अखाद्य मानिएका केही वस्तुको बलजफ्ती सेवन गराइएको कारण मृगौलाघात भएको हुन सक्थ्यो, कारण, जेसुकै होस् म पूर्ण रूपमा मृगौला रोगी बनेँ । हरेक पन्ध्र दिनमा डाक्टरसँग फलोअप गर्नुपर्ने भयो । डाक्टरको सल्लाह र निर्देशन, ल्याब परीक्षण, औषधि सेवन, वर्षौंसम्म डायलाइसिस साधारण उपचार खर्चबाट सम्भव हुँदैन थियो । किनकि मृगौला रोगलाई मुटु र क्यान्सरजस्तै गम्भीर प्रकारको रोग मानिन्छ । उपरोक्त प्रक्रियाहरू हामीजस्तै नागरिक र हाम्रा लागि सामान्य र चानचुने विषय थिएनन् । काम गरेर हातमुख जोड्नेहरूका लागि, सामान्य वेतनभोगी र खेतबारी खोस्रेर जीवन निर्वाह गर्नेहरूका लागि यस प्रकारको रोगले जीवनभर शिर ठाडो पार्न दिँदैन । कथङ्कदाचित उपचार गर्न सकियो भने पनि सम्बन्धित बिरामीलाई मात्र होइन यस्ता गम्भीर रोगहरूले परिवारका सदस्यहरूलाई समेत पाटीको बास बनाइदिन सक्छ ।

परीक्षण, औषधि, पटकपटकको आउजाउ, उपचार खर्चको जुगाड र यसप्रकारको दैनन्दिनीले कतिसम्म पीडा दिने रहेछ, त्यो त मान्छेलाई परेपछि मात्र थाहा हुन्छ । जब मान्छे लामो समयसम्म यस्तो भुमरीमा पर्छ, उसलाई प्यास लागेको समयमा विष पिएको अनुभूति हुनेरहेछ । मेरी अर्धाङ्गिनीले आफ्नो स्वस्थ मृगौला, मेरो अधिकारको वस्तु ठानेर प्रत्यारोपणका लागि मलाई दबाब दिन लागिन् मैले मृगौला प्रत्यारोपण गर्ने निधो गरेँ । मलाई पुनर्जीवन प्राप्त गर्न उनको मृगौलाले मात्र पर्याप्त हुँदैन थियो । त्यसलाई मेरो शरीरमा जडान गर्न लाखौँ रुपैयाँको जरुरी हुन्थ्यो, जुन हामीसँग थिएन । त्यसको जुगाड गर्नु सामान्य र चानचुने कुरा पनि थिएन । आखिर उनको साहस र हिम्मतले

त्यो पनि हामीले जुटाएर छोड्यौँ। जसबाट मैले एकदमै अचम्मसँग पुनर्जीवन प्राप्त गरेँ। जुन पटक्कै आश गरिएको थिएन।

उनैको आडभरोसा र ऊर्जाशील विचारका कारण मैले यो जीवन यात्रालाई त्यति नै बेला पूर्णविराम दिन सकिन। हामीले कठिन बाटोबाट भए पनि जीवनका डरलाग्दा उकाली र ओराली र घुम्तीहरू पार गर्दैगयौँ। जीवनयात्राका क्रममा हामी कैयौँपटक ठेस लागेर लड्यौँ। धेरैपल्ट खुट्टा बाउँडिएर खुम्चियौँ। चोटग्रस्त भएर थेचारियौँ। तैपनि कुनै दिन हामीले हार भने खाएनौँ। अनगिन्ती कठिनाइका वावजुद जीवन घिस्याइ रह्यौँ, बल गरेर हिँडिरहेका थियौँ। म लड्दा उनले उठाउने गरेकी थिइन्, उनी लड्न खोज्दा मैले टेको दिने गरेको थिएँ। यति गर्दैगर्दा पनि हामी अनगिन्ती पटक पछारियौँ, पुनः उठ्यौँ र बामे सरिरह्यौँ। मन र शरीरमा नयाँ चोट र पुराना घाउका खाटाहरू लिएर हिँड्यौँ। कहिले सडकका किनारामा बसेर थकाइ मार्‍यौँ। कहिले पात झर्न लागेका बरपिपलको छहारी फेला पार्‍यौँ। असिना र पानीबाट जोगिन ओडार र पहराको खोजी गर्‍यौँ। ग्रीष्मको प्रचण्ड गर्मीमा पराइको छातामुनिसमेत घुस्न पुग्यौँ। भीषण मुसलधारे झरीमा कहिले मुसो चुटिएजस्तै चुटियौँ। उखरमाउलो गर्मीमा खलखली पसिनाले निथ्रुक्क भिजेर हिड्यौँ। तर हाम्रो यात्रा कहिले पनि रोकिएन।

विवाहको लामो समय मेरो कामको व्यस्तताले हरेक प्रहर, सँगसँगै रहन पनि पाएनौँ। अरूले जस्तै हामीले वैवाहिक वर्षगाँठ कुनै वर्ष पनि मनाएनौँ। न त जन्मदिन मनायौँ, हरहमेशा काममा व्यस्त रहनुपर्ने भएकोले जीवनका महत्त्वपूर्ण र उर्वर समय मात्र कामका लागि खर्च गर्‍यौँ। मोजमस्ती र मनोरन्जनमा खर्च गर्ने समय हामीसँग कुनै दिन पनि निस्कन सकेन। तर पनि उनले कुनै दिन गुनासो गरिनन्। कुनै पनि वैवाहिक वर्षगाँठमा अरूले जस्तै न मैले उनलाई कुनै उपहार दिएँ, न त सानोतिनो भोजभतेरको आयोजना नै गर्न सकेँ, न उनले यी सबैको अपेक्षा नै गरिन्, यी सबैतिर ध्यान छरिएको भए हामीले देखेको लघु सपना र केही थान रहरहरूबीचमै तुहिन सक्थे। हाम्रो मनभित्रको भयले यसै विषयमा सताइरहेको हुन्थ्यो। बस् हामीले त सरल र सहज जिन्दगी डोर्‍याउने उपक्रम मात्र रोज्यौँ।

जब लक्ष्मीको रूप लिएर जन्मिएकी हाम्रो पहिलो सन्तानको आवाजले हाम्रो घर गुन्जायमान भयो, त्यसपछि हामी आश्चर्यजनक रूपमा

अचानक परिपक्व हुनपुगेका थियौँ र जीवनको यथार्थ रूप बुझेका थियौँ। उनलाई अझै पनि सम्झना होला, थप दुई छोरी र एउटा छोरा जन्मिए पछिको एक साँझ हामी संसारको सबैभन्दा धनी र सुखी परिवार बनेको खुशीयालीमा मुजुराको तालमा काँठे भाकामा गुनगुनाएर छमछमी नाचेका थियौँ। त्यसदिन हामीलाई संसारको सबैभन्दा सम्पन्न र पूर्ण बन्यौँ जस्तो लागेको थियो। सायद प्रकृतिले केही मान्छेको छनोट गरेर जीवन निकै तितो बनाइदिने गर्दो रहेछ। मलाई लाग्छ, त्यही छनौटमा हामीपनि परेछौँ क्यारे, त्यसैले हामी त्यसबाट अछुतो रहन सकेनौँ। तर पनि कडा सङ्घर्ष गरी यो तितो स्वादलाई बिस्तारै मिठो स्वादमा परिणत गर्ने एक मात्र उद्देश्य जारी राख्यौँ। लक्ष्यमा पुग्ने प्रयास गरिरहेका थियौँ। यो कठिन यात्रा हाम्रो जीवनको अभिन्न अङ्ग बनिसकेको थियो। सहज र आनन्ददायी यात्रा भन्दा, हामी यस्तै यात्रामा अभ्यस्त हुँदै गयौँ, हामी यसैमा रमाउन थाल्यौँ। हामीलाई यस्तै जीवन जिउने बानी परिसकेको थियो।

हामीसँग नाम चलेका स्वदेशी तथा विदेशी विश्वविद्यालयमा अध्ययन गरेका प्रमाणपत्र पनि थिएनन् तर पनि हामीले जीवनमा धेरै कुराहरूको अध्ययन गर्‍यौँ। कठिन अवस्थामा जीवन जिउने सूत्रहरू कण्ठस्थ पार्‍यौँ। सायद यस्तो समयमा मान्छेले बाध्य भएर यस्ता सूत्र कण्ठ पार्नुपर्ने रहेछ। जीवनको पाठ खुब ध्यान दिएर पढ्यौँ। जुन विश्वविद्यालयका औपचारिक शिक्षाभन्दा कम्ती थिएनन्जस्तो लाग्छ। जीवन जति कठिन हुँदै गए पनि, लक्ष्यबाट हामी कहिले पनि पर सरेनौँ। जीवनका चिथ्रा र च्यातिएका पन्नाहरूमा गृहकार्य गर्‍यौँ। जिन्दगीले पटकपटक परीक्षा लिइरहेको थियो। हिम्मत नहारी परीक्षामा सामेल हुँदै गयौँ। न कुनै दिन कसैको नक्कल गर्‍यौँ, न कसैबाट सहयोग लियौँ। हामी आफैले उत्तरपुस्तिका परीक्षण गर्‍यौँ। यो परीक्षण गर्ने क्रममा आफ्नै उत्तरपुस्तिका भन्ने भाव कुनै दिन पनि मनमा आएन। निष्पक्ष भएर परीक्षण गर्‍यौँ र सोहीमुताबिक अङ्क दियौँ। हामी अनगिन्ती पटक अनुत्तीर्ण भयौँ तर हार खाएनौँ। हामीले परीक्षा भने पटकपटक दिइरह्यौँ र दिइरहने छौँ। सधैँ लक्ष्यमा अडिग रहने छौँ। हामीले कहिले पनि दायाँबायाँ हेरेनौँ, सिधा अघि मात्र हेर्‍यौँ। जति कठिन परिस्थितिको सामना गर्नुपरे पनि मन प्रसन्न राख्यौँ, धैर्य गर्‍यौँ। यी सम्पूर्ण कार्य सम्पादन गर्न म एक जनाले मात्र कुनै पनि हालतमा सम्भव थिएन। उनको साथ र सहयोग विना मेरो यात्रा बीचमै

रोकिने निश्चित थियो । यात्राका क्रममा घुम्तीबाट खसिसकेको रथलाई उनले डोरीले तानेर पुनः सडकको बीचमा ल्याइन र त आजसम्म सुरक्षित यात्रा गरिरहेका छौँ ।

जीवन यति पनि कठिन थिएन । मैले एक प्रतिशत पनि सोचेको थिइन, अब यसबाट सजिलै पार पाउन सकिएला, तर उनको अदम्य साहस, लगनशीलता, मेहनत, इमानदारी र ऊर्जाशील विचारका कारण मेरो जीवनमा अभूतपूर्व परिवर्तन आयो । उनको प्रेरणा र छत्रछायाँमा बसेर पूर्ण स्वास्थ्य मान्छेलेजस्तै पहिलो कृति **मुमूर्षा** आत्मकथाका रूपमा प्रकाशन गर्न सक्षम भएँ । दोस्रो कृतिका रूपमा उपन्यास **ग्रीष्मजा** बजारमा आइसकेको छ । संयुक्त लेखनमा **बहरमाला** गजलसङ्ग्रह २ र ३ तथा **सम्बृद्धि** मुक्तकसङ्ग्रहको जन्म भयो । **बाघेभ्रापु** नामको व्यङ्ग्य निबन्धसङ्ग्रह प्रकाशित भइसकेको छ । यसबाहेक केही पुरस्कार र सम्मान पनि प्राप्त गरिसकेको छु । प्रसस्त फुटकर साहित्य सिर्जना गरेको छु । मलाई कताकता लाग्छ, जब उनको मृगौलाले मैले पुनर्जन्म पाएँ, मभित्र निदाइरहेको साहित्य एकाएक जुर्मुराउन थालेको छ । त्यसले प्रस्फुटन हुन जमर्को गरिरहेको छ, मैले त्यस्तै आभास पाएको ठानेको छु । लाग्छ, उनको मृगौलाले मेरो शरीरमा प्रवेश गरेपछि अलौकिक शक्ति र ऊर्जा प्रदान गरिरहेको छ ।

जब म रोगले ग्रस्त भएर ओछ्यान परेपछि केही स्वास्नीमान्छेले जस्तै उनले पनि “आफ्नो सुर” गरेको भए हाम्रा सन्तानहरू अलपत्र पर्ने थिए । यति मात्र होइन, यसवर्ष मेरो पन्ध्रौँ वर्षको वार्षिक श्राद्धको तयारी भइरहने थियो होला । यी साहित्यिक सन्तानहरूले जन्म नलिने मात्र होइन, यिनीहरू भ्रूणसमेत बन्न पाउने थिएनन् । हामीले देखेको सपना ठूलो भएको भए यी सपनाहरू कुनै पनि अवस्थामा पूरा हुने थिएनन् । जब ती सपना अधुरो हुन्थ्यो, अवसादमा पुग्न सकिन्थ्यो । चिन्ताले पिरोलिरहेको हुन्थ्यो, मनमा ईर्ष्या र अभिमानले घर गर्थ्यो । सानो सपना देख्यौँ र त लक्ष्यमा पुग्न सक्यौँ । हाम्रो लक्ष्य केबल तत्काल बाँच्ने मात्र थियो । हामीले देखेका सपना अत्यन्त सामान्य थिए । केही वर्ष बाँच्ने सपना, सहज रूपमा दालभातको जोहो गर्ने सपना, केही चक्की सिटामोल र अतिथि मृगौलालाई शान्तसँग रहनका लागि सेवन गर्ने एन्टिरिजेक्सन क्याप्सुल जुटाउने सपना । हरहमेशा आँङ ढाक्ने सपना ।

जुन अहिले जेनतेन पूरा भएकै छन् । सहज यस कारणले लागेको छ, दुःखको सगरमाथाको आरोहण गरिसकेकालाई चुरेको पहाड चढ्न केको आइतबार ?

बाचुन्जेलसम्म हाम्रा यिनै सपनाहरू अझै सहज रूपमा पूरा भइरहून् र उनीजस्तो असल जीवनसाथीसँग दिनरात सँगै रहन पाइयोस् यति भए मनग्गे भयो । नारीलाई त्यसै सृष्टिकर्ता भनिएको होइन रहेछ । जीवनसाथीको उचित र स्नेहले भरिएको माया र सहयोग मिल्यो भने जीवनमा असम्भव भन्ने कुरा केही पनि नहुने रहेछ, हरेक जन्ममा यिनैलाई पत्नीका रूपमा पाइरहूँ बस् ।

कल्पना

जब म केटाकेटी थिएँ, हातखुट्टा फिँजाएर आकाशमा कावा खाँदै गाउँदेखि केही टाढा रहेको सदरमुकामसम्म र देशको राजधानी काठमाडौँसम्म उडेर पुगेको कल्पना गर्थें । कल्पना त्यतिमा सीमित हुँदैन थियो । ती स्थानका नाम सुनेका केही चर्चित टोलको भ्रमणपछि म पुनः त्यसरी नै उडेर आफ्नो निवासमा आइपुग्थेँ । उमेर पुगेपछि बिहे गर्ने, सन्तान जन्माउने र चिटिक्कको घर बसाएर गृहस्थ जीवन बिताउने कल्पनामा हराउने गरेको थिएँ । यति मात्र होइन, मैले जीवनमा यस प्रकारका अनेकौँ कल्पना गरेँ । उमेर भरिँदै जाने क्रममा संसारका अनगिन्ती देशहरू कल्पनाकै सहारामा यात्रा गरेँ । मलाई लाग्छ, सिनेमा हलमा बसेर तीन घण्टाको सिनेमा हेर्नुभन्दा कल्पनाको उडानमा एकैछिन भ्रमण गर्नुको बेग्लै आनन्द आउँछ । लाग्छ, दूरस्थ वस्तुलाई निकटस्थ बनाउने सबैभन्दा शक्तिशाली माध्यम कल्पनाभन्दा बाहेक अन्य केही हुनै सक्दैन ।

कल्पनाको यात्रा गर्न खासै तयारी गरिरहनु पर्दैन । खर्चबर्चको जोगाड गर्नु पनि पर्दैन । न त साथी खोज्ने झन्झट न कुनै तयारी नै गर्नुपर्ने, यस्तो यात्रामा सिनेमा हलमा जस्तै न जाडो हुन्छ न गर्मी, न हल्ला हुन्छ न कुनै बाधा र व्यवधान, मलाई लाग्छ, जीवनमा पुग्न नसक्ने स्थान र गर्न नसक्ने कार्यहरू कल्पनाको माध्यमबाट पूरा गर्न सकिन्छ । तर ख्याल गर्नुपर्ने कुरा के हो भने चिनी पनि धेरै खायो भने तीतो हुन्छ । चाहिनेभन्दा बढी कल्पना स्वास्थ्यको लागि उपयुक्त मानिँदैन । सम्झिरहेको छु, त्यसबेला गरेका कतिपय कल्पनाहरू मेरो मानसपटलमा अझैसम्म ताजा छन् । केही कल्पना बिस्तारै स्मृतिबाट ओझेल परिसकेका छन् । मान्छेले पूरा हुनसक्ने कल्पना गरे जीवन सार्थक बन्नसक्छ । होइन भने हुनै नसक्ने र पूरा नहुने अनि अत्यधिक

कल्पनाले मान्छेलाई अवसादमा पुऱ्याउन सक्छ । मलाई जीवनका भोगाइहरूले सिकाएको पाठ यही हो । यसो भन्दैमा कल्पनाको सहारा लिन भने पटक्कै डर लाग्दैन ।

कल्पना त्यस्तो उडान हो, जसले अप्राप्य वस्तु र असम्भव चिजहरूसँग सजिलै साक्षत्कार गराइदिन सक्छ । कल्पनाको माध्यमबाट कुनै पनि रूप तत्काल सृष्टि गर्न सकिन्छ । कल्पनाले क्षणिक नै किन नहोस् भरपुर आत्मसन्तुष्टि दिन्छ । लाग्छ, तत्काल कुनै पनि रूप सृष्टि गर्न सक्ने शक्ति नै कल्पना हो । यस्तो शक्ति अन्य कतैबाट पनि पाइँदैन । कल्पना गर्दा कसैलाई दस्तुर बुझाउनु पनि पर्दैन । कल्पना गरेबापत हालसम्म राज्यलाई महङ्गो दरको कर तिर्ने प्रावधान पनि छैन । कल्पना गर्ने सिलसिलामा न विलम्ब दस्तुर तिर्नुपर्छ, न कुनै वित्तीय संस्थामा पुगेर किस्ता बुझाउनुपर्छ, मनले चाहेको बेला जुनसुकै स्थान र अवस्थामा पनि कल्पना गर्न सकिन्छ, त्यो पनि पूर्ण रूपमा र निर्धक्कसँग । कल्पना गर्दा कसैको साथ र सहयोगको खाँचो पर्दैन । कसैसँग अनुमति पनि लिनु पर्दैन । कल्पना त आफ्नै मात्र हुन्छ एकदम निजी र निरपेक्ष ।

कल्पनाले मनभित्रको भावनालाई सजीव रूपमा प्रस्तुत गरिदिन सक्छ । कल्पनाशक्तिको माध्यमबाट अतीतलाई वर्तमानमा ल्याउन सकिन्छ । कल्पनाले जीवनका विविध दृश्यहरूलाई तत्काल सामुन्ने उभ्याइ दिनसक्छ । कल्पनाले निराकार वस्तुलाई र मनको भावनालाई आकार दिने काम गर्छ । कल्पनाले विचारलाई उत्तेजित बनाइदिन्छ । व्यक्तिको कल्पनामा हराउन सक्ने सामर्थ्य कति छ ? कवि तथा साहित्यकारहरूको प्रतिभा मापन यसैबाट गरिन्छ । भनिन्छ जसले कल्पनामा मजाले डुबुल्की मार्न सक्छ, उसैले सुन्दर सिर्जना गर्न सक्छ । विना कल्पना साहित्य सिर्जना हुन सक्दैन । कल्पना भनेको एउटा यस्तो क्षमता हो, जसले सजिलोसँग सिर्जनात्मक सोचका ढोकाहरू खोलिदिन्छ । जसका कारण मानव मस्तिष्कले अनुभूति गरेको कुरा, सिलसिलाबद्ध तरिकाले र सबैले बुझ्ने गरी बाहिर पोख्न सकिन्छ । कल्पनाको सहारामा यसरी पोखिएका भावना र विचारहरूलाई साहित्य भन्ने गरिएको छ ।

हरेक मानिसहरूको आआफ्नै सपनाको संसार हुन्छ । कल्पना साहित्यकारको मुख्य कसी हो । कल्पना कलाकारहरूको लागि प्रेरणाको स्रोत हो । बच्चाहरूको खेल संसार हो र निर्माण गर्नेहरूका लागि सुरुवात विन्दु

हो । कल्पना वैज्ञानिकहरूका लागि खोजको पहिलो चरण हो । त्यसैले भन्ने गरिएको छ, कल्पना गर्न नसक्ने व्यक्तिले जीवनमा केही पनि गर्न सक्दैन । कल्पना व्यक्तिको सोच्ने तरिका र क्षमतालाई परिवर्तन गर्ने मुख्य माध्यम हो । यस कारण, रचनात्मक कार्य सम्पादन गर्नुपूर्व वा जीवनमा आइपर्ने विभिन्न समस्याको समाधान गर्नुपर्दा पहिलो चरणमा हरेक मान्छेले कल्पनाको सहारा लिने गर्छन् । मान्छेले जुनसुकै नवीन कार्यको थालनी गर्दा पनि सबैभन्दा पहिला त्यसको पूर्णताको कल्पना गर्ने गरेको हुन्छ । त्यसैले हरेक कार्यको शुभारम्भ नै कल्पना हो । जब व्यक्तिको आफ्नै कल्पनाले पर्याप्त सहयोग गर्न सक्दैन, त्यसपछि मात्र अन्य बाह्य सहयोगको खोजी गरिन्छ । यसर्थ मान्छेले जीवनको खेल परिवर्तन गर्नुछ भने र हिँडिरहेको बाटो परिवर्तन गर्नुपर्ने अवस्था सिर्जना भयो भने कल्पनाको सहारा लिने प्रयास गर्नुपर्दछ । कल्पनामा पौडिने प्रयास गर्नुपर्दछ र कल्पनाको उडान भर्न सुरु गर्नुपर्छ ।

कल्पनालाई रचनात्मक तरिकाले सोच्न दिने हो भने मनभित्रका अनगिन्ती अनुत्तरित प्रश्नको उत्तर पाइन्छ । समस्याको समाधान पाइन्छ । त्यसैले कल्पना आफैसँगको वार्तालाप हो । यस प्रकारको वार्तालाप गहन विषयवस्तुमा गरिनुपर्छ । जसलाई सधैँ सार्थक बनाउने कोसिस गर्नुपर्छ ।

मानिसहरूलाई स्वतन्त्र रूपमा सोच्नका लागि आफ्नै मनले अनुमति दिन्छ । किनभने कल्पनाको तोकिएको र वास्तविक सीमा एवं क्षेत्रफल हुँदैन । कल्पना हरेक विषयवस्तु र समस्या निराकरणको आधार शिविर हो । कल्पनाशक्तिको प्रयोगद्वारा जीवनमा जिउने भूमि निर्माण गर्न र सहज बनाउन सकिन्छ । नवीन विचारहरू सिर्जना गर्न सकिन्छ । कल्पना आधारभूत रूपमा मात्र सीमित हुँदैन, यसको क्षेत्र निकै फराकिलो हुन्छ । कुनै पनि एउटा व्यक्तिले आफ्नो जीवन परिवर्तन गर्न, फरक दृष्टिकोण राख्न र आविष्कार गर्न कल्पनाको माध्यमबाट नै आरम्भ गर्न सक्छ । यसैले भन्ने गरिएको छ, कल्पना एक प्रकारको प्रतिभा हो । मान्छेको जन्मसँगै कल्पनाको पनि जन्म हुन्छ । उमेरको कुरा गर्ने हो भने हाम्रो र हामीसँगै जन्मिएको कल्पनाको समान उमेर हुन्छ । त्यसैले कसैको पनि कल्पना आफूभन्दा उमेरमा कच्चा हुँदैन । न व्यक्ति भन्दा परिपक्व हुन्छ,

कतिपय मानिसहरूमा आफ्नो कल्पनाशक्ति विकास गर्ने तीव्र इच्छा हुन्छ । तिनीहरूले कल्पना क्षमताको विकास गर्न योग र ध्यानको सहारा लिने

गर्दछन् । सबै मानिसको कल्पना शक्ति एकैनासको हुँदैन । कसैले घण्टौँसम्म कल्पना गर्न सक्छन् भने कसैले एकैछिन पनि कल्पना गर्न सक्दैनन् । जसले धेरै कल्पना गर्न सक्छ, ऊ परिपक्व मानिन्छ । मानिसहरूको कल्पनाशक्ति तिनीहरूको शिक्षा, अनुभव, जन्मिएको र हुर्केको वातावरण, उनीहरूको रुचि र अन्य धेरै कुराहरूमा निर्भर हुन सक्छ । कल्पनाशक्ति एक प्रकारको प्रतिभा भए पनि मानिसको चाहना र रुचिअनुसार त्यसको विकास गर्न सकिन्छ । रचनात्मक सोच, समस्या समाधान र कलात्मक परिप्रेक्ष्यजस्ता अवधारणाहरूमा कल्पनाले महत्त्वपूर्ण भूमिका निभाएको हुन्छ ।

कल्पनाको महत्त्वलाई एउटै दृष्टिकोणबाट हेरिनु हुँदैन । कल्पना जीवनको विभिन्न क्षेत्रहरूमा महत्त्वपूर्ण मानिने घटना हो । रचनात्मक सोच र नवीनता यी दुवै मानव जीवनका मूल्यवान अवधारणाहरू हुन् । कहिलेकाहीँ तिनीहरूले विश्वास गर्न नसकिने नयाँ प्रविधि, उत्पादन र सेवाहरूको लागि ढोका खोलिदिन्छन् । संसारमा जति पनि नयाँनयाँ आविष्कारहरू भए ती सबै कसैको कल्पनाका उपज हुन् ।

त्यसैले हामीभित्रको महत्त्वपूर्ण मानिएको कल्पनाशक्तिको सबैले विकास गर्नुपर्छ । कल्पना भनेको व्यक्तिले आफैँमा गर्न सक्ने सबैभन्दा असल र विना रकमको लगानी हो । विभिन्न स्थानको भ्रमण गर्दा, पत्रपत्रिका र पुस्तकहरू पढदा, चलचित्र हेर्दा वा कलात्मक गतिविधिहरूमा भाग लिँदा कल्पनाशक्ति अत्यन्त प्रभावकारी ढङ्गले विकास हुन्छ । कल्पना विकास गर्ने प्रविधिहरूमध्ये अभ्यासलाई पहिलो नम्बरमा राख्न सकिन्छ । कविता, कथाहरू लेख्ने, स्थान र पात्रहरूको सिर्जना गर्ने अभ्यासले मान्छेहरूमा कल्पनाशक्तिको तीव्रतर रूपमा विकास भएको पाइन्छ । मैले कोर्ने गरेका साहित्य सिर्जनाहरू पनि अधिकांश लेखकले जस्तै कल्पनालाई सहारा बनाएर कोर्ने गरेको छु । फरक यति मात्र हो, तिनै कल्पनालाई हुबहु कापीमा उतार्न भने नसकिने रहेछ । कल्पना शब्दमा कसरी उतार्न सकिन्छ ? लेखकको मूल्याङ्कन यसबाट पनि गर्न सकिन्छ ।

यद्यपि ध्यान र दृश्यावलोकन गर्दा गरिने कल्पनालाई पनि कम आँक्न सकिन्न । यस प्रकार गरिने कल्पनाले तनाव कम गर्न र दिमागलाई स्वतन्त्र राख्न निकै मद्दत पुऱ्याइरहेको हुन्छ । ध्यान गर्ने व्यक्तिहरूको कल्पनाशक्ति उच्चकोटिको हुनेगरेको सुनिएको छ । कल्पनाले मानसिक छविहरू, ध्वन्यात्मक

आवाजहरू, उपमाहरू वा मानव इन्द्रियमार्फत बुझ्न नसकिने कुराको कथाहरू बनाउन सक्ने क्षमताको विकास गरिदिन्छ । वास्तवमा कल्पना हाम्रो स्मृतिको एक अभिव्यक्ति हो र हामीलाई हाम्रो अतीतको छानबिन गर्न र भविष्यका परिदृश्यहरू निर्माण गर्नसमेत सक्षम बनाउँछ । तर यसका लागि सामान्य अभ्यासले मात्र पुग्दैन । निकै गहिराइमा पुगेर कल्पना गर्न सक्नुपर्छ ।

कल्पनाले हामीलाई विभिन्न दृष्टिकोणबाट वस्तुहरू हेर्न र अरूसँग समानुभूति गर्ने क्षमताको पनि विकास गरिदिन्छ । कल्पनाले हाम्रो अनुभव र विचारहरू विस्तार गर्दछ, विश्व दृष्टिकोणको व्यक्तिगत निर्माणलाई सक्षम पार्छ जसले हाम्रो अनिश्चितताको भावनालाई कम गर्दछ । यसरी कल्पनाले हाम्रो मस्तिष्कभित्रको खाली ठाउँहरू भर्दछ, जसले हामीलाई मानसिक नक्साहरू सिर्जना गर्न सक्षम गर्दछ, जुन हामीले सामना गर्ने परिस्थितिहरूको अस्पष्टतालाई सजिलैसँग स्पष्टतातिर ल्याइदिन्छ ।

हरेक मानिसहरूले देखेका एउटै वस्तुहरूमा पनि उनीहरूको कल्पना फरक हुने गर्दछ । उदाहरणका लागि पूर्णिमाको चन्द्रमा हेर्दा कसैले मिर्गको आकृति देखेको कुरा गर्छन् भने कसैले चराको आकृति कल्पना गरेका हुन्छन् । केही साथीहरू भेला भएर उडिरहेको एउटै बादलको आकृति हेर्दा प्रत्येकले अलगअलग आकृतिहरू, जस्तै – बाघ, स्याल, देशको नक्सा, हात्ती र घोडा देखिएको यथार्थ हामीसँग छ । यस्तो हुनुमा व्यक्तिको कल्पना गर्ने क्षमताअनुसार फरक दृश्यहरू देखिएका हुन्छन् । कल्पनाले हामीलाई वातावरणभित्र संज्ञानात्मक सङ्केतहरू वा उत्तेजनाहरूबाट नयाँ अर्थहरू सिर्जना गर्न सक्षम बनाउँछ, जसले कहिलेकाहीँ नयाँ अन्तर्दृष्टिहरू निम्त्याउन सक्छ । संसारमा रहेका प्रत्येक मान्छेले आआफ्नो किसिमले केही न केही कल्पना गरिरहेका हुन्छन् । फरक यति मात्र हो कसैले गरेको कल्पना सकारात्मक हुने गर्छ भने कसैका कल्पना एकदमै नकारात्मक हुन सक्छन् ।

किन लेख्ने ?

यदाकदा म विचार गर्छु, मान्छेले कुनै पनि पुस्तक पढ्नुको मज्जा लिनु भनेको आलोचनात्मक सोच विकसित गर्नु रहेछ । जब मान्छेहरू पुस्तक पढ्छन्, तिनले पुस्तकबाट आएका विचारहरू कति र कहाँ गलत वा सही छन् भन्ने महसुस गरिरहेका हुन्छन् । जब म पढिरहेको पुस्तकमा गल्तीहरू फेला पार्छु, मलाई त्यसबेला निकै असहजजस्तो लाग्छ । म झसङ्ग भएर झस्किने गर्छु । कुनै पुस्तक पढेपछि अधिकांश पाठकहरूजस्तै म पनि चुपचाप बस्ने गर्छु । त्यस्तो अवस्थामा चुप लागे पनि मलाई केही अपुग भएको हो कि जस्तो लागिरहेको हुन्छ । कताकता दिमागले केही सूचना दिइरहेझैँ लाग्छ । मेरो पाठक मनले भन्छ - गल्ती देखेर पनि चुपलागेर बस्ने हो भने, कसरी असल पाठक बन्न सकिन्छ ? कमसेकम पुस्तक पढ्ने नै हो भने असल पाठक त बन्नै पर्छ । कुनै पुस्तक पढेर चुप लाग्नुछ भने पुस्तक पढ्नुको के नै अर्थ रह्यो र ? होइन अर्थ त राख्छ तर सामान्य अर्थ । मलाई लाग्छ अब आयन्दा म समीक्षामार्फत पुस्तकका गल्तीहरू लेख्छु । यो निकै कठिन तर लेखक बन्नका लागि भने उपयुक्त अवसर हुनसक्छ । मेरो अर्को मनले भन्छ, बरु समीक्षक बन्ने हैसियत पो राख्न सक्छु या सक्दिन !

कुरै गर्ने हो भने समीक्षा गर्न कुनै पनि विश्वविद्यालयबाट समीक्षक तह उत्तीर्ण गरेको प्रमाणपत्र चाहिँदैन । हालसम्म कतैबाट कुनै प्रकारको अनुमति लिनुपर्ने व्यवस्था पनि गरिएको छैन । उसोभए समीक्षक बन्न के चाहिन्छ त ? मलाई लाग्छ, यसको सजिलो उपाय छ । समीक्षक बन्न एकदम ध्यान दिएर प्रशस्त पुस्तक अध्ययन गरे पुग्छ तर हरेक पुस्तक पढ्दा भने निकै विचार गरेर मात्र पढ्नुपर्छ । अधिकांश समय अध्ययन कार्यमा खर्च गर्नुपर्छ । लगनशील र मेहनती बन्न सक्नुपर्छ । लेखकले के भन्न खोजेको

हो ? व्यक्त गर्न खोजेको विषयवस्तु के हो र शैली कस्तो छ ? सो को स्पष्ट जानकारी लिनसक्नुपर्छ । समग्रमा सबैभन्दा पहिले एउटा असल पाठक बन्ने कोसिस गर्नुपर्दछ । मैले केही समीक्षकहरूको सङ्गत गरेको छु । तिनको अध्ययन गर्ने सीप र शैलीबाट म यति प्रभावित भएको छु कि लाग्छ, तिनले पुस्तकका अक्षरहरू घोटेर चन्दन बनाउँछन् र एकै घुट्कोमा पिउँछन्, अन्यथा त्यति सजिलै लेखकले भन्न खोजेका कुराहरूको नालीबेली नलगाउनुपर्ने, कसैलाई लेखक बन्ने विचार छ भने समीक्षा कार्यले सिपालु लेखक बन्न प्रशस्त मद्दत मिल्न सक्छ, यसमा दुई मत छैन् । मलाई लाग्छ, समीक्षा गर्न नसक्ने मान्छे लेखक बन्नै सक्दैन । यो भनाइ मेरो मात्र होइन, यो भनाइ, केही चर्चित समीक्षकहरूले पुस्तक समीक्षाका क्रममा लेखेका कुरा हुन् ।

समीक्षाको उद्देश्यले पुस्तक पढ्ने हो भने पुस्तकमा भएका गल्ती र कमजोरीहरूको सूची बनाउनुपर्छ । यसपछि मात्र लिखित रूपमा पुस्तकका गल्तीहरू सच्याउने गर्नुपर्छ । यसबाट समीक्षा गर्न सजिलो हुनसक्छ । मैले केही समीक्षकहरूले यस्तै गर्नेगरेको देखेको छु । समीक्षक भनेको कुनै प्रतियोगिताको निर्णायकजस्तै हुन् । निर्णायकले निर्णय दिने क्रममा आफन्त, आफ्नो मान्छे, साथीभाइ, राजनीतिक विचारलाई आधार मानेर निर्णय दिँदैनन् र दिनु पनि हुँदैन । निर्णय निष्पक्ष हुनुपर्छ । होइन यसको भेद खुल्न पुग्यो भने कसैले पनि राम्रो मान्दैन । प्रतियोगिता विवादित हुन्छ । ठिक एउटा समीक्षक पनि प्रतियोगिताको निर्णायकजस्तै हुनुपर्छ, पूर्वाग्रही र पक्षपाती हुनुहुँदैन । किताब पढ्दा मान्छेको सोचाइको क्षितिज पनि खुल्छ । पुस्तकहरू एकअर्कासँग गाँसिएका हुन्छन् ताकि ढिलो वा चाँडो यसले मान्छेको दिमागमा निकै गहिरा कल्पना र प्रशस्त आलोचनात्मक सोच विकसित गरिदिन्छ । सबैभन्दा महत्त्वपूर्ण कुरा, अध्ययनले लेखाइमा झनै निखार ल्याउँछ ।

योगी, ध्यानी र ज्ञानीहरूले मस्तिष्कमा भएको अशान्त विचारहरू र जम्मा भएका दूषित र फोहर पदार्थहरू योग र ध्यानको मद्दतले फालेजस्तै अन्य हरेक व्यक्तिले पनि मनको अशान्त विचार र फोहर मिल्काइरहनुपर्छ । यसको लागि दिमागमा थुप्रिएका विचारहरू हटाउने उचित उपाय भनेको लेखनकार्य हो । जति लेख्दै गइन्छ, मस्तिष्कमा थुप्रिएर बसेका असन्तुलित तत्त्वहरू मेटिंदै जान्छन् । फोहरहरू आफैँ बढारिन्छन् । मानव मस्तिष्क सफा गर्ने यो भन्दा उपयुक्त तरिका अर्को कुनै पनि हुन सक्दैन । मस्तिष्कमा मानव

शरीरको त्यस्तो भाग हो, जुन रित्तो भएर कदापी बस्न सक्दैन। मस्तिष्कबाट फोहर निस्किएर दिमागी थैलो खाली हुनासाथ त्यहाँ सकारात्मक र ऊर्जाशील विचारले ठाउँ ओगट्न सुरुगर्छ। जब मैले कुनै पुस्तक पढ्न सुरु गर्छु, पुस्तकको ऊर्जावान तत्त्वले मस्तिष्कको खाली भाग भरिएको अनुभूति हुन्छ। जति पढ्यो त्यति नयाँ सोच र जाँगर बढ्छ। यथार्थमा दिमागको खाली भाग भरियोस् वा नभरियोस् कमसेकम मेरो मनले त भरिएको ठानिदिन्छ।

विज्ञहरूले सामान्यतया भाषा कौशललाई चार भागमा विभाजन गर्ने गरेका छन्। ती हुन् सुन्ने, बोल्ने, पढ्ने र लेख्ने सीपहरू। सुन्नु र पढ्नु भनेको ग्रहणशील भाषाको निपुणता हो, अर्थात् सुनेर वा पढेर भाषा बुझ्ने क्षमता। जबकि लेख्ने र बोल्ने भाषा उत्पादक भाषा हो। कुनै विचार वा विचार व्यक्त गर्न भाषाको निपुणता भने चाहिन्छ। लेख्ने अभ्यासले भाषाको गुणस्तरमा बृद्धि हुन्छ। शब्द भण्डार बृद्धि हुन्छ। भाषाको माध्यमबाट मान्छेलाई सजिलैसँग छुन सकिन्छ। यो यथार्थ बुझेर पनि हतपती सबैलाई लेख्न भने आँट आउँदैन। वास्तवमा लेखनकार्यमा देखिएको अहिलेसम्मकै सबैभन्दा ठूलो र जटिल समस्या नै यही हो। यही कारण उत्कृष्ट सीप भएका व्यक्तिहरू पनि हत्तपत्त लेख्न खोज्दैनन्। आफैँलाई विश्वास नगर्दाको परिणाम अनगिन्ती लेखक बन्ने क्षमता भएका विचारशील र भावनामा बग्न सक्ने व्यक्तिहरू लेखनकार्यमा संलग्न भएको पाइँदैन। लेखनकार्यको सुरुवातमा लेखाइ कसरी आरम्भ गर्ने र कसरी अन्त्य गर्ने भन्ने कुरा उनीहरूको मनमा आइरहन्छ। यो मनचिन्ते भूतका कारण उनीहरू लेख्न अघि नसरेका हुनसक्छ। अर्थात् उनीहरू लेख्न डराउँछन्। प्रायः कुन शब्दबाट वाक्य सुरु गर्ने र वाक्यहरूलाई अनुच्छेदहरूमा कसरी व्यवस्थित गर्ने र त्यसपछि अनुच्छेदद्वारा लेखाइलाई पूर्ण लेखनको आकारमा कसरी प्रशोधन गर्ने भन्ने बारे केही व्यक्तिहरू भ्रमित हुन्छन्, जसरी म भ्रममा थिएँ र अझै पनि छु। यस प्रकारको द्विविधा हुँदाहुँदै लेखिएको लेखले पाठकलाई ज्ञान, भावनात्मक प्रभाव र मनोरञ्जन दिन सक्दैन। अतः लेखन सीप र क्षमता भएर पनि लेख्न डराउनेहरूले सुरुमा धेरै पढेर थोरै लेख्ने प्रयास गर्नुपर्दछ। यो समस्याबाट सजिलै मुक्त भइन्छ। सिपालु लेखकहरूले पुस्तकप्रेमीहरूलाई मार्गदर्शन गर्ने प्रयास गर्दछन् जसले एउटै मात्र दृश्य र घटनामार्फत पनि आफ्नो विचार लेख्न सुरु गरिहाल्छन्।

कसैले लेख्न चाहनुका धेरै कारणहरू हुन्छन्। तसर्थ, लेखक बन्ने

निर्णय गर्नुअघि, सबैले पहिले यो जान्नुपर्दछ कि आफू किन लेखन कार्यमा लाग्दैछु ? यसको प्रमुख कारण के हो ? उसलाई लेखक बन्न कुन कुराले प्रेरणा दियो ? वास्तवमा लेख्नका लागि मुख्य प्रेरणा आफैँभित्रबाट पाउन सकिन्छ । फलानोको प्रेरणाले लेख्न लागेको भन्नु मान्छेहरूलाई भ्रममा पार्नु मात्र हो । प्रेरणा आफ्नै मनले मात्र दिन सक्छ तर सहयोग भने अनेकौँ मान्छेहरूले गर्न सक्छन् । सहयोग पाएको कुरालाई प्रेरणा भन्न मिल्दैन, त्यो त मात्र सहयोग हो । प्रायः लेखकहरूले यही सहयोगलाई प्रेरणाको नाम दिने गरेका छन् । कसैको मनभित्रदेखि लेख्ने उत्साह नै छैन भने अर्को व्यक्तिले जति प्रेरणा दिए पनि त्यस्तो व्यक्तिले लेख्न सक्दैन । मेरो विचारमा लेखक बन्न आफूलाई आफ्नै प्रेरणा चाहिन्छ । सायद यो लेखाइको सिद्धान्त होइन मेरो निजी विचार हो । कसैले धेरै पढेको छ, धेरै ज्ञान हासिल गरेको छ, याद गर्नुपर्ने कुरा के हो भने धेरै पढेर ज्ञान हासिल गरेर मात्र पनि लेखक बन्न सकिँदैन । अर्कोतिर ज्ञान भन्ने कुरा कुनै माध्यमबाट लिएर मात्र पनि हुँदैन । प्राप्त गरेको ज्ञान अरूलाई पनि बाँड्नुपर्छ । ज्ञान बाँड्ने अनेक विधिहरू हुन्छन् । यसमध्येको एउटा विधि लेखनकार्य हो । जसबाट ज्ञान बाँड्न सबैभन्दा प्रभावकारी विधि मानिन्छ ।

ज्ञान बाँड्नका लागि हरेक मान्छेसँग अध्ययन र ज्ञान आर्जन गर्ने उत्कण्ठा भने हुनुपर्छ । ज्ञान भनेको किट्लीमा उमालेको चियाजस्तै हो । किट्लीभरि उम्लिरहेको चिया समयमा गिलासमा खन्याइहाल्नुपर्छ, अन्यथा त्यो उम्लिएर पोखिन्छ । यदि अर्को चरणसम्म उम्लिरहन दिइरहने हो भने चिया किट्लीभित्र सुक्न सक्छ । त्यसैले आर्जित ज्ञान अरूलाई बाँड्ने बानी बसाल्नुपर्छ । विचार, भण्डारण गर्ने वस्तु होइन, बाड्ने वस्तु हो । जति बाँड्न सक्यो विचार त्यति नै परिपक्व हुन्छ र खारिँदै जान्छ । त्यति नै उन्नत पनि हुन्छ । यसैले विचार बाँड्नका लागि लेख्न सुरु गरिहाल्नुपर्छ । यसरी अन्य थप ज्ञान प्राप्त गर्नको लागि मस्तिष्कमा भएका पुराना र सडिसकेका सामग्रीहरू खाली गर्नुपर्छ । उम्लनेबित्तिकै चिया खन्याएजस्तै मस्तिष्कबाट पनि पुराना र निकम्मा सामग्रीहरू फाल्दै जानुपर्छ । मस्तिष्कभित्र रहेका वासी र सडेगलेका विचारहरूलाई मुक्त गर्ने एउटा उत्कृष्ट तरिका भनेको लेखनकार्यबाट कापीका पानामा विचार खन्याउनु हो । कुनै तालिम, गोष्ठी, सेमिनार, भ्रमणमा सुनेका र देखेका कुरा लेखेर बाँड्न सकिन्छ । त्यसैले

हामीले धेरै पुस्तकहरू पढेर प्राप्त गरेको ज्ञानलाई पुनः लेखेर अरूसँग बाँड्ने बानी बसाल्नुपर्छ । यसरी लेख्नुको मुख्य फाइदा भनेको मान्छेमा धेरै कुराहरू बिर्सने बानी हुन्छ । अधिकांश मान्छेले प्राप्त गरेको ज्ञान केही समयपछि बिर्सन सक्छ । तर लेखिएका कुराहरूको भने अभिलेख रहिरहन्छ जसबाट बिर्सिएका कुरा लिखित रूपमा रहेको अभिलेखमार्फत पुनः हेर्न र पढ्न सकिन्छ । यस्तो लेखाइलाई बाध्यकारी लेखाइ भनिन्छ ।

जब कुनै मान्छेको मृत्यु हुन्छ । उसका आफन्त लगायत बाँकी मान्छेहरूको जीवन सामान्य रूपमा चलिरहेको हुन्छ । कसैको उत्तराधिकारी छैन भने उसको नजिकका भनिएका आफन्तहरूले पनि उसको तत्कालीन उपस्थिति बिर्सन्छन् । कहिलेकाहीँ मान्छेले केही लेखेर छोडेको कुरा निकै पछि पनि उसको परिवार, गाउँ र देशलाई समेत मार्गदर्शन बन्नसक्छ । भलै गाउँ र देशलाई काम नलाग्ने किन नहोस् भविष्यमा एउटा परिवारका लागि गौरवको विषय हुनसक्छ । लेखन सामग्री भविष्यका लागि ऐतिहासिक प्रमाणका रूपमा रहन्छ । कतिपय व्यक्तिले विरासतका लागि मात्र भने पनि लेख्ने काम गर्छन् ।

केही मान्छेहरूले पैसा कमाउन लेख्ने गर्दछन् भने कसैले परोपकारी बन्नका लागि पनि लेख्ने गर्छन् । ईश्वरले चाहे भने तपाईँको लेखाइले मान्छेको मन परिवर्तन गरेर कसैलाई परोपकारी भावना विकसित गराइदिन सक्छ । एक जना असल पाठकलाई समाजसेवी बन्ने प्रेरणा दिनसक्छ । कुनै प्रकारको मानसिक रोगमा बिरामीको नकारात्मक भावनाहरू मुक्त गर्न मनोचिकित्सकहरूले लेखनकार्यमा लाग्ने सरसल्लाह दिने गरेका छन् । यस विधिलाई राइटिङ थेरापी भनिन्छ । हृदयको घाउ निको पार्न यो विधिको प्रयोग गर्ने प्रचलन छ । हृदयको घाउले विनाकारण क्रोधको रूप लिनसक्छ, जसको प्रभावले तनाव, अवसाद, चिन्ता र अन्य मानसिक रोगहरू निम्त्याउन सक्छ । तसर्थ, मान्छेले महसुस गरेका भावनाहरू लेख्दा, जीवन खुशी बनाउने घटनाहरू लेख्दा, मान्छेभित्रको तनाव र चिन्ताबाट मान्छे मुक्त हुने गर्दछन् । माथिका यी बुँदाहरूबाट पनि प्रेरणा पाइएन भने अब निकै गहिरिएर विचार गर्नुपर्छ । "मैले किन लेखिरहेको छु ?" किनभने प्रायः हाम्रो लेखन यात्राको प्रक्रियामा अन्य कारण पनि फेला पार्न सकिन्छ । त्यो हो आफ्नै आन्तरिक कारण । अब सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको आधारभूत प्रेरणा खोज्नु र लेख्न सुरु गर्नु हो । एउटा प्रख्यात भनाइ छ, "यदि तपाईँ राजाको सन्तान या ठूलो विद्वानको पनि सन्तान होइन भने लेख्न सुरु गरिहाल्नुहोस् ।"

सबै पेशालाई लेखन सीप चाहिन्छ, ताकि आफूसँग भएको ज्ञान अर्को पुस्तामा हस्तान्तरण गर्न सकियोस् । तसर्थ, आजका शिक्षक र व्याख्याताहरूले लेखनको माध्यमबाट कृतिहरू उत्पादन गर्न सक्षम बन्नु आवश्यक छ । हरेक पुस्ताले नयाँ लेखक जन्माउनुपर्छ । कल्पना गरौँ यदि लेखनको संसारमा कुनै नयाँ पुनरुत्थान हुनसकेन भने, भविष्यमा अध्ययन अध्यापनका लागि पाठ्यसामग्रीको समेत अभाव हुनसक्छ । कतिपय मान्छेले आवाजले व्यक्त गर्न नसक्ने कुरा सजिलैसँग लेखेर व्यक्त गर्नसक्छन् ।

त्यसैले लेखन कार्य प्रारम्भ गरिहालौँ । एक पटक लेख्ने इच्छा जागेपछि मनले लेखिरहने प्रेरणा दिन्छ । मस्तिष्कले भावनालाई हातमा पठाउँछ, हातले कलम र कलमले कापीमा पोख्छ । अब हात बढाउनुपर्छ । ढिला गर्नु हुँदैन, मनबाट प्रस्फुटित विचारहरू तुरुन्तै लेख्नुपर्छ, अन्यथा निश्चित समयपछि तिनीहरू बिलाएर जान्छन्, हराउन सक्छन र फेरि हत्तपत्त फेलापार्न गाह्रो हुन्छ । बलियो सङ्कल्पविना लेख्न सकिन्न । मनले दृढ सङ्कल्प गर्नुपर्छ "जस्तोसुकै अवस्थामा पनि यो लेख समाप्त गर्छु ।" यदि हामीसँग लेखाइ समाप्त गर्ने दृढ सङ्कल्प छैन भने लेखन कार्य समाप्त हुँदैन । आफ्नो सिर्जना कसैले मन पराउँदैन कि भन्ने द्विविधा पनि मनमा लिनु हुँदैन । लेखिने भाषा, शैली र रुचिको विषय प्रत्येक व्यक्तिको आआफ्नो किसिमको हुन्छ । गद्य लेखनमा, छन्द कवितामा जस्तै पूर्वजले कोरिदिएको बाटो नबिराई हिँड्नुपर्दैन । गद्य विधा भनेको प्रशस्त घाँस भएको हरियो चउर हो । त्यहाँ बाख्रा चरेझैँ निर्वाध रूपमा चर्न सक्नुपर्छ । मनका भावनालाई छरपस्ट बनाएर पोख्न सक्नुपर्छ । ख्याल गर्नुपर्छ पोखिएका अक्षर र शब्दलाई साहित्यिक रङ्गमा पोत्न भने बिर्सनु हुँदैन अन्यथा पोखिएका अक्षरहरू सेपिलो स्थानमा सुकाएको बिस्कुनजस्तै हुनसक्छ ।

कोटसँगको मोह भङ्ग

कोट लगाउने रहर कहिलेबाट लाग्यो, ठिक यसै बेलादेखि हुनुपर्छ भनेर ठ्याक्कै सम्झना छैन । जहाँसम्म सम्झना छ, मलाई एकताका कोट लगाउने रहर अत्याधिक जागेको थियो । दुर्भाग्यवश जुन बेला कोट लगाउने रहर लागेको थियो त्यसबेला मैले कोट लगाउन पाइन । रहरमा कोट लगाउन नपाउनुको एउटा मात्र होइन धेरै कारणहरू थिए । त्यसबेलाको उमेर, अभाव, उपलब्धता र प्रचलन कोटका मुख्य बाधक थिए । एस.एल.सी. पास नगरुन्जेल कोट त के कुरा हामीले ज्याकेट र स्वेटर पनि लगाउन पाएनौँ । त्यो अवस्था मैले मात्र भोगेको थिइन, हाम्रा सहपाठी सबैको अवस्था उस्तै थियो । अचेल लगाउने गरेको सर्टलाई हामी सर्ट होइन 'बुस्कोट' भन्ने गर्थ्यौं । सायद 'बुसर्ट' नै हामीले भन्ने गरेको बुस्कोट हुनुपर्छ । हामीले लगाउने बुस्कोट टेरलिन, पोलिस्टर र खद्दरको कपडाबाट बनेको हुन्थ्यो । कतै यसलाई कमिज पनि भन्ने गरिन्छ । वर्षमा एउटा वा दुईवटा बुस्कोटले हामीलाई पर्याप्त हुने गरेको थियो । निकै ठन्डी ठाउँमा हुर्कनुपरेको भए न्यानो कपडाको अभावमा हामी जाडोले टाक्सिन्थ्यौँ होला । हाम्रो बसोबास गर्मी ठाउँमा भएको भए पनि टेरलिन र पोलिस्टरको तातोले हाम्रो छाला खुइलिइसकेको हुन्थ्यो । न हामी कुनै दिन जाडोका कारण टाक्सिनु पर्‍यो न गर्मीका कारण तातोले खुइलिनु पर्‍यो, हामी निकै भाग्यमानी रहेछौँ । हामी जन्मिएको गाउँमा न जाडो बढी हुन्थ्यो न गर्मी बढी, त्यसैले ज्याकेट स्वेटर लगाउन नपाएकोमा हाम्रो कत्ति पनि गुनासो थिएन ।

पहाडको एउटा सानो र रमणीय डाँडामा बनेको घर, हिमालको नजिकै भएकोले गर्मी महिना लागेपछि मनास्लु, गणेश, श्रृङ्गी र हिमचुलीको चिसो हावा आँगनमै आएर ठोक्किन्थ्यो । त्यही हावाले फर्र जुल्फी लर्काइदिँदा

हामी फुरुङ्ग पर्थ्यौँ । हिमाली चिसो हावाले अनुहारमा काउकुती लगाउँदा बरु गाला पट्पटी फुट्न थाल्थ्यो तर गर्मी भने कहिले पनि हुँदैन थियो । उता जाडो समयमा एकाबिहानै पारी डाँडालाई स्पर्श गर्दै गाउँ प्रवेश गरेको सूर्यको किरणले हाम्रो नाकको डाँडीमा चुस्स छोएपछि जाडो हुने सम्भावना फिटिक्कै रहँदैन थियो । दिनभरि लागेको पारिलो घामले हाम्रा पाखुरा र पिँडौला कालो बनाएर डढाए पनि निकै दह्रा थिए । अन्यथा हामी उत्तिखेरै बँसी पुगेर गाई भैँसीलाई पराल पानी गरेर घर फर्कन सक्ने थिएनौँ । मुरीको धोक्रो बोकेर फलामे फाँटदेखि कुवापानीको एक्लेबरसम्मको ठाडो उकालो सहजै पार गर्न सक्ने थिएनौँ । त्यसताका गाउँका बालीघरे सूचीकारले जाँघे र बुस्कोटबाहेक अन्य कपडा सिलाउने प्रचलन थिएन । सायद उनीहरूसँग सीपको अभाव थियो । त्यसैले गाउँमा रहुन्जेल कोट लगाउने कुरा सोच्न पनि सकिँदैन थियो । बिहे गरिसकेका केही युवा र एकदुई जना प्रौढहरूले भने तिनकै बिहेमा अनेक तरिकाले जुगाड गरेर राखेको कोट लगाउने गरेका थिए । गाउँमा कसैको जन्ती जानु पर्दा कसैकसैले तिनैसँग कोट मागेर लगाउनुपर्थ्यो । कोटवालाहरू स्वयं जन्ती जानुछ भने "तोलाको बोली खोलामा" भनेजस्तै हुन्थ्यो अर्थात् कोट पाइँदैन थियो ।

संयोगले तिनको कोट पाइहालियो भने पनि कोटको साइज मिल्नुपर्छ भन्ने पनि थिएन । त्यो कोट कसैलाई शरीरमा खोल हालेको जस्तो देखिन्थ्यो भने ठूला र मोटा मान्छेहरूलाई दुईवटा सिरानी एउटै खोलमा राखेजस्तै लाग्थ्यो । कोट माग्ने बेलाको शर्त बमोजिम जन्ती गएर फर्किनासाथ कोट फिर्ता गर्नुपर्थ्यो । कोट आफैले धुने हो भने बिग्रन्छ भन्ने भयले कोट धुने चलन थिएन । त्यसैले कोट धुने झन्झटबाट सबै मुक्त थिए । तिनले सेकेण्ड ह्याण्ड कोट प्रायः कलकत्ता, बम्बई जाँदा ल्याएका हुन्थे भने केहीले सदरमुकामबाट सिलाएर ल्याइएका हुन्थे । हामीलाई लाग्थ्यो, कोट भनेको त बिहेमा मात्र लगाउने चिज हो । "समयमा बिहे गर्न पाइयो भने एउटा गजबको कालो कोट त जसरी पनि सिलाउनुपर्छ ।" अधिकांश युवाहरूको मनमा यही इच्छाले घर गरेको हुन्थ्यो ।

उमेरमै मेरो बिहे त भयो तर दुर्भाग्यवश बिहेमा समेत कोट लगाउने साइत जुरेन । यसको पनि छुट्टै कथा छ । बिहेको जनै-सुपारी गरिसकेपछि केही दिनको लागि म जागिरमा जानुपर्ने भयो । मनमा विचार आयो, मेरो अनुपस्थितिमा सिलाउने हो भने कोटको रङ्ग र साइज भनेजस्तो नहुन

सक्छ । कोट उतै सिलाएर ल्याउनु पर्ला, तर म कार्यालय पुगेको भोलिपल्ट एक हप्ते तालिमका लागि खैरेनीटार तालिम केन्द्र जानुपर्ने भयो । कोट सिलाउने समय निकाल्न सकिएन । त्यहाँ गएर कोट सिलाउने वातावरण मिल्ने कुरै भएन । बिहेको दिन नजिकिँदै गएकोले बीचमै तालिम छोडेर म बिहेको अन्य तयारीका लागि घर गएँ । भोलिपल्ट जग्गे लगाउने दिन, पर्सिपल्ट दुलाहा अन्माउने दिन भइहाल्यो । अन्ततः एक दिनमा कोट, पाइन्ट र सर्ट जसरी पनि सिलाइ सक्नुपर्थ्यो । घरमा जग्गे लगाउने सम्पूर्ण तयारी सकेपछि म गाउँ नजिकै रहेको आरुघाट बजार झरेँ । बजारका सबै सूचीकार हरूले एक दिनमा कोट सिलाउन नसक्ने बताएपछि कोट लगाएर दुलाहा बन्ने मेरो सपना एकाएक तुहियो । म विना कोटमै दुलाहा बन्नुपर्ने भयो । हुन त गाउँमा कोट नलगाई दुलाहा बन्न लागेको म मात्र थिइन । अरू प्रशस्तै हुन्थे । प्रायः दुलाहा हुँदा सेतो नैनसुतको दौरा र सुरुवाल, कमरमा नैनसुतको पटुका बाँधेर रङ्गिन ढाकाको टोपी लगाउने प्रचलन थियो । दौरा-सुरुवाल भने एक दिनमा सिलाइदिन लगभग सबै सूचीकार सहमत भए । मलाई विना कोट, दौरा सुरुवाल लगाउन उचित लागेन । त्यसको सट्टा बरु सर्ट र पाइन्ट मात्र लगाउनुपर्ला भन्ने विचारले मैले सर्ट पाइन्ट सिलाउन दिएँ । अन्ततः एउटा खैरो सर्ट र निलो पाइन्ट तयार गरियो । पसलेले कम्तीमा एउटा ज्याकेट लगाउने सल्लाह दिएपछि हामीले एउटा कालो ज्याकेट खरिद गरेर घर फर्कियौँ । दुलाहा बन्दा कि त दौरा सुरुवाल कि कोट पाइन्टको औपचारिक पोसाकबाहेक मैले पहिलो पटक सर्ट पाइन्ट र ज्याकेट लगाएर दुलाहा बन्ने निर्णय गरेँ । यो पोसाक गाउँमा बिलकुलै नौलो थियो । पोसाकको विषयलाई लिएर कतिले कुरा पनि काटे । जे होस्, मेरो बिहे त भयो तर म कोट विनाको दुलाहा बनेँ । मलाई लाग्छ मेरो इच्छा कटौतीको सुरुवात त्यसै बेलादेखि भएको थियो ।

कुनै बेला मेरो कार्यालयमा तीस-पैँतीस जना कर्मचारीहरू थिए । त्यसमध्ये पाँच-सात जनाले प्रायः सधैँजसो कोट लगाउने गरेका थिए । बाँकीले सर्ट, पाइन्टमाथि ज्याकेट र स्वेटर लगाउँथे । जसले कोट लगाएको हुन्थ्यो, झलक्क हेर्दा उनीहरूलाई कोट त्यति मिलेको देखिँदैन थियो । उचित किसिमको सिलाई नभएर हो वा कोटको स्याहार नपुगेर हो ? त्यसको गहिराइमा नपुगे पनि कोट लगाउने साथीहरूभन्दा स्वेटर र ज्याकेट लगाउने साथीहरू निकै चिरिच्याट्ट र हेण्डसमजस्ता देखिन्थे । मलाई कुनै बेला

लागेको कोट लगाउने रहर यी दृश्य देखेपछि अचानक मरेर गयो । त्यसपछि मलाई कोट लगाउने रहर लागेन ।

जागिर खाएको दुई वर्षपछि २०४२ सालमा अध्ययन भ्रमणका लागि म फिलिपिन्सको राजधानी मनिला जानुपर्ने भयो । केही कागजी प्रक्रिया मिलाउन विभाग जाँदा थाहा भयो, कोट पाइन्ट सिलाउनकै लागि, विदेश जाने कर्मचारीलाई सरकारले पोसाक भत्तासमेत दिने प्रचलन रहेछ । कपडाकै लागि भत्ता पाएपछि सबै साथीहरूको सरसल्लाहमा हामीले इन्द्रचोक पुगेर एकजोर सर्ट, पाइन्ट र कोट सिलायौँ, साथमा हामीले एक-एकवटा टाई किन्न छुटाएनौँ । मेरो लागि त्यो कोट "भोकमा नपाएको मकै र बैँसमा नपाएको खसम"जस्तै भएको थियो । लगाउन एकदम रहर लागेको समयमा यो कोट भइदिएको भए कति गजब हुन्थ्यो होला । तर त्यो कोट भने मेरो रहरले होइन, बाध्यताले सिलाइएको थियो । जुन पोसाक भत्ता लिएपछि खरिद गर्नैपर्ने हुन्थ्यो । सायद देशको इज्जत जाने भयले सरकारले कर्मचारीहरूलाई राम्रै पोसाकमा विदेश पठाउने व्यवस्था गरेको हुनुपर्छ ।

सर्ट, पाइन्ट लगाएर मनिला पुगेपछि, मैले त्यो कोट त्यहाँ पुगेको तेस्रो दिन मात्र लगाएँ । जीवनमा पहिलो पटक लगाएको त्यो कोट लगाउँदा मलाई निकै असहज महसुस भएको थियो । दिउँसो कोट निकालेर लामो समय मैले हातमा बोकेर हिँडे । कोट लगाउँदा जीउ र मन भारी भएजस्तो लागेको थियो, फुकाउँदा भने हलुका । यति मात्र होइन, कताकता सास फेर्न पनि असजिलो भएजस्तो लागेको थियो । मनले भनिरहेको थियो, यो कोट कताकता मिलेको छैन । अर्कोतिर गर्मीका कारण शरीरबाट पसिनाका धारा छुटिरहेका थिए । लाग्थ्यो, मनिलाको सडकमा हिँड्ने मान्छेहरूले मलाई नै हेरिरहेका छन् । मैले लगाएको कोट देखेर सबै हाँसिरहेका छन् । जब मैले मेरो शरीरलाई त्यो कोटले छोपेँ, आफ्नो कोटलाई कार्यालयका साथीहरूले लगाएको जस्तो लागिरहेको थियो । कोट लगाएपछि मेरो जिउ मात्र होइन, मन पनि खुल्न सकिरहेको थिएन ।

जीवनमा पहिलो पटक सिलाएको त्यो कोट मनिला रहुन्जेल एक दिनभन्दा बढी लगाउन सकिन । त्यो पनि पूरा एक दिन होइन, एकैछिन मात्र लगाएको थिएँ । बाँकी अन्य कुनै दिन पनि कोट लगाउने हिम्मत गर्न सकिएन । कालो र रातो रङ्ग मिश्रित त्यो कोट फिलिपिन्सबाट फर्किएपछि मैले कहिले पनि लगाइन । सधैँ ह्याङ्गरमा झुण्डिएर बस्यो । केटाकेटीहरूले धेरैपटक

कोट लगाउन आग्रह गरे पनि किन हो मैले त्यो कोट लगाउने साहस गरिन। उपयोगविहीन त्यो कोटसँगै खरिद गरेको निलो टाई भने मेरो गलामा एक दिन पनि झुण्डिन पाएन। अन्ततः त्यो टाई मेरी अर्धाङ्गिनीले घरको सिँगारी बाख्रो बाँध्ने काममा उपयोग गरिन्। २०४२ सालमा सिलाएको पहिलो कोट पछि दोस्रो बन्ने सौभाग्य पायो एउटा कालो कोटले। २०६७ सालमा मेरो मृगौला प्रत्यारोपणपछि प्रत्यारोपण गर्ने डाक्टरले एक दिन फलोअपका क्रममा भने – "एक पटक मृत्युको मुखमा पुगेर फर्किनु भयो। अब जीवन बिरामी अवस्थामा जस्तै अस्तव्यस्त र लथालिङ्ग बनाउनु हुँदैन। हरेक दिन दारी काट्नुपर्छ। सरसफाईमा उत्तिकै ध्यान दिनुपर्छ। प्रायः चिटिक्क बनेर हिँड्नुपर्छ। हरेक कुरा समयअनुसार चल्नुपर्छ। हुन्छ भने एउटा कालो कोट सिलाउनु होला, देवानन्द (भारतीय सिनेमाका नायक) जस्तो देखिनुपर्छ। यसो हुँदा मनमा जिजीविषा बढ्दै जान्छ। मुमूर्षाले घर गर्न पाउँदैन।"

डाक्टरको कुराले मलाई किन हो, भित्रैदेखि छोयो। उनले भनेका कुरामा वास्तविकता थियो। अस्तव्यस्त जीवनलाई शारीरिक सरसफाई र सुन्दर पोसाक एवं मिठो-मसिनो खानपानले पनि निकै फरक पार्नसक्छ। मैले डाक्टरको सल्लाह अनुसार चल्ने निर्णय गरेँ। आफ्नो डेरा मनमैजुबाट एक दिन कोट सिलाउनकै लागि बागबजार पुगेँ। श्रेष्ट टेलरिङ्ग सेन्टरमा गएर डाक्टरले दिएको सुझावबमोजिम कालो कोट सिलाएँ। यो कोटको रङ्ग छनौटमा मेरो इच्छा होइन डाक्टरको सल्लाहले काम गरेको थियो। त्यसपछि भने मेरो मनमा कताकता देवानन्दजस्तै देखिने तिर्खा लागेको देखियो। नभन्दै कोट लगाएर मैले ऐना हेर्दै आफ्नो अनुहारमा चर्चित अभिनेता देवानन्दलाई खोज्न थालेँ। कोट लगाएपछि आफ्नो अनुहारमा देवानन्द नपाए पनि मेरो व्यक्तित्वमा भने केही परिवर्तन पक्कै पनि भएको थियो। एक पटक फलोअपका लागि म उनै डाक्टरसँग भेट्न पुग्दा दारीसमेत सफाचट बनाएर त्यही कालो कोटमा पुगेँ। सधैँ निरीह मान्छेसँग जस्तै कुरा गर्ने डाक्टरले त्यसदिन मसँग निकै भलादमी पाराले कुरा गरेझैँ लाग्यो। हुनसक्छ त्यो मेरो भ्रम थियो। एकमन भनिरहेको थियो, होइन यो यथार्थ नै हो। वास्तविकता थाहा पाउन भने सकिएन। हुनसक्छ मैले बुझ्ने कोसिस नै गरिन। आखिर बुझेर पनि के अर्थ थियो र ? डाक्टरले कोटको विषयलाई लिएर केही भन्ने कुरा पनि भएन, तर उनले मलाई हेर्ने नजरमा भने पक्कै परिवर्तन गरेका थिए। बिस्तारै फागुन सकिएर चैत महिना सुरु भयो। काठमाडौँको मौसम क्रमशः चिसोबाट बिस्तारै तातो

हुँदै गएको थियो । मनमैजुदेखि वीर अस्पतालसम्म जानुपर्ने भएकोले गर्मीमा कोट लगाएर जाने कुरा सम्भव थिएन । त्यसको एक महिनापछि वैशाखमा म चितवन फर्किएँ । वैशाख-जेठको चितवनको गर्मीमा कोट लगाउने कुरा त्यति सम्भव र पाच्य पनि हुँदैन थियो ।

क्रमशः दिनहरू बित्दै गए । चितवनबाट काठमाडौँ आउनेजाने क्रम यथावत् चलिरहेको थियो । बिस्तारै हिउँद महिनाको आरम्भ भयो । सधैँजस्तै माघ महिना लागेपछि पुनः फलोअपका लागि काठमाडौ जानुपर्ने भयो । जाडो महिनाको समय भएकोले, कोट लगाउने मौसम पनि यही हो भन्ने सोचेर दराजबाट कोट निकालेर लगाउन खोजेँ । दुर्भाग्यवश पाखुराबाट कोटको बाहुला छिरेन । पाइन्टको तिघ्रा पनि छिरेन । अब म सधैँ लगाउने गरेको सामान्य पोसाकमा काठमाडौँ पुगेँ । तौल जाँच गर्दा थाहा भयो, कोट सिलाउँदाको ४५ किलो तौल बढेर ६० किलो पुगेको रहेछ । डाक्टरले मेरो तौल अन्ठाउन्न किलोभन्दा माथि कहिले पनि जान नदिनुस् भनेर सल्लाह दिए । अहिले त्यो कोट मेरो पहिलो कोट झुण्डिने गरेको दराजमा झुण्डिरहेको छ । दुर्भाग्यपूर्ण कुरा, पहिलो र दोस्रो कोटको एकआपसमा भेट भने हुन पाएन । यसैबीच मेरो पहिलो कोटबाट अन्य थाङ्ना कपडा मिसाएर ओछ्याउने डसना बनिसकेको थियो । कपडा पेल्ने मेसिनमा च्यापिएर मेरो जेठो कोट, डसना बनेको निकै लामो समय भइसकेको छ ।

यसैक्रममा एक दिन म गाउँको एउटा विवाह समारोहमा पाहुना बन्न पुगेँ । केही टाढा जन्ती जानुपर्ने भयो । सबै तयारीपछि कोट लगाउन पाए राम्रै होलाजस्तो लागेको थियो । पहिलो कोट, डसना बनिसकेको र दोस्रो कोट सानो भएकोले मसँग जन्ती जानका लागि लगाउने कोट थिएन । जन्ती जाँदा कोट लगाउने प्रचलन कहिलेबाट सुरु भयो, त्यसको यथार्थ तिथिमिति थाहा नभए पनि यो खासै पुरानो प्रचलन भने नहुनुपर्छ । अनि कोट लगाएर जन्ती जानुपर्ने कारण पनि विशेष केही नहुनुपर्छ । तर पनि मान्छेहरू जन्ती जाँदा अनिवार्य कोटको प्रयोग किन गर्छन् ? मैले आजसम्म पनि बुझ्न सकेको छैन । दोस्रो कोट लगाउन नमिल्ने गरी सानो भइसकेकाले कोट लगाउने कुरा सहज हुने कुरा भएन । मसँग शरीरमा चिटिक्क मिलेको कोट थिएन । म सँधैजस्तै ज्याकेट लगाएर जन्ती गएँ । सबै जन्तीहरू अनेक रङ्गका कोट र टाईमा सजिएका थिए । म र अर्का एक जना वृद्ध काका, विनाकोटमा थियौँ । त्यसदिन मलाई निकै असहजजस्तो लाग्यो । सबै कोटमा सजिएको

देख्दा र आफू विनाकोटमा रहँदा मन खिन्न भएजस्तो लाग्यो । निकै वर्षपछि मलाई पुनः कताकता कोट लगाउने रहरले पुनः जिस्क्याइरहेको रहेको अनुभव भयो । त्यो पनि कतै बिहेमा जन्त जानकै लागि भए पनि एउटा कोट त सिलाउनैपर्ने भयो । त्यसपछि मैले नारायणगढ पुगेर एउटा खैरो रङ्गको कोट सिलाएँ । पहिलो कुरा उलनको कोट चितवनको उखरमाउलो गर्मीमा मुस्किलले तीन–चार महिनाभन्दा बढी लगाउन सकिन्न । दोस्रो, म केही बढी नै कालो छाला भएको मान्छे भएकोले त्यो खैरो कोट मलाई पटक्कै सुहाएको थिएन ।

"खैरो रङ्गको कोट लगाउनलाई त शरीरको छाला पनि त्यसैअनुरूप गोरो हुनुपर्छ ।" जब श्रीमतीको यस्तो कुरा सुनेँ त्यस दिनबाट मलाई त्यो कोट पनि लगाउन मन लागेन । कोट लगाउने कुरा सजिलो लागेन । यो रहर पूरा गर्न विभिन्न कठिनाइको सामना गर्नुपरेकै कारण कोटसँग मेरो मोह भङ्ग भइसकेको थियो । जीवनमा सङ्गत गरेका मेरा यी तीनवटा कोटलाई भने म सितिमिति बिर्सन सक्दिन । ती कोट मैले मन परेर नबिर्सिएको भने होइन । विश्वास छ, मेरो जीवनमा कुनै पनि कोटले चौथो बन्ने अवसर पाउने छैन । बरु जन्ती जाने अवसर गुमे पनि गुमिरहोस् । कतै सभासमारोहमा भाग लिन नपाए पनि केही छैन । अब म कोट भने मरिगए पनि लगाउँदिन ।

अचेल मलाई लाग्छ, औपचारिक रूपमा कोट लगाउनुपर्नेहरूले पो के नापेका छन् र ? मैले केका लागि कोट लगाउनुपऱ्यो, मेरो हजुरबाभन्दा अघिल्लो पुस्ताका पूर्वजहरूले कोट लगाएको जस्तो लाग्दैन । सायद तिनीहरूको पोसाक अर्कै थियो । यदि लगाउने गरेको भए भित्तामा झुण्डिएका तिनका तस्बिरमा कोट पनि सँगै देखिने थियो । तिनका तस्बिरमा दौरा, सुरुवाल र कम्मरमा पटुकी बाँधेको प्रस्ट देखिन्छ । यी तस्बिर हेरेर के बुझिन्छ भने कोट हाम्रो पूर्वजको पोसाक हुँदै होइन । त्यसो हो भने मैले मात्र कोट लगाउने रहर किन गर्नुपऱ्यो ?

(**समकालीन साहित्य**, बेलायत)
२० जुन, २०२४

को नहुँदा के हुन्छ ?

ऊ र म एक दिनको अन्तरालमा जन्मिए पनि संयोगले उसको र मेरो न्वारान भने एकैदिन भएको रहेछ । पास्नी र छेवर पनि एउटै लगनमा भएको भन्ने सुनिएको हो । व्रतबन्ध हुँदा हामी बुझ्ने भइसकेका थियौँ । हाम्रो व्रतबन्ध एउटै जग्गेमा भएको कुरा हामीलाई अझै पनि सम्झना छ । सायद हामी दुवैले बिर्सिएका छैनौँ । हामीले सँगै खायौँ, सँगै खेल्यौँ र सँगै हुर्कियौँ । बाल्यकालदेखि किशोरावस्थासम्म एकले अर्काको साथ कहिले पनि छोडेनौँ । स्कूल कलेज आउनेजाने गर्दा हामी सँगै हिँड्थ्यौँ । यतिसम्म कि हामी दुवैजनाको स्कूलका कापी, किताब बोक्ने झोलासमेत एउटै थियो । मलाई सम्झना छ, त्यो झोला एकदम बलियो कोरियन प्लाष्टिकको बोरा काटेर बनाइएको थियो । प्राथमिक तहदेखि माध्यमिक तहसम्म दुई जनाको किताब बोक्दा पनि झोला कहिल्यै फाटेन । हामी दाउरा, घाँस जाँदा, भेडा, बाख्रा र गाई गोठालोसमेत सँगै जान्थ्यौँ । जीवनका उर्वर र बैँसालु फाँटहरूमा हामीले एकआपसमा हातेमालो गर्दै जीवनको खेती मात्र गरेनौँ, कहिले धर्तीको सुन्दर फाँटमा पहेँलपुर हुनेगरी तोरी फुलायौँ । गहुँ र धान झुलायौँ । मनग्य मकै र फापर फलायौँ । मास, भटमास र तिलको लेखाजोखा भएन । भकारीमा धान र सुलीमा मकै प्रशस्त हुन्थ्यो । कुनै वर्ष चाहेजति वर्षा भइदिए सोचेजस्तै खेतीपाती हुन्थ्यो । कहिले खडेरी परेर बाली खङ्ग्रङ्ग भएर खेतमै सुकेका हुन्थे । कहिले बाढी पसेर मर्मत गर्न नमिल्ने गरी खेत बगाउँथ्यो । जीवन र धर्तीको फाँट सधैँ एकनासको नहुने रहेछ । कहिले घाम लाग्ने कहिले छायाँ पर्ने । कहिले अनगिन्ती खुशी प्राप्त भए, कहिले दुःखसँग हातेमालो गर्नुपर्‍यो । तर हामीले कहिले पनि हार खाएनौँ । ऊ मेरो बालसखा मात्र नभएर लगौँटिया

यार थियो । जब हामी गाउँमा थियौँ, हामीले एकअर्काको साथ कहिले पनि छाडेनौँ ।

समय क्रमसँगै हामी विभिन्न समयमा चलेको हुरी र बताससँग पनि जुध्नु जुध्यौँ । तिनै हुरी बतासले कहिले हाम्रा रङ्गिन सपनाहरू उँडाएको हेरिरह्यौँ । हुरीले कुनै बेला भर्खर प्राप्त भएका खुशीहरू उडायो, कहिले पुराना खुशीहरू उडायो । यति मात्र होइन त्यसले हाम्रा दुःख र पीडाहरू पनि उडाइदिएको थियो । समग्रमा हाम्रो जीवन त्यति सुखी नभए पनि सन्तुलित भने थियो । एकपटक आएको निष्ठुरी हुरीले मेरो बालसखालाई निकै टाढा उडाएर लग्यो । त्यतिबेला मैले हेरिरहनबाहेक अन्य केही गर्न सकिन । अब ऊ, मभन्दा धेरै टाढा अर्थात सात् समुद्रपारि पुगेर पछारियो । त्यही हुरीले मलाई भने नेपालकै एउटा दुर्गम गाउँमा लगेर हुत्याइदियो । मेरो बालसखा उतैको चरिचरनमा रमाउन थाल्यो । ऊ त्यहीको नौलो र अनौठो स्वादमा पल्कियो, त्यतै खुशी भयो । उसलाई त्यहीँको चारो र खुराकमा बानी पर्‍यो । म भने यतैको खर्क फापेको धाक लगाउँदै यतै रमाएको नाटक गरिरहेँ । मैले जन्मदा चरेको जन्मभूमिको चउर नै रोजेँ । किनकिन मलाई यतैको चारो रसिलो र पोषिलो लाग्थ्यो । केही मान्छेहरू भन्थे, "यताको चरनको बयान त गर्नै पर्‍यो नि, उता चर्न जान त भाग्यमा लेखेर ल्याउनुपर्छ ।" जिन्दगी लामो हुन्छ, भाग्य कहाँ छ तत्काल थाहा नहुन सक्छ । यो त भविष्यले एक दिन बताउने छ । भन्नेले जेसुकै भनून् मलाई भने यतैको चरन मन परेको थियो । मलाई यतै रमाइलो लाग्थ्यो । यसो हुनमा अनगिन्ती कारणहरू थिए ।

हामी अत्यन्त मिल्ने साथी, जीवन घिस्याउने सिलसिलामा ऊ शानदार जीवन खोज्दै विदेश पुग्यो भने म पनि जीवन जिउने क्रममा यतैका डाँडाकाँडा र भीरपाखामा रमाइ रहेँ । हामी सँगसँगै हलगोरुझैँ नारिएर नहिँडेको निकै वर्ष भएछ । उसलाई भेट्न जाऔँ भने म आर्थिक र प्राविधिक रूपमा समेत असमर्थ छु । ऊ पनि उताको चरिचरन छोडेर यता आउन चाहँदैन । उसका जहान-परिवार पनि उतै छन् । मैले यता आफ्नो कर्तव्य निर्वाहका लागि रातोदिन खट्नुपरेजस्तै ऊ पनि आफ्नो कर्तव्य निर्वाहका लागि उतै खटिरहेको होला । उसले स्वीकार नगरे पनि वास्तविकता त्यही हो । तर मेरो बालसखाले बिस्तुर नबिराई आफ्ना कुरा लुसुक्क मलाई सुनाउने गरेको छ । ऊ पेट पाल्ने सिलसिलामा यहाँभन्दा धेरै समय खटिरहेको छ ।

मान्छेले पृथ्वीको जुनसुकै कुनामा बसे पनि मेहनत गर्नुपर्छ, अन्यथा भोकै मर्ने सम्भावना हुन्छ । वास्तविकता यही हो । यो संसारमा ढलेको सिन्को पनि नउठाइ सुतीसुती खानेहरू कति प्रतिशत मान्छे होलान् र खै ?

मान्छेले सबैभन्दा ठूलो र महत्त्वपूर्ण प्राथमिकता भोकलाई दिने गरेको छ । भोक निमिट्यान्न पार्ने बहानामा उसले जे पनि गर्न सक्छ । चाहे त्यो वैधानिक कर्म होस् वा अवैधानिक कर्म, जीवनको पहिलो प्राथमिकता बाँच्नु हो । दोस्रो प्राथमिकतामा भोकलाई लिने गरिएको छ । बाँकी कुराहरू तेस्रो प्राथमिकतामा पर्छन् । भोक मेट्न मान्छेले अनेक उपक्रम गर्ने गर्छ । सोझो औँला प्रयोग गर्दा पेट भरिएन भने मान्छेले औँला बाङ्गो गर्न पनि जानेको हुन्छ । हत्या, हिंसा, चोरी-चकारी, अनैतिक कार्य, भ्रष्टाचार जे गरे पनि उसको अन्तिम लक्ष्य भोकसँग जोडिएको हुन्छ । उसले जति पनि आपराधिक गतिविधि र अनैतिक काम गर्छ, भोक मेटाउनका लागि मात्र गर्छ । यसमा कत्ति पनि शङ्का नमाने हुन्छ । चाहे त्यो शारीरिक, मानसिक र अन्य कुनै पनि प्रकारको भोक किन नहोस् । दामको भोक, नामको भोक, ठामको भोक, धनसम्पतिको भोक, पदको भोक, दम्पति बन्ने भोक, शानको भोक, मानको भोक र यौनको भोक । यति मात्र होइन, भोकका प्रकारहरू अनगिन्ती हुन्छन् । एउटा गरिबले पसलमा राखेको पाउरोटी चोरेर खानु र नाम चलेको चर्चित नेताले मुलुकको ढुकुटीमा आँखा गाड्नुको पछाडि एउटै कारण हुन्छ भोक । एउटालाई बाँच्ने भोकले सताइरहेको हुन्छ भने अर्कोलाई सम्पन्नताको भोकले उकासिरहेको हुन्छ ।

भोक मेट्न इमान्दारीपूर्वक कर्म गरे पनि सकिन्छ । तर यो बाटो अल्लि लामो, घुमाउरो र कठिन मानिन्छ । लामो बाटोको यात्रामा धैर्य गर्न सक्नुपर्छ । तर दुर्भाग्यपूर्ण कुरा समयले मान्छेलाई एकैछिन पनि धैर्य गर्न नसक्ने बनाइदिएको छ । उनीहरूलाई लाग्छ, आज रोपेको बाली भोलि भित्र्याउन पाउनुपर्छ । आज आँटेर तुरुन्त भोलिपल्ट बिहे गरेजस्तै । मनका कुरा चिठीमा लेखेर महिनौँ कुर्न परे जस्तो होइन फोनमा कुरा गरे जस्तै ।

तर जे भए पनि लामो बाटोको यात्रा पछिको भोकमा भोजनको स्वाद निकै मिठो, स्वादिलो र स्वस्थ्यकर हुन्छ । भन्नलाई त अधिकांश मान्छेहरू पनि यसै भन्छन् । कसैलाई अर्ती र उपदेश दिनुपरे लामो र छोटो बाटोको

विषयमा प्रायः सबैले प्रवचन दिन सक्छन्, कोही पछि हट्दैनन् । तर तिनै मान्छेले व्यवहारमा भने अलिकति फरक रूप देखाउने गर्छन् । बेइमान भएर भोक मेटाउने बाटो केही छोटो हुने भएकोले अचेल धेरै मान्छेहरू बेकारमा समय बर्बाद गर्न चाहँदैनन् । धैर्य गर्न प्रायः कसैले पनि सक्दैनन् । समयको महत्त्व सबैले बुझेका छन् । त्यो कुरा सबैले जस्तै सात समुद्रपारि बस्ने मेरो साथीले पनि स्पष्ट बुझेको छ । यहीँ बस्ने गरेको मैँले पनि त्यस कुराको राम्रै भेउ पाएको छु । कहिलेकाहीँ मलाई लाग्छ, सायद मेरो मनको कुरा उसले र उसको मनको कुरा मैले बुझ्न सक्छौँ होला । किनकि हाम्रा अनगिन्ती विचार र अनुमानहरू हुबहु मिल्ने गरेका थिए ।

यसर्थ जीवनको त्यति लामो समयसँगै बिताएका हामी दुवै भोकाहरू अचेल एकै ठाउँमा छैनौँ । ऊ उता आफ्नो भोक मेट्ने प्रयासमा तल्लीन छ भने यता आफ्नो भोक मेट्ने उद्योगमा म तल्लीन छु । यसमा मेरो कुनै पनि गुनासो छैन । सायद उसले पनि यसलाई आश्चर्य मानेको छैन । किनकि मान्छेको जीवन भनेकै यस्तै हो । जन्म, मृत्यु, मिलन, बिछोड र सुख, दुःख । यही वास्तविकता उसले र मैले मात्र होइन सायद धेरै मानिसहरूले बुझेका छन् । यथार्थ बुझेर कतिले चित्त बुझाउने गरेका छन्, मुख्य प्रश्न यही हो ।

ऊ त मेरो एकताकाको मन मिल्ने साथी मात्र हो । जीवनभरि सँगसँगै बस्नुपर्छ भन्ने पनि छैन । सँगै नबसे न आकाश खस्छ, न ठूलो भुइँचालो जान्छ । होइन सँगै बसे पनि केही हुनेवाला छैन । उसले आफ्नै लागि कर्म गर्नुपर्छ, मैले मेरै लागि कर्म गर्नुपर्छ । ऊ मरेको सुनेर, न म पनि मर्न सक्छु न म मरेको सुनेर ऊ मर्नसक्छ, हरेक मान्छेको जन्म र मृत्यु आआफ्नो हुन्छ । सुख, दुःख पनि आफ्नै हुन्छ । हरेक मानिसको भाग्य छुट्टाछुट्टै हुन्छ । एउटाको भाग्यले अर्कोले सुख प्राप्त गर्छ भन्ने पनि हुँदैन । लोग्ने-स्वास्नीबीचमा समेत यस्तो अवसर आउँदैन ।

एकैपटक जन्मिएका जुम्ल्याहा दाजुभाइ र दिदीबहिनी पनि निश्चित उमेर र समयपछि सँगै रहन सक्दैनन् । एउटै घरमा जन्मिएका दाजुभाइ पनि सँगै रहन सक्दैनन् । वर्षौं एउटै भान्सामा भोजन गरेर बस्ने परिवारका सदस्यहरू, एउटै सिरक तानेर सुत्ने श्रीमान्श्रीमती पनि जीवनको अन्तिम घडीसम्म सँगै रहन पाउँदैनन् । संसारमा आफूलाई जन्मदिने र अत्यन्त माया गर्ने आमाबाबुहरू पनि आफ्नो भागको पूर्ण उमेरसम्म, को पो साथमा

बस्ने गरेका छन् र ? सँगै रहने र बस्ने त एउटा निश्चित र तोकिएको समयसीमाभित्र मात्र हो । त्यो समय कति हो भन्ने पनि कसैलाई थाहा हुँदैन । कसैसँगको सहकार्य लामो समयको हुन्छ, कसैसँग अत्यन्त छोटो । यो नियति मात्र होइन, सायद सृष्टिका क्रममा बनाएको नीति र नियम पनि हो । यही संसारमा हो, एकताका निकै बहादुर हुँ भन्ने हिटलरको चकचकी थियो । उनले यहुदीहरूलाई तहसनहस बनाइदिए । उनीसँग प्रशस्त धनसम्पत्ति थियो, शारीरिक तागत थियो । उनलाई कसैसँग डर थिएन । तर एक दिन सृष्टिको नियम उनले पनि पालना गर्नैं पर्‍यो । त्यसैले उनी यस पृथ्वीमा सधैँका लागि रहन सकेनन् । हिटलर पनि एक दिन अन्य सामान्य मानिसहरूजस्तै आफ्नो बाटो जानुपरेको थियो । कार्लमार्क्स, स्टालिन, लेनिन, माओत्सेतुङ, महात्मा गान्धी, बीपी कोइराला, पृथ्वीनारायण शाह, राजा महेन्द्र, राजा वीरेन्द्र सबै त्यही बाटो गए । बाँचुन्जेल यिनको इज्जत र मानसम्मान कति थियो ? सबैलाई थाहा छ । उनीहरूको समयका कोही मान्छे भेटिए भने एकपटक सोधौँ त ती गएपछि संसार रहँदैन भनेझैँ गरिन्थ्यो । ती गए तर पनि संसार यथास्थितिमा चलिरहेको छ । जसरी रुखको मूल हाँगा भाँचिए पनि रुखको अस्तित्व रहिरहन्छ । एक दिन साना, मसिना र सहायक हाँगाहरू नै पुनः मूल हाँगा बनेर स्थापित हुन्छन् । कसैको अनुपस्थितिमा सृष्टि रोकिँदैन । आखिर को नहुँदा के हुन्छ र ?

दुईचार महिनाअघि भेट भएका एक जोडी साथीमध्ये एउटाले आफूलाई मान नपुगेको निहुँमा निकै गुनासो गर्दै एउटा सिर्जना कोर्छ । अर्कोले प्रतिउत्तरमा जवाफी सिर्जना फर्काइदिन्छ । लाग्छ, मित्रता गर्न लायक संसारमा अर्को कुनै मानिस जन्मिएकै छैन । मन नमिलेपछि सवाल र जवाफ गरिरहनुको के नै औचित्य हुन्छ र ? संसारमा अरबौँ मान्छेहरू छन् । सबैसँग मन मिल्नुपर्छ भन्ने पनि छैन । हरेक व्यक्तिको बल सँधै आफ्नै कोर्टमा हुन्छ । यो मनले मिल्नुपर्छ भन्छ भने खुरुक्क मिल्नुपर्छ । होइन भने ढिला नगरी मित्रता त्यागी दिनुपर्छ । तर यही द्विविधाका कारण मनभित्र अशान्ति निम्त्याउने छुट कसैलाई पनि हुनुहुँदैन । मनको अशान्तिले जीवन कठिन बनाउन सक्छ । एक जना सँगको बिछोडमा जीवनमा कायापलट हुन्छ भने त्यसलाई पनि सोच्नुपर्छ । यात्राका क्रममा राती बास बस्ने लज, होटलमा

खाना र बास अगतिलो लाग्यो भने त्यहाँ विवाद गरिरहनुको के औचित्य हुन्छ ? बरु खुरुक्क अर्को होटलमा सर्नुपर्छ, खेल खत्तम ।

जीवनमा धेरै जना मित्रहरू भेट हुन्छन्, छुट्टिन्छन् । कसैसँग स्वतः आत्मीय सम्बन्ध स्थापित हुन्छ । कसैसँगको सम्बन्ध केही शर्तसहितका हुन्छन् । शर्तसहित सम्बन्ध राख्नेहरू, शर्त पूरा भएपछि वा अपेक्षा पूरा नभएपछि सम्बन्ध टुटाएर जान्छन् । यस प्रकारको सम्बन्ध अत्यन्त स्वार्थले भरिएको र एकदमै नक्कली हुन्छ । पटकपटक मर्मत गरिरहनुपर्ने सम्बन्धबाट भरोसा थोरै र धोका धेरै पाइन सक्छ । जब सम्बन्धमा खिया लागेर चल्न कठिन हुनथाल्छ । त्यसलाई मर्मत संभार गरिरहनुभन्दा थोत्रो सवारीसाधनजस्तै लिलामीमा राख्नु उचित हुन्छ । सम्बन्धलाई मर्मत गरीगरी मानसम्मान लिनु ज्यादै हानिकारक मानिन्छ । जोडिनु र तोडिनु संसारको रीत हो । कसैसँगको सम्बन्धमा चिरा परिहाल्यो भने आत्तिनु हुँदैन । गहिराइमा पुगेर सोच्नुपर्छ, सम्बन्ध चिसो हुनुको कारण के हुनसक्छ ? पत्ता लगाउनुपर्छ, मर्मत गरे पनि हुने हो वा मिल्काउनुपर्ने हो,

आफूले पनि मान मर्यादा पाउनलाई त्यसकै बिउ रोप्नुपर्छ । बेइमानीको बिउ रोपेर इमानको फल खोजेर कहाँ पाइन्छ ? यसका लागि त इमानकै बिउ रोप्न सक्नुपर्छ । यसैगरी मान पाउन मानको बिउ रोप्नुपर्छ । अपमानको बिउ रोपेर मान झुल्छ भन्नु त मूर्खता मात्र हो । समग्र सृष्टिमा मान्छे भनेको एउटा मामुली प्राणी हो । एकदम अस्थायी र तुच्छ वस्तु । आज छ भोलि छैन ।

उहिले ऋषिमुनिहरूले तपस्या गरिरहेको ठाउँमा दानवहरूले निकै दुःख दिने गरेका थिए । तिनले देउतासँग गुहार माग्ने गर्थे । देउताहरूले दानवहरूको सातो खान्थे, लखेट्थे । जब दैत्यहरू भाग्थे, ऋषिमुनिहरू सुरक्षित महसुस गर्थे । आजभोलि पनि दानव रूपी केही मानवहरू यत्रतत्र देखिन्छन् । देउता बोलाए पनि देउताको भौतिक उपस्थिति हुने गरेको छैन । आखिर कुनै न कुनै रूपमा ती दानवहरूलाई अन्य तरिकाले भगाउने गरिएको छ । अहिले देवसेनाले धनुष-बाण बोकेर नआए पनि त चलेकै छ । त्यसैले कोही नभए पनि के हुने रहेछ र ?

विचरा हिमालयसँग कहिले पनि प्रतिस्पर्धामा नउत्रिने त्यत्रो विशाल टेथिस सागर त स्थायी रहन सकेन, जसलाई गगनचुम्बी हिमालहरूले

प्रतिस्थापन गरिदिए । आज टेथिस सागरको अस्तित्वसमेत छैन । त्यो टेथिस सागर नहुँदा पनि सृष्टि रोकिएको छैन । टेथिस सागरको अस्तित्वका लागि न युद्ध भयो न लडाइँ नै भयो, त्यो पनि जन्म लिएपछि एक दिन मान्छेजस्तै मर्नुपर्‍यो । जसले मर्नुपर्छ भन्ने कल्पना पनि गरेको थिएन । मान्छेलाई त प्रस्ट थाहा छ, जन्मिएपछि एक दिन अवश्य मर्नुपर्छ । मान्छेले जन्म लिएको मर्नका लागि हो । पूर्वीय दर्शनले स्पष्ट स्वीकार गरेको छ । जन्म लिने मानिसहरू जन्मिरहेका हुन्छन् । मर्नेहरू मरिरहेका हुन्छन् तर पनि सृष्टि चलिरहेकै छ, चलिरहन्छ । बेकारमा अर्को कसैलाई अभिमानी, घमण्डी भनेर आफ्नै आङ्को छारो किन उडाइरहने ? एउटा कुरा के हो भने दुई पक्षको विवादमा एउटा पक्ष मात्र घमण्डी मानिँदैन । मान्छेले कहिलेदेखि बुभ्mछ खै ?

(**प्रज्ञादर्पण,** वर्ष २, अङ्क १, पूर्णाङ्क २)

खुशी

सृष्टिमा जन्मिएका अनगिन्ती मान्छेहरूमध्य सबैको अनुहार मात्र होइन, विचारमा पनि भिन्नता हुन्छ । हरेक व्यक्तिको सोख र चाहना पनि अलगअलग पाइन्छ । एउटालाई मन परेको वस्तु अर्कोलाई मन नपर्न सक्छ । त्यही वस्तु कसैलाई अत्यन्त प्रिय पनि लाग्न सक्छ । कसैलाई केही कुराले उत्साहित बनाउँछ भने केही मान्छेलाई त्यही कुराले उदासीन बनाइ दिनसक्छ । सृष्टिको रचना विचित्रको छ । यस धरामा अनगिन्ती मान्छेहरू आउँछन् र निश्चित समयपछि जान्छन् । मानौँ यहाँ एक प्रकारको रिलेदौड चलिरहेको छ । जसरी रिलेदौडमा मान्छेहरूले हातको लौरो बोक्ने जिम्मेवारी आफ्नो टिमको साथीलाई हस्तान्तरण गरेर दौडको अन्त्य गर्छ त्यसरी नै यो जीवन रूपी रिले दौडमा पनि मान्छेले आफ्नो सारा जिम्मेवारी कसैलाई सुम्पिएर कुनै पनि समयमा आफ्नो दौडको अन्त्य गर्छ । खेलाडीहरू कतिले दौड पूरा गर्छन्, कति बीच बाटोमै लड्छन् । कति रनवेमा घाइते हुन्छन् । फरक यति मात्र हो, रिले दौडमा दौडिएर तोकिएको स्थानमा पुग्ने पहिलो हुन्छ केही पुरस्कार र प्रमाणपत्र हात पार्छ तर जीवनको दौडमा न नगद पुरस्कार हात पर्छ न प्रमाणपत्र, जीवनको दौड पूरा गर्नेले प्रथम स्थान प्राप्त गरेको आजसम्म सुनिएको छैन । सायद सृष्टि रहेसम्म यसरी नै अन्तहीन दौड चलिरहने छ ।

मैले केही यस प्रकारका खेलाडी पनि देखेको छु, जसलाई यो जीवनको खेल त्यति मन पर्दैन तर पनि उनीहरू दौडिरहेका हुन्छन् । तिनले बहुसङ्ख्यक मान्छेले जस्तै अप्रत्यासित खुशी पनि मन पराउँदैनन् । मलाई अनौठो लाग्छ, यो विचित्रको संसारमा खुशी मन नपराउने मान्छे पनि हुने रहेछन्, लागेको थियो, सामान्यतया शत प्रतिशत मान्छेहरूले अप्रत्यासित होस् वा अपेक्षित, जस्तोसुकै खुशी पनि मन पराउने गर्छन्, तर

केही मान्छेहरूले यस प्रकारको खुशी किन मनपराउँदैनन् ? तिनीहरू किन खुशीसँग पर भाग्छन् ? यही विषयमा मेरो ध्यान केन्द्रित भएको छ ।

जब मैले यस्ता मान्छे पनि हुन्छन् भन्ने थाहा पाएँ, अचेल मलाई सबैभन्दा धेरै उत्साह, खुशी मन नपराउने मान्छे देख्दा लाग्ने गरेको छ । खुशीबाट टाढा रहने व्यक्तिहरूसँग त्यस्तो स्वभाव हुन्छ, जसले जीवनले दिने क्षणिक खुशीको उपहार सहजसँग निल्न र पचाउन सक्दैनन् । त्यस्ता मान्छेहरूले जब एक्कासि खुशी प्राप्त गर्छन् तिनको त्यो खुशी माछाको काँढा अड्किएजसरी घाँटीमा अड्किन्छ । जब घाँटीमा खुशी अड्किन्छ, तिनले सहजसँग सास फेर्न र सजिलैसँग बोल्न पनि सक्दैनन् । संयोगले खुशी उपलब्ध भइहाले पनि यिनीहरू झसङ्ग भएर झस्किन्छन् । जब अप्रत्यासित खुशी मिल्छ यिनको मनभित्र भयानक आँधीहुरी चल्न थाल्छ । यिनीहरू खुशीले उत्पन्न हुने भय र त्रासका कारण निकै सशङ्कित हुने गर्दछन् । त्यसैले हुनुपर्छ तिनीहरूले पुनः यसप्रकारको अर्को खुशी सितिमिति पाउँदैनन् । यिनीहरूलाई लाग्छ, जीवनका आगामी पलहरूमा यस प्रकारका अप्रत्यासित खुशी कहिले पनि नआइदिए हुन्थ्यो । जसका कारण पटकपटक त्रसित भइरहनुपरोस् ।

हुन त खुशीसँग अभ्यस्त मान्छेहरू पनि एक्कासि प्राप्त हुने यस प्रकारका खुशीसँग एकपटक भने झसङ्ग भएर झस्किएकै हुन्छन् । जब पुराना खुशीहरूको स्वाद सम्झन्छन्, तिनको घाँटी सहज रूपमा खुल्छ, बल्ल यिनले प्राप्त खुशी, सजिलोसँग ग्रहण गर्न सक्छन् । अकस्मात् प्राप्त हुने खुशीभन्दा लामो समयसम्म प्रतीक्षा गरेर प्राप्त हुने अपेक्षित खुशी सुखदायी हुन्छ र त्यस्तो खुशी एकदम अर्गानिक र चिरस्थायी हुन्छ ।

नियमित रूपमा खुशी प्राप्त गर्ने हो भने मेहनती बनेर खुशीको खेती गर्न सक्नुपर्छ । यसरी आफ्नो मेहनत र पसिना सिञ्चिएको खुशीको फसल हातपार्दा भने त्यस्तो खुशीबाट कत्ति पनि डर लाग्दैन र डर मान्नु पनि पर्दैन । यस्तो खुशीले कुनै पनि प्रकारको बाह्य र आन्तरिक हानिनोक्सानी गर्दैन । यसबाट खुशीको साथमा प्रसन्नता प्राप्त हुन्छ । समग्रमा यस्तो खुशीले स्वास्थ्य मात्र होइन आर्थिक अवस्था र सामाजिक अवस्थामा पनि सुधार गरिदिन्छ । यो आफ्नो भागको वास्तविक खुशी हो । प्रायः क्षणिक र अप्रत्यासित खुशी परिबन्दबाट प्राप्त हुन्छ । परिबन्दबाट प्राप्त हुने खुशीमा मिसावट गरिएको

हुनसक्छ । त्यस्तो खुशी शुद्ध हुँदैन । मिसावट गरिएको वस्तु उच्चस्तरको हुने कुरा पनि भएन । उसो भए खुशी डरलाग्दो वस्तु हो ? बिलकुल होइन । तर अप्रत्यासित रूपमा पाएको खुशीसँग भने सतर्क रहनैपर्छ । किन भने कसैको व्यक्तिगत स्वार्थ पूरा गर्ने सिलसिलामा पनि यसरी एक्कासि खुशी फुत्त आइदिन्छ । यस्तो खुशीको अनुभव मैले पनि पटकपटक गरेको छु । कुनै दिन त्यस्तो खुशी उपभोग गरेवापत मूल्य भन्दा चौगुना दस्तुर बुझाउनुपर्छ । त्यस्तो खुशीको सामना गर्न डराउनेहरू प्रायः एक्लै रहन मन पराउँछन् । हुन त एक्लोपनले आनन्दभन्दा दोब्बर बढी दुःख दिनसक्छ तर मान्छेले एक्लोपनमा भरपुर आनन्द पाइने कुरा गर्छन् । मलाई पनि यस्तै लाग्छ । मानिसहरू तथ्यहरूको सामना गर्न डराउँछन् । मान्छेको जीवनमा एक्लोपनले सबैभन्दा धेरै हानि गर्छ तर यस कुराको ख्याल बहुसङ्ख्यक मान्छेलाई नहुने रहेछ । एक्लोपनमा रमाउनेहरूलाई खुशी मन पर्दैन । स्पष्ट छ दुःखी मान्छेले एक्कासि प्राप्त भएको खुशीलाई सहज रूपमा लिन सक्दैन र हतपती पचाउन पनि सक्दैन । अप्रत्यासित खुशी पचाउन पनि नयाँ परिकार पचाउनजस्तै कठिनाइ हुन्छ । जसरी कहिले पनि नदेखेको र नखाएको परिकार अप्रत्यासित रूपमा क्वाप्प खान सकिँदैन । त्यसरी नै जीवनमा आउने अप्रत्यासित खुशी ग्रहण गर्न पनि कठिनाइ हुन्छ । ठूलो रकम चिठ्ठा पर्दा, अचानक पुरस्कार प्राप्त गर्दा, कल्पना पनि नगरेको पद प्राप्त गर्दा मान्छेहरू ढल्ने, बेहोस हुने घटना यसका उदाहरण हुन् ।

जसरी जीवनमा केही नपाएका व्यक्तिहरूले महत्त्वपूर्ण वस्तु गुमाउनुको पीडा बुझ्न सक्दैनन्, त्यसरी नै जीवनमा कहिल्यै खुशी नपाएका व्यक्तिहरूलाई खुशी प्राप्त हुँदाको आनन्द अनुभव गर्न पनि त्यत्तिकै कठिनाइ हुन्छ । खुशी मन नपराउने मान्छेहरूको सबैभन्दा सुन्दर पक्ष के हो भने यस श्रेणीका मान्छेहरूले जीवनमा आइपर्ने ठूलाठूला दुःखहरू पनि सजिलै पार लगाउन सक्छन् । भनिन्छ, सधैँ खुशी मात्र महसुस गर्नु मान्छेका लागि राम्रो मानिँदैन किनभने यसले हामीलाई थप जिम्मेवार बन्ने र जीवनमा सुधारिने मौका दिँदैन । स्थायी खुशीले मान्छेमा विचलन ल्याइदिन्छ । अर्कोतिर सधैँ खुशी खोजिरहने मान्छेको सबैभन्दा पीडादायी कुरा भनेको जीवनमा उनीहरूले अप्रत्यासित रूपमा आउने दुःखलाई हतपती सहन गर्न सक्दैनन् । केही मान्छेहरू खुशीविना एकछिन पनि रहन सक्दैनन् । त्यस्ता मान्छेहरूले

खुशी खरिद गर्ने गरेको पाइन्छ । कसैको खुशी खोस्ने र लुट्ने गरेको पाइन्छ तर बलात् प्राप्त हुने खुशी कसैका लागि पनि हितकर हुँदैन । अझ कसैलाई रुवाएर, कसैलाई पीडा दिएर प्राप्त गरेको खुशीले एक दिन नराम्रोसँग पोल्छ र आफैँलाई धोका दिनसक्छ । मान्छेले खुशी प्राप्त गर्नकोलागि झुटो बोल्ने, छलकपट गर्ने, बेइमानी बन्ने, चोरी गर्ने गर्दछन् । यसैले जीवनको हरेक पलमा खुशी खोज्ने प्रयासमा समय खेर फाल्नु हुँदैन र बेइमान बन्नु हुँदैन ।

बारम्बार सुखको अनुभूति गर्ने र सजिलोसँग दुःख झेल्न नसक्ने मान्छेभन्दा दुःख झेल्न सक्ने अर्थात् सुखानुभूति गर्न नपाउने मान्छेहरूलाई समाजका अधिकांश मान्छेले सजिलोसँग बुझ्न सक्छन् । यिनीहरू खुला किताब सरह हुन्छन् भने सुख पाइरहने मान्छेलाई समाजले हतपती चिन्न र बुझ्न सक्दैन । तिनले आफ्नो अनुहार सधैँ पर्दाभित्र लुकाएर राख्ने गर्छन् । जसले पर्दाभित्रबाट समाजलाई मजाले हेर्न मिल्छ भने बाहिर बस्नेहरूले तिनलाई कहिले पनि देख्न सक्दैनन् । यसरी तिनलाई बन्द किताबसँग तुलना गर्न सकिन्छ । विना परिश्रमको खुशी मन्दविषजस्तै मानिन्छ । यसले तत्काल ओठ खुलाएर हँसाए पनि भविष्यमा पीडा दिनसक्छ । त्यसैले खुशी न त खोजेर लिन उचित हुन्छ न खोसेर लिन उचित हुन्छ, खोजेर र खोसेर पाएको खुशीले एक दिन अवश्य धोका दिन्छ । खुशी आफ्नो मेहनत र कर्मबाट प्राप्त गर्नुपर्छ ।

अप्रत्यासित रूपमा पाइने खुशीबाट सतर्क रहनुपर्ने भए पनि खुशी प्राप्त हुँदा भने भाग्नु हुँदैन । खुशी मन नपराउने मान्छेले आफ्नो खुशीलाई दुःखसँग साटासाट गर्ने अभ्यास गर्नुपर्छ । जब व्यक्तिमा खुशीको नशा लाग्छ, उसलाई हरेक क्षण खुशी चाहिन्छ । ऊ खुशीविना एकपल पनि बाँच्न सक्दैन तर दुःखको कुरा खुशी हरेक क्षण प्राप्त हुँदैन । त्यसैले उसले खुशी खोज्ने क्रममा जस्तोसुकै पनि सम्झौता गर्न तयार हुन्छ । त्यसबेला उसले सानोदेखि लिएर ठूलोठूलो अपराधसमेत गर्न सक्छ । महत्त्वपूर्ण पदमा पुगेको व्यक्ति भ्रष्टाचारमा लिप्त हुनु, सामान्य स्वभावको व्यक्ति पनि हत्या र हिंसामा उत्रिनुको मूल कारण यही हो । केही मान्छेहरू यतिविधि झुटो बोल्ने गर्छन् कि उनीहरूका अधिकांश कुरा झुटो हुन्छ । खुशीमा रमाइरहने बानी परेको व्यक्तिले खुशीको अभाव भयो भने झुटो बोल्न आरम्भ गर्छ । आफैलाई सान्त्वना दिन उसले झुटो बोलिरहेको हुन्छ । यसरी झुटो बोल्नेहरूले

अरूलाई मात्र होइन आफैँलाई धोका दिइरहेका हुन्छन् । यसलाई व्यक्तिले आफूले आफैँलाई गर्ने आन्तरिक उपचारको रूप मान्न सकिन्छ ।

जीवनका हरेक दिन बित्दै जान्छन्, मान्छेको उमेर बढ्दै जान्छ, यसपछि भने बिस्तारै मान्छेले खुशीको खोजी कार्यमा कम समय खर्च गर्न लाग्छ । ऊ आँखा चिम्लिएर आफ्नो बाटोमा लागिरहन्छ । यसो हुनुमा मान्छेको बढ्दो उमेरले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । उसले जीवनका अनगिन्ती आरोहअवरोहहरू भोगिसकेको हुन्छ । अब भने उसले खुशीको असली रूप बुझिसकेको हुन्छ । यस अवस्थामा उसलाई बलात् प्राप्त गरेको खुशीसँग घृणा उत्पन्न हुन्छ । यता किशोरावस्थामा खुशीको खोजीमा निस्किएको मान्छेले वास्तवमा हरेक पल बाँच्न बिर्सन्छ, जुन मान्छेको जीवनको सबैभन्दा तीतो वास्तविकता हो । किशोरावस्था खुशी सङ्कलन गर्ने समय होइन । अध्ययन अध्यापन गर्ने उमेर हो । किशोरावस्थामा खुशी खोज्ने मान्छेको भविष्य उज्ज्वल हुँदैन । प्रत्येक मान्छेले दीर्घकालीन र अग्रगामी सुखका योजनाहरू बनाउँदै गर्दा समयको अवधारणालाई बिर्सेर आफूले आफैँलाई अन्याय गरिरहेको हुन्छ । उसले आफ्नो हातबाट झरेका सुन्दर पलहरूलाई पछ्याउनुको सट्टा सधैँ एक कदमअगाडि सोच्न थाल्छ "खुशी कहाँ पाइन्छ र कसरी पाइन्छ ?" उसलाई कत्ति पनि थाहा हुँदैन, मान्छे खुशी खोज्न जन्मिएको होइन । खुशी बाँड्न जन्मिएको हो ।"

चालिस वर्षअघिको ताहुँ

वि.सं. २०४० ताका जागिरको सिलसिलामा पाल्पा पुग्दा म निकै उत्साहित बनेको थिएँ । यसो हुनुमा कुनै एउटा मात्र कारण थिएन, अनगिन्ती कारण थिए । पाल्पा शहरलाई दार्जीलिङ शहरसँग तुलना गरेर 'नेपालको दार्जीलिङ' भन्ने गरिन्थ्यो । पाल्पाली ढाका कपडा उद्योगको चर्चा यसरी फैलिएको थियो कि, कहिले तानसेन पुगौँ र ढाका कपडा बनाउने प्रविधि आफ्नै आँखाले देखौँझैँ लाग्थ्यो । २०१४ सालमा नगरपालिका बनेर २०१७ सालमा नगर पञ्चायतमा परिणत भएको यो पुरानो शहरले मेरो मन धेरै पहिलेदेखि तानिरहेको थियो तर तानसेन पुग्ने अवसर प्राप्त भएको थिएन । पाल्पाको भैरवस्थान, रम्भा पानी, सत्यवती र रामपुर फाँटको बयान निकै पहिले सुनिसकेकोले पाल्पाले मलाई निकै आकर्षित गर्ने गरेको थियो । लाग्थ्यो, एकपटक पाल्पा भ्रमणमा निस्कन पाए कति गजब हुन्थ्यो होला, तर अहिलेजस्तै आन्तरिक भ्रमण गर्ने प्रचलन थिएन । न अहिलेजस्तै युट्युबमा हेरेर मन बुझाउन सकिन्थ्यो, सबैभन्दा महत्त्वपूर्ण कुरा स्कूल, कलेज पढ्दै गरेको एउटा सामान्य विद्यार्थीसँग न घुमफिर गर्ने पैसा हुन्थ्यो न समय ।

जब मैले लोकसेवा आयोगको परीक्षा उत्तीर्ण गरेँ, एक्कासि मेरो मनमा लामो समयदेखि गुम्सिएर बसेको रहर अचानक पूरा भयो । मैले पाल्पास्थित जिल्ला कृषि विकास कार्यालयका लागि स्थायी नियुक्ति पाएँ । मेरो भुइँमा खुट्टा पनि थिएन, अब मैले सपनाको पाल्पा सहजै देख्न पाउने भएको थिएँ आफ्नै आँखाले, त्यो पनि विपनामा, कृषि विकास कार्यालयले गरेको कार्यक्षेत्र विभाजनअनुसार केही दिनमा गल्धा र अर्चलेमा कृषि प्रसार गर्ने जिम्मेवारी लिएर म त्यतैतिर लागेँ । त्यसबेला मुलुकका निकै पातलो र केही शहरी सडकहरूसँग मात्र साक्षात्कार गरेको मलाई, आर्यभन्ज्याङबाट

बिरकोटसम्मको ग्रामीण सडकले झसङ्ग बनाइदिएको थियो । त्यसबेला मैले देखेको यो पहिलो गाडी गुड्ने ग्रामीण सडक थियो । आखिर सडक भनेको एउटा शहरदेखि अर्को शहर जोड्ने साधन मात्र होइन रहेछ । सडकले राजमार्ग र शहरसँग कुनै दुर्गम गाउँ पनि जोड्न सकिने रहेछ । यो पाल्पाली सोच देख्दा मलाई केहीबेर सोच्न बाध्य बनाएको थियो ।

त्यतिबेला गोरखा सदरमुकाममा भर्खरै सडक पुग्दा यहाँ भने यस्तो ग्रामीण सडकसमेत देख्न पाउनु मेरा लागि कम आश्चर्यको विषय थिएन, गल्धा जाने क्रममा जब म ताहुँ पुगेँ, ताहुँ निकै सुन्दर र आकर्षक देखिन्थ्यो । थुम्कादेखि पल्लो बजारसम्म लमतन्न फैलिएको दोहोरो नेवार हटियाले ताहुँको भूमिलाई निकै शोभा दिइरहेझैँ लाग्थ्यो । कपडा पसल, किराना पसल, मिठाइ पसल, होटल, रेष्टुरेन्ट, भाँडा पसल र औषधि पसलसहित त्यहाँ लगभग सबै प्रकारका पसलहरू थिए । ताहुँ बजारको तुलनामा गल्धा निकै टाढा र दुर्गम थियो भने यातायात सुविधा र बजार सुविधाबाट समेत वञ्चित थियो । कमसेकम आर्यभन्ज्याङ्गबाट मौका मिले पुरानो रसियन जीपमा र त्यो उपलब्ध नभए ट्रैक्टरको सवारीमा भए पनि कच्ची बाटो नै किन नहोस्, मजाले ताहुँसम्मको यात्रागर्न पाइन्थ्यो ।

तीनचार महिनाको गल्धा बसाइपछि मैले निकै अनुरोध गरेर ताहुँ कार्यक्षेत्र माग गर्दै कार्यालयमा निवेदन दिएँ । तत्काल त्यसको सुनुवाई भयो । अब आफूले मनले खाएको सुन्दर ताहुँ बजार मेरो कार्यक्षेत्र बनिसकेको थियो । साथमा मैले हेक्लाङको समेत जिम्मेवारी पाएको थिएँ । लगातार आठ वर्षसम्म मैले त्यो रमणीय गाउँ ताहुँमा रहेर कृषि प्रसार गर्ने अवसर पाएँ । साँच्चै प्राकृतिक सुन्दरताले भरिपूर्ण ताहुँ सानो पहाडी बजार मात्र थिएन, पूर्वी पाल्पा जाने र पूर्वी पाल्पाबाट तानसेन भित्रिने प्रमुख नाका पनि थियो । बजारको माथिल्लो भागमा रम्भापानी जङ्गल, बजारको तल्लो भागमा वृक्षारोपण गरेर हुर्काइएका हरिया सल्लाका रूख र पानीको पँधेरोले ताहुँ बजार निकै सुन्दर देखिन्थ्यो । झ्वाट्ट हेर्दा रिम्घा लेकको काखमा अबस्थित रम्भापानी जङ्गल सामान्य देखिए पनि त्यो जङ्गल प्राकृतिक विविधताले भरिपूर्ण थियो । त्यहाँ काफल, चुत्रो, ऐँसेलु वनतरुल मात्र होइन वेतबाँस र खल्लुकका रुखहरू पनि प्रशस्त पाइन्थे । भनिन्थ्यो – त्यहाँ अधिकांश औषधीजन्य वनस्पतिका रुखहरू छन् । अनेक प्रजातिका चराचुरुङ्गी र वन्यजन्तुसमेत यहाँको जङ्गलमा

पाइने भएकोले रम्भापानी जङ्गललाई विशेष महत्त्वका साथ हेर्ने गरिन्थ्यो । यसै रम्भापानीको वनभित्र रहेको प्रसिद्ध रम्भादेवीको मन्दिरमा हामी बेलाबेलामा दर्शन गर्ने र घुम्ने उद्देश्य लिएर जान्थ्यौँ । त्यहाँ हामी कयौँपटक वनभोजका लागि पनि पुग्यौँ ।

हामीले कृष्णाष्टमीमा मेला लाग्ने गरेको (जन्माष्टमी डाँडा) नाचन डाँडामा बसेर अघाउन्जेल बजार र वरपरका सुन्दर दृश्यहरूको दृश्यावलोकन गर्न छुटाएनौँ । पाल्पा जिल्लामा तानसेनको भगवती जात्रापछि अत्यधिक मान्छे भेला हुने जात्रामा गनिन्थ्यो - ताहुँको जन्माष्टमी मेला । मेलामा विभिन्न स्थानीय परिकारहरू बटुक, बिरौँला, झिनिया रोटी आदि बिक्रीका लागि राखिएको हुन्थ्यो भने कौडा, घाँटु र सोरठीजस्ता पाल्पाका लोकप्रिय गीत र नृत्यहरूको रसास्वादन गर्न पाइन्थ्यो । मैले यसभन्दा अघि गोरखामा अवलोकन गर्ने गरेका जात्रा, ताहुँमा हुने यो जात्राभन्दा एकदम भिन्न हुन्थ्यो । त्यहाँ उपलब्ध परिकार र गीत तथा नृत्य मेरा लागि निकै नौला र आकर्षक थिए । त्यसैले म कामविशेष तानसेन पुगेको भए पनि गोरखातिर गएको भए पनि जन्माष्टमी जात्रा अवलोकनका लागि जसरी भए पनि ताहुँ फर्कने गरेको थिएँ ।

रम्भादेवीको दर्शन गर्न स्थानीय व्यक्तिहरूलगायत आसपासका क्षेत्रहरूबाट समेत दर्शनार्थीहरूको ओइरो लाग्थ्यो । २०४२/४३ सालतिर पोखरास्थित गण्डकी नुडल्सले सामान्य मन्दिर भएको स्थानमा एउटा अलि ठूलै मन्दिर बनाइदिएको थियो । उक्त मन्दिर जङ्गलमा भएको कारण र २०३२ सालतिर पुरानो रम्भादेवीको मूर्ति चोरी भएपछि रम्भादेवीको मूर्तिलाई बजारबाट बिहान डोकोमा बोकेर मन्दिरमा लैजाने र पूजा सम्पन्न भएपछि पुनः फिर्ता ल्याउने प्रचलन थियो । सायद यो प्रचलन वर्तमान अवस्थासम्म आइपुग्दा उस्तै छ अथवा छैन, त्यो भने मलाई स्पष्ट जानकारी छैन किनकि यसबीच म ताहुँ पुग्न सकेको छैन । पहाडको काखमा थुपुक्क बसेको ताहुँ बजारको हावापानी मध्यम प्रकारको थियो । यहाँ न अत्यधिक धेरै गर्मी हुन्थ्यो न कठ्याङ्ग्रिने खालको जाडो, रम्भापानी जङ्गलबाट ल्याइएको पानीलाई बजारभन्दा माथितिर एउटा टयाङ्की बनाएर सङ्कलन गरिएको थियो र गाउँमा वितरण गरिन्थ्यो । उक्त पानी तामाको गाग्रीमा राख्ने हो भने

हल्का अमिलो स्वाद आउने गर्थ्यो । स्थानीय बासिन्दाहरू भन्ने गर्थे, पानीको मुहानमा तामाखानी भएको कारण पानीको स्वाद यस्तो भएको हो । कुरा सही थियो वा थिएन हामीले भने कहिले पनि वास्तविकता बुझ्ने कोसिस गरेनौँ ।

अन्य पहाडी गाउँमा पाइने भौतिक सुविधाको तुलनामा ताहुँ बजारमा केही थप सुविधाहरू थिए । नेपाल बैङ्क लिमिटेडको शाखा कार्यालय, साझा संस्था, कृषि विकास कार्यालयको प्राविधिक केन्द्र, हुलाक, हेल्थपोष्ट, नेपाल रेडक्रस सोसाइटीको कार्यालय, गाउँ पञ्चायत कार्यालय र जिल्लाकै पुरानोमध्येको एक रम्भा माध्यमिक विद्यालय ताहुँका गहना थिए । जसका कारण यहाँ वरपरका गाउँहरूबाट समेत मान्छेहरू प्रशस्त आउने गर्दथे, त्यसैले बजारमा निकै चहलपहल हुने गरेको थियो । आसपासका गाउँहरूबाट कुखुरा, तरकारी र घरपाला मदिरा बेच्न आउने मान्छेहरूले बजारबाट खुदी (कनिका), चामल, सख्खर तथा लत्ताकपडा एवं दैनिक उपभोगका वस्तुहरू खरिद गरेर फर्कने गर्थे । त्यसैकारण पसलहरूमा निकै घुँइचो देखिन्थ्यो र ताहुँको व्यापार-व्यवसाय निकै फस्टाएको थियो । पाल्पाको रामपुर, दर्छा, खालिवन, झिरुवासलगायत सबै पूर्वी क्षेत्रहरूबाट सदरमुकाम आउजाउ गर्ने मान्छेहरूले यही बाटोको प्रयोग गर्ने भएकोले प्रायः ताहुँ बजारमा मान्छेको बाक्लो उपस्थिति हुन्थ्यो ।

हामी कहिलेकाहीँ ताहुँ बजारको उत्तरमा रहेको ओमभञ्ज्याङ र देउरालीतिर घुम्न जान्थ्यौँ । जहाँबाट उत्तरतिर सेतै टल्किएका हिमाल देख्न पाइन्थ्यो । कहिले हामी दक्षिणतिर ओरालो लागेर घुर्चिस फाँटसम्म पुग्नेगर्थ्यौँ । प्रशस्त नभए पनि यो फाँटमा उब्जिएको अन्नले ताहुँ गाउँलाई निकै भरथेग हुने गरेको थियो । बिदाको समयमा हामी केही साथीहरू मिलेर मोटरबाटो हुँदै बिरकोट, हुमिन, सेर्कावास पुग्ने गरेका थियौँ भने कहिले फुरुङ्दीफाँट र यदाकदा रिङ्नेरहको पूर्व खोलासम्म पनि जाने गरेका थियौँ । यसबाहेक हेक्कलाङ, फोक्सिङकोट, अँगाहा खोला र देवीनगर पनि हाम्रो घुम्न जाने स्थानको सूचीमा सूचीकृत थिए । खेलकुदको क्षेत्रमा फुटबलको त्यति प्रचलन नभए पनि भलिबल खेलमा यहाँका युवाहरू निकै सक्रिय थिए । मलाई सम्झना भएअनुसार वरपर कतै भलिबल प्रतियोगिताको आयोजना हुँदा ताहुँका युवाहरू अनिवार्य उपस्थिति जनाउँथे र पुरस्कृतसमेत हुन्थे । भलिबल खेलको विकासमा पाल्पा जिल्ला निकै अगाडि देखिन्थ्यो । त्यसको बलियो प्रमाणका रूपमा हामी वरपर घुम्न जाँदा भलिबलका कोर्टहरू लगभग सबै गाउँमा देख्न पाइन्थ्यो ।

त्यसबेला ताहुँमा नवज्योति वाचनालय र रम्भा वाचनालय नामका दुईवटा वाचनालयसमेत सञ्चालनमा थिए। ताहुँलाई शिक्षित र समुन्नत बनाउन यी वाचनालयको अहम् भूमिका थियो। स्थानीय मान्छेहरूमा निकै अध्ययन गर्ने बानीको विकास भएको देखिन्थ्यो। स्थानीय युवाहरूको सक्रियतामा हरेक दिन वाचनालय खुला हुन्थ्यो। हुलाकमार्फत पत्रपत्रिका आउने भएकोले ताजा नभए पनि प्रकाशनको कम्तीमा पनि एक हप्ताभित्रमा पत्रिका आइपुग्थे। बसाहा चौतारामा बसेर सिरसिर हावाको झोकासँगै पत्रिका पढ्दाको आनन्द छुट्टै प्रकारको हुन्थ्यो। वाचनालयमा अनेकौँ विधाका विविधथरी पुस्तकहरू राखिएका थिए। मैले एकै दिन दुवै पुस्तकालयबाट पुस्तकहरू लिएर जाने गरेको थिएँ। एक पटक लगेको पुस्तक एक हप्तासम्म निर्वाध रूपमा राख्न पाइन्थ्यो। मलाई लाग्छ, त्यसबेला समय बिताउने मुख्य र सर्वोत्तम विकल्प यही थियो। यहाँ रहँदाको यी आठ वर्ष मेरा लागि निकै उर्वर बन्न पुग्यो। त्यसरी साँझ-बिहान निर्वाध रूपमा पुस्तक पढ्न अन्यत्र सितिमिति पाइँदैन थियो।

वाचनालयमा अन्य पत्रपत्रिका ढिलो आइपुग्ने भए पनि विनयकुमार कसजुको सम्पादकत्वमा तानसेनबाट प्रकाशित हुने **सत्य** साप्ताहिक भने भोलिपल्ट नै आइपुग्ने गरेको थियो। विशेष गरेर पाल्पा जिल्लाको स्थानीय खबरहरू छापिने गरेको **सत्य** साप्ताहिकमा केही पेजमा साहित्यिक सामग्रीहरूसमेत समावेश गरिएको हुन्थ्यो। स्थानीय समाचार पढ्न पाइने भएकोले त्यसबेला **सत्य** साप्ताहिक पाल्पामा निकै लोकप्रिय थियो। करिब आठ वर्षको ताहुँ बसाइका क्रममा मैले अनेकौँ पटक जन्ती र मलामी जाने अवसरसमेत पाएको थिएँ। जीवनमा पहिलो पटक जागिर खाएर लामो अवधिसम्म बिताएको कारण ताहुँ मेरो जागिरे प्राथमिक विद्यालयजस्तै लाग्छ। मैले ताहुँ छोडेको अहिले लगभग तीस-बत्तीस वर्ष पुगिसकेको छ। मनमा अनगिन्ती रहर र इच्छा हुँदाहुँदै पनि ताहुँलगायत तानसेन पुग्न समय मिलेको छैन। विश्वास छ, कुनै एक दिन यो इच्छा अवश्य पूरा हुनेछ।

यति मात्र होइन, म ताहुँका केही हिउँद र वर्षायामसँग राम्रोसँग परिचित थिएँ। ताहुँमा परेको असिना पानीसँग कैयौँ पटक ठोकिएको थिएँ। त्यहाँ चलेको हावाहुरीसँग साक्षात्कार गर्ने अवसर पाएको थिएँ। खडेरी पर्दा बारीमा हुर्किँदै गरेका मकैका बोट र त्यहाँका स्थानीय बासिन्दासँगै म

पनि सँगै ओइलाउन पुगेँ । त्यहाँका लगभग सबै गल्लीहरूमा आफ्नो पैतालाका डोबहरू छोड्ने काम गरेँ । केही वर्ष गोरखाली खाजा खान छोडेर ताहुँको ‘ अर्नी’मा बानी पारेँ । चामलको कनिकालाई सबैले जस्तै ‘खुदी’ भन्न थालेँ । ग्रीष्ममासमा घर र होटलमा बनाइने स्वादिलो ‘चुकाउनी’को स्वाद लिएको मात्र होइन, त्यो बनाउने सीपसमेत सिकेर फर्केँ । जागिरको सिलसिलामा मजस्ता अनगिन्ती मान्छेहरू ताहुँ पुगे होलान् त्यसैले त्यहाँ पुगेका सबै मान्छेलाई ताहुँले चिन्नुपर्छ भन्ने छैन । मैले भने त्यही एउटा मात्र ताहुँलाई चिनेको छु । कहिले पनि नबिर्सने गरी सम्झिरहेको छु र सम्झिरहने छु ।

(**मेरो चितवन**)
२०८१।०२।१२

छैटौँ इन्द्रिय

कुनैकुनै व्यक्तिमा भविष्यमा हुनसक्ने सम्भावित घटना, दुर्घटनाको आभास पाउन सक्ने अनौठो क्षमता पाइन्छ । भनिन्छ, उनीहरूले सहजै भविष्यसँग साक्षात्कार गर्न सक्दछन् । यसबाहेक उनीहरू अतीतमा पुगेर घटनाको सच्चाइ पत्ता लगाउन सक्षम मानिन्छन् । केहीले त सयौँ किलोमिटर टाढा रहेका व्यक्तिहरूको छलफलसमेत सुन्न सकेको बताउने गरिएको छ । भनिन्छ, कसको मनमा के विचार चलिरहेको छ, उनीहरूले अरूका मनका कुरासमेत सशब्द सुनिरहेका हुन्छन् । मनको अनुभूतिलाई यथार्थमा परिणत गरेर देखाउन सक्छन् । जसको प्रयोगबाट एउटा मान्छेले अर्को मान्छेको मनको कुरा सजिलै पढ्न सक्छ । आँटेको स्थानमा तुरुन्त पुग्न सक्छ र तुरुन्त फिर्ता हुन पनि सक्छ । यही क्षमताद्वारा उनीहरूले वर्तमान, भूत र भविष्यबारे जानकारी प्राप्त गर्न सक्ने भएकोले संसारको एउटा कुनामा बसेर कुनै अर्को कुनाको जानकारी पलपलमा हासिल गरिरहेका हुन्छन् । जुन कुरा अत्यन्त अनौठो र आश्चर्यजनक लाग्छ । झ्वाट्ट हेर्दा यस प्रकारका अद्भुत क्रियाकलापहरू कसैले पनि सम्पादन गर्नसक्ने विषय होइनन् तर मान्छेको छैटौँ इन्द्रिय जागृत भयो भने यी र यस्ता आश्चर्यजनक कार्यहरू सहजै सम्पन्न गर्न सकिन्छ भन्ने गरिएको छ । यदि यस्ता कार्यहरू सम्भव भएमा व्यक्तिलाई संसारको कुनै पनि वस्तु नौलो र अप्राप्य हुँदैन ।

कहिलेकाँही एक्कासि कसैको मनमा तुरुन्त एउटा विचार उत्पन्न हुन्छ, जसका कारण उसले आफूले आरम्भ गर्न लागेको महत्त्वपूर्ण कार्य तत्काल रद्द गरिदिन्छ र गर्न लागेको भ्रमणसमेत स्थगित गरिदिने गर्छ । त्यसपछि ऊ चामत्कारिक रूपमा केही समयपछि हुने दुर्घटनाको शिकार हुनबाट जोगिन्छ । हुन त सम्भाव्य दुर्घटनाको सङ्केत सबैसँग हुन्छ, फरक यति मात्र हो, निकै

कम मात्र मान्छेलाई त्यस कुराको अनुभूति हुन्छ । प्रायःजसो मान्छेले यस प्रकारको सङ्केत अर्थात् आत्माको आवाज हत्तपत्त बुझ्न सक्दैनन् । भनिन्छ, यस किसिमको सङ्केत पाउनु भनेको छैटौँ इन्द्रिय सक्रिय हुन लागेको सङ्केत हो । यस्तो अवस्थामा छैटौँ इन्द्रियलाई सक्रिय बनाउने प्रयास गरियो भने अत्यन्त सहज रूपमा छैटौँ इन्द्रियको विकास हुनसक्छ ।

डोरीमा धोएर सुकाइएका एकै प्रकारका कपडामध्ये कुन कपडा कुन सन्तानको हो ? थोरै प्रतिशत मात्र आमाहरूले यस कुराको पहिचान, गन्धको माध्ययमबाट पनि छुट्याइरहेका हुन्छन् । सामान्यतया यो क्रियाकलापमा दृष्टि इन्द्रियको प्रमुख भूमिका हुनुपर्ने हो । तर केही आमाहरूमा अप्रत्यासित अवस्थामा नाकको प्रयोगले सुँघेर पनि वस्तुको पहिचान गर्नसक्ने क्षमता हुन्छ । यस्तो क्षमतालाई व्यक्तिको 'खुबी' मान्न सकिन्छ । अधिकांश मान्छेसँग यसरी अर्कै इन्द्रियको प्रयोग गरेर वस्तु छुट्याउने खुबी हुँदैन । कुनै कुनै मान्छेले भन्ने गर्छन् "मैले देखेको सपना सत्य हुन्छ । म सपनामा जे देख्छु त्यो साँचो हुन्छ ।" यथार्थमा कुनै पनि सपना झुटो र साँचो हुँदैन । सपना त निन्द्रामा अनुभव गरिने गहिरो र एकाग्र कल्पना मात्र हो । यहाँ उसको सपना सत्यभन्दा पनि उक्त व्यक्तिको छैटौँ इन्द्रिय सक्रिय हुन लागेको हो भन्ने बुझ्न सकिन्छ तर अत्यन्त थोरै समयको लागि ।

कहिलेकाँही मनले यस्तो अद्भुत कल्पना गर्न लाग्छ, जुन प्रत्यक्ष रूपमा आत्मा र मनसँग जोडिएको अनुभूति हुन्छ । जसलाई भौतिक सिद्धान्तद्वारा व्याख्या गर्न सकिँदैन । आफूले चाहना गरेको समयमा भने यस प्रकारको कल्पना गर्न जति प्रयास गरे पनि असम्भव हुन्छ । सामान्य व्यक्तिहरूमा प्रायः यस्तो कल्पना नआउन सक्छ । मनको कल्पनाले मात्र पनि यो सम्भव हुँदैन । उसोभए, यस्तो शक्तिशाली कल्पना कसरी आउँछ ? जीवनमा यदाकदा यस्तो अवस्था आइदिन्छ, जतिबेला तेस्रो नेत्र अर्थात् छैटौँ इन्द्रिय अकस्मात् सक्रिय बन्नका लागि प्रयास गरिरहेको हुन्छ । सीमित व्यक्तिले मात्र यस प्रकारको अनुभूति गरे पनि आम मान्छेहरूले भने यस्तो अनुभव गर्न सक्दैनन् । अत्यन्त कम मान्छेले मात्र यसको अनुभूति गरेको सुन्नमा आउँछ । हुन त हरेक मान्छेमा छैटौँ इन्द्रिय हुन्छ तर त्यो सुषुप्त अवस्थामा रहेको हुन्छ । सुनिन्छ, यसलाई सक्रिय बनाउन भने प्रचलनका पाँच इन्द्रियलाई तालिम र अभ्यास गराउनुपर्छ । यसलाई सक्रिय बनाउन सक्ने या नसक्ने भन्ने विषय भने व्यक्ति स्वयंमा भरपर्छ ।

भनिन्छ, देवाधिदेव महादेवको छैटौँ इन्द्रिय सक्रिय थियो । यही कारण विशिष्ट परिस्थितिमा उनले तेस्रो नेत्रको प्रयोग गर्ने गरेका थिए । यस विषयलाई सनातन धर्म दर्शनले स्पष्ट रूपमा उल्लेख गरेको छ । तेस्रो नेत्र सक्रिय हुने गरेको कारण उनले भविष्यमा हुने घटना, दुर्घटना प्रत्यक्ष महसुस गर्न सक्दथे । भविष्यसँग साक्षात्कार गर्न सक्दथे । यदि मान्छे पनि यस अवस्थासम्म पुग्न सक्ने हो भने मान्छेलाई 'मिनी ईश्वर'भन्दा पनि फरक पर्दैन थियो । यो अलौकिक गुण एउटा सामान्य व्यक्तिमा हुने हो भने संसारको रूप अर्कै हुन्थ्यो । मान्छेले साना ठूला सङ्कटको सामना सहज रूपमा गर्न सक्थ्यो । जीवनमा घटित हुनसक्ने अनेक प्रकारका घटना, दुर्घटना र कठिनाइलाई केही हदसम्म न्यूनीकरण गर्न सक्थ्यो । जीवन र मृत्युबीचको गूढरहस्य खोतल्न र पत्ता लगाउन पनि सक्थ्यो । त्रेतायुगमा शूपर्णखाजस्ती कुरूप स्त्री पनि अत्यन्त सुन्दर रूप लिएर भ्रमण गर्ने गरेको, मारिच नाम गरेको दानवले सुनको मृग बनेर हिँडेको, रावणले भिक्षा मागेर हिँड्ने साधुको रूप धारण गरेर हिँड्ने गरेकोजस्ता अस्वाभाविक लाग्ने घटनाहरू लेखिएको पाइन्छ । वास्तवमा हरेक मान्छेलाई आफूले सम्पन्न गर्न नसक्ने सबै कार्यहरू अस्वाभाविक लाग्नसक्छ तर विचारको गहिराइमा पुगेर नियाल्ने हो भने त्यहाँ आश्चर्यजनक तथ्य फेला पार्न सकिन्छ । अर्को शब्दमा भन्दा उनीहरूले छैटौँ इन्द्रियको प्रयोगबाट त्यसलाई स्वाभाविक बनाएको हो भनेर बुझ्नुपर्नेहुन्छ ।

सृष्टि क्रममा अनेक योगी, ध्यानी र ज्ञानी व्यक्तित्वहरू जन्मिए, यसमध्ये केही त्यस्ता व्यक्तिहरू पनि थिए, जसले छैटौँ इन्द्रियको प्रयोग गर्ने गरेका थिए । सत्य, त्रेता र द्वापरयुगमा मात्र होइन, कलियुगमा समेत त्यस प्रकारका महापुरुष जन्मिएका थिए । जुनसुकै प्रकारको भविष्यवाणी गर्नेहरूले छैटौँ इन्द्रियको प्रयोग गरेर नै भविष्यवाणी गर्ने गरेका हुनसक्छन् । यदाकदा पूर्वजन्म स्मरणका घटनाहरू सुन्नमा आउने गरेका छन् । यसरी पूर्वजन्म स्मरण गर्नेहरूबाट छैटौँ इन्द्रियको प्रयोग भइरहेको हुनसक्छ । जुन कुरा उनीहरू स्वयंलाई भने थाहा हुँदैन । केही थोरै प्रयासले पनि कसैले छैटौँ इन्द्रिय सक्रिय बनाउन सक्छन् ।

विभिन्न इतिहासकारहरूले यस विषयमा व्याख्या गरेका अनगिन्ती पुस्तकसमेत प्रकाशन गरेका छन् । जसबाट त्यस कुराको अवगत हुन्छ । गोरखा राज्यमा जन्मिएका दुल्लभ जैसीको इतिहास हेरौँ । जसअनुसार तत्कालीन

समयमा गोरखाको तान्द्राङ गाउँस्थित एउटा सभामा रहेका दुल्लभले दौराको फेर निचोरेर पानी बगाउँदै काशीमा डुङ्गा डुबेको घटना सुनाएको जनश्रुति इतिहासमा उल्लेख छ । सो सभा बसेको चौतारालाई 'काशी चौतारा' र त्यो पानी बगेको खोलालाई आजपर्यन्त 'काशी खोला' भन्ने गरिएको छ । यो प्रसङ्ग सुन्दा अपत्यारिलो लाग्नसक्छ तर यस्ता प्रसङ्गहरू सबै मनगढन्ते हुँदैनन् । धूवाँ निस्कनका लागि आगो फुक्नै पर्छ । आगो नफुकेको दाउराको खलियोबाट धूवाँ निस्कियो भन्नु, भद्दा मजाक हुन सक्ला तर आगो सल्काएको दाउराको चाङ्गबाट धूवाँ निस्कनु अनौठो हुँदैन । त्यसबाट धूवाँ निस्किएको कुरा पत्याउन आफ्नै आँखाले देख्नुपर्छ भन्ने पनि छैन । इतिहास भनेको आगो फुकेको दाउराको चाङ हो, इतिहासले जे भन्छ त्यसलाई स्वीकार्न सक्नुपर्छ ।

यति मात्र होइन, यस्ता घटनाहरू अनगिन्ती सुनिन्छन् । इतिहास भनेको कल्पनामा डुबेर लेखिने कथा र कहानी होइनन् । यी त वास्तविकता हुन्, अतीतकालका यथार्थ दस्तावेज हुन् । यसबाट स्पष्ट रूपमा के बुझ्न सकिन्छ भने दुल्लभ जैसी एक जना धुरन्धर ध्यानी, ज्ञानी र योगी थिए । उनी छैटौँ इन्द्रियको प्रयोग गर्न सक्षम थिए । त्यसैले दुल्लभले एकसाथ काशी र तान्द्राङमा हुँदै गरेको सभामा उपस्थिति जनाउन सकेको हुनुपर्छ । बालयोगी आदित्य, स्वर्गद्वारी महाप्रभु, साइबाबा, कुलानन्द ढकाल, शिवपुरी बाबा, खप्तड स्वामी, पाइलट बाबालगायत अन्य कयौँ ध्यानीहरूका यस्तै अलौकिक एवं चामत्कारिक घटनाहरू सुन्ने गरिएको छ । यसको एक मात्र कारण ती महापुरुषहरूमा रहेको छैटौँ इन्द्रियको सक्रियता र त्यसको प्रयोग हो भन्ने अनुमान गर्न सकिन्छ । विभिन्न पुराण र उपनिषद्मा स्पष्ट उल्लेख गरिएका छन्, ब्रह्मा, विष्णु र महेश्वरले पटकपटक सँगै बसेर महत्त्वपूर्ण निर्णय लिने गरेका थिए । एउटालाई परेको अप्ठ्यारो तीनै जनाले संयुक्त रूपमा निदान र निराकरण गर्नुको मूलकारण उनीहरूले छैटौँ इन्द्रियको प्रयोग गर्ने गरेका थिए भन्ने कुराको बलियो तर्क हुनसक्छ । सनातन धर्मदर्शनअन्तर्गत हामीले पटकपटक अध्ययन गरेको र सुनेको सत्य यही हो ।

अब एकपटक यतातिर ध्यान दिनु आवश्यक हुन्छ, शिवजीको निवास कैलाश पर्वतमा थियो । कैलाश कहाँ छ सबैलाई थाहा छ । विष्णुजी सुदूरदक्षिण समुद्रमा बस्ने गर्थे । सायद ब्रह्मलोक पनि वरिपरि थिएन । भौतिक दूरीको हिसाब गर्ने हो भने उनीहरूको निवासस्थान एक अर्को स्थानबाट निकै टाढा

थियो, तर पनि यी तीनै जना व्यक्तित्वहरू आवश्यक पर्दा सँगै जुट्ने गरेका थिए। एकै ठाउँमा भेला हुन सक्थे तर त्यही घटना सामान्य मान्छेलाई सम्भव हुँदैन थियो। उनीहरू समय समयमा भेट हुनु, सभासम्मेलनमा भाग लिनुजस्ता कार्य कसरी सम्भव भए ? विचार गरौँ, उनीहरूले छैटौँ इन्द्रियको प्रयोग गर्ने गर्दथे। यो अलौकिक कार्य थियो। हामीले र हामीभन्दा अघिका पुर्खाहरूले यसैलाई यथार्थ मान्यो, वास्तविक सत्य ठान्यो । सायद पछिल्लो पुस्ताले पनि यस सत्यलाई सहज रूपमा स्वीकार्ने छ । सृष्टिकालमा अलौकिक कार्य गर्नसक्ने सामर्थ्य भएको व्यक्तिलाई ईश्वर मानियो । हामीले आजसम्म पनि उनीहरूलाई ईश्वर मान्दै आएका छौँ । सायद उनीहरूले भन्दा बढी अलौकिक कर्म गर्न सकेको भए हामी पनि ईश्वर मानिने थियौँ। त्यस प्रकारको अलौकिक शक्ति हामीमा पनि हुन्थ्यो भने हामीले ईश्वरलाई, ईश्वर होइन सामान्य पुरुष मात्र मान्ने थियौँ।

अलौकिक व्यवहार प्रस्तुत गर्न सबै इन्द्रियलाई एकसाथ समावेश गर्नसक्ने क्षमता मात्र भएर पुग्दैन। योगीहरू भन्छन्, यदि हरेक मान्छेसँग जन्मसँगै आएको छैटौँ इन्द्रियलाई सक्रिय बनाउने हो भने योगसाधना र ध्यानलाई निरन्तरता दिन सक्नुपर्छ। यस्तो क्रियाकलापबाट सामान्य मान्छेले पनि अलौकिक काम गर्न सक्नेछन् । आफ्नो क्षमता प्रस्तुत गर्न एउटा व्यक्तिले पाँचै इन्द्रियको एकैपटक प्रयोग गर्नुपर्ने हुन्छ। जब कसैले पाँचवटा इन्द्रियको एकसाथ प्रयोग गर्नसक्ने क्षमताको विकास गर्छ, छैटौँ इन्द्रिय स्वयं सक्रिय हुनथाल्छ । यस्तो पूर्वाभ्यासलाई कोरा कल्पना मात्र मान्न सकिँदैन। यसलाई छैटौँ इन्द्रिय सक्रियताको प्रारम्भिक लक्षण मान्न सकिन्छ। यस अवस्थामा भविष्यमा घट्न सक्ने सम्भावित घटनाको प्रत्यक्ष अनुभूतिको सुरुवात हुन्छ।

एकैचोटि पाँचै इन्द्रिय सक्रिय बनाउने कार्य सहज भने हुँदैन। उल्लेख गरिसकिएको छ, यसका लागि प्रशस्त योगसाधना, ध्यान, धैर्य, मेहनत र कुशाग्र बुद्धिको खाँचो पर्छ। यति मात्रले पनि मान्छेले प्राप्त गर्न खोजेको अलौकिक वस्तु त्यसबेला पनि प्राप्त गर्न सक्दैन । यसको लागि छैटौँ इन्द्रियको प्रयोग नै अत्यावश्यक हुन आउँछ। जब छैटौँ इन्द्रिय पूर्ण रूपमा सक्रिय हुन्छ र व्यक्तिले त्यसको प्रयोग गर्दछ, उसले जन्म र मृत्युको भेद बुझ्न थाल्छ। जीवनको रहस्य बुझ्न सक्छ। भविष्यसँग सम्वाद गर्न सक्षम

हुन्छ । आवश्यकताअनुसार शरीर र रूप बदल्न सक्छ । केही वर्षअघिदेखि परामनोविज्ञानलाई अध्ययनको एक क्षेत्रको रूपमा हेर्न प्रारम्भ गरिसकिएको छ । जसअन्तर्गत असाधारण घटना, मानसिक क्षमता र त्यसको सम्भावित अस्तित्वको अनुसन्धान गर्ने गरिएको छ । यसले मस्तिष्कसँगको सिधा सम्पर्क, पूर्वज्ञान, मानसिक प्रयासले मात्र वस्तुहरू खुट्याउन सक्ने क्षमता र अतिरिक्त संवेदनशील धारणाजस्ता घटनाहरूको अन्वेषण गर्न प्रारम्भ गरिसकिएको छ ।

पूर्वीय दर्शनले आदिमकालदेखि नै छैटौँ इन्द्रियको अस्तित्व स्वीकार गरिसकेको भए पनि आधुनिक युगले भने १९औँ शताब्दीको अन्त्यमा छैटौँ इन्द्रिय सम्बन्धी अध्ययन गर्न, परामनोविज्ञान शब्द र यसको अस्तित्वलाई पहिलो पटक जर्मन दार्शनिक एवं मनोवैज्ञानिक Maximilian Dessoir द्वारा स्वीकार गरेको मानिन्छ । त्यसपछिका दिनहरूमा पनि यस विषयमा अध्ययन, अनुसन्धान गर्ने कार्यलाई निरन्तरता दिइँदै आएको पाइन्छ । तर छैटौँ इन्द्रियको अस्तित्वका बारेमा अझैसम्म विज्ञानले भने औपचारिक रूपमा पुष्टि गरिसकेको छैन । यद्यपि, यस विषयमा गम्भीर बहस भने प्रसस्त हुने गरेका खबरहरू सुनिएका छन् । छैटौँ इन्द्रिय एवं परामनोविज्ञान क्षेत्रका लागि यसप्रकारको बहस र अनुसन्धान हुनु भनेको निश्चय पनि सुखद सुरुवात हो ।

परामनोविज्ञान, परम्परागत विज्ञानको सिमानाभन्दा बाहिर रहेको घटनाको अन्वेषण गर्ने विज्ञान भएकोले, यस क्षेत्रमा लामो समयदेखि विश्वास र अविश्वास गर्नेहरू दुवै पक्षलाई उत्साह र अलमल पारिरहेको देखिन्छ । केही व्यक्तिहरूले यी घटनाहरूको अस्तित्वको लागि जोशपूर्वक वकालत गरिरहेका छन् भने केहीले परामनोविज्ञानलाई कल्पना वा भ्रमको उडानबाहेक अरू केही होइन भन्दै वकालत गर्ने गरेको पनि पाइन्छ । जे होस्, परामनोविज्ञान विषयमा हुनथालेको अध्ययनले यसको उपस्थितिलाई जसरी पूर्वीय दर्शनले स्वीकार गरेको छ, कुनै दिन वर्तमान आधुनिक युग र विज्ञानले पनि अवश्य स्वीकार गर्नेछ ।

जिजीविषा र मुमूर्षा

हरेक स्पन्दित वस्तु उत्पत्ति हुनु भनेको मृत्युको बीजारोपण हुनु हो । यो शाश्वत सत्य हो । भन्ने गरिन्छ, उत्पत्तिपछि यिनीहरू एक दिन नाश हुन्छन् । यो पनि प्राकृतिक नियम हो । हरेक मान्छेको जन्मसँगै मृत्यु पनि अनिवार्य छ । फरक यति मात्र हो, कुनैले लामो समय बाँच्ने सौभाग्य (?) प्राप्त गर्दछन् भने कुनैले छोटो समयमा मृत्युवरण गर्न बाध्य हुन्छन् । मानव जातिले लामो समय बाँच्नुलाई सौभाग्य मान्ने गरिएको भए पनि यसलाई किन सौभाग्य मानिन्छ ? सायद यसको चित्तबुझ्दो जबाफ भने कसैसँग पनि नहुन सक्छ । मृत्युपछिको यात्रा सुखदायी हुन्छ या दुःखदायी ? मृत्यु केही पनि होइन वा मृत्यु सबैभन्दा महत्त्वपूर्ण अवसर हो ? यो पनि अँध्यारोमा जँघार तर्ने कार्यजस्तै हो । संसारमा रहेका अरबौँ मान्छेहरूमध्ये एक जनालाई मात्र पनि यस कुराको अनुभव छैन । न त यस कुराको यथार्थ तथ्य विज्ञानले नै पत्ता लगाएको दाबी गरेको छ, जसले जे अनुमान गरे पनि वास्तवमा मृत्यु रहस्यमय विषय भने पक्कै हो ।

हरेक मान्छेभित्र सुषुप्त अवस्थामा जिजीविषा र मुमूर्षा जुम्ल्याहा सन्तानजस्तै एकसाथ रहेका हुन्छन् । जिजीविषालाई सुख, सन्तोष, अभिमान र पदीय मर्यादाको रसास्वाद र आर्थिक उन्नति नामको रसायनले मलजल गर्ने गर्छ भने दुःख, पीडा, सामाजिक अस्पृश्यता र करिब तय भइसकेको मृत्युको पर्खाइले मुमूर्षालाई मलजल गरिरहेको हुन्छ । हरेक मान्छेभित्र यी दुवै यस्तो अवस्थामा सक्रिय हुन्छन्, जुन रसायनको मात्रा बढी हुन्छ त्यसैको आधारमा यिनीहरूले उर्वर हुने अवसर प्राप्त गर्छन् र व्यक्तिले यसैलाई मूल आधार मानेर जिजीविषा वा मुमूर्षामध्ये कुनै एकको छनौट गर्छ । यसबाहेक मृत्युको नजिक पुगेर पुनः जीवन र जगत्मा फर्किने अवसर प्राप्त गरेको

अवस्थामा पनि मान्छेभित्र जिजीविषाको चोर हाँगा पलाउने गर्छ । जसरी कागतीको बोटमा रोग र किराले ग्रस्त पारेको अवस्थामा चोर हाँगा निस्कने गर्दछ । तथापि चोर हाँगाले गुणस्तरीय फल उत्पादन गर्न नसके पनि केही समय त्यसले बोटलाई आकार दिन भने अवश्य पनि मद्दत गरिरहेको हुन्छ । यस अर्थमा चोर हाँगा पलाएको वृक्षले पनि बगैँचाको सुन्दरता कायम राख्न भने निकै महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । लाग्छ, मान्छेको जीवन पनि करिब यस्तै हो । बोट उत्पादन शून्य भए पनि, जसरी बगैँचाको सौन्दर्य दिइरहेको हुन्छ, त्यसरी नै एउटा निरीह र अशक्त रोगीले घर परिवारलाई सौन्दर्य कै काम गरिरहेको हुन्छ । त्यसैले भनिन्छ, "मर्नुभन्दा बहुलाउन निको ।" यही जगमा उभिएका व्यक्तिहरूले जिजीविषालाई मलजल गरिरहेका हुन्छन् भने जब मृत्यु निश्चित छ उसमा कुनै पनि अवस्थामा पुनः जीवन फिर्ता नहुने अवस्था आइपर्छ भने उसले निश्चित रूपमा मुमूर्षा अपेक्षा गरेको हुन्छ ।

लामो समय मृगौला रोगबाट पीडित बनेर, जीवनका अनगिन्ती उकालीओराली यात्रा गर्ने क्रममा भोगेका पीडा र अभावले पढाएको कठिन पाठबाट थोरै भए पनि म आफैले भोगेका भोगाइहरू हुन् यी । यसैको सेरोफेरोमा रहेर जन्मिएको थियो मेरो आत्मकथा - **मुमूर्षा** । यो पङ्क्तिकारले कुनै समय यी दुवै अवस्था पालैपालो आफैँभित्र पन्पिएको देख्ने अवसर प्राप्त गरेको थियो । जब मान्छे मृत्युको एकदमै निकट पुग्छ, ऊभित्र मुमूर्षा बढिरहेको पाउँछ भने अचानक कुनै दैवी, भौतिक वा चामत्कारिक कारणले उसको बढिरहेको मुमूर्षाको विरुवा ओइलाएर एक्कासि जिजीविषा नामको विरुवा हुर्कने अवस्था पनि आइदिन सक्छ । मान्छेको मन हो, केही समयअघि मुमूर्षातिर लहसिएको मन केहीबेरमा जिजीविषातिर ढल्कियो भने पनि आश्चर्य नमाने हुन्छ ।

पूर्वीय दर्शनले स्वीकार गरेको एउटा तथ्य के हो भने मान्छेको रूपमा जन्म लिन उसले विगतको जन्ममा निकै सङ्घर्ष र पुण्य कर्म गरेर मात्र मानव योनी प्राप्त गरेको हुन्छ । यो जीवन सहजै प्राप्त भएको होइन । त्यसैले मानव जीवन प्राप्त गरेपछि मान्छेले एउटा पशुले जस्तै जीवनभर पेट भर्ने कोसिस गर्दागर्दै जीवन समाप्त गर्दछ भने पशुपन्छी र मान्छे हुनुको तात्त्विक भिन्नता के नै रह्यो र ? मान्छेले पशुपन्छीभन्दा बाहेकको सन्देश दिन सक्नुपर्थ्यो र मान्छे भएको उपस्थिति जनाउन सक्नुपर्थ्यो । होइन भने

पशुपन्छीजस्तो इमानदार बन्न सक्नुपर्थ्यो । दुर्भाग्यवश मान्छे, मान्छेजस्तो हुन सकेन र पशुजस्तो पनि बन्न सकेन । यसर्थ मान्छे भएर जन्मिएपछि कम्तीमा पनि पछिल्लो पुस्ताका अन्य मान्छेका लागि केही उपयोगी कार्यहरू छोडेर जान सक्नुपर्छ । यस कुराको ज्ञान मान्छेमा त्यसबेला प्राप्त हुन्छ जतिबेला ऊ मृत्युको सामुन्ने पुगेर फर्किएको हुन्छ । यसबेला भने उसलाई लाग्छ, “बाँचे भने केही गरेर देखाउँछु ।”

आर्थिक अवस्थाले सम्पन्न हुनु, अधिकांश मान्छेहरूको नजरमा लोकप्रिय बन्नु, पराक्रमी र शक्तिशाली बन्नु मात्र पनि सफल जीवन होइन । बाँच्नु र कमाउनु मात्र जीवन होइन । इतिहासमा यस प्रकारका अनगिन्ती मान्छेहरू जन्मिए र विकास क्रमसँगै तिनको अस्तित्व पनि बिस्तारै मेटिँदै गयो । मान्छेको शरीर स्वचालित गर्ने आन्तरिक अङ्ग अचानक गतिहीन भएको स्थिति र त्यसलाई फेरबदल गर्न असमर्थ हुँदाको अवस्थामा, पीडाको पहाडले किच्दा, गरिबीले निचोर्दा एउटा मान्छेभित्र रहेको जिजीविषा कुनै पनि अवस्थामा जिउँदो रहन सक्दैन । कथंकदाचित कुनै कारणले ऊ बाँचिहाल्यो भने अब ऊभित्र मरिसकेको जिजीविषाले अचानक पात हाल्न सक्छ । यसरी जिजीविषाको सेपिलो छायाँमा मुमूर्षा फस्टाउन सक्दैन मात्र होइन तक्षण मुमूर्षाको अन्त्य पनि हुन्छ ।

कुनै बेला त्यस्तो समय आउँछ, जुनबेला मान्छेभित्र हुर्किरहेको जिजीविषाको अचानक मृत्यु हुन्छ । जब जिजीविषाको मृत्यु हुन्छ, मान्छेका अनगिन्ती सपनाहरूको मृत्यु पनि सँगै हुन्छ । उसका इच्छा र आकाङ्क्षाहरूको पनि मृत्यु हुन्छ । मान्छेमा राग र द्वेषको समाप्ति हुन्छ । जीवनको आकर्षण तत्काल अनाकर्षणमा परिवर्तन हुन्छ । भाइ, बन्धु, इष्टमित्र, नातागोता र यहाँसम्म कि धरा र प्रकृतिसँगको उसको गहिरो सम्बन्धसमेत अचानक टुट्न पुग्छ । मान्छेहरूले यसै अवस्थालाई मृत्यु भन्ने गरेका छन् । मृत्यु भनेको समाप्ति हुनुपर्ने हो, हामीले बुझेको यथार्थ यही हो तर प्राणी र वनस्पतिको कहिले पनि मृत्यु हुँदैन । उनीहरूमा एक जीवनबाट थप जीवन उत्पादन गर्ने क्षमता हुन्छ । मृत्यु त जड वस्तुको हुन्छ । जसको समाप्तिपश्चात् उसको अस्तित्वसमेत समाप्त हुन्छ । एउटा विशाल पत्थर सानो ढुङ्गामा रूपान्तरित हुँदै सिमेन्टको धुलो बनेपछि उसको जीवनलीला समाप्त हुन्छ । जसमा जीवन र आत्मा पनि हुँदैन । वास्तविक मृत्यु भनेको सायद यही हुनुपर्छ ।

लामो समय मृगौला रोगले थलिएपछि मेरो जीवनमा निकै उतार चढाव आए । यस अवधिमा पदीय हैसियत, धनसम्पत्ति, भाइ, बन्धु, नातागोता, छरछिमेक भनेको के रहेछ, भन्ने कुरा वास्तविक रूपमा सजिलोसँग बुझ्ने अवसर प्राप्त भयो । मान्छे जन्मदा मात्र र मर्दा मात्र एक्लो होइन, जीवन भोग्ने क्रममा पनि एक्लै बाँच्न सक्नुपर्छ भन्ने पाठ यस्तो अवस्थामा पढ्न पाइने रहेछ । जुन पाठ विद्यालयका पाठ्यक्रममा समावेश गरिएको हुँदैन । पाठ्यक्रममा त मान्छे सामाजिक प्राणी हो, समाजसँग एकाकार भएर बस्नुपर्छ भन्ने उल्लेख गरिएको हुन्छ । जुन प्रत्यक्ष रूपमा भौतिक उन्नति, प्रगति र व्यक्तिगत स्वार्थसँग मात्र गाँसिएको हुन्छ । आदिभौतिक रूपमा मान्छेले एक्लै जिउन सक्नुपर्छ र एक्लै जिउन सिक्नु पनि पर्छ । रोग भन्ने कुरा मान्छेलाई हतपती लाग्ने कुरा पनि होइन । अलिकति असावधानी, थोरै हेलचेक्राइँ, र प्रकृतिविरुद्धका सामान्य र भिनामसिना क्रियाकलापका कारण मान्छे रोगी बन्छ । यद्यपि रोग लाग्नु भनेको अन्तिम अध्याय समाप्त हुनु पनि होइन । रोग भनेको पाठशालाको एउटा कक्षाकोठा हो । जहाँ वर्षभरिको अध्ययनपश्चात् परीक्षामा सामेल हुनुपर्छ । लगनशील र मेहनती विद्यार्थीले परीक्षा उत्तीर्ण गर्छ भने अल्छी विद्यार्थी अनुत्तीर्ण हुन्छ । मान्छेको जीवन पनि विद्यार्थी जीवनजस्तै हो । एउटा जीवन परीक्षामा अनुत्तीर्ण हुँदैमा केही हुनेवाला पनि छैन ।

सुख, दुःख, आँसु र हाँसो भनेका जीवनका क्रम हुन् । जुन आउने र जाने प्रक्रिया निरन्तर चलिरहन्छ । सुखमा मात्तिने र दुःखमा आत्तिने गर्नु हुँदैन भन्ने कुरा मान्छेले बुझ्ने प्रयास नै गर्दैन । यो त परिस्थितिले यदाकदा स्वयं देखाउने गर्छ । सुख र दुःखको भौतिक दूरी पनि खासै टाढा हुँदैन । एकआपसमा यिनीहरू अत्यन्त निकट हुन्छन् । जीवनमा आइपर्ने बाधा तथा अड्चनलाई सहज ढङ्गले व्यवस्थित गर्नेहरूले सुखको सङ्गत गर्ने अवसर प्राप्त गर्छन् भने व्यवस्थित गर्न नसक्नेहरूले भने नजिकै रहेको दुःखसँग साक्षात्कार गर्नुपर्छ । आजसम्म कतै मृत्युलाई जित्नेहरूको सूची प्रकाशित भएको पनि थाहा पाइएको छैन र मृत्युको सामूहिक र व्यक्तिगत आह्वान गरिएको पनि सुइँकोसम्म पाइएको छैन । मान्छेको कर्म र भाग्यअनुसार हरेक व्यक्तिको आयु भिन्नाभिन्नै हुन्छ । आँधी, हुरी, भूकम्प र दुर्घटनाजस्ता अपवादवाहेक कसैले सँगै मर्ने इच्छा गरेर पनि पूरा हुन सक्दैन । जिजीविषा र मुमूर्षा, कुनै न कुनै रूपमा मृत्युसँग सम्बन्धित हुन्छन् । मृत्युसँग डराउनेले

जिजीविषाको छहारी खोज्छ भने वास्तवमै शरीर थाकेर जीवनदेखि नभागे पनि अन्तरमनदेखि गलेको मान्छेले मृत्युको आह्वान गर्ने गर्छ र मुमूर्षाको छत्रछायाँ खोजिरहेको हुन्छ ।

मान्छे महामानव बन्नु छ भने जिजीविषा र मुमूर्षा दुवैको शरण पर्नु हुँदैन । बाँच्ने तृष्णा र मर्ने इच्छाले मान्छेलाई कमजोर बनाइदिन्छ । इच्छा लाग्दैमा मर्न पाइने र बाँच्ने रहरले बाँच्न पाइने भन्ने पनि हुँदैन । कहिले मर्ने, कसरी मर्ने भन्ने कुराको जिम्मेवारी तपाईं–हामीजस्तै मान्छेले लिने विषय पनि होइन । यसको जिम्मा लिने सत्ताले कतै अदृश्य रूपमा सक्रियतापूर्वक आफ्नो जिम्मेवारी निभाइरहेको हुन्छ । हामी मान्छेले जस्तै उसले आफ्नो तोकिएको जिम्मेवारीबाट आजसम्म पन्छिएको पनि छैन । मृत्युले कसैलाई पनपच्छे पनि गर्दैन । न त यसले कसैसँग घुस, कमिसन र कोसेली लिएर कसैलाई छुट नै दिन्छ ? हामीले त जीवन सहज ढङ्गले र नियमपूर्वक कसरी घिस्याउने ? त्यसैलाई मात्र ध्यान दिए पुग्छ । प्रकृति सृष्टिको अलिखित संविधान हो । सबैले संविधानसम्मत चल्नुपर्छ, अनि मात्र कसैले कुनै पनि प्रकारको सजायँ भोग्नु पर्दैन ।

हजारौँ वर्षअघि द्वापरयुगमा जन्मिएका कृष्णलाई आजपर्यन्त मानव सभ्यताले ईश्वरको रूपमा स्वीकार गरिरहेको छ र सम्भिmरहेको छ । उनको अनुपम कृति **गीता**लाई हिन्दू धर्मावलम्बीले मात्र नभएर संसारका सबै धर्म र सम्प्रदायले सहस्र स्वीकार गरेको पाइन्छ । यति मात्र होइन, उक्त ग्रन्थ यस धर्तीमा सधैँ वर्तमानको ऐना बन्न सफल भएको छ । कयौँ युग बदलिए, देश, काल र परिस्थिति बदलिए, अनगिन्ती शासनव्यवस्था फेरिए, अनगिन्ती मान्छेहरू फेरिए तर पनि गीताको दर्शन जन्मजन्मसम्म पनि स्थिर रहिरहेको छ, र रहिरहने छ । मानव सभ्यताको लागि पुनः एकपटक एउटा कृष्ण र एउटा ग्रन्थ **गीता**को खाँचो देखिएको छ । जिजीविषा र मुमूर्षाको पथमा होइन, कृष्णबाहेक आजसम्म कसैले पनि प्रयोग नगरेको त्यही पथमा लम्कने कोसिस गरौँ, मध्यमार्गी पथ । सकिन्छ भने आजैबाट कृष्ण बन्ने कोसिस गरौँ र सिर्जना गरौँ, पुनः अर्को एक थान ग्रन्थ, **गीता** ।

(**अमरज्योति** – ने.वि.प्रा.)
वर्ष १०, पूर्णाङ्क ५८, २०७९

जिज्ञासा

मैले केही दिन अघि बजारबाट एउटा पाइन्टको कपडा किनेर ल्याएँ। मैले यो कपडा अत्यन्त आवश्यक परेकोले ल्याएको थिइन । मलाई कपडा फेरिफेरि लगाउने सोख पनि छैन । यो कपडा सरकारले तोकिदिएको कार्यालयको पोसाक पनि होइन । यदि पोसाक भइदिएको भए पनि अहिले मलाई त्यसको आवश्यकता थिएन । मैले जागिरबाट अवकाश लिएको पनि निकै वर्ष पुगिसकेको छ । तर पनि जागिरसँग कुनै सम्बन्ध छैन भन्न भने म कसैगरे पनि सक्दिन किनकि मैले बिहान–बेलुकी हातमुख जोर्ने प्रमुख माध्यम नै मेरो त्यही छोडिसकेको जागिर हो । सरकारले दिने गरेको निवृत्तिभरण नहुने हो भने सायद मैले अनगिन्ती आर्थिक कठिनाइको सामना गर्नुपर्ने थियो। जे होस्, वर्तमान समयमा मैले तोकिएको पोसाक लगाउनु पर्दैन ।

म खेतबारीमा गएर शारीरिक श्रम गर्न सक्दिन । मैले जीवनको अत्यन्त महत्त्वपूर्ण र ऊर्जाशील समय सरकारी जागिरमा सुम्पिएँ । काम गर्न सक्ने मुख्य समय त्यसरी सुम्पिएपछि प्राप्त भएको निवृत्तिभरण मजस्तै अधिकांश मान्छेहरूको सहारा बन्ने गरेको छ । शारीरिक रोग र बुढ्यौली उमेरका कारण श्रम गर्ने बाटो थुनिएको केही समय भयो। श्रम गर्न नसके पनि मान्छेले बाँचुन्जेल लाउनु र खानुपर्छ । विनाआम्दानी लाउन, खान सजिलो पनि छैन । चोरी गर्ने कुरा सोच्न पनि सकिँदैन । भिखारीले झैँ भिख माग्ने कुरा पनि भएन । त्यसैले जीवन सहज जिउने हो भने, आर्थिक अवस्था दह्रो नहुनेले कुनै पनि प्रकारको भौतिक सुखसुविधाका लागि विशेष प्रकारको सोख पाल्नु हुन्न र रहर पनि गर्नु हुँदैन । त्यति मात्र होइन सकिन्छ भने त्यस विषयमा जिज्ञासा पनि नराखे हुन्छ । भनिन्छ "मान्छेले साना, ठूला र वसमा भए नभएका सबै थरी सपना देख्नुपर्छ ।" सपना र जिज्ञासा एउटै विषय

होइनन् । सपना उन्नति र प्रगतिको देखिन्छ तर जिज्ञासा जुनसुकै विषयमा पनि जाग्ने गर्छ ।

मलाई लाग्यो, मैले त्यो पाइन्टको कपडा किन खरिद गरेँ ? तत्काल आवश्यकता नपर्ने वस्तु खरिद नगरेको भए पनि हुने थियो । मैले मात्र होइन, यदाकदा अन्य केही मान्छेहरूले पनि यसरी अनावश्यक वस्तु खरिद गर्ने गर्छन् । यसो हुनुका पछाडि अनौठो अदृश्य शक्ति जिम्मेवार हुन्छ । के हो त्यो अदृश्य शक्ति ? मलाई लाग्छ मनमा कतै न कतै अलिकति लोभ, ईर्ष्या, देखासिकी र जिज्ञासाले यहाँ महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । हरेक मान्छेको अन्तरमा बास गर्ने बेइमानी अदृश्य शक्ति, सायद यही मनभित्रको देखासिकी र अर्को शब्दमा जिज्ञासा हो । त्यो पाइन्टको कपडा खरिदपछि मेरो मनमा यस्तै द्विविधा उत्पन्न भएको थियो । यसरी द्विविधा उत्पन्न भएको पहिलो पटक भने होइन, जीवनमा केही गर्दा, केही निर्णय लिनुपर्दा यसरी नै द्विविधा उत्पन्न हुन्छ । लाग्छ मनमा यसरी द्विविधा हुने गरी कुनै विषयले प्रवेश नगरिदिने हो भने जीवन कति सहज हुँदो हो, यो पाइन्ट पर्वमा, न मलाई घरपरिवारबाट पाइन्ट खरिद गरिएको विषयमा कुनै मौखिक तथा लिखित स्पष्टीकरण नै सोधिएको थियो, यो त केवल मेरो मनभित्रको जिज्ञासाका कारण मात्र म द्विविधामा परिरहेको थिएँ । मैले त्यो पाइन्टको कपडा फिर्ता गर्न पनि सक्दिन । किनकि कपडा फिर्ता गर्दा मेरो नैतिकतामा प्रश्न उठ्न सक्थ्यो, पसलेको नजरमा मप्रति हेर्ने विश्वासमा आँच आउन सक्थ्यो ।

अन्ततः केही क्षणको मनभित्रको अन्तर्द्वन्द्वपछि मैले पाइन्ट सिलाउने निर्णय गरेको थिएँ । मेरो मनमा अचम्मसँग एउटा जिज्ञासा उब्जिएको छ, त्यो पाइन्ट सिलाइसकेपछि मलाई सुहाउँछ या सुहाउँदैन ? त्यो लगाउँदा म कस्तो देखिन्छु ? म टेलरिङ सेन्टरको बिल झिकेर हेर्छु । म कपडाको गुणस्तर र रङ्ग जाँच गर्दै, बिलमा नत्थी गरिएको कपडाको सानो टुक्रामा निकै बेर हराउँछु । निकै ध्यान दिएर बिलमा लेखेको अक्षर र अङ्कहरू पढ्छु । थोरै रकम अग्रिम भुक्तानीका रूपमा बुझाए पनि केही रकम अझै बुझाउनुपर्ने स्पष्ट देखिएको छ । वितरण मिति लेखेको अघिल्लो दिन नै म पाइन्ट लिन पुग्छु । पाइन्ट तयार भएको थिएन । आखिर तोकिएको दिनभन्दा अघि तयार हुने कुरा पनि त भएन, मैले यसरी हतार गर्नुमा मेरो जिज्ञासाले महत्त्वपूर्ण भूमिका खेलेको थियो ।

पाइन्ट कस्तो बन्यो होला ? लगाउँदा कस्तो होला ? मभित्र यही जिज्ञासाले घर गरिरहेको थियो । जुन तत्कालका लागि जरुरी पनि थिएन । जाबो एउटा सामान्य कपडामा त यति विधि जिज्ञासा उत्पन्न हुनेरहेछ भने अनेको नवीन कार्य, नवीन अनुभव, नवीन प्रयोग र सम्पूर्ण जीवनको भविष्य कस्तो हुन्छ भनेर मान्छे जिज्ञासु बन्नु के आश्चर्य भयो ? तर मभित्र अर्काले लगाएजस्तै पाइन्ट लगाउने मानवीय स्वभाव अनुसारकै जिज्ञासा उत्पन्न भएको हो । यस प्रकारको जिज्ञासाले मनमा शान्ति र ज्ञान प्राप्त गर्न सकिँदैन । पाइन्ट सिलाएपछि केवल एउटा सामान्य भौतिक वस्तु प्राप्त हुन्छ त्यो पनि विनाअर्थको । यसले त केवल मनभित्र क्षणिक उत्साह र उमङ्ग मात्र दिएको हुन्छ । तर त्योभन्दा बढी यसले केही द्विविधा दिन्छ । जसका कारण मनमा थप अशान्ति थपिन्छ । मलाई लाग्छ मनभित्र उत्पन्न हुने सबै प्रकारका जिज्ञासाहरू एकै प्रकारका हुँदैनन् । यसैले जिज्ञासा पूरा गर्दा निकै विचार पुऱ्याउनुपर्ने रहेछ ।

मान्छेभित्र जिज्ञासा उत्पन्न हुन थालेको आजबाट होइन, मानव जिज्ञासा सृष्टिको प्रारम्भदेखि मान्छेमा थियो । रावणलाई सीताको सुन्दरताले लठ्ठ बनायो र उनलाई पत्नी बनाए कसो होला भन्ने जिज्ञासा जाग्यो । जुन जिज्ञासाका कारण उसको ज्यान गयो । एकलव्यको मनमा द्रोणाचार्यसँग धनुष वाणको प्रशिक्षण लिन पाए कस्तो हुन्थ्यो होला भन्ने जिज्ञासा उत्पन्न भएको थियो । जसका कारण उसले दायाँ हातको बुढी औँला गुमाउनुपरेको थियो । यी थिए, जिज्ञासाका कारण उत्पन्न भएका नोक्सानीहरू । मनभित्र उत्पन्न हुने जिज्ञासाले नोक्सान मात्र गर्दैनन् । सकारात्मक जिज्ञासाले जीवन बदल्न पनि सक्छ । कपिलवस्तुका राजा शुद्धोधन पुत्रलाई ज्ञान प्राप्त गर्ने जिज्ञासाले सामान्य युवराजबाट बुद्ध दर्शनको संस्थापक र धेरैको नजरमा बुद्धलाई भगवान बनाइदिएको थियो ।

मान्छेका मनभित्रका जिज्ञासाका कारण निकै टाढाको चन्द्रमा आज मान्छेको लागि पानी पँधेरो बनेको छ । चन्द्रमा कस्तो होला भन्ने जिज्ञासाको उत्तर पाइएको छ । संसारमा जतिपनि नयाँनयाँ वस्तुको आविष्कार भएको छ, यी सबै मानव जिज्ञासाका कारण सम्भव भएको हो । मान्छेमा मुख्यतया दुई प्रकारका जिज्ञासाहरू हुन्छन् । भौतिक ज्ञान अभिबृद्धि हुने जिज्ञासा र आध्यत्मिक जिज्ञासा । एउटा प्रसिद्ध भनाइ छ "जिज्ञासा ज्ञानकी माता

हुन् ।" यथार्थमा संसारमा जति पनि ज्ञान र विज्ञानको उन्नति भएको छ, सबै मानव जिज्ञासाका कारण सम्भव भएका हुन् । यिनै जिज्ञासाका कारण विभिन्न प्रकारका विषयको ज्ञान प्राप्त गरेर मान्छेले यति प्रगति गऱ्यो कि, आजसम्म जतिपनि विकास र प्रगति भएको छ केवल मानव जिज्ञासाको कारण मात्र सम्भव भएको मानिन्छ । बाँकी रह्यो अर्को जिज्ञासाको, यो आत्मतत्त्वसँग सम्बन्धित छ । मान्छेले आत्मा र परमात्माको बारेमा जान्ने प्रबल इच्छालाई आत्मज्ञान भनिन्छ । वेदको अध्ययन गर्ने जिज्ञासाले उपनिषद् र मीमांसा जन्मिन पुगे । जसले मान्छेलाई शान्ति दिए र अनुशासित बनाए । यसै कारण मान्छेमान्छेबीच, बन्धुत्व र भातृत्वको विकास भयो । जसको खोजी गर्दै जरोसम्म पुग्ने हो भने यसको जस मानव जिज्ञासालाई दिनुपर्ने हुन्छ । लाग्छ, मान्छेको जीवन जिज्ञासै जिज्ञासाले भरिएको उपन्यास जस्तै रहेछ । जीवनको कथाले अब कुन मोड लिन्छ ? मलाई जस्तै हरेक मान्छेहरूमा यस्तै जिज्ञासा लागेको हुनुपर्छ । सायद जीवनप्रति जिज्ञासा नहुने मान्छे हुँदै हुँदैन । कसैले, होइन जीवनप्रति पटक्कै जिज्ञासा छैन भन्छ भने त्यो मान्छेको सासको डोरी कि त चुँडिन लागेको हुनुपर्छ कि चुँडिसकेको हुनुपर्छ । जिज्ञासा एक प्रकारको अनुभूति हो । जसले जीवित प्राणीहरू, खासगरी मान्छेलाई नयाँ विषयहरू सिक्न मद्दत गर्ने गरेको हुन्छ । यो भावना, मान्छेको आधारभूत र जन्मजात भावना हो । हरेक मान्छेमा यस प्रकारको भावना हुनुपर्छ । यदि छैन भने त्यो मान्छे र कुनै एक जडवस्तुबीच के नै फरक रहन्छ र ?

मान्छे किन जिज्ञासु हुन्छ ? भनिन्छ, नयाँ र जटिल कुराहरूले मस्तिष्कमा अनिश्चितताको भावना पैदा हुन्छ । जिज्ञासाले यस अनुभूतिबाट राहत प्रदान गर्दछ जसले जीवित प्राणीहरूलाई असन्तुष्टि महसुस गराउँछ । नयाँ र जटिल चीजहरूको बारेमा जानकारी भएपछि आफसेआफ असन्तुष्टि कम हुँदैँ जान्छ । जब असन्तुष्टि कम हुन्छ, मान्छे खुशी हुन्छ । उसको मनमा उब्जिएका तनावहरू आफै ठिक हुन थाल्छन् । यही असन्तुष्टिका कारण केही समय मैले त्यो पाइन्टको कपडामा महत्त्वपूर्ण समय खर्च गरेको थिएँ । मैले त्यस्तै पाइन्ट कसैले लगाएको देखेको थिएँ । उसलाई एकदमै सुहाएको थियो । चिटिक्क परेको देखिएको थियो । समग्रमा उसको व्यक्तित्वमा समेत निखार आएको महसुस गरेको थिएँ । त्यस्तै पाइन्ट लगाउँदा मलाई कस्तो होला ? म पनि ऊजस्तै चिरिच्याट्ट देखिन्छु कि देखिन्न होला ? यो पाइन्ट खरिदमा

मलाई त्यही जिज्ञासाले उक्साइरहेको थियो। मनको जिज्ञासा मेटाउन मैले मेरो शारीरिक बनावट, मेरो छालाको रङ्ग, मेरो उचाइ र मोटाइतर्फ पटक्कै ध्यान पुऱ्याउन सकिन। शरीरमा लगाउने कपडा मिल्न, सुहाउन यिनै कुराहरूले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। मेरो मात्र होइन, यसतर्फ कमै मात्र मान्छेहरूको ध्यान पुग्ने गरेको छ।

जिज्ञासाले मान्छेलाई नयाँ कुरा सिक्ने अवसर त दिन्छ तर कहिलेकाहीँ जिज्ञासा निकै खतरनाक साबित हुने गरेको छ। अवैधानिक यौन जिज्ञासा, आपराधिक कार्यको जिज्ञासालाई यसको ज्वलन्त उदाहरणका रूपमा लिन सकिन्छ। मान्छेको सबैभन्दा ठूलो कमजोरी यही हो, सबै मान्छेले नयाँ र जटिल चीजहरूको सामना गर्न सक्दैनन्। विषको स्वाद कस्तो होला भन्ने जिज्ञासाले मान्छेको ज्यान जानसक्छ। जाँड-रक्सीको स्वाद र यसबाट प्राप्त हुने आनन्दको जिज्ञासाले मानव स्वास्थ्यमा गम्भीर असर पर्नसक्छ। जुवा खेल्ने जिज्ञासाले घरबार जान सक्छ।

मानिसहरू किन जिज्ञासु हुन्छन् भनेर व्याख्या गर्ने सामर्थ्य मसँग छैन। यो त मान्छेको जन्मजात स्वभाव हो। उदाहरणका लागि, मान्छेमा जिज्ञासा उत्पन्न भएपछि उसले रोचक चीजहरू खोज्ने प्रयास गर्छ, त्यसको अनुभव गर्न चाहन्छ। तर उसले जिज्ञासा मेटाउने बाटोको विषयमा भने बेवास्ता गरिरहेको हुन्छ। यस्तो अवस्थामा उसले नयाँ प्रयोग गर्न उत्तेजनाको स्तर बढाउँछ। मानसिक उत्तेजना त्यस्तो उत्तेजना हो, जसमा मान्छेले सही र गलत विषयको तत्काल पहिचान गर्न सक्दैन। जिज्ञासा मेट्ने उपक्रममा सबैभन्दा होसियारी यसै अवस्थामा पुऱ्याउनुपर्छ। मेरो मनभित्र पनि अनगिन्ती जिज्ञासाहरू छन्। तर बाध्यतावश ती सबै जिज्ञासा मेटाउन म असमर्थ छु।

(**समकालीन साहित्य**, बेलायत)
१२ सेप्टेम्बर, २०२४

जीवन, ईर्ष्या र गल्ती

न खुशी हुन सक्छु, न दुःखी हुन सक्छु । मैले आजसम्म सुख र दुःखको वास्तविक परिभाषा बुझेको छैन । मलाई दुःख र सुखबीचको अन्तर छुट्याउन पनि आउँदैन । मलाई पनि अधिकांश मान्छेलाईजस्तै दुःख र सुख पालैपालो आउने गरेको भए यी दुईबीचको अन्तर सजिलै छुट्याउन सक्ने थिएँ । मैले अधिकांश समय दुःखमा बिताएँ । यसको अर्थ मेरो भागमा परेका सुखहरू अत्यन्त न्यून थिए । हुन त संसारमा मजस्तै धेरै मान्छेहरू होलान् । प्रायः मान्छेले आफ्नै दुःखलाई ठूलो देख्ने गर्छ । अहिले म बाल्यकाल, यौवनकाल, प्रौढावस्था गुजार्दै वृद्धावस्थाको सङ्घारमा आइपुगेको छु । मैले जीवनयात्राको क्रममा यस अवस्थासम्म आइपुग्छु भन्ने कल्पना पनि गरेको थिइन । यसैलाई मैले जीवनको सबैभन्दा महत्त्वपूर्ण उपलब्धि ठानेको छु । हुनसक्छ, यो उपलब्धि नभएर अभिशाप हो । यसलाई म यस कारण उपलब्धि मानिरहेको छु कि दुनियाले बाँच्न सक्नुलाई उपलब्धि मान्ने गरेको छ । मैले पनि दुनियाले हिँडेको बाटोमा हिँड्नुपर्छ । अन्यथा मान्छेहरूले कि त मलाई साँच्चै पागल भन्न सक्छन् कि घमण्डी । यथार्थमा म पागल भए पनि, घमण्डी भए पनि यी मध्ये कुनै एकको पनि पहिचान बोकेर र सहारा लिएर बाँच्न चाहन्न । लाग्छ, मलाईजस्तै हरेक मान्छेहरूसँग यस्तै इच्छा हुन्छ । मनका यी इच्छाहरू बजारमा बेच्न राखिएका मालसमानजस्तै फिँजाएर राख्ने चिज पनि होइनन् ।

म अहिलेसम्म बाँचिरहेको तथाकथित 'मानव' संसारको वास्तविक सत्य यही हो । अन्यथा यहाँ भएका र हुने गरेका जति पनि कुराहरू छन्, मलाई ती सबै फर्जी र काल्पनिक मात्र लाग्छन् । मान्छेको माया, विश्वास, आशा, भरोसा सबै देखावटी हुन् । जसलाई नियालेर हेर्ने हो भने त्यहाँ एकदम

अँध्यारो नर्कजस्तो देखिन्छ । प्रत्यक्ष रूपमा यसमा तपाईँ–हाम्रो कमजोरी जिम्मेवार छ । हामी भन्नलाई एउटा कुरा भन्छौँ तर हाम्रो व्यवहार अलि फरक हुने गरेको छ । यसो भन्न मलाई पटक्कै शरम लाग्दैन । किन भने हामी छौँ नै यस्तै । "गल्ती स्वीकार गर्नु महान् कार्य हो ।" कसैलाई अर्ती र उपदेश दिँदा हामीले यसै भन्ने गरेका छौँ । यो तथ्य अधिकांश मान्छेहरूले राम्रोसँग बुझेका छन् । तर हामी आफूलाई परेको बेला बिर्सन्छौँ र गल्ती पटकपटक दोहोऱ्याइरहेका हुन्छौँ । कतिपय मान्छेलाई यही नर्कजस्तो परिवेश पनि स्वर्गजस्तो लाग्छ । आश्चर्यको कुरा जीवनमा देख्दै नदेखेको र अनुभव नगरेको विषयमा हामी प्रत्यक्ष देखेजस्तो र अनुभव गरेजस्तै वर्णन गरिदिन्छौँ । सायद स्वर्ग र नर्क पुगेर फर्किएको एउटासम्म जिउँदो मान्छे फेला परेको भए यो रहस्यको रहस्योद्घाटन हुने थियो । मान्छेले स्वर्ग र नर्कको परिभाषा के को आधारमा दिने गरेका छन् म बुझ्दिन ।

आजभोलि मलाई मान्छे देख्दा औधी डर लाग्छ । डर यस अर्थमा लाग्छ, मान्छेहरू एउटै मात्र भाषा बोल्दैनन् । मान्छेको आन्तरिक र बाह्य भाषा फरकफरक हुन्छ । म अधिकांश मान्छेको बोली र व्यवहार फरक भएको पाउँछु । मानव जीवनमा सबैभन्दा ठूलो दुर्भाग्य यही हो । मैले जीवनमा घट्ने केही झिनामसिना र सामान्य रमाइला घटनालाई नै खुशी सम्झने गरेको छु । केही मान्छेहरूले त्यसलाई पनि निकै ईर्ष्यालु नजरले हेर्ने गर्छन् । उनीहरूको सोचाइ हुन्छ, त्यो खुशी मैले निर्वाध रूपमा उपभोग गर्न पाउनु हुँदैन । उनीहरू नै त्यसको वास्तविक उत्तराधिकारी हुन् । त्यो खुशी मेरो भागको नभई उनीहरूको भागको खुशी हो । मैले त्यस समय प्राप्त गरेको खुशी उनीहरूले पटकपटक भोगिसकेका छन् । यसरी मेरो र उनीहरूको खुशी बाझिने गर्दा मलाई चिन्ता लाग्छ । मलाई जीवनमा सबैभन्दा बढी, यही डरले सताउने गरेको छ । कहिलेकाहीँ म रातमा पनि चिच्याइरहेको हुन्छु, पीडामा सुस्ताइरहेको हुन्छु र खुशीमा पागल बन्ने गर्छु । जब म पागल बन्छु, त्यसबेला मैले धेरै मान्छेहरूको यथार्थ र वास्तविक रूप देख्न पाउँछु । म यो पागलपनलाई गोपनीय ढङ्गबाट प्रयोग गर्न चाहन्छु । कुनै पनि पागलले आफूलाई पागल छु भन्दैन । म पनि यही पागलपनबाट भरपूर आनन्द लिन्छु । साँच्चै जीवनमा स्वच्छन्द र निस्फिक्री भएर बाँच्नुको छुट्टै मजा हुन्छ ।

यसलाई प्राप्त गर्ने अनेकौँ उपाय मध्ये पागलपन पनि एउटा अचुक उपाय हो । तर कसैले पनि मलाई पागल भनेर सम्बोधन गरेको कुरा भने म सहन सक्दिन ।

मान्छेको जीवनमा कतिपय कुराहरू त्यस्ता हुन्छन्, जुन सहन निकै गाह्रो हुन्छ । तर पनि मान्छेले सबै कुरा सहनुपर्छ । हार नमानीकन, निराश नभई र छलफलपछि निष्कर्ष निकालेर भए पनि सहनसक्नुपर्छ । मान्छेले आफूलाई विश्वास त जसरी पनि गर्नुपर्छ यो कुरा निर्विवाद छ, यसमा कत्ति पनि द्विविधा छैन । कुनै बेला परिस्थिति यस्तो पनि आइदिन्छ कहिले भने आफैँलाई शङ्का पनि गर्नुपर्ने हुनसक्छ । कतिपय कुरा सुनेको भरमा हामीहरू आफ्नै मान्छेसँग, शुभचिन्तकसँग नारी खैँचने गर्छौं । भन्नेले एकथोक भन्छ, कुरा सुनाउनेले अर्को सुनाइदिन्छ । यसबेला हामीमा आफैँलाई शङ्का गर्ने अभ्यास छैन । कहिलेकाहीँ अर्कालाई मात्र होइन, आफूलाई पनि शङ्का गर्नसक्नुपर्छ । कतै हामी आफैले गल्ती गरिरहेका त छैनौँ ? के तिनीहरू यस्तो कठोर र अहङ्कारवादी हुन सक्लान् ? मैले के बिराएको थिएँ ? उसले यतिसम्म त नभन्नु, नगर्नुपर्ने हो । त्यस बेला यो विचार मनमा ल्याउन सक्नुपर्छ । हरेक कुराको छानबिन गर्न सक्ने बन्नुपर्छ । सायद हामीले सुनेको र उसले भनेको कुरामा पटक्कै पनि तादात्म्यता नहुन सक्छ । कुनै समय मैले सीमित मान्छेहरूसँग केही विन्दुमा आफूलाई जोड्ने निर्णय गरेको हुन्छु तर मेरो अनुहारमा केही मुस्कान देखिए पनि म भित्रभित्रै गलिसकेको हुन्छु । उनीहरूको व्यवहारबाट मेरो त्यही हल्का मुस्कान पनि अत्यन्त फिका बनिदिन्छ । न केही उत्साह बाँकी हुन्छ, न जोश र जाँगर नै, भोक र प्यास बिस्तारै हराउँदै जान्छ । शरीरमा पसिना निस्कन छोड्छ, ओठहरू खुल्न छोड्छन् । म देखिरहेको हुन्छु, मेरो पीडा पोखिएको हाउभाउबाट उनीहरू मनोरञ्जन लिइरहेका हुन्छन् । यसपछि मलाई लाग्छ मैले जुन निर्णय लिएँ, त्यो अत्यन्त गलत निर्णय थियो । समाजको अस्पृश्यता, आफन्तको उपहास र साथीहरूको तिरस्कार मृत्युभन्दा पनि भयावह हुन्छ । जब यी सबै कुराहरू संयोगले भेट हुन्छन्, मान्छेभित्रैदेखि गल्न थाल्छ । त्यसबेला म निकै थाकिसकेको हुन्छु ।

कार्यबोझको थकान र जीवनले दिएको थकानमा निकै अन्तर हुने रहेछ । यी दुईबीचको लक्षण उस्तैउस्तै हुने भए पनि मैले सजिलैसँग छुट्याउन

सक्ने भएको छु । हरेक कुराको अभ्यासले मान्छेमा त्यस विषयको सीप विकास गरिदिन्छ । जसरी जीवनमा एकपटक पनि गाई नदुहेको व्यक्तिले एक्कासि गाई दुहेर फत्ते गर्न सक्दैन । मैले कार्यबोझको थकानभन्दा जीवनले दिएको थकानबाट पटकपटक सुस्ताएको अनुभव गरेको छु । त्यसैले मैले जीवनले दिएको थकान र कार्यबोझबाट उत्पन्न हुने थकानको फरक सहजै छुट्याउन सक्छु । मैले यस कुराको लामो अनुभव सङ्गालेको छु । मेरो शरीरको आन्तरिक अङ्ग एकजोडी मृगौलाले जब मलाई धोका दिए, मसँग यसको प्रतिस्थापन र स्याहारसम्भार गर्दाको प्रशस्त अनुभव छ । हामीले मानव जीवनको वास्तविक अर्थ नबुझेर वा बुझेर पनि, एकले अर्कालाई ठग्ने, मर्मस्थलमा चोट पुऱ्याउने, अर्कालाई उपहास र तिरस्कार गर्ने बानीको विकास गरेका छौँ । यस्तो सल्लाह न कुनै धर्मले दिएको छ, न कुनै औपचारिक शिक्षा दिनका लागि तयार गरिएको पाठ्यक्रममा नै समावेश गरिएको छ, के मान्छेको काम कतै उल्लेख नगरिएको कुरा खोजीखोजी प्रयोग गर्ने मात्र हो ? वा केवल मनोरञ्जनका लागि मात्र हो ? यो भ्रममा मान्छे किन अल्झिरहन्छ ? एकआपसमा हुने धोका र छलकपटमा अनगिन्ती मान्छेहरू घाइते बन्छन् । भौतिक रूपमा लागेको घाउ उपचारपछि निको हुन्छ तर मन भाँचिनेगरी, मुटुमा बिझ्नेगरी लागेको घाउको न उपचार हुन्छ न भरिन्छ, मलाई लाग्छ, यस प्रकारको घाउ आफूले पनि कसैलाई दिनु नपरोस् । सकेसम्म अरूले पनि नदिए जाति हुन्थ्यो तर मान्छेले सोचेका र कल्पना गरेका सबैकुराहरू पूरा हुँदैनन् ।

मेरो विचारमा, उस्तै रूपरङ्ग भएका, एकै प्रकारका बनावट भएका, चालढाल एकै भएका मान्छेहरूबीच पनि किन वैमनश्यता हुन्छ ? किन शत्रुता बढिरहेको हुन्छ ? किन रिसिबी र ईर्ष्या हुन्छ ? समग्रमा एउटा मान्छेले अर्को मान्छेलाई बुझ्न किन कठिन हुन्छ ? जब म यस्तै विषयमा सोच्न लाग्छु, मलाई आश्चर्य लाग्छ । यसको वीजारोपण कहिले, किन र कसरी भयो म पौराणिककालका दृश्यहरू सम्झन्छु । देवता र दानवबीच हुने जुँगाको लडाइँ, राम र रावणबीचको युद्ध, पाण्डव र कौरवबीचको युद्धको निरन्तरता मात्र हुन यी आजका लडाइँ, झगडा र घात-प्रतिघातका शृङ्खलाहरू ? यी विकृतिहरू सृष्टिसँगै जन्मिएको हुनुपर्छ, अन्यथा आदिमकालदेखि आजसम्म पनि यिनले आफ्नो ताण्डव नृत्य देखाइरहेकै छन् । भनिन्छ, उहिले अयोध्या रामराज्य थियो तर अयोध्यमा स्थापित रामराज्य पनि राज्य निर्माण हुनासाथ भएको

भने थिएन । अयोध्यामा रामराज्य स्थापना गर्न रावण प्रवृति अन्त गर्नुपरेको थियो । तत्कालीन राज्यका युवराजले बाह्र वर्ष वनवास भोग्नुपरेको थियो । अयोध्याका राजा दशरथको संयुक्त परिवारभित्र मेलमिलाप थिएन । एकले अर्कालाई विश्वास गरिहाल्ने वातावरण थिएन । वर्षौंपछि यी सबै विकृतिको अन्त्य गरेर मात्र त्यहाँ रामराज्य स्थापना भएको हो । यस्ता विकृति नहुने भन्ने होइन । बिस्तारै यिनको अन्त्य भने गरिनुपर्छ । विकृतिको अन्त्यपछि एक दिन स्वयं हामीभित्र पनि रामराज्य स्थापना हुनसक्छ । बाह्य संसारमा पनि रामराज्य स्थापना गर्न सकिन्छ । तर एकदुई जनाको मेहनत र सामान्य प्रयासबाट भने यो सम्भव छैन । गल्ती सबैबाट हुन्छ, सच्याउन सक्नुपर्छ । होइन त्यसलाई ढाकछोप गर्ने हो भने झन् गम्भीर गल्ती मान्न सकिन्छ ।

(**वागीश्वरी** - चिसाप)

जीवनको चित्र र बुद्यौली उमेर

कुनै दक्ष चित्रकारले जब मानव चित्र बनाउन आरम्भ गर्छ, क्यानभासमा विभिन्न रङ्गले रङ्गाउन थाल्छ । सबै अङ्गको निर्माणपछि अन्त्यमा चित्रको आँखा बनाउँछ । जब आँखा बनाइसक्छ, चित्र जीवन्त देखिन्छ । झट्ट हेर्दा लाग्छ, अब भने चित्र फटाफट बोल्न थाल्छ र ऊसँग दोहोरो सम्वादसमेत गर्न सकिन्छ । पक्कै पनि आँखा बनाउनुपूर्व त्यही चित्र, रङ्गिन भएर पनि फुस्रो र फुङ्ग उडेको जस्तो लाग्छ । नियालेर हेर्दा पनि रङ्गहीनजस्तो, उदास र उजाड देखिन्छ । जब चित्रले आँखा पाउँछ, चित्र निकै आकर्षक देखिन्छ । झलक्क हेर्दा साँच्चिकै मान्छेजस्तै । यहाँ चित्रको मूल्याङ्कन गर्ने पनि कसैका आँखा नै हुन्छन् । चित्रमा आँखा नहुँदा मूल्याङ्कनकर्ताले देखेको उदासीनता आँखा राख्नासाथ जीवन्ततामा परिणत हुन्छ । के एउटा पूर्णाकार तस्बिरको सबैभन्दा महत्त्वपूर्ण भाग आँखा नै हो ? एकदम सही अनुमान गर्नु भयो । हो, एउटा मान्छेले अर्को मान्छेलाई भेट हुनासाथ सबैभन्दा पहिले आँखामा हेर्छ, उसको मूल्याङ्कन पनि आँखाबाट नै गर्छ ।

त्यसैले प्रत्येक मान्छेले जीवनभर आफ्नो जीवनको त्यस्तो चित्र बनाउनुपर्छ, जसमा अन्य मान्छेले पनि आँखामा हेरेर सम्पूर्ण जीवनको रहस्य थाहा पाउन सकोस्, जुन बाह्रैमास सन्तुष्ट देखियोस् । आफूभित्रको दुःख, पीडा, उदासी, सुख, सन्तोष अधिकांश मान्छेले लुकाउन चाहेर पनि लुकाउन सक्दैनन् । तिनको प्रतिविम्ब उसको आँखामा स्पष्ट देख्न सकिन्छ । मन रुँदै गरेको भए पनि, हाँस्दै गरे पनि मान्छेले ढाँट्न सक्छ तर आँखाले कहिले पनि ढाँट्दैन । मानव शरीरका बाह्य र आन्तरिक अङ्गहरूमध्ये सबैभन्दा इमान्दार अङ्ग हो - आँखा । यति मात्र होइन आँखा खुला किताब

हो, जुन जो कोहीले पनि सहजै पढ्न सक्दछन् । मान्छेले पहिलो नजरमा तपाईँलाई देख्नासाथ तपाईँको आँखामा हेरेर मूल्याङ्कन गर्छन्, तपाईँ दु:खी हुनुहुन्छ या सुखी ? आनन्दित हुनुहुन्छ या चिन्तित सजिलै थाहा पाउँछन् । तपाईँको मनभित्रका पीडाहरू पढ्छन्, रिसको आवेग पढ्छन् । खुशी हुँदाको प्रफुल्लता अनुमान गर्न सक्छन् । कागजमा कोर्ने चित्रजस्तै, मान्छेले आफ्नो जीवनको चित्र बनाउँदा जहिले पनि निकै होसियारीपूर्वक बनाउनुपर्ने हुन्छ । चित्र बनाउने क्रममा निकै अप्ठ्यारो परिस्थितिसँग जुध्नुपर्ने हुनसक्छ तर पनि हिम्मत भने हार्नुहुन्न । सामान्य मेहनतले सुखी र खुशी चित्र बनाउन निकै कठिन हुन्छ । त्यसका लागि प्रशस्त मेहनत गर्नुपर्छ । मान्छेले शारीरिक चित्रमा देखिएको तपाईँको बलियो तिघ्रा, बलियो नाडी, तपाईँको पोसाक र मोजामा हेर्दैनन् । सबैले हेर्ने आँखामा हो । जहिले पनि अर्काको नजर पर्ने तपाईँको आँखालाई सुन्दर बनाउने कोसिस गरिरहनुपर्छ ।

जीवनको चित्र बनाउने क्रममा कहिले पनि उमेर तगारो बन्दैन । चित्र बनाउने प्रयास बाँचुन्जेलसम्म पनि गरिरहनुपर्छ । तपाईँको जीवनमा जब बुढ्यौलीले प्रवेश गर्छ, यसैबेला हो तपाईँको कालिगढी क्षमता प्रस्तुत गर्ने समय । कथम्कदाचित तपाईँ चारबीस हिउँद पार गरिसकेको भए पनि तपाईँलाई जीवन चित्र बनाउने क्रममा भाग्ने प्रयास गर्न पटक्कै सुहाउँदैन । जीवनको चित्र युवावस्थामा कोरेको भन्दा बुढ्यौली उमेरमा कोरेको झनै आकर्षक बन्न सक्छ । त्यसैले बुढ्यौली लाग्यो भन्दैमा झोक्राएर बस्नु हुँदैन, ओइलाएर बस्नु हुँदैन । जोश र जाँगरका साथ जिन्दगीको मैदानमा उत्रिनुपर्छ । अनुभवले खारिएको विचार र भावनाहरू छरपष्ट बनाएर पोखिदिनुपर्छ, निकै परसम्म पुग्नेगरी । जसलाई वर्तमान युवापुस्ताले चराले खेतमा छरिएको दाना टिपेर सन्तुष्टि लिए जसरी मान्छेहरूले पनि सन्तुष्टि लिन सकून् । तपाईँको खुलेर प्रशंसा गरून् । तपाईँको विगतका गल्ती र कमजोरीबाट केही न केही पाठ सिकून् । जसले गर्दा उनीहरूले तपाईँले गरेको पुरानो मानवीय गल्ती दोहोऱ्याउने दुस्साहस नगरून् । तपाईँजस्तै ओरालो लागेका केही घाम र जूनहरूले आँखासहितका धेरै राम्रा जीवनका चित्रहरू कोरेका छन् । त्यसबाट पनि केही सिक्ने प्रयास गर्नुपर्छ । थप ऊर्जा प्राप्त हुनसक्छ । तपाईँको सम्पूर्ण जीवनको एउटा आत्मकथा लेख्नुस्, केही संस्मरण प्रकाशित गर्नुस्, तपाईँको जीवन कथा लेखेर बाँड्नुस् । तपाईँको पनि मन हलुका हुन्छ ।

तपाईँको जीवनका तीता र मिठा अनुभवहरूले कुनै पाठकको जीवनमा ठूलो परिवर्तन ल्याइदिन सक्छ । अन्य कसैले तयार गर्न लागेको जीवनको चित्र निर्माणमा सहयोग पुग्न सक्छ ।

कसैको जीवनको पाठशाला बन्न पाउनु चानचुने कुरा हुँदै होइन । प्रेरणाको स्रोत बन्नु भनेको त झनै महान् कार्य हो । जीवनप्रति उत्साह जगाउने सूत्र हो - बुढ्यौली उमेरको लेखाइ । जीवनको चित्र कोर्ने सिलसिलामा अनगिन्ती मेहनत गर्नुभयो होला, समय खर्चिनु भयो होला, त्यसैले तपाईँसँग प्रशस्त अनुभव छ । करिबकरिब तपाईँको आँखाबाहेकको जीवन चित्र तयार गरिसक्नुभएको छ । कृपया, अब आँखा बनाउन कत्ति पनि ढिला नगर्नुहोस् । ख्याल गर्नुहोस्, फेरि पनि भन्दैछु - दुनियाले तपाईँको कुनै पनि अङ्ग देख्दैन । मात्र आँखा देख्छन्, आँखामा पढ्ने कोसिस गर्छन् । तपाईँको लेखाइ, सबै मान्छेले पढ्ने त्यही आँखा हो । तपाईँ देशको प्रधानमन्त्री बन्नुस्, मुख्यमन्त्री, राजदूत, सचिव जेसुकै बन्नुस्, तपाईँलाई मान्छेहरूले पूर्वप्रधानमन्त्री, पूर्वमन्त्री, पूर्वराजदूत, पूर्वसचिव भनेर सम्बोधन गर्नेछन् । आजसम्म कसैलाई पूर्वकवि, पूर्वलेखक सम्बोधन गरिएको संसारमा कतै सुन्नु भएको छ ? तपाईँसँग जति जग्गाजमिन, धनसम्पत्ति होस्, त्यसलाई कसैले पनि मतलब गर्दैनन् । तपाईँलाई के रोग लाग्यो, कस्तो रोग लाग्यो, कति बाँच्नु भयो त्यो कुरा कसैको चिन्ता र चासोको विषय हुँदैन । यी त शरीरमा लगाइने जुत्ता, चप्पल र मोजाजस्तै हुन् । केही समयपछि कसैलाई पनि काम लाग्दैनन् । जसलाई फोहरको डङ्गुरमा मिल्काएर फालिन्छ । त्यसैले शरीरका जुत्ता, चप्पल र मोजाको गुणस्तर सुधार्न होइन, दुनियालाई देखाउने र दुनियाले देख्ने आँखाको गुणस्तर सुधार गर्न कोसिस गर्नुस् । मात्र अलिकति समय दिनुस् ।

जीवनको आँखा भनेको, मात्र तपाईँको लेखन कला हो । तपाईँले सम्झिएर, सङ्कलन गरेर वा भावनामा डुबेर वा जसरी हुन्छ, लेखाइ तपाईँको आफ्नो निजी विचार हो । तपाईँले बाँड्ने भोगाइको अनुभव हो । ख्याल गर्नुहोस्, तपाईँसँग भएको अनुभवको ठेली संसारको कुनै पनि मान्छेसँग मिल्दैन र हुँदैन पनि । सबैका भिन्नभिन्न प्रकारका जीवन अनुभूतिहरू हुन्छन् । कसलाई के थाहा छ र ? तपाईँको अनुभव र अनुभूतिले कसैको जीवन बदलिन पनि

सक्छ । तपाईँको अनुभव कसैका लागि अभूतपूर्व मार्गदर्शन पनि बन्नसक्छ । हरेक मान्छेले पछिल्लो पुस्तालाई हस्तान्तरण गर्ने सबैभन्दा महत्त्वपूर्ण वस्तु नै लेखाइ हो । जुन सदियौँसम्म पनि सुरक्षित रहिरहन सक्छ । घर, जग्गा, जमिन र धनसम्पत्ति त क्षणिक समयको लागि मात्र न हुन् ।

अब ढिला नगर्नुस्, लेख्न आरम्भ गरिहाल्नुस् । तपाईँको जस्तै अन्य व्यक्तिले लेखेका तिनका अनुभव पनि अध्ययन गर्नुस् । आफ्नो र अरूको जीवन भोगाइको तुलना गर्नुस् । सबै प्रकारका चिन्ताबाट मुक्त हुनुहोस् । एउटा मात्र होइन अनगिन्ती पुस्तक पढ्नुस् र तपाईँ पनि लेख्नुस् । फुटकर रचनामा पनि हात बढाउनुस् । नाम पनि, समयको सदुपयोग पनि, आहा ! भएन त चिची पनि पापा पनि । तपाईँको लगभग बन्नै लागेको पूर्णकदको फुस्रो तस्बिरमा जब आँखा बनाउनुहुन्छ, सारा संसार स्पष्ट देखिने छ । भूत भविष्य र वर्तमान आँखामा घुमिरहेको पाउनुहुनेछ । समग्रमा तपाईँको जीवनको पूर्ण र सुन्दर तस्बिर बनिसकेको हुनेछ । जब मान्छे लेखाइमा व्यस्त हुन्छ, कसैले कुरा काटेको, कसैले घृणा गरेको सुन्ने फुर्सद पनि तपाईँलाई हुँदैन । यति मात्र होइन, आफ्नो शरीरमा बास गरेका केही रोगले समेत तपाईँलाई चिमोट्न सक्दैनन् । रोगको उपस्थितितिर पनि तपाईँको ध्यान पुग्दैन । रोग भनेको जति ध्यान दिएर नियाल्यो त्यति बढिरहने चिज हो । यसपछि आफ्नो मनले अनुभूति गर्छ, मेरो शरीरमा कुनै प्रकारको रोग नै छैन । भारी शरीर बिस्तारै हलुका हुँदै जान्छ । तपाईँसँग चिन्ता गरिरहने समय हुँदैन । चिन्तामुक्त हुनु भनेको शरीर रोगमुक्त हुनु हो । जीवन सहज हुनु हो र लामो समय बाँच्नु हो ।

अब घरको चिन्ता नगर्नुस् । तपाईँले जतिबेलासम्म चिन्ता गर्नुपर्ने थियो, तपाईँको भागमा पर्ने चिन्ता गरिसक्नु भयो । थप अर्काको चिन्ताको बोझ बेकारमा आफ्नो काँधमा किन थाप्नु हुन्छ ? अब तपाईँ घरपरिवारको कामदार सदस्य होइन, सल्लाहकार बन्नु भएको छ । अब तपाईँको घर गृहस्थको सत्ता सुम्पने समय आइसकेको छ । बुढेसकालमा जीवनको सत्ता बोकिरहन कसैलाई पनि सुहाउँदैन । राजनीतिको सत्ता जस्तो उभिन नसक्ने अवस्थासम्म पनि सत्तामा टाँसिने प्रवृत्ति राम्रो मानिँदैन । यो प्रवृत्ति स्वास्थ्यको लागि पनि हानिकारक हुन्छ र समाजको लागि पनि हानिकारक । राजनीतिज्ञहरूले जस्तो सबैले सधैँ सत्तामा मात्र टाँसिइरहनुपर्छ भन्ने छैन । युवावस्था र प्रौढावस्थामा जस्तो भारी बोक्न पनि अब कठिन हुन्छ । तुरुन्त भारी बिसाएर जीवन सहज

र खुकुलो बनाउनुहोस्, बिन्ती छ । धरामा अनगिन्ती मान्छेहरू जन्मिए, एक दिन त्यस्तो पनि दिन आयो ती सबै आआफ्नो बाटो लागे । यो यथार्थ तपाईँको आफ्नै आँखाले देख्नुभएको छ । आफैँले आफैँलाई विश्वास गरी हेर्नुस् । यो शाश्वत सत्य हो । तपाईँ पनि जीवनको उत्तरार्द्धतिर पुगिसक्नु भएको छ । नडराउनुस्, बरु निर्धक्क भएर लेख्न आरम्भ गरिहाल्नुस् ।

जसले आफ्नो जीवन चित्रमा जिन्दगीको आँखा बनाउन सकेनन्, तिनको प्रतिविम्ब छिट्टै हराउँदै गयो । जसले चित्रमा जीवन्त आँखा बनाएर गए, पछिल्लो पुस्ताले पनि तिनका आँखाबाट देश हेरिरहेका छन् । माटो पढिरहेका छन् । तिनै आखाँलाई वर्तमानले इतिहास मानेको छ, साहित्य मानेको छ । साहित्यको अमूल्य खजाना मानिरहेको छ । मानव इतिहास निर्माणको सिलसिलामा तपाईँले पनि केही थान इटाको सहयोग गर्नु भयो भने इतिहासले तपाईँलाई युगौँ युगसम्म सम्झिरहने छ ।

(**शब्दाङ्कुर**)

वर्ष २३, अङ्क ३, पूर्णाङ्क २७६

जीवनको सार

वि.सं. २०३४ ताका तेह्र वर्षको एउटा केटो गोरखा जिल्लाको दुर्गम स्थानबाट काठमाडौँ पुग्छ । गाउँमा काउली, मुला र रायोको साग मात्र देखेको उसले बन्दागोभीसँग साक्षात्कार हुने अवसर पाएको थिएन । चिकित्साशास्त्र अध्ययनरत उसको दाजुले बन्दागोभी केलाउने जिम्मेवारी दिएर उनी कलेज गएपछि केटोले बन्दागोभी केलाउन आरम्भ गर्छ । बन्दागोभीको हरेक पत्र निकालेर फोहोर बाटामा फाल्दै जाँदासमेत उसले बन्दाको गोभी फेला पारेन । दाजु फर्किएर केलाएको बन्दागोभी खोजी गर्दा उसले फोहरले भरिएको बाटा देखाएको थियो । जहाँ बन्दागोभीको सम्पूर्ण पत्रहरू च्यातेर मिल्काइएका थिए । सुरुमा दाजु आइपुगेको भए केही भित्री पत्रहरूको मात्र नोक्सानी हुन्थ्यो । दाजु कोठामा आइपुग्दा सायद समय घर्किसकेको थियो ।

मेरा यिनै हातले बन्दाभित्र गोभी खोज्दै च्यातेर मिल्काएको अठचालिस वर्ष पुगेछ । यतिका वर्षसम्म कोशी र नारायणी नदीमा धेरै पानी बगिसक्यो । देशमा कैयौँ पटक व्यवस्था परिवर्तन भए, शासक फेरिए, त्यस बेला एउटा अबोध किशोरले बन्दाभित्र गोभीको खोजी गरेजस्तै वर्तमान समाजले मुलुकमा उन्नतिको गोभी खोजिरहेको छ । समाजले असल राजनीतिक संस्कार खोजेको छ । राजनीतिक स्थायित्व खोजेको छ । नेतृत्व तहदेखि प्रत्येक नागरिकमा इमान्दारी खोजेको छ । यथार्थमा यो खोजी, बन्दाभित्रको गोभीको खोजजस्तै भएको छ । वर्तमान अवस्थामा बन्दाभित्र गोभी त के कुरा बाहिरबाट हेर्दा गजब आकर्षक डल्ला देखिने बन्दा, भित्रभित्रै सडेको दुर्गन्धित गन्ध आउने गरी कुहिएको फेला पर्ने गरेको छ । सुरिएको राजनीति फेला पर्ने लक्षण कुनै कोणबाट पनि देखिएको छैन । वर्तमान राजनैतिक अवस्था देख्दा यस्तै देखिन्छ ।

गणतान्त्रिक संविधानको स्थापनासँगै गणतन्त्रको पत्रभित्र वास्तविक गोभी पाइने आशा सबैमा थियो । यही आशामा अनगिन्ती बन्दाको डल्लोबाट कयौँ पत्र च्यातेर फोहरको बाटामा मिल्काइसकिएको छ । मिल्काउने सिलसिला अझै जारी छ । तर अँह कुनै बन्दाभित्र पनि सारवस्तु अर्थात् गोभी फेला पर्ने लक्षण पटक्कै देखिएको छैन । अनगिन्ती पात च्यातेर फोहरको बाटामा हाल्दै पुनः निकाल्दै गरिन्छ, तर सार फेला पर्नु भनेको स्यालको सिंङ खोज्नुजस्तै भएको छ । लाग्छ, यी कुहिएका बन्दालाई सिसडोलतिर लगेर मिल्काई दिए भान्सामा बरु गुन्द्रुक केलाउन सजिलो हुन्थ्यो । कमसेकम भित्र गोभी छ–छैन ? खोजिरहने झन्झट हुँदैन थियो । अमूल्य समय बचत हुनसक्थ्यो । गफ भने बन्दाभित्र केशरको गर्ने गरिएको छ । तर दुर्भाग्य, बन्दाभित्र डुङ्डुङ्ती गन्हाउने गरी कुहिएको हलेदो भन्दाबाहेक आजसम्म केही पनि फेला पार्न सकिएको छैन । यथार्थमा बन्दाभित्र गोभी पाइँदैन तर त्यसको जानकारी बन्दा केलाउनेहरूलाई हुनुपर्छ । यदि जानकारी छैन भने बुझ्ने प्रयास गर्नुपर्छ । बन्दामा गोभी होइन पत्र मात्र हुन्छ त्यो पनि खातमाथि खात । यसको उपभोग गरिने भाग गोभी होइन पात हो । यदि समाजलाई गोभी नै चाहिन्छ भने बन्दा होइन, काउली र ब्रोकाउलीको खेती गर्नुपर्छ । तब मात्र गोभी पाइन्छ । दुःखको कुरा, हामीले बन्दाको खेती गरेर लामो समयदेखि त्यसभित्र काउली र ब्रोकाउलीको जस्तै गोभी खोजिरहेका छौँ ।

बन्दा र राजनीति मात्र होइन, जीवनको रहस्य खोज्ने क्रममा मान्छेले आफ्नै जीवन च्यातेर मिल्काइरहेको छ । बन्दा च्यातेर सकिएजस्तै जीवन सकिनै लाग्दा आजसम्म कसैले पनि जीवनको गोभी अर्थात् त्यसको रहस्य फेला पार्न सकेको छैन । आखिर जीवन के हो ? अधिकांश मान्छेहरूले यस प्रश्नको उत्तर नपाउँदै आफ्नो जीवनलीला समाप्त भएको थाहा नै पाउँदैनन् । अज्ञानतावश मान्छेको काम भनेको च्यात्दै मिल्काउने मात्र रहेछ । भौतिक सुखको चाहनामा कतिले हातमा आइपुगेको आध्यात्मिक सुख शान्ति मिल्काइरहेका छन् । कसैले मुखको तीतो मिल्काउने बहानामा, आफन्त र इष्टमित्रसँगको सम्बन्ध मिल्काइरहेका हुन्छन् । पतिले पत्नीलाई मिल्काउने र पत्नीले पति मिल्काउनेहरूको सूची निकै लामो बनिसकेको छ । जन्मदिने बाबु र आमा मिल्काएर युरोप र अमेरिकाका गल्ली चहार्नेहरूको सङ्ख्या पनि कम छैन । लाग्छ, बाबुआमा भनेका पाकेका सिँगान हुन् । एकपटक नाक समातेर

निचोर्दा हल्का हुने । खोक्दा निस्किने खकारका डल्ला हुन्, एकपल्ट ख्वाक्क खोक्यो अनि मिल्कायो र हलुका महसुस गऱ्यो । बाबुआमा मात्र होइन, कलिला सन्तानलाई मिल्काएर पिरतीको डोरीमा पिङ मच्चाउनेहरूको पनि कमी छैन यहाँ । मोजमस्ती र जुवामा पल्किएर बाउबाजेको छाला मिल्काउनेहरूको कथा आफ्नै ठाउँमा अलग्गै छ । इमानजमान मिल्काएर भ्रष्टाचारको आहालमा स्नान गरी डुङ्डुङ्ती गन्हाउनेहरूको सङ्ख्या दिनप्रतिदिन बढिरहेको छ । राजनीतिका सिद्धान्त र आदर्शलाई खोपीमा मिल्काउनेहरूको बोलवाला बढिरहेको देखिन्छ ।

बन्दागोभीको सार र जीवनको सार लगभग उस्तै रहेछ । जीवन सहज रूपमा जिउने क्रममा समयको पत्र एकपछि अर्को गर्दै वर्षौं बितिरहेको छ र समय सकिएपछि बन्दाको गोभी कहाँ हुन्छ भनेजस्तै जीवन के हो ? भन्ने प्रश्न उठ्छ । वास्तवमा जीवन के हो ? हामी धेरैलाई थाहा छैन् । हुन त जीवनको रहस्य सबैले बुझ्ने कोसिस पनि गर्दैनन् र कोसिस गर्नेले पनि नबुझ्न सक्छन् । बुझ्नेले मात्र बाँच्नुपर्छ भन्ने पनि छैन । प्रकृतिको यो साझा धरोहर, जीवन बुझ्नेको र नबुझ्नेको बराबर हक लाग्छ । यो धरा बुझ्नेहरूको मात्र पनि होइन । धरा पूर्ण आयु बाँच्नेहरूको मात्र पनि होइन । यो समस्त प्राणीहरूको साझा धरोहर हो । कतिपय मान्छेहरूलाई लाग्न सक्छ, म किन बाँचिरहेको छु ? कतिलाई लाग्छ, म छिटो मरे बरबाद हुन्छ । धेरै बाँच्दा के हुन्छ र मरे किन बरबाद हुन्छ ? उसलाई थाहा भने हुँदैन । तत्कालीन शासक, राजनेता र विद्वानहरू मात्र होइन जीवनको सार बुझ्नेहरू राम, कृष्ण र बुद्धसमेत आजसम्म बाँच्न सकेनन् । जब मान्छे जन्मन्छ, उसलाई पालनपोषण गर्ने कार्यका लागि उसको सहयोगीका रूपमा सायद कसैलाई पनि सँगै पठाउने प्रचलन छैन । यतिसम्मकी उसलाई जन्मदिने आमालाई पनि त्यो जिम्मेवारी दिइएको हुँदैन । यदि दिइन्थ्यो भने केही आमाहरू बच्चालाई जन्म दिने बित्तिकै नमार्नुपर्ने थियो र केही आमाले सन्तान अलपत्र पार्ने पनि थिएनन् ।

विद्वान्हरू भन्छन्, जीवनलाई सार्थक बनाउनुपर्छ । के गरे जीवन सार्थक बन्छ ? हरेक मान्छेले उमेर छँदै त्यसको खोजीगर्नु पर्छ । संसारमा धेरै राजा महाराजाहरूले जन्म लिए । तिनले बाँचुन्जेल दुःख के हो ? कस्तो हुन्छ ? भन्ने कुरा कयौँले त थाहा पनि पाएनन् । तर पनि तिनीहरू समय पुगे

पछि जानै पर्थ्यो, नभन्दै गए पनि । हिटलरलाई कुनै दिन आफ्नो पनि अस्तित्व मेटिन सक्छ भन्ने ज्ञान भएको भए लाखौँ यहुदीहरू अकालमा मर्ने थिएनन् । जीवनको रहस्य बुझिदिएको भए अनाहकमा सत्र हजार नेपालीको रगतले देशको माटो भिज्ने थिएन । आखिर एक दिन सबैले रित्तो हात जानुपर्छ । धनसम्पत्ति र सुखभोग मात्र पनि जीवन होइन रहेछ । शासन र शक्तिले उन्मत्त हुनु मात्र पनि जीवन होइन । दुःख र पीडा मात्र मात्र पनि जीवन होइन । आखिर जीवन के हो ? जीवन गतिशील समय हो र जीवन समयचक्र हो । यो पृथ्वी जस्तै आफ्नै गतिमा घुमिरहेको हुन्छ । पृथ्वीमा दिन र रात भएजस्तै जीवनको पनि अँध्यारो र उज्यालो पक्षसँग यदाकदा जम्का भेट भइरहन्छ । रातको केही बेरको शून्यता पछि दिनको चहलपहल आरम्भ हुन्छ । तर यो अधि त्यति लामो समयसम्म भने रहदैन । त्यस्तै हुन् मान्छेका सुखदुःख पनि । यति मात्र पनि होइन, जीवन एउटा क्लिष्ट साहित्य पनि हो । जति पढेपनि बुझ्न नसकिने । बुझिहाले पनि निकै कम मान्छेहरूले मात्र बुझ्ने ।

पूर्वीय दर्शनले स्वीकार गरेको छ, एउटा प्राणीले चौरासी लाख योनि पूरा गरेपछि मात्र उसले मोक्ष प्राप्त गर्छ । हामीलाई सुनाइएको र हामीले सुनेको कुरा पनि यही हो । चौरासी लाख योनि चक्रीय प्रणालीमा घुमिरहँदा कहिले सुख र कहिले दुःख आउनु के अनौठो भयो ? जीवनका अनुत्तरित प्रश्नहरूको रहस्य सुल्झाउन नसकिँदै, यदि उसको जीवन समाप्त भयो भने पनि जान अन्जानमा उसले जीवनको एउटा चक्र भने पूरा गरिसकेको हुन्छ । बन्दाको सबै पत्रहरू टिपेर समय बिताउँदा केहि बाँकी नरहेजस्तै जीवनको लामो समय व्यतीत गर्दा पनि हामीले जीवनका महत्त्वपूर्ण पत्रहरू एकपछि अर्को मिल्काई रहेकै हुन्छौँ ।

बन्दाको प्रयोग गरिने भाग के हो भन्ने मात्र बुझ्न सक्ने हो भने पनि, नोक्सान हुनबाट जोगाउन सकिन्छ र विचारका तहहरूलाई जीवनको वरिपरि बेर्न सकिन्छ । समयमै बुझेर मानिसले आफ्नो जीवनलाई सार्थक बनाउने र आत्मकल्याणका साथसाथै समाजलाई केही दिन सकिन्छ भने पनि मान्छेको जीवन सार्थक मानिन्छ ।

जीवन र मृत्यु

"मलाई थाहा छैन किन यसरी लेखिने गरिएको छ ? प्रसङ्ग के हो भने मसँग भएका अधिकांश पुस्तकहरूमा जीवन र मृत्युका विषयमा अनगिन्ती लेखहरू लेखिएका छन् । मैले यदाकदा पल्टाउने गरेका पुस्तकका पानाहरूबाट जब म शब्दहरू खन्याउन लाग्छु, जीवन र मृत्युका दानाहरू छरपस्ट भएर पोखिन्छन् । म तिनै शब्दका पछिपछि दौडन्छु । तिनलाई एकएक गरेर टिप्ने कोसिस गर्छु । त्यहाँ जीवन र मृत्युले बनाएका अनगिन्ती डोबहरू देखिन्छन् । म बिस्तारै तिनै डोबहरूलाई पछ्याइरहेको हुन्छु । तिनलाई सुम्सुम्याउँदै छुने प्रयास गर्छु, चलाउने गर्छु । मलाई कताकता आश्चर्य लाग्छ । कहिले काउकुती लागेजस्तो हुन्छ । मनभित्रको भय बाहिर पोखिएझैँ लाग्छ । मन भित्रदेखि उकुसमुकुस हुन थाल्छ ।

म सडक, समतल मैदान, ठाडो भीर, उपत्यका, पहाड, खोलानाला र हरेक घरका पिँढी र अटालीमा जीवन देखिरहेको हुन्छु र सँगै नारिएर बसेको मृत्युलाई पनि देखिरहेको हुन्छु । म जीवनसँग बात मारिरहँदा मृत्यु नसुनेझैँ गर्छ । जब मृत्युसँग कुरा गर्न थाल्छु जीवनले मुन्टो फर्काएर अर्कैतिर ध्यान दिइरहेझैँ लाग्छ । यिनीहरू एकले अर्कालाई बेवास्ता गरिरहेजस्तै गर्छन् । मानौँ जीवन र मृत्युबीच राम्रोसँग चिनजान पनि छैन, एकअर्काबीच कुनै सम्बन्ध पनि छैन । कहिलेदेखि मैले जीवन र मृत्यु एकै ठाउँमा रहेको अनुमान गर्न थालेँ, यिनीहरू न एकआपसमा कुरा गर्छन्, न त कुनै सरसल्लाह नै गर्छन् । यिनीहरू एकआपसमा न झगडा गर्छन् न अत्यन्त दोस्ती निभाइरहेका हुन्छन् । हुनसक्छ, यिनीहरू आँखाको भाषाले कुरा गर्छन् र इसाराको भरमा तमाम काम सम्पन्न गर्छन् ।

मलाई लाग्छ, यिनीहरूले मान्छेलाई सरासर नौटङ्की देखाइरहेका छन् । मेरो विचारमा यिनीहरूको एकअर्कासँग अत्यन्त गहिरो सम्बन्ध छ, आत्मीयता छ । जीवन र मृत्यु भनेको सत्तापक्ष र प्रतिपक्ष दलहरूजस्तै हुन् । यिनले मान्छेले बुझ्न खोजेका प्रश्नको उत्तर कहिले पनि सही ढङ्गले दिँदैनन् । यिनले दुखी र पीडितहरूको आवाजतर्फ कहिले पनि ध्यान दिँदैनन् । हुन त यिनीहरू एकअर्कालाई नदीका दुई किनारा भएको उद्घोष गर्छन्, यो त तिनको देखावटी कुरा मात्र हो । जब मान्छेलाई निचोर्ने समय आउँछ, यिनीहरू एक हुन्छन् । जीवनसँगको राय सरसल्लाहविना मृत्युले एक्लै केही पनि लछार्न सक्दैन । जब जीवनले साथ छोडेको घोषणा गर्छ, बल्ल मृत्यु टुप्लुक्क अडाडि देखापर्छ । जीवनले अनुमति नदिएसम्म मृत्युले सुकेको पात पनि हल्लाउन सक्दैन । जीवनले इसारा दिएपछि मात्र मृत्युले अँगालोमा बेर्ने गरेको तथ्य हरेक मान्छेले बुझ्नुपर्ने थियो । यथार्थ यही हो । तर यिनले मान्छेलाई सधैँ अन्यौलमा राख्ने गरेका छन् । मान्छेको सबैभन्दा ठूलो कमजोरी भनेकै जीवन र मृत्युका बीच फरक छुट्याउन नसक्नु रहेछ । म यी दुईबीचको फरक खोज्न निकै मेहनत गरिरहेको हुन्छु । अध्ययन गरिरहेका पुस्तकका हरेक पानाहरूमा दोहोराएर, तेहेऱ्याएर पढ्छु, आखिर यी पुस्तक पनि मान्छेकै सिर्जना न हुन्, कुरै गर्ने हो भने सृष्टि, उत्पत्ति, विनाश एवं जीवन र मृत्युका विषयमा मान्छे अनभिज्ञ छ । यस कुराको रहस्य आजसम्म कसैले जान्न सकेन मात्र होइन त्यसको नजिक पुग्न पनि असमर्थ भएकै हो ।

म केही मान्छेहरूलाई प्रश्नसमेत गर्छु । मान्छेहरूले हचुवाको भरमा उत्तर दिने गर्छन्, उनीहरू भन्छन्, “जीवन र मृत्युबीच आकाश र धर्तीको जस्तै अन्तर हुन्छ ।” मलाई लाग्दैन यिनीहरूबीच यतिविघ्न अन्तर हुन्छ भनेर । किनकि यी दुवैलाई म एकदमै करिब देखिरहेको हुन्छु । सबै जन्मिएका मान्छेहरू मरिरहेका हुन्छन् र मरेका मान्छेहरू पुनः जन्मिरहेका हुन्छन् । यदि यस्तो नहुने हो भने हामीले पुनर्जन्ममा विश्वास गर्ने थिएनौँ । यदि जन्म र मृत्युसँगै नभइदिएको भए र यिनीहरूको कार्यगत एकता नहुने हो भने जन्मिएका मान्छेहरू एक जना पनि मर्ने थिएनन्, सधैँ बाँचिरहने थिए । यिनलाई सँगै देखेको ठोस प्रमाण भने मसँग छैन र पनि यिनीहरू सँगैछन् भन्ने कुरामा म विश्वस्त छु । यस्तो विषयमा प्रमाण चाहिन्छ भन्ने पनि मलाई लाग्दैन । मान्छेले हरेक कुराको प्रमाण खोजिरहनु जरुरी छैन । प्रमाण भनेको केही

निश्चित विषयहरूको मात्र खोजिने कार्य हो। हाम्रो चारपाँच पुस्ताअघि बाजे, जिजुबाजेहरू थिए। यो वास्तविकता हो। हामीले उनीहरूलाई देख्ने अवसर पाएनौँ, त्यो पनि वास्तविकता हो। मात्र, देख्न नसकेको कारणले उनीहरूको अस्तित्वलाई हामी अस्वीकार गर्न सक्दैनौँ। मलाई लाग्छ, हामीले आँखाले नदेखेका धेरै वस्तुहरूको अस्तित्व स्वीकार गर्नुपर्ने हुन्छ। संसारको कुनै पनि मान्छेले ईश्वरलाई देखेका छैनन्। तर संसारमा अधिकांश मान्छेले ईश्वरको अस्तित्व स्वीकार गरिरहेका छन्। त्यसैले मृत्यु पनि यहीँ छ, जुन हरेक प्राणीको जीवनसँगै टाँसिएर बसेको हुन्छ। त्यसैले लाग्छ, सृष्टिको अदालतमा मात्र होइन मानव जीवनमा पनि हरेक वस्तु र विषयमाथि प्रमाण खोजिँदैन।

मान्छेले कल्पना गर्छ, तर्क गर्छ यो मानवीय स्वभाव हो। हुन त मैले पनि यिनै मान्छेको भीडले जस्तै आफ्नो मनगढन्ते तर्क मात्र प्रस्तुत गरेको हुँ। किनकि म पनि यही धराको उपज हुँ। म पनि पञ्चभौतिक तत्त्वबाट बनेको अन्य मान्छेजस्तै मान्छे हुँ। मेरो विचारमा, जीवन र मृत्यु दुवै अत्यन्त कपटी र जाली हुन्छन्। यिनीहरूसँग हात्तीको जस्तै दुईथरी दाँतहुन्छ, एउटा देखाउने र अर्को चपाउने दाँत। मान्छेहरूले भन्ने गरेजस्तो जीवन न त सुरुवात हो न मृत्यु अन्त्य हो, यिनीहरूले संयुक्त रूपमा सहकार्य गरिरहेका हुन्छन्, त्यो पनि लाखौँ वर्षदेखि। यिनले एकछत्र रूपमा यस धरामा राज गरिरहेका छन्। यिनले अनगिन्ती मान्छेहरूलाई ढाँटिरहेका हुन्छन्, झुक्याइरहेका हुन्छन्। कहिलेकाहीँ लाग्छ जीवन र मृत्यु राजनीतिका चतुर खेलाडीहरू हुन्। जसलाई हामी जीवन मानिरहेका छौँ, त्यसलाई असली जीवन हो भनेर म पटक्कै विश्वास गर्न सक्दिन। जसलाई मृत्यु नाम दिएर हामी भयभीत हुने गरेका छौँ, यथार्थमा त्यो हामीले सोचेजस्तै डरलाग्दो र भयावह पनि नहुनसक्छ। अत्यन्त क्रुर पनि नहुनसक्छ। बरु के हो भने यिनले त भ्रमको खेती गरिरहेका छन्। भ्रम छरिरहेका छन्। बरू एउटा फटाहा मान्छेले ढाँट्न सक्दैन, कुनै क्षुद्र र द्रव्य पिचास स्वभावको राजनीतिज्ञले भ्रष्टाचार गर्दैन होला तर यिनीहरूले अनौठो प्रकारले मान्छेहरूलाई ढाँटिरहेका छन् छलिरहेका छन्, त्यो पनि युगौँयुगदेखि।

भनिन्छ, धराका प्रत्येक मान्छेहरूमा, मानव बुद्धिको, मानव चेतनाको अद्‌भुत र चमत्कारी शक्ति हुन्छ, यो चेतना, आज आएर विकसित भएको होइन। बीसौँ लाख वर्षदेखि विकसित चेतना हो। मान्छेसँग जतिसुकै

चेतना किन नहोस्, तर जीवन र मृत्युले यी सबै मान्छेलाई फुटबल खेलाए जसरी खेलाइरहेका हुन्छन् । खेल अवधिभर मान्छे जीवन र मृत्युको खुट्टामा नाचिरहेका हुन्छन् । जीवनले गोल गरे पनि मृत्युले गोल गरे पनि कुनै बेला मान्छे मैदानको छेउमा टाँगेको जालीभित्र फुटवल छिरेजस्तै जालमा फुत्त छिर्छ । कहिले जीवनको जीत हुन्छ, कहिले मृत्युको जीत हुने गर्छ । उक्त खेलमा फुटबलले कहिले पनि जित्दैन । फुटबलले सधैँ पराजय मात्र व्यहोर्ने गरेको हुन्छ, फुटबल त एउटा साधन मात्र हो साध्य होइन । जसरी फुटबल खेलमा शीर्ष पात्र फुटबलको जीत नभएजस्तै जीवन रूपी खेलमा पनि शीर्ष पात्र भनिने मान्छेको जीत कहिले पनि हुँदैन । कयौँपटक जीवनले जीत हासिल गर्छ, अन्तिम समयतिर मृत्यु विजयी बन्छ । आखिर मान्छे त एउटा खेल खेलिसकेको थोत्रो फुटबल न हो, यसर्थ मान्छेलाई जीवन र मृत्युले मनोरञ्जन गर्ने एउटा साधन मात्र बनाइरहेका हुन्छन् । मान्छेलाई यस कारण एउटा थोत्रो फुटबलसँगै तुलना गरिएको छ, जीवन र मृत्युको नजरमा मान्छे, बगरको ढुङ्गाभन्दा पनि हलुका र निकृष्ट छ । जब जीवन र मृत्युको फुटबल खेल आरम्भ हुन्छ, यिनको नजरमा फुटबल बनाइने साधन ढुङ्गा होइन मान्छे बनिरहेको हुन्छ । जीवन र मृत्युको रोजाइमा ढुङ्गा पर्दैन मान्छे पर्ने गर्दछ । जीवन र मृत्युको खेलमा विचरा मान्छे भने आफैले गोल गरेको भ्रममा हुन्छ,

फेरि कहिलेकाहीँ लाग्छ, मान्छे त जीवन र मृत्युले सिर्जना गरेको एउटा कविता र उपन्यासको सामान्य पुस्तक हो । जसलाई जीवन र मृत्युले आफ्नै कल्पनाशक्तिले लेखेका हुन्छन् । यता मान्छे भने पृथ्वीको अन्तरक्रिया क्षेत्रमा छ । कविता र उपन्यासको पुस्तकजस्तै मान्छे माथि अन्तर्क्रिया हुने गरेको छ । जसलाई सृष्टिका केही स्वनाम धन्य समीक्षक र प्रकाशकले बढाइचढाइ प्रशंसा गरिरहेका हुन्छन् । जसरी एक जना मखण्डी लेखकको बेतुकको पुस्तकलाई समीक्षकले राम्रो भनेजस्तै मान्छेको पनि समीक्षा गर्ने गरिन्छ । मान्छेलाई फुर्क्याउनसम्म फुर्क्याइन्छ, हौस्याइन्छ ।" मान्छे सर्वोच्च प्राणी हो । मान्छे बुद्धिमान प्राणी हो । मान्छे सृष्टिकै उत्कृष्ट प्राणी हो ।" जब मान्छेले आफ्नो प्रसंसा सुन्छ, ऊ मख्ख पर्छ, यसबेला मान्छेले सबै कुरा बिर्सन्छ । हरेक मान्छेसँग छुट्टाछुट्टै जीवन र मृत्युका परिभाषा हुन्छन् । फरक यति मात्र हो, कसैको परिभाषा पुस्तकमा उल्लेख गरिएको हुन्छ, ती निकै चर्चामा आइरहेका हुन्छन् । ती अलौकिक मानिन्छन् । उता कसैको परिभाषा आफैभित्र सीमित हुन्छ ।

जीवन र मृत्यु न टाढा छन्, न त अदृश्य नै हुन्छन् । अधिकांश मान्छेले भने बाचुन्जेलसम्म यिनीहरूसँग साक्षात्कार गर्न सक्दैनन् । जीवन र मृत्युको खोजमा सारा जीवन खेर फालिरहेका हुन्छन् । जीवन खोज्ने क्रममा कति मान्छेले मादक पदार्थको झोलमा डुबेर जीवन खोज्छन् । पुरुष र स्त्री जनेन्द्रियमा जीवन खोज्नेहरू पनि प्रशस्त भेटिएका छन् । ऐना हेरेजस्तै छर्लङ्ग छ, धनसम्पत्तिमा जीवन खोज्नेहरूले सहज रूपले कहिले पनि शान्तिको सास फेर्न सकिरहेका हुँदैनन् । भोजनमा जीवन खोज्ने, घृणा र अहङ्कारमा जीवन खोज्ने मान्छेहरूले, जीवन होइन मृत्युलाई फेला पारेका कथा, कहानी सुनाइरहेका हुन्छन्, लेखिरहेका हुन्छन् । कहिलेकाहीँ जीवन अत्यन्त कठिन हुन्छ भने कहिले सरल पनि हुनसक्छ । सरल के हो र कठिन के हो ? कतिपय मान्छेले यसको रहस्य पनि बुझेका हुँदैनन् । बुझ्नेहरूको पनि अहङ्कारको जालोले ढाकिएको हुन्छ । जुन बाहिर निस्कन सकिरहेको हुँदैन । यसैले अधिकांश मान्छेहरूले जीवन र मृत्युको भेद थाहा नपाउँदै इहलीला समाप्त गरिसकेका हुन्छन् ।

मान्छेले जे काम गरे पनि, अन्तिम नतिजा प्राप्त गर्छ भन्ने छैन । तै पनि मान्छेले कर्म गर्न छोड्दैन । किनकि उसलाई जीवन र मृत्युले उकासिरहेका हुन्छन् । मान्छेको अन्त्य हुने समय न जीवनले थाहा दिन्छ न मृत्युले । मान्छेले आफूलाई जति चेतनशील ठाने पनि जति बुद्धिमान सम्झिए पनि आजसम्म उसले आफ्नै अन्त्य थाहा पाउने कुनै उपाय पत्ता लगाउन सकेको छैन । सायद कुनै पनि दिन पत्ता लगाउन सक्दैन । प्रायः अधिकांश मान्छेलाई लाग्छ, आफूलाई सबैले माया गरून्, मेरो आफ्नो अस्तित्व सङ्कटमा नपरोस्, आफ्नो मान मर्यादामा कमी नआओस् । वास्तवमा यी सबै सोचाइहरू व्यर्थ साबित हुन्छन् । केहीले बाहेक, अधिकांश मान्छेले मृत्युपछि मात्र माया पाउने गर्छन् । चाहे मरेको दिन मात्र किन नहोस् ।

पाइलापाइलामा मान्छेले अर्कैसँग केही न केही आशा गरिरहेको हुन्छ । मायाको आशा, भौतिक वस्तुको आशा, प्रशंसाको आशा र सहयोगको आशा । आखिर केका लागि र किन गर्नुपर्‍यो आशा ? जब मान्छेको आशामा तुषारापात हुन्छ, मान्छे उठ्न नसक्ने गरी पछारिन्छ । यस्तै प्रकारका अनेकौँ गल्तीहरू मान्छेबाट हुने गरेका छन् । जसले मान्छेलाई होइन, उल्टै जीवन र मृत्युलाई प्रत्यक्ष सहयोग पुगिरहेको हुन्छ । जीवनको सबैभन्दा ठूलो पीडा

भनेको कसैसँग आशा गर्नु हो । आश गरेको व्यक्तिले जब धोका दिन्छ यो अवस्था अत्यन्त पीडादायी हुन्छ । त्यसैले केही दार्शनिकहरू भन्छन्, “आफूसँग जे छ त्यसैमा सन्तुष्ट हुन सिक ।” हरेक मान्छेले नितान्त मौलिकपनको जीवनको अर्थ निर्माण गर्नुपर्छ । जीवन जिउने कला आफ्नै प्रकारको हुनुपर्छ । लाखौँ मान्छेको अनुसरण गर्न लाग्ने हो भने जीवनमा केही पनि गर्न सकिँदैन र पर्याप्त समय पनि पुग्दैन । हास्यव्यङ्ग्य, कविता, उपन्यास, कथा, नाटक, निबन्धलगायत सबै विधामा कलम चलाउने साहित्यकार र अर्काको जीवन अनुसरण गर्ने मान्छेलाई एकै प्रकारको अनुभव हुने गर्छ । जतिखेर पनि भ्याइनभ्याइ । “हतपतको काम लतपत हुन्छ ।” हरेक क्रियाकलाप गर्दा मान्छेले निकै ध्यान दिएर गर्नुपर्छ । बिस्तारै गरेको काममा सफलता मिल्छ । गाडीको पछिल्लो भागमा लेखेको यो शब्द राम्रोसँग मनन गरौँ । “ढिलो गए अवश्य पुगिन्छ, छिटो गए भन्न सकिन्न” यो यथार्थ हो । यो कुरा राजमार्ग कुद्ने गाडीमा मात्र होइन, जीवनसँग पनि मेल खाइरहेको हुन्छ ।

रोटी पकाउने पिठोमा अलिकति पनि पानी धेरै भयो भने पिठो गिलो हुन्छ । गिलो पिठोबाट रोटी त बन्छ तर उपयुक्त आकारको नबन्न सक्छ । “ढिलो होस् तर पिठो गिलो नहोस्” भन्ने सूत्र साहित्यमा र जीवनमा पनि मेल खान्छ । सबै विधामा कलम चलाउनु अपराध होइन, त्यो त क्षमता देखाउने अवसर हो । तर सिर्जना गिलो पिठोबाट बनेको रोटी जस्तो नहोस् भन्न खोजिएको हो । मौलिक जीवन र धैर्य ठिक्क परिमाणमा पानी प्रयोग गरेर मुछेको पिठो जस्तै हो । जसबाट सुन्दर र भनेकै आकारमा रोटी बन्छ । जीवन त्यसरी नै गुजार्न सक्नुपर्छ, अत्यन्त सावधानीपूर्वक । यसपछि मात्र कसैसँग गुनासो गर्ने ठाउँ रहँदैन । संसारमा रहेका अरबौँ मान्छेहरू मध्ये सबैको जीवन र मृत्यु एकै प्रकारको पनि हुँदैन । जब यिनीहरू नै एउटै हुँदैनन् भने बाचुन्जेल आफ्नै मौलिकतामा किन नबाँच्ने ?

तीस वर्षअघि र आजको गाउँ

वि.सं. २०५० को असार महिनाको एक दिन, सधैँजस्तै गोरखा सदरमुकामबाट बीरगन्जका लागि गुडेको बस बिहान बस बजेतिर चितवनको बकुलहर चोकमा आएर रोकियो । हाम्रो लक्ष्य गोरखादेखि खोलेसिमलका लागि भएकोले हामी त्यहीँ ओर्लियौँ । बकुलहर चोक निकै भिडभाड र व्यस्त देखिन्थ्यो । यो चोक जयमङ्गला, जमुनापुर, जुटपानी र शक्तिखोरतिरका मान्छेहरू सदरमुकाम भरतपुर आउनेजाने मुख्य चोक भएकै कारण यहाँ मान्छेहरूको निकै चहलपहल हुने गरेको बुझिन्थ्यो । त्यसताका अहिलेजस्तो बकुलहरबाट खोलेसिमल बजारका लागि आउजाउ गर्ने यातायात सुविधा थिएन । केही मान्छेहरू साइकलको सवारीमा ओहोरदोहोर गर्थे । केही भने गोरु तथा राँगाले तान्ने गाडामा आउनेजाने गर्ने गर्थे । यसबाहेक कति त पैदल यात्रा गरेर आफ्नो गन्तव्यमा पुग्ने गरेका थिए । हामीले भने एउटा मालवाहक रिक्सालाई खोलेसिमलसम्म पऱ्याइदिन आग्रह गऱ्यौँ । सुरुमा उसले आनाकानी गरे पनि हामीले निकै अनुरोध गरेपछि बल्ल ऊ हाम्रो सामानसहित खोलेसिमल जान राजी भयो । हामी मात्र भइदिएको भए रिक्सामा बसेर जान सकिन्थ्यो । त्यो यात्रा हाम्रो बसाइसराइ समेत भएकोले रिक्सामा गृहस्थ जीवनमा आवश्यक पर्ने केही सरसामानसमेत थिए । गोरखाबाट हिँड्ने बेला हामीले केही कामचलाउ सरसामान मात्र लिएर आएकोले एउटा रिक्सामा सामान लिएर जान त्यति कठिनाइ भएन ।

बकुलहर चोकदेखि खोलेसिमल जाने सडक ग्राभेल गरिएको जस्तो देखिन्थ्यो । ग्राभेल गरिएको सडक भए पनि कताकति धुले सडकजस्तै लाग्थ्यो । मसिना बच्चाहरूलाई जसोतसो रिक्सामा राखेर हामी रिक्साको पदचाप पछ्याउँदै सँगै उकालो लाग्यौँ । करिब डेढ घण्टा हिँडेपछि हामी खोलेसिमल बजार आइपुग्यौँ । नाम बजार भए पनि त्यसताका खोलेसिमलमा जम्मा तीन/चारवटा पसल मात्र थिए । पसलभन्दा बाहेक यहाँ पहाडी हटियामा जस्तै केही पुराना घरहरू थिए । बजारको बीच भागमा रहेको बाटो पहाडतिरको गाईवस्तु निकाल्ने डहरजस्तै तर केही फराकिलो देखिन्थ्यो । हाम्रो खोलेसिमल

आगमन केही दिनको भ्रमणका लागि थिएन । कुनै आफन्तको घरमा पाहुना बन्ने सिलसिलामा पनि हामी यहाँ आएका थिएनौँ । जिन्दगीको नयाँ अध्यायको थालनी गर्ने उद्देश्यले हामी खोलेसिमल धाएका थियौँ । हामीले गोरखाको स्थायी बसाइँ छोडेर सुखद भविष्यको कल्पना गर्दै यो भूमि रोजेका थियौँ । यहाँ एकदुई पटक आएको भए पनि हाम्रा लागि यो स्थान नयाँ र नौलो थियो । यहाँ आफ्ना परिचितहरू, आफन्तहरू खासै थिएनन् । भएकाहरू पनि केही टाढा दुरीमा थिए ।

जन्मभूमि छोडेर आएकोले मनमा केही चिन्ता, शङ्का र कौतूहलता थियो । अर्कोतिर केही उत्साह र उमङ्ग पनि सँगै थियो । यहाँको समाज, बाटोघाटो, खेतबारी र सम्पूर्ण वस्तु हाम्रा लागि नितान्त नयाँ र नौला थिए । मनभित्र अनगिन्ती अन्तर्द्वन्द्वहरू भए पनि अब हामीले यहीँ स्थानलाई आफ्नो मान्नै पर्ने बाध्यता थियो । सायद गाउँ छोडेर बसाइँ आउनेहरू सबैलाई सुरुवाती दिनहरू यस्तै लाग्ने गर्दछन् । चितवनमा अधिकांश बाहिर जिल्लाबाट बसाइँ सरेर आएका मान्छेहरू बाक्लो थिए । यसैकारण हामी पनि अन्य मान्छेजस्तै बिस्तारै यहाँको हावापानी र माटोसँग परिचित हुँदै गयौँ । हामीलाई यहाँको वातावरणमा सास फेर्न केही सहज हुँदै गयो । यहाँ बिहान छ-सात बजेपछि मान्छेहरू हातमा डोरी र नाम्लो लिएर घाँसपातका लागि खोलेसिमलको बाटो हुँदै जङ्गल जाने गर्थे । गाई र बाख्राका ठूला बथानहरू चराउन लैजाने बाटो यही थियो । हरेक घरमा गाई, भैँसी, बाख्रा पालिएका थिए ।

कयर खोलाको कुलोबाट सिधै पाइपको माध्यमबाट ल्याइएको पानी खानेपानीको रूपमा प्रयोग गर्नुपर्थ्यो । पानी कहिले धमिलो आउँथ्यो, कहिले फोहर र कहिले सफा पनि । वर्षादको मौसममा पानीको मुहान बाढीले क्षति पुऱ्याउने गरेकोले खानेपानीको जोगाड गर्न गाग्री बोकेर जुटपानीको कुवासम्म पुग्नुपर्थ्यो । कहिले कसैका निजी इनार खोज्दै जयमङ्गलासम्म पनि धाएको सम्झना आउँछ । चैत महिना लागेपछि गर्मीको बयान गरिसक्नु हुँदैन थियो । दिउँसो मान्छेहरू घरवरिपरिका रुखको फेदमा जम्मा भएर बस्ने गर्थे । हामी साँझ खाना खाएर घरबाहिर सडकको दुबोमा शीतल खोज्न निस्कन्थ्यौँ । अत्यधिक गर्मीका कारण एघार-बाह्र बजेसम्म ओछ्यानमा जानसक्ने अवस्था हुँदैन थियो । उता जाडो महिनामा भने दिउँसो बाह्र-एक बजेसम्म पूरा गाउँ कुहिरोले ढाकिएका कारण असाध्यै जाडो हुने गर्थ्यो । बाटोमा हिँड्दा शीतलहरले जिउ निथ्रुक्क भिज्थ्यो ।

समयको परिवर्तन र मानव विकासको गतिसँगै देशका अन्य गाउँ, शहरजस्तै पूर्व चितवनलगायत खोलेसिमल आसपास पनि आँखाले स्पष्ट

देख्नसक्ने गरी अनगिन्ती परिवर्तनहरू भए । नेपाल विद्युत प्राधिकरणले विद्युत् लाइन विस्तार गर्ने सिलसिलामा यस भेगमा पनि बिजुली बत्ती बल्न थाल्यो । अब भने ग्रीष्मयामको उखरमाउलो गर्मीमा सबैका घरघरमा पङ्खा घुम्न थाले । घरमा अत्याधुनिक किसिमका एसी जडान हुन थाले । जाडोमा हिटर राख्न आरम्भ गरियो । सहन नसक्ने जाडो र गर्मीबाट गाउँलेहरू लगभग मुक्त भए । समय सँधै एकनासको नहुने रहेछ । केही वर्षअघिजस्तै दाउरा, घाँस र गोठाला जानेहरूको सङ्ख्या पातलो हुँदै गयो र आजसम्म आइपुग्दा यो सिलसिला लगभग शून्यको अवस्थामा पुगेको छ । पुराना र बडेमानका खाँबाबाट बनाइएका घरहरू विस्थापित हुँदै गए । केही आधुनिक घरहरू निर्माण गरिए ।

सायद परिवर्तनको अनुभव त्यही स्थानमा सधैँ बस्नेहरूले गर्न सक्दैनन् । यसरी बिस्तारै भएको परिवर्तन देख्न त मान्छे त्यहाँबाट बाहिर जानुपर्छ । जब केही समयको अन्तरालपछि ऊ त्यहाँ फर्कन्छ, त्यहाँ भएको परिवर्तनको सहजै अनुमान गर्नसक्छ । यसको अनुभव गाउँ, बजार र सहरबाट मात्र होइन, मान्छेको अनुहार पढेर पनि ज्ञात हुनसक्छ । मान्छेलाई प्रकृतिले यस्तो प्रकारको विशिष्ट गुण दिएको छ ।

म भण्डाराको मत्स्य विकास केन्द्रबाट सरुवा भएर कहिले कुलेखानी पुगेँ, कहिले हेटौँडाको मत्स्य विकास केन्द्र पुगेँ । यही सिलसिलामा म कहिले धादिङबेसी पनि पुगेँ । जब म केही समयपछि यहाँ आउँथे, यहाँको परिवर्तन स्पष्ट रूपमा देखिरहेको हुन्थेँ । तर यही परिवर्तन नित्य गाउँमा बसिरहने मेरा जहान केटाकेटीले पत्तै पाउँदैन थिए । उनीहरूलाई लाग्थ्यो, अन्यत्र निकै विकास भइसकेको छ । यहाँ भने जस्ताको तस्तै छ । सायद विकास र परिवर्तनबीच निकै अन्तरङ्ग सम्बन्ध छ । यथास्थितिलाई विकास भनिँदैन, विकास हुनलाई परिवर्तन हुनुपर्छ । सायद विकास भनेको मन सन्तुष्ट हुने गरी भएको परिवर्तन हो । वर्तमानसम्म आइपुग्दा खाल्डाखुल्डी भएको खोलेसिमलको सडकलगायत यस वरपरका लगभग सम्पूर्ण सडकहरू पक्की बनिसकेको छ । हामीले हेर्दाहेर्दै खोलेसिमल बजार ग्रामीण शहरका रूपमा रूपान्तरित भयो । बिहान सखारै उठेर कुलोबाट पानी भर्नुपर्ने र खोलाको पानी पिउनुपर्ने सकसपूर्ण र कठिन अवस्थाको अन्त्यसँगै यहाँका घरघरमा पानीका धाराहरू जोडिएका छन् । टुकीबत्तीको मधुरो प्रकाशलाई सदाका लागि बिदा दिएर खोलेसिमल बजारले बिजुली बत्तीको चहकिलो उज्यालो भेट्टाएको छ । लाग्छ यो कुनै आधुनिक शहरभन्दा कम छैन ।

समयको गतिसँगै परिवर्तनको सिलसिला रोकिएको छैन । ऊ बेला यहाँका बासिन्दाहरूले कल्पना पनि नगरेको परिवर्तन हुँदै गयो । परिवर्तनका नयाँनयाँ रूप र रङ्गहरू देखिन थाले । कति परिवर्तन विदेशबाट आयातित विचारहरूबाट भए । कति देखासिखीको भरमा भए । कति त यी आफसेआफ भएका परिवर्तन हुन् । कैयौँ परिवर्तन, समयको मागअनुरूप भएका छन् । जे होस्, २०५० सालमा मैले पहिलोपटक अनुभव गरेको र देखेको खोलेसिमल बजार र आसपासका क्षेत्रहरू यथास्थितिमा छैनन् । पूर्व चितवनका केही स्थानहरू सँगै यहाँका मान्छेहरू पनि परिवर्तित हुँदै गए । खेतीपाती गर्ने प्रविधिमा व्यापक परिवर्तन भयो । सामाजिक परम्परा परिवर्तन भएको छ । पुरानो संस्कृतिमा परिवर्तन देखिएको छ । पुरातन विचारमा परिवर्तन भएको छ । त्यसबेला गृहस्थका अत्यावश्यक मानिएका ढिकी, जाँतो र अन्य यस्तै प्रकारका भौतिक वस्तुहरूमा व्यापक परिवर्तन भएको छ । छरछिमेक र गाउँलेहरू भेला भएर चाडवाडमा खसी काट्ने, मासु भाग लगाउने, पैसा उठाउन हिँड्नेजस्ता कुरा सुनाउँदा वर्तमान पुस्ताले सहजै विश्वास गर्ने अवस्था रहेन । नजिकका चोक बजारमा जुनसुकै समयमा पनि ताजा मासु उपलब्ध गर्ने पसलहरूले यो प्रथाको अन्त्य गरिदिएका हुन् । यसबाहेक अचेल दैनिक आवश्यकताका वस्तुहरू खरिद गर्न टाँडी र नारायणगढ बजार जानुपर्दैन । हरेक टोलटोलमा नयाँनयाँ बजार बिस्तार भएका छन् । बैङ्क, सहकारीजस्ता वित्तीय संस्थाहरू खुलेका छन् । यातायातको सुविधा भनेजस्तै भएको छ । देशका केही प्रमुख शहरहरूसँग खोलेसिमल पनि जोडिन पुगिसकेको छ ।

यहाँस्थित २०६१ सालताका सुरुवात गरिएको कालीगण्डकी साहित्य परिषद् नाम गरेको साहित्यिक संस्थाले लगातार साहित्य सेवा गरिरहेको पाइन्छ । परिषद्ले कहिलेकाहीँ साहित्यिक कार्यक्रमको आयोजनासमेत गर्ने गरेको छ । आफ्नो मुखपत्र **कैलाश** जेनतेन नियमित प्रकाशन गरिरहेको छ । बेलाबखत स्रष्टाहरूका साहित्यिक कृतिहरू प्रकाशनसमेत गरेको छ । तर साहित्य परिषद् आर्थिक अभावको चपेटामा परेको दृश्य पनि स्पष्ट देखिएको छ । "कुनै समय **कैलाश** पत्रिका छापिने बित्तिकै खोसाखोस हुन्थ्यो । विज्ञापन प्रशस्त पाइन्थ्यो । पत्रिका पढ्नेहरू बाक्लै भेटिन्थे । अचेल न पत्रिका कसैले पढ्छ, न त विज्ञापन पाइन्छ, बिक्री हुने त कुरै छैन ।" यो गुनासो कालीगण्डकी साहित्य परिषद्का सभापति गणेश शर्मा पौडेलको हो ।

अर्कोतिर कृषकहरूले खेतीपाती गर्दा आलोपालो गरेर अर्मपर्म लगाउने चलन इतिहास बनिसकेको छ । बिहे, व्रतबन्ध गर्दा मात्र होइन अघिपछि पनि

घरमा पाहुना र अतिथि आएर दुईचार दिन बास बस्ने गाउँ डुल्ने गर्न अहिले कसैलाई पनि फुर्सद छैन । गाउँको कुनै घरमा कतैबाट नयाँ मान्छे आयो भने को हो, कहाँको हो, किन आएको हो, सबै गाउँलेहरूलाई थाहा हुन्थ्यो । अहिले पल्लो घरमा दश जना मान्छे आएर महिनौँ बसे पनि वल्लो घरको मान्छेलाई थाहा हुँदैन । यो प्रवृत्तिलाई सामजिक क्षेत्रमा, परिवर्तनले भित्र्याएको कालो छायाँको रूपमा लिन सकिन्छ । परिवर्तन आफ्नै रफ्तारमा अगाडि बढिरहेको छ । जुटपानी नाम गरेको एउटा सानो गाउँ विकास समिति रहेको यो गाउँ केही ठूलो क्षेत्रमा फैलाएर नगरपालिका बनाइएको छ । साविकका जुटपानी, पदमपुर, शक्तिखोर र सिद्धि मिलाएर एउटा सिङ्गो कालिका नगर बनाइएको हो । अधिकांश प्रशासनिक कार्यका लागि सदरमुकामसम्म जानुपर्दैन । नगर र वार्ड कार्यालयहरूले धेरैजसो सरकारी सेवा गाउँमै उपलब्ध गराउने गरेका छन् । यसै भेकलाई थेग्ने गरी नगर अस्पतालको निर्माण भएको छ ।

केही वर्षअघिको दुर्गमजस्तै देखिने गाउँमा बिजुली आएपछि टेलिफोन र इन्टरनेट सुविधासमेत विस्तार भयो । यहाँका हरेक घरमा गाई र भैँसी पालिएको हुन्थ्यो । गाउँलेहरूको संयुक्त पहलमा दुग्ध सङ्कलन केन्द्रको स्थापना भयो । त्यहाँ दुध बिक्री गर्न मिल्ने भएपछि यस गाउँका बासिन्दाहरूलाई निकै सहज महसुस भयो । तोरी, मकै, मसुरो, धान सजिलैसँग बजारमा बिक्री हुन्थ्यो । जुटपानी, जमुनापुर, माधवपुर क्षेत्र आलु र तोरी उत्पादनको दृष्टिले प्रख्यात मानिन्थ्यो । विद्यालय शिक्षा लिन गाउँमै सरकारी विद्यालयहरू पर्याप्त मात्रामा थपिँदै गए । उच्च शिक्षा लिनेहरू घरको ढिँडो फाँडो खाएर साइकल चढेको भरमा टाँडी बजार र सदरमुकाम भरतपुर जान्थे भने अलि हुनेखानेहरूले आफ्ना सन्तानलाई काठमाडौँ पठाउने गर्थे । सामान्य आर्थिक अभावमा घरैमा उत्पादित अन्न र तरकारी स्थानीय बजारमा बिक्री गर्ने प्रचलन थियो । दुईचार रुपैयाँ नगद आवश्यक पर्दा यिनै अन्नपातले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्थे । पूर्वी चितवनमा रहेको यो सानो गाउँ विनाअभाव खुशीले दिन गुजारिरहेको थियो । साँझबिहान विद्यालयको गृहकार्य सकेर सानासाना नानीहरू सडकमा विभिन्न खेलकुद गरिरहेका देखिन्थे । यिनको मिठो बोली र व्यवहारले घरका पिँढीमा बसेर अभिभावकहरू मक्ख परेर हेरिरहेका हुन्थे । लाग्थ्यो गृहस्थका लागि त्यो समय स्वर्णकाल थियो ।

दुःखको कुरा यो स्वर्णकाल गाउँमा लामो समयसम्म रहिरहन सकेन । बेलाबखत भइरहने परिवर्तन यो कालखण्डमा सोचेभन्दा निकै तीव्र

गतिमा भइदियो । ठिक्क रफ्तारमा घुमिरहेको पङ्खा एक्कासि बिजुलीको पावर बढेर छिटोछिटो घुमेजस्तै बीचमा यसरी परिवर्तन भइदियो कि कुनै अदृश्य शक्तिले परिवर्तनको गति अचानक ह्वात्तै बढाइदिएको छ । डर लाग्छ, बिजुलीको पावर बढ्दा पङ्खा बिग्रिएझैँ यो परिवर्तनको प्रभाव पङ्खामा जस्तै पर्ने त होइन ?

बिस्तारै गाउँका युवाहरू धमाधम स्वदेश छोडेर विदेशका भूमिमा जाने क्रम बढ्दै गएको छ । त्यो पनि कमाउने प्रयोजनका लागि होइन उतै रहने गरी जाने गरिएको हो । विदेशी भूमिमा जान नसक्ने परिवारलाई हेयको दृष्टिले हेर्ने संस्कृतिको विकास हुँदै गएको देखिन्छ । विदेश पलायन गौरवको विषय मानिएको छ । झ्वाट्ट हेर्दा यसबाट केही आर्थिक लाभ नभएको होइन । सन्तान विदेश हुनेहरूले आर्थिक उन्नति र प्रगति गरेको देख्न सकिन्छ । यसबाट खेतबारीमा काम गर्ने समयमा खेतीपाती गर्ने प्रचलन हराउँदै गएको छ । घरमा गाई, भैँसी पालेर होइन दुध खरिद गर्ने परिपाटी विकसित भएको छ । यसबाट पर्नसक्ने दीर्घकालीन असरप्रति राज्यको समेत ध्यान पुगेको देखिँदैन । त्यसपछिको परिवर्तन अझै क्रूर, निष्ठुर र कठिन बन्दै गएको छ । युरोप, अमेरिका, अस्ट्रेलिया जानेहरूले उतै घरजग्गा जोड्न थाले । यसरी घरजग्गा जोड्ने एक किसिमको होड नै चल्न थालेको देखिन्छ । हुन पनि नेपाली सन्तानले युरोप अमेरिका, अस्ट्रेलियामा घरबार जोड्नु चानचुने कुरा होइन । पहाडको बस्ती छोडेर चितवन बसाइँसराई गर्ने बा, हजुरबा पुस्ताले गाउँमा भएको बाबुबाजेको पुर्ख्यौली सम्पत्ति बिक्री गरी कमरमा थैली बाँधेर यहाँ आएका थिए । उता बिक्री गर्न र यता खरिद गर्दा निकै कठिनाइ भोग्नुपर्थ्यो । अहिले छोरानाति पुस्ताले विश्वका केही चर्चित र विकसित मुलुकमा शून्य लगानीमा घरघडेरी जोड्ने कुरा सामान्य विषय कसरी मान्न सकिन्छ ? किनकि विदेशमा घरजग्गा खरिद गर्न कसैले पनि नेपालबाट नगद सम्पत्ति लिएर गएको पाइन्न ।

यता उन्नतिको शिखरमा पुगेको गाउँ अचानक पर्याप्त उन्नति हुँदाहुँदै पनि अभावमा पिल्सिन थालेको छ । अभाव गम्भीर प्रकृतिको बन्दै गएको देखिन्छ । आर्थिक अभाव नभए पनि माया र प्रेमको अभाव, खुशीको अभाव र परिवारको अभावमा गाउँ चिन्तित बन्दै गएको हो । अन्यत्र गाउँबाट बसाइँ आउनेहरूको सङ्ख्यामा उल्लेख्य बृद्धि हुन नसकेको मात्र होइन, त्यो सङ्ख्या तीव्र गतिमा ओरालो लाग्न थालेको छ । जग्गाजमिन बिक्री हुने क्रम ह्वात्तै घटेर गयो । हरेक घरमा न्यूनतम पनि छसात जना जहान हुने गरेकोमा

वर्तमान अवस्थामा आइपुग्दा बढीमा दुई जना वा मुस्किलले तीन जनाभन्दा बढी देख्न पाइन छोडेको छ । त्यो पनि हरेक घरमा वृद्ध र अशक्त मात्र फेला पर्छन् ।

गाउँका आँगन, गल्ली र सडकमा बालबालिका र किशोरकिशोरीहरूले खेलेको देख्न पाइँदैन । सन्तान नजन्मिएका होइनन्, जन्मिएका छन् घर र गाउँमा होइन, विदेशमा जन्मन्छन् । किनकि छोराबुहारी पुस्ता घरमा छैनन् । "आकाशको फल आँखा तरी मर" भनेजस्तै भएको छ । सामान्यतः केही वर्षअघिसम्म एउटा घरमा बा, आमा, हजुरबा, हजुरआमा, काका, काकी र छोराछोरीहरू हुन्थे । यस्तै घरहरूबाट गाउँ र समाज बन्थ्यो । आज भ्वाट्ट हेर्दा कुनै घरमा पनि पूर्ण परिवार सितिमिती देख्न पाइँदैन । बिस्तारै घरहरू रित्तिने क्रम जारी छ । छन त गाउँ पनि यथावत छ, परिवार पनि छन् तर परिवारमा एकदमै अधुरो छ । खाँबाका घरहरू महल बनेका छन् । घरमा सबै प्रकारका सुविधा पनि छन् तर सुविधाको उपभोग गर्ने व्यक्तिको स्पष्ट अभाव खट्किएको छ । पूर्ण परिवार नभएको घर र गाउँ, दाँत नभएको मुखजस्तै बनेको छ ।

हामी यहाँ आएको तीस वर्षको बीचमा भएको यो परिवर्तन अब सहजै स्वीकार गर्न नसक्ने अवस्थामा पुगेको छ । म कल्पना गर्छु यही गतिमा परिवर्तन हुँदै जाने हो भने गाउँमा रहेका वृद्धवृद्धाहरू सकिएपछि गाउँको तस्बिर कस्तो बन्ला ? अबको तीस वर्षमा गाउँका स्थानीय निकायमा पदाधिकारी बन्ने उम्मेदवार पाइने छैन । शिक्षक, प्रहरी, सेना, कर्मचारी बन्ने उम्मेदवार पनि पाएन भने पनि आश्चर्य मान्नुपर्दैन । सम्बन्धित निकायले बेलैमा विचार पुऱ्याउनुपर्ने देखिन्छ ।

(**रत्नप्रभा,** रत्ननगर वाङ्मय प्रतिष्ठान, स्मारिका)
वर्ष १, अङ्क १,

तीस वर्षपछि जन्मभूमि पुग्दा

गोरखा सदरमुकामबाट छ-सात घन्टाको उकालो ओरालो बाटो पार गर्दै पुगिने तान्द्राङ गाउँमा अचेल डेढ घण्टामा पुग्न सकिने भएछ । त्यस दिन **कल्पतरु** साहित्य द्वैमासिकका सम्पादक रेहित सैँजु र म गोरखा जिल्लाको तान्द्राङ जानका लागि नारायणगढबाट गोरखाको बस चढ्यौँ । फागु पूर्णिमाको दिन परेको कारण गोरखा सदरमुकामबाट तान्द्राङ जाने बस सहजै उपलब्ध हुन सकेन । हरमटारीको एउटा भोजनालयमा खानपिनपछि हामी काठमाडौँबाट माछीखोलाका लागि छुटेको बसमा कोच्चिएर भए पनि तान्द्राङ जाने निधो गऱ्यौँ । तान्द्राङ यात्राका क्रममा हामी निकै उत्साहित थियौँ । म मेरो आफ्नै जन्मभूमि तीस वर्षपछि जाँदै थिएँ भने रेहितको पहिलो गोरखा यात्रा थियो ।

गोरखा सदरमुकामबाट जब हामी तान्द्राङ पुग्यौँ, गाउँमा मोटरबाटो पुगेसँगै साउनेपानीको नाम पनि परिवर्तन गरिएछ । जब बस कन्डक्टरले "कहाँ झर्नुहुन्छ ?" भनेर सोध्यो । मैले "साउनेपानी" भन्दा ऊ जिल्ल पऱ्यो । साउनेपानी इतिहास बनेको निकै समय भइसकेको रहेछ । त्यसलाई अचेल 'मुरलीचोक' नामकरण गरिएको तथ्य त्यतिबेला थाहा भयो, जतिबेला एक जना यात्रुले "म पनि साउनेपानी झर्ने हो । तर अचेल यसलाई साउनेपानी होइन मुरलीचोक भन्ने गरिन्छ", भन्दा म झसङ्ग भएको थिएँ ।

जब हामी साउनेपानीबाट उकालो लाग्यौँ, ढुकुरेको बारी निस्कने साँघुरो गल्ली, गल्लीजस्तो थिएन । त्यो पनि मोटर बाटोमा परिणत गरिएको थियो । हामीले बाल्यावस्थामा कपर्दी खेल्ने माझ गल्ली पनि अतिक्रमणमा परेको देशको सिमानाजस्तै देखिन्थ्यो । एकदम निरीह र अभिभावकको अभावमा विचलित किशोरजस्तै । त्यो खेल गल्लीमा मोटरबाटो बनिसकेको थियो । कताकता गाउँ, विनागन्तव्यको यात्रुजस्तै देखिन्थ्यो । केही घरहरू

पुरानो घडेरी रुँगेर बसिरहेका थिए भने केही घर आफ्नो थातवास बिर्सिएर तल्लो गह्रा र माथिल्लो गह्रामा स्थानान्तरण भएका देखिन्थे । अधिकांश घर रित्तै थिए, सायद यिनका मालिक चितवन, काठमाडौँ, अमेरिका, अस्ट्रेलिया र युरोपका गल्लीहरूमा आफ्नो भाग्य खोज्दै थिए । विकास निर्माणले निकै तीव्रता पाएको देखिन्थ्यो भने सीमित उपभोक्ता तर विकास प्रसस्त । लाग्थ्यो, बच्चाले बाबुको कोट लगाएर जन्ती गएको छ । त्यस गल्लीमा छाप लागेका हाम्रा पैतालाका डोबहरू पनि सबै मेटिइसकेका रहेछन् भन्ने अनुभूति भइरहेको थियो । न त्यहाँ म र मेरा दौँतरीले डोरी नाघेर उफ्रदै गर्दा बगेका पसिनाका सुगन्ध नै बाँकी थिए, त्यहाँ हजुरबाले चन्दन लगाउने गरेको गाउँको कुमारी माटो लेश मात्र पनि बाँकी थिएन । थियो त केवल, अपरिचित मान्छेहरूबाट पटकपटक बलात्कृत भइसकेको माटो । जसमा कयौँ डोजर र स्काभेटरले बलजफ्ती चुम्बन गरेका घाउका डोबहरू मात्र देखिन्थे भने बारीका कान्लाहरू सिनित्त तासेर विरूप बनाइएको थियो । कान्लाहरू झलक्क हेर्दा कपाल खौरिएकी नारीको शिरजस्तै कताकता नुसुहाएको जस्तो देखिन्थ्यो । मानौँ एउटी युवतीलाई कसैले उसको सतीत्व लुटेर घरको न घाटको बनाइदिएको छ ।

मैले जन्मनासाथ टेकेको धर्ती र त्यहाँको माटो चुम्ने पुरानो रहर मेटाउनु आफ्नो कर्तव्य मात्र थिएन, दायित्व पनि थियो । वरपरका गह्राहरूभन्दा केही फराकिलो मेरो जन्म घडेरीमा पाइला राख्नासाथ त्यहाँ चलेको माटोको सुगन्ध मैले प्रत्यक्ष अनुभव गरेको थिएँ । जुन सुगन्ध बोटमा पाकेको भुइँकटहरको जस्तै थियो । तत्क्षण त्यो पाकेको हलुवावेद, काली ज्यामीर र नासपातीको बास्नाजस्तै लाग्थ्यो भने उत्तिखेरै त्यस माटोको वास्ना घ्यूकुमारी केराको जस्तो लागिरहेको थियो । त्यस माटोबाट कहिले अम्बा त कहिले बम्बई आँपको स्वादको बास्ना आइरहेको थियो । थपक्क झोला बिसाएर म तिनै फलका बास्ना लिइरहेको कल्पनामा मस्त थिएँ । निकै ध्यानमग्न भई म एकोहोरिएको हेरिरहने रोहितले मलाई बोलाएपछि मेरो ध्यान भङ्ग भयो । जीवनका उनन्तीस/तीस हिउँद सोही गाउँमा बिताएको मलाई, आज निकै अनौठो अनुभूति भइरहेको थियो । त्यसबेला मेरो घरबाट निकै टाढा देखिने डाँडाको खरबारी आज नजिकै लागिरहेको थियो । बुढीगण्डकीपारिको सल्यानटार मेरो आँखाअगाडि नै थियो । लाग्थ्यो तिनीहरू हाम्रो स्वागतका लागि हामी नजिकै आएर उभिएका छन् । तर यो मेरो भ्रम मात्र थियो ।

जसरी मोटरबाटोले साउनेपानीको अस्तित्वमाथि धावा बोलेको थियो, त्यसरी नै गणतन्त्रको आगमनले मेरो जन्मभूमिको पुरानो र स्थापित पहिचानमाथि पनि प्रश्न चिन्ह खडा गरिदिएको थियो। उबेला निकै प्रसिद्ध तान्द्राङको नाम कसैले पनि लिदैन थिए। बुढापुराना व्यक्तिहरूबाहेक तान्द्राङ शब्दसँग सबै परिचित थिएनन्। मेरो जन्मभूमिको त्यो घडेरी, घर भएको ठाउँजस्तो त लाग्थ्यो तर अधिकांश गह्राका डिल खसेको अवस्थामा देखिन्थ्यो भने कान्लोको प्रायः भाग थुचुक्क भुईंमा खसेर पलैंटी कसेको जस्तै देखिँदा भने मन एकतमासले अमिलो भएजस्तै लागिरहेको थियो। जुन बेला मैले गाउँ छोडेर हिँडेको थिएँ। त्यस समय जहाँ बारीको गह्रा थियो, हाल त्यहाँ त्यस्तै गह्राहरू थिएनन्। तीन-चार भारी घाँस काट्न सकिने कान्लाको उपस्थिति पनि त्यहाँ थिएन। यसको कारण सोध्दा मसँगै रहेका रामजीप्रसाद दाहाल, चन्द्रप्रसाद र गणेश खनालको एउटै उत्तर थियो - "यसको एक मात्र कारण वर्षेनी जाने पैह्रो र २०७२ सालको विनाशकारी महाभूकम्प हो।" गाउँमा बहत्तर सालमा भूकम्पले घरहरू भत्काएपछि जस्ताले बारेका र जस्तैले छाएका घरहरू मात्र बनेका थिए, लगभग सबै एकै नासका।

उबेला भालेको डाकसँग ब्यूँझने गाउँ अचेल सोही समयमा ब्यूँझन छोडेको निकै वर्ष भइसकेछ। पँधेरामा गाग्री बोक्नेहरूको लर्को देख्ने मेरो सपना त्यतिबेला भताभुङ्ग भयो जतिबेला हरेक आँगनमा ठडिएका पानीका धारा देखेको थिएँ। कुवापानीको धाराले अचेल पानी होइन, अविरल रूपमा आँसुको धारा बगाइरहेको छ। कताकता मलाई यस्तै अनुभूति भएको थियो। मानौँ ती धाराहरू कुवा पानी पँधेराका सौता हुन्। यसै कारण होला, अचेल बडेमानका तामे गाग्री बोकेर पानी खेप्नका लागि पँधेरामा पुग्नुपर्दैन। वर्षभरिलाई दाउरा खोज्न फलामे र सजुवाका जङ्गल चहार्नु पनि पर्दैन। विकासका कारण गाउँमा भएको यो अभूतपूर्व परिवर्तन थियो। अधिकांश बारी र खेत बाँझै थिए। तर पनि भण्डारमा चामलका बोरा र दालका थैलाको अभाव देखिएन। घरको धारा छेउमा लसुन, प्याज, काउली, मुला फुल्दै र फल्दै थिए। जहान-बच्चाको अभावमा दुई जना बूढाबूढीले सबै तरकारी खाएर पनि सक्दैन थिए।

न सखारै ढिकीमा घान हालिन्थ्यो न त जाँतोमा ओइरो। ढिकीको मुड्को करेसामा लडिरहेको देखिन्थ्यो भने जाँतो आँगनमा पसारिरहेका थिए। घरको पहिचान पनि फेरिएको थियो। सिरानघरे, माझघरे, डाँडाघरे र पुछारघरे

होइन आजभोलि खाडीघरे र युरोपघरेका नामले घरहरूको वर्गीकरण गरिएको पाइयो । गोठको नजिकै बनाइने गरेका बडेमानका परालका टौवाहरू कतैतिर पनि देख्न सकिएन । बरु हरेक छानामा डिसहोमका छाता र वाइफाइका राउटरहरू ठड्याएर राखिएको थियो । गाईभैँसीका गोठहरूमा चौपायाहरूको ठाउँ बिस्तारै साइकल र मोटरसाइकलले लिदैँ थिए । गाई, बाख्रा निकाल्ने अधिकांश डहरहरू पुरिएका थिए । डहरहरूमा ट्रयाक्टर घिस्याउन थालेको निकै भइसकेको थियो । गाई, गोरू र भैँसीका थोरेहरू धपाउँदै पानी खुवाउन लैजाने तिनै गल्लीमा अचेल बिग्रिएका ट्रयाक्टर थन्क्याउने ग्यारेजको झल्को दिदैँ थिए । लाग्थ्यो, पानी खुवाउन लगिएका बुढा गोरूहरू गन्तव्य पुग्न नसकी यतै थला परेर लडिरहेका छन् ।

हाम्रा पालामा जिउ फतक्क गलेपछि रसादि पान गर्न पाइने वैद्य बाको पसल घर यथावत थियो तर त्यहाँ अचेल रसादि होइन दर्जनौँ ब्राण्डका मदिराहरू सजाइएको थियो । जेठा बाले घोडताप्रे घोट्ने चनौटो आँगनको धारा छेउमा उँघिरहेझैँ देखिन्थ्यो । लाग्छ त्यही चनौटो आजभोलि खुट्टा घोट्ने साधन बनेको छ । हुक्काको ट्वारट्वारसँगै आधा रातसम्म गफिँदै रमाउन भेला हुने सिरानघर भुइँचालोले खण्डहर बनेको देख्दा मन कटक्क भएको थियो । जहाँ अचेल रातभरि स्याल भेला हुने गरेका थिए । हजारौँको सङ्ख्यामा विद्यार्थीहरू उपस्थित हुने संस्कृत विद्यालयमा अहिले मुस्किलले दुई सय विद्यार्थी पनि थिएनन् । दिउँसो एक बजे हुने छुट्टीमा खाने गरेको धुलेतिँदुको रूख पनि त्यहाँ थिएन । न त्यसको ठूटो नै देख्न पाइन्थ्यो । सिमल फेदको आफ्नै दुःख र व्यथा थियो । त्यहाँ न पुरानो चहलपहल थियो न जन्ती र मलामीहरूका लस्कर नै देख्न पाइन्थ्यो, सबैभन्दा ठूलो सिमलको रूखले गाउँ छोडेको निकै वर्ष भएको रहेछ ।

सबेरै रुमालमा चामल बोकेर माझघरमा भाग्य र भविष्य खोज्न आउनेहरू ज्योतिषी हजुरबाको अन्त्यसँगै आफ्नो सुन्दर भविष्यको खोजी गर्न खाडी र मलेसियाका गल्लीहरूमा जाने क्रम सुरु भएको रहेछ । यता घर छेउको गह्वाहरूमा सुकेर बोटबाट खसेका कुटमेरो, टाँकी र कोइरालाका हाँगाले गिज्याइरहेका देखिँदै थियो भने भान्सामा नेपाल ग्याँस र बाबा ग्याँसका सिलिण्डरबाट ग्याँसको गन्ध आइरहेको थियो । केही घरहरूमा भुस्याहा र भोटे कुकुरको सट्टा एलसिसिएन र जर्मन सेफर्ड जातका कुकुरहरू बाँधिएका

थिए । पेट भर्न गल्ली र बारीका कुना चहार्दै हिँड्ने कुकुरहरू गाउँमा थिएनन् । तिनीहरू शानदार प्लेटमा मासु, भात र दुध-बिस्कुट खाँदै गरेका दृश्य देखिन्थे । एक घर एक धारा, एक घर एक चर्पी, बिजुली बत्तीको झिलिमिली र माकुराको जालोजस्तै गाउँ र टोल जोड्ने मोटरबाटोका कारण गाउँको शान र सौकतमा निकै परिवर्तन देखिन्थ्यो । यथार्थमा मेरो गाउँ अचेल कुनै कोणबाट पनि गाउँजस्तो थिएन । त्यो न त पूर्ण शहर थियो न त गाउँ नै थियो । तर पनि गाउँ, शहर बन्ने उपक्रममा प्रसव व्यथाले छटपटिएकी नारीजस्तै लाग्थ्यो ।

सायद यो कथा मेरो गाउँको मात्र एकलौटी कथा थिएन । यो हाम्रो देशभरिका गाउँ र सिङ्गो देशको कथा थियो । हाम्रा पूर्वजहरूले कतैबाट आएर त्यस गाउँलाई मनमोहक र गुल्जार बनाएका थिए । विभिन्न भौतिक विकासका कारण सारा संसार नजिकिदै गयो, अहिले हामीले गाउँमा पसिना बगाउन छोडेर संसारका विकसित मुलुकका लागि पसिना बगाउन थाल्यौँ । सायद अर्को तीस वर्ष पछि गाउँ कस्तो हुन्छ ? अहिले नै अनुमान गर्न अलि हतार हुन्छ ।

(**साहित्य पोष्ट**)

धोका

जीवन घिस्याउने क्रममा कुनै बेला मलाई केही मान्छेहरूले नराम्रोसँग धोका दिएका छन् । केही मान्छेले दिएको धोका मैले अनेकौँ प्रयास गर्दा पनि बिर्सन सकेको छैन । केही धोका भने मैले सम्झन खोज्दा पनि सम्झन सकिरहेको छैन । मैले पानीमाथिको ओभानो बन्न खोजेर हुँदैन, नढाँटी भन्नुपर्दा मबाट पनि केही मान्छेहरूलाई धोका भएको छ । फरक यति मात्र हो, सम्झना भएसम्म मैले योजनाबद्ध ढङ्गले कसैलाई पनि धोका दिएको छैन । भूलवश अन्जानमा धोका दिनुलाई गम्भीर अपराधको श्रेणीमा राख्न हुँदैन । म स्पष्ट छु, मबाट भएका केही धोका अन्जानमा भएका थिए ।

धोका भनेको विश्वासघात, छल, वा कुनै व्यक्तिलाई उसको अपेक्षाविरूद्ध मन भाँचिने गरी प्रहार गर्नु हो । धोका एक किसिमको छलकपट हो, जहाँ एक व्यक्तिले अर्को व्यक्तिको विश्वासलाई तोडेर, उसको भावना वा सोझोपनको फाइदा उठाउँछ । यसैगरी धोका दिनु भनेको कुनै व्यक्तिको नजिकको सम्बन्धमा विश्वासघात गर्नु हो, जसले सम्बन्धलाई गहिरो चोट पुऱ्याउँछ र सम्बन्धको मर्मलाई समाप्त गर्छ । धोका भनेको जीवनमा खाली ठाउँहरू भर्नुपर्ने आवश्यकताको परिणाम हो । यी अन्तरहरू कहिले शारीरिक र कहिले भावनात्मक हुन सक्छन् । धोका दिने तरिकाहरू धेरै प्रकारका छन् । त्यसमध्ये मैले धेरै थरी धोकाको स्वाद पाएको छु ।

एक जना मान्छेले जीवनमा प्रायः सय वर्ष बाँच्ने अपेक्षा गरेको हुन्छ । अपेक्षा सयको भए पनि उसले साठी–पैँसट्ठी वर्ष जिउन पाउनु सामान्य कुरा होइन । यसैलाई पूर्ण उमेर मानेर स्वीकार गर्ने बानी बसाल्नुपर्छ । यो कुनै अनुसन्धानले निकालेको निष्कर्ष भने होइन । यो, मेरो मनमा जिउने विषयमा उठेको तर्क र जिज्ञासाको भरमा मैले आशा र अनुमान गरेको कुरा हो । हुन त सबैको इच्छा एउटै नहुन पनि सक्छ । मैले कयौँ पटक सुनेको

छु, पूर्ण आयु बाँच्न नपाउनुलाई उमेरले धोका दिएको भन्ने गरिन्छ । मेरो विचारमा मान्छेलाई उमेरले धोका दिँदैन, उमेरलाई मान्छेले धोका दिइरहेको हुन्छ । त्यसैले फलानोले पूर्ण आयु बाँच्न पाएन होइन पूर्ण आयु बाँच्न सकेन भन्नु उचित हुन्छ ।

बीस–पच्चीस वर्षअघिको नेपालीको औसत आयु निकै कम थियो र वर्तमान अवस्थामा आइपुग्दा यो अङ्क ह्वात्तै बढेको देखिन्छ । औसत आयु बढ्दैमा उमेर त्यत्तिकै बढ्दैन । जीवन कसरी गुजार्ने गरेको छ, सबै कुरा यसैमा भरपर्छ, मूलमुद्दा यही हो । आर्थिक अभाव, मानसिक तनाव र उपचार प्रक्रियालाई व्यवस्थित गर्न नसक्नेहरूले पूर्ण आयुसम्म बाँच्न सक्दैनन् । यस्तो सूचीमा प्रायः अधिकांश निम्न वर्गीय र निम्न मध्यम वर्गीय परिवारका नेपालीहरू पर्ने गरेको देखिन्छ ।

मलाई सम्झना भएअनुसार उहिले गाउँमा साठी वर्षका वृद्धहरू कुप्रो शरीरले लौरो टेकेर छामछाम र छुमछुम गर्दै हिँडेका बाक्लै देखिन्थे । त्यस समयका अधिकांश वृद्धहरू आँखा नदेख्ने, कान नसुन्ने, कम्मर दुख्ने, वात रोगका कारण थला पर्ने, दमरोगको समस्याले ग्रसित हुन्थे । उल्लेखित उमेर मेरो पनि पुगिसकेको छ तर मलाई आजसम्म लौरो चाहिएको छैन । न त म कुप्रो परेर हिँड्नुपर्छ, म मात्र होइन, अचेल मभन्दा पनि बढी उमेर पुगेका वृद्धहरूसमेत त्यस बेलाजस्तो रोगी र सिथिल भएर बाँच्नुपर्ने अवस्थाको अन्त्य भएको छ । खर्चिलो भए पनि उपचार प्रायः सबैजसो क्षेत्रमा उपलब्ध छ । त्यसबेला निकै कष्टसाथ जीवन बिताएका साठी–बैसट्ठी वर्षका वृद्धावस्थाको करिबकरिब नजिक पुगिसक्दा पनि मैले लौरो जोगाड गर्नु नपरेकोमा मलाई अनौठो लाग्छ । अचेल साठी मात्र होइन, साठी कटिसकेका धेरै वृद्धहरू गाउँमा छन् । लौरो टेकेको र कुप्रो परेर हिँडेको, आँखा र कानको समस्याले ग्रस्त प्रायः कोही पनि देखिँदैनन् ।

बरु बजारका तयारी खाना, डिब्बाबन्दी खाना, माछामासुको बढ्दो प्रयोग, तारेका, भुटेका र पोलेका खानाका कारण मान्छेहरू मोटाघाटा देखिन्छन् । तर उनीहरू नसर्ने रोगहरू, जस्तै : क्यान्सर, मुटुरोग, मृगौला रोगबाट मर्ने गरेको देखिन्छ । यी रोगले उहिलेजस्तो लामो समय थला परेर मान्छे मार्दैन । बरु हिँड्दाहिँड्दै र गम्भीर प्रकृतिका भनिएका नसर्ने रोगबाट मान्छे मर्ने क्रम तीव्र गतिले बढिरहेको छ । यसको मुख्य कारण प्राकृतिक

आपदा मानिँदैनन् । प्राकृतिक घटना र दुर्घटनाबाट ज्यान गुमाउनेको सङ्ख्या केही मात्रामा भए पनि त्यति भयावह अवस्था छैन ।

यसो हुनमा हाम्रा शासकका नालायकीपन र हाम्रो गरिबी जिम्मेवार छन् । देशमा रोजगार नभएपछि युवाहरू कामको खोजीमा विभिन्न मुलुक पुग्नुपर्छ । केही हुनेखाने मुलुक पुगेका युवा युवतीहरू उतै रमाउँछन् र उतै बस्छन् । जब यता बस्ने बाबुआमाले यो यथार्थलाई बुझ्छन्, त्यसै दिनबाट तिनका मुटुले अस्वाभाविक गतिमा रगत प्रवाह गर्न थाल्छ । केही समयपछि त्यसैबाट गम्भीर प्रकृतिको मुटुरोग देखिन्छ । मुटुरोगले दम र वात रोगले जस्तै वर्षौं थला पार्दैन । यसले त एक झट्कामा उठाइदिन्छ । यसरी मुटु रोगी बन्न कतै न कतै धोकाले महत्त्वपूर्ण भूमिका निभाएको देखिन्छ । यहाँ सन्तानले दिएको धोका जिम्मेवार देखिन्छ ।

कहिलेकाहीँ जीवनले पनि धोका दिने गर्छ । अनगिन्ती सावधानी अपनाउँदा अपनाउँदै पनि गम्भीर प्रकृतिका रोग लाग्नु, दुर्घटनामा परेर अपाङ्ग बनेर जीवनयापन गर्नुपर्ने घटना घट्नुलाई जीवनले दिएको धोका सम्झने गरिएको छ ।

आखिर जेसुकै होस्, जन्मिएका सबै मान्छेहरू एकपटक मर्नुपर्छ । जन्मिएका सबै मान्छेले जीवनमा कसै न कसैको सङ्गत गर्नुपर्छ । सम्बन्धहरू स्थापित गर्नुपर्ने हुन्छ । तर सङ्गत गरेका मान्छेहरूसँग जीवनको अन्तिम क्षणसम्म आइपुग्दा दुई पक्षबीच सम्बन्ध अटुट रूपमा रहिरहेको पाइन्न । अटुट सम्बन्ध केही मान्छेहरूको मात्र हुन्छ । यसरी सम्बन्ध टुट्नुको कारण मध्य अविश्वास, शङ्का, राष्ट्रिय-अन्तर्राष्ट्रिय बसाइँसराई, जागिर, अकाल मृत्युलाई यसको बाधक मानिए पनि सम्बन्ध टुटाउने मुख्य कारकको रूपमा धोकालाई लिन सकिन्छ । सम्बन्धहरू एकपछि अर्को हुँदै परिवर्तन भइरहन्छन् । म गोरखा जिल्लाको एउटा सानो गाउँमा जन्मेको थिएँ, त्यहाँ मैले स्थापित गरेका केही सम्बन्धहरू मेरो बसाइँसराइपछि लगभग टुटेको अवस्थामा पुगेका छन् । स्कूल, कलेज र जागिरमा स्थापित भएका सम्बन्धहरू त्यहाँको बसाइपछि स्वतः समाप्त भएका छन् । केही सम्बन्धहरूलाई छोडेर अधिकांश सम्बन्धहरू नवीकरण गर्न नमिल्ने गरी टुट्ने गर्छन् । बलियोसँग गाँसिएका सम्बन्धहरू एकपछि अर्को गर्दै बिरानो बन्दै जान्छन् । कतिपय सम्बन्धहरू बाटोमा सँगै हिँड्दा गाँसिने गर्छन् भने छुट्टिँदा टुट्ने गर्छन् । सायद मान्छेको

जीवन पनि त्यस्तै बाटो हिँड्ने बटुवाको जस्तै रहेछ, अनगिन्ती मान्छेहरूसँग भेट हुँदै छुट्दै गर्नुपर्ने ।

धेरैजसो सम्बन्धहरू भावनाबाट सुरु हुन्छन् । उत्साह, जोश, चाहना, माया, वफादारी, स्नेहबाट स्थापित भएका सम्बन्धहरू सधैँ उस्तै रहँदैनन् । समयसँगै, भावनाहरू कम छचल्किन सक्छन् र कहिलेकाहीँ भावनामा सोच्दै नसोचेको परिवर्तन पनि हुनसक्छ । भावनाहरू जतिसुकै गहिरो भए तापनि सधैँ समान गतिमा महसुस गर्न नसकिने रहेछ । सम्बन्धलाई कायम राख्नका लागि भावनालाई सधैँ एकनासले राख्न सकिँदैन, यसैले भावनाहरू परिवर्तन हुन सक्छन् भनेर स्वीकार गर्न सक्नुपर्छ । भावनाहरूको रूपान्तरणमा सकारात्मक रूपमा योगदान गर्न सक्षम भने हुनैपर्छ । अधिकांश मान्छेले यही परिवर्तित भावनालाई आधार मानेर सम्बन्धहरू विच्छेद गर्ने गर्छन् । जब सम्बन्ध टुट्न जान्छ, दुवै पक्षले यस अवस्थालाई धोकाको रूपमा लिने गर्छन् । वास्तवमा यो अवस्था जीवनमा पटकपटक आइरहने भएकोले यसलाई योजनाबद्ध धोका सम्झनु उपयुक्त हुँदैन । त्यहाँ अनेक परिस्थिति र समयले पनि यस प्रकारको बाध्यात्मक अवस्था सिर्जना गरिदिन सक्छ । परिबन्दमा परेर गरिने धोका र योजनाबद्ध तरिकाले गरिने धोका नितान्त फरक विषयहरू हुन् । परिबन्दमा परेर पाइने धोका मान्छेले लामो समयसम्म नसम्झन सक्छ भने योजनाबद्ध तरिकाले पाइएका धोकालाई उसले जीवनभर बिर्सन सक्दैन ।

सबै धोकाहहरू भूल र परिबन्दमा परेर मात्र हुँदैनन् । जानाजान र योजनाबद्ध तरिकाले दिइने धोकाहरू पनि प्रसस्त हुन्छन् । धेरैजसो मानिसहरूले आफ्नो व्यक्तिगत स्वार्थ पूरा गर्नका लागि धोका दिन्छन् । खास गरेर आर्थिक प्रलोभन, सामाजिक मानमर्यादा या व्यक्तिगत सुविधा प्राप्त गर्नको लागि एक व्यक्तिले अर्को व्यक्तिलाई धोका दिने गरेको पाइन्छ । एकआपसबीच बाँधिएका सम्बन्धमा सोचेजस्तो सन्तुष्टि प्राप्त नभएपछि पनि मान्छेले धोका दिन सक्छ । चाहे त्यो प्रेम सम्बन्ध होस् वा वैवाहिक सम्बन्ध, यसरी मनभित्र उत्पन्न हुने असन्तुष्टिले पनि मान्छेलाई धोका दिन प्रेरित गर्ने गर्छ । जब सम्बन्धमा उनीहरूको अपेक्षा पूरा हुँदैन, तब मानिसहरू एक ठाउँमा धोका दिएर अन्यत्र खुशी खोज्न थाल्छन् ।

केही मानिसहरू अत्यन्त अवसरवादी हुन्छन् । उनीहरू कुनै पनि राम्रो अवसर पाउँदा त्यसलाई आफ्नो फाइदाका लागि उपयोग गर्न चाहन्छन्, चाहे

त्यसका लागि कसैलाई धोका दिनुपर्ने किन नहोस् । कहिलेकाहीँ मानिसको चरित्र पनि धोका दिने प्रमुख कारण बन्न सक्छ । कमजोर नैतिकता र कमजोर चरित्र भएका व्यक्तिहरू सजिलैसँग अर्कालाई धोका दिने गर्छन् ।

केही मानिसहरू यस्ता हुन्छन् जसले आफ्नो मनबाट नभै अरूको प्रभाव, दबाबमा र उक्साहटमा पनि धोका दिने गर्छन् । यिनीहरूलाई कसैले हतियार बनाइरहेका हुन्छन् । तर त्यो यथार्थसँग उनीहरू बिलकुल अनभिज्ञ हुन्छन् । साथीहरूको प्रभाव र उक्साहट, परिवारको दबाब या समाजिक परिस्थितिहरूले पनि मानिसहरूलाई धोका दिन प्रेरित गर्छ । यदाकदा धोका सामान्य प्रकारका हुन्छन भने कहिलेकाही धोका अत्यन्त गम्भीर प्रकृतिको पनि हुन सक्छ । धोकाको कारण कतिपयले ज्यान पनि गुमाउन सक्छन् भने कतिको जीवन तहसनहस भएको पनि पाइएको छ । जसले धोका दिन्छ, उसले तत्काल फाइदा प्राप्त गर्न सक्छ, अन्यथा केही मनोरञ्जन लिएर चित बुझाउने गर्छ । तर दीर्घकालमा उसले आफ्नो प्रतिष्ठा, सम्बन्ध र आत्मसम्मान गुमाउँछ । धोका दिने व्यक्तिलाई विश्वास गर्न गाह्रो हुन्छ र उसको पनि मित्रता, पारिवारिक सम्बन्ध, र व्यावसायिक सम्बन्धहरू बिग्रन सक्छन् । धोका पाएको व्यक्तिले गहिरो भावनात्मक चोट सहनुपर्छ । उसले आत्मसम्मान गुमाउँछ र कुनै बेला आफूलाई दोषी ठान्न सक्छ । धोका पाएको व्यक्तिले अरू मानिसहरूप्रति विश्वास गुमाउँछ, र उसको समाजिक र मानसिक स्वास्थ्यमा नकारात्मक प्रभाव पर्न सक्छ । हिजोआज यस किसिमका धोका दिने र धोका पाउनेहरू प्रशस्त देख्न पाइन्छन् ।

धोका एउटा गम्भीर अपराध हो, जसले मानिसहरूको जीवनमा गहिरो चोट पुऱ्याउँछ । यो विश्वासघातको प्रतीक हो र यसले कुनै पनि सम्बन्धलाई समाप्त गर्न सक्छ । व्यक्तिहरूले सधैँ सत्य, इमान्दारी, र पारदर्शितामा विश्वास गर्नुपर्छ । धोकाको विरुद्ध धोका दिनु भनेको कुकुरले टोक्यो भने आफूले पनि कुकुरलाई टोक्नु जस्तै हो । इमान्दारीपूर्वक सम्बन्धलाई कायम राख्न र सम्मान दिनसक्ने मान्छेलाई समाजले हेर्ने दृष्टिकोण उच्च प्रकारको हुन्छ । यसरी इमान्दार बन्न सक्ने हो भने व्यक्तिगत, पारिवारिक, र समाजिक जीवन स्वस्थ र सुखमय बन्ने प्रबल सम्भावना हुन्छ ।

पागल लाटोकोसेरो

कहिलेकाहीँ लाग्छ, जीवन सहनाईको तालमा बजिरहने पञ्चैबाजाको साङ्गीतिक धुनजस्तै रहेछ। बिहेको लगन आउनासाथ एकाएक घन्किन थाल्ने। सुन्न चाहेको समयमा धुन सुन्न नपाइने र नचाहेको समयमा भने सुनिदिनुपर्ने, यस्तै जीवनका अनगिन्ती धुनहरू सुन्न नचाहेर पनि सुनिदिनुपर्छ भने कहिले धुन सुन्ने इच्छा गर्दागर्दै वर्षौं बितिसकेको हुन्छ।

पुनः अर्को मनले भन्छ, अहँ जीवन बाजाको धुनजस्तो होइन रहेछ, जीवन त विविध रङका धागो मिलाएर कुरुसको सहयोगले बुनेको रङ्गिन स्वेटरजस्तै पो रहेछ, किनभने यी दुवै संजोगले उध्रनु मात्र पर्छ, एकैछिनमा सबै फुस्किन्छ। जीवन र स्वेटरमा कुनै तात्विक भिन्नता देखिँदैन। छेउ फुस्किए स्वेटर र भेउ फुस्किए जीवनको अस्तित्व समाप्त हुन्छ। त्यसैले त स्वेटरको मसिनो धागो र मान्छेको सासको धागोमा केही समानता पाइन्छ। जब सास फुस्कन्छ बोल्दाबोल्दैको मान्छे लाश हुन्छ। उता स्वेटरको धागो फुस्कन्छ, स्वेटरको अस्तित्व खलास हुन्छ। यसरी जुनसुकै होस् धागो फुस्किएपछि न मान्छे रहन्छ न स्वेटर। कहिले मान्छेको सास अनि स्वेटरको धागो सम्हाल्न नसक्ने गरी अनियन्त्रित भइदिन्छ। अनि मान्छेहरूमा कानेखुशी सुरु हुन्छ। एउटा मान्छेले अर्कोको कानमा खुसुक्क भन्छ, "फलानोको त खुस्किएछ।" जब यही कुरा "एक कान दुई कान मैदान" हुन्छ। मान्छे भए साँच्चै दिमागको तार खुस्किन्छ, स्वेटर भए त्यसको आकार खुस्किन्छ। मैले कैयौँ पटक एउटा उखान सुनेको छु। "एउटा माघले जाडो जाँदैन।" यो उखान बैगुनी मान्छेलाई लक्ष्य गरेर भनिएको हो भने पनि हुन्छ, होइन स्वेटरलाई लक्ष्य गर्दै भनिएको हो भन्न मिल्छ। आखिर यी दुईबीच किन धेरै कुराहरू मिल्न जान्छन् ? किनकि स्वेटर र मान्छेको एकअर्काबीच अन्योन्याश्रित सम्बन्ध हुन्छ। जाडो मौसममा स्वेटर नभए मान्छे कठ्याङ्ग्रिएर मर्न पनि सक्छ। यता मान्छे नभइदिने हो भने स्वेटर मूर्तिमा लगाइदिने वस्तु पनि त होइन, आखिर स्वेटरलाई चाहिने भनेको मान्छेको शरीर हो, जब कुनै समय संसारमा मान्छेको

अस्तित्व रहँदैन, त्यतिबेला स्वेटरको पनि अस्तित्व रहँदैन। स्वेटरलाई मान्छे र मान्छेलाई स्वेटर नभै हुन्न। मलाई लाग्छ कुनै दिन मेरो पनि सासको धागो फुस्किन्छ। त्यसपछि मेरो मात्र होइन मैलै लगाउने स्वेटरको समेत अस्तित्व रहँदैन। म त्यसबारे निकै गम्भीर भएर सोचिरहेको हुन्छु। दुर्भाग्यको कुरा, जति सोचे पनि यस्तो सोचाइले सार्थक निष्कर्ष निस्कँदैन।

खै किन हो ? केही समय यता मेरो मस्तिस्कमा यस्तै असान्दर्भिक र बेतुकका कुराहरू मात्र आइरहन्छन्। यस्तो अवस्थाको सुरुवात अचानक एकैपटक भएको भने होइन। बिस्तारै सुरु भएको हो। मलाई लाग्छ, मेरो दिमागको ऐनामा मसिनो कपालको रौँ जति भाग चर्किएको हुनुपर्छ। नचर्किएको भए, केबल यस प्रकारका सोचाइहरू मात्र नआउनुपर्ने थियो। चर्किएको माटोको गाग्रोबाट पानी रसाएर गाग्रो रित्तिएजस्तै मेरो चर्किएको दिमागको ऐनाबाट विचारका थोपाहरू रसाउँदै गएको हुनसक्छ र कुनै बेला चुहिने गाग्रोजस्तै म पनि रित्तो हुन सक्छु। होइन भने मैले तिथिमिति र केही समय सीमासमेत नभुल्नुपर्ने थियो। आज कति गते हो, के बार हो, के गर्न हुन्छ, के गर्नु हुँदैन आजभोलि मलाई यी भिनामसिना तर महत्त्वपूर्ण कुराको समेत याद हुँदैनन्। कहिले त आफ्नो को हो ?, पराइ को हो ? मैले त्यो पनि छुट्याउन सकिरहेको हुन्न।

जब मान्छेहरूसँग भेटघाट हुन्छ, सबै मान्छेहरू नजिकका आफन्त हुन्जस्तो लाग्छ। मेरो कुभलो चाहने कोही पनि छैनन्, सबै जना मेरा शुभचिन्तक हुन्। किन पो हो आजभोलि मभित्र यस्तै सोच विकसित भएको छ। मलाई वक्रदृष्टि लगाएर हेर्नेहरूसमेत मेरा अनन्य मित्रहरू हुन्जस्तै लाग्छ। जब म तिनीहरूबाट धोका पाउँछु, म भसङ्ग हुन्छु। यसको अर्थ, मभित्र कुनै पनि वस्तु पहिचान गर्नसक्ने क्षमता छैन। केही समय अघिसम्म यस्तो विषयमा छानबिन गर्नसक्ने प्रचुर क्षमता मसँग थियो। तर त्यो दिनप्रतिदिन ह्रास हुँदै गएको छ।

सायद दिमागको ऐना नचर्किएको भए यस्तो नहुनुपर्ने थियो। मेरो विचारमा समय एकनासको हुँदैन। फेरि, सानोभन्दा सानो असुविधा हुँदा पनि अचानक मभित्र क्रोध उत्पन्न हुन्छ। केही गहकिला खुशीहरू प्राप्त हुँदा म चाहेर पनि खुशी हुन सक्दिन। मैले यस्तो घटनालाई तनावका कारण भएको हुनुपर्छ भनेर मानिहाल्ने पक्षमा पनि छैन। किनकि वर्तमान समयमा म तनावग्रस्त हुनुपर्ने अवस्थाबाट गुज्रिएको छैन र तनाव लिनुपर्ने कारण पनि

देखिँदिन । लागेको छ, त्यो कपालको मसिनो रौँजत्रै धाँजो बिस्तारै बढ्दै गएको हुनुपर्छ । कुनै दिन तिनै धाँजाहरू बढेर माकुराको जालोजस्तै आकार लिने सम्भावना देखिरहेको छु । यदि साँच्चिकै त्यही अवस्था सिर्जना भयो भने मैले आफैँलाई पनि चिन्न सक्दिन । कहिलेकाहीँ मलाई यस प्रकारका दीर्घकालीन सोचहरू पनि नआउने होइनन् आइरहन्छन् । यसरी सकारात्मक र नकारात्मक सोचहरू पालैपालो आउने गरेको छ ।

जब मान्छेहरूले मेरो विषयमा कानेखुशी तीव्र पार्दै जान्छन्, मभित्र क्रोधको ज्वालामुखी विष्फोट हुन्छ । तिनका कानेखुशीले मेरो मनभित्रको शङ्का, डर, चिन्ता र क्रोध एकैपटक जुर्मुराउन थाल्छन् । लाग्छ, कतिखेर जुरुक्क उठेर तिनीहरूसँग प्रतिवादमा उत्रौँ कि के हो, तर म विवश छु, यसरी कसैलाई भौतिक आक्रमण गर्न उत्रने हो भने म सामान्य मान्छे होइन विशुद्ध अपराधी प्रमाणित हुनसक्छु । तिनका नजरमा म पागल प्रमाणित हुन सक्छु । म अपराधी बनेर, पागलको पहिचान बोकेर बाँच्न पनि चाहन्न । हुन त मेरा आन्तरिक र बाह्य लक्षणहरूलाई दृष्टिगत गर्ने हो भने मलाई पागल भने पनि फरक पर्दैन । तर अधिकांश पागलहरूले जस्तै म पनि पागल भएको कुरा सहजै स्वीकार गर्न सक्दिन । तर पनि मनको भूलभूलैयामा हराउनुको मजा बेग्लै हुन्छ, म सँधै यसरी नै हराउन चाहन्छु र हराउने गरेको छु । तर एक दिन बिहान, एउटा लाटोकोसेरोसँगको साक्षात्कारबाट भने मेरो मन अलिकति परिवर्तन भएको छ । म केही उत्साहित बनेको छु । म पागल नभएको कुरामा विश्वस्त भएको छु । पागल म होइन, लाटोकोसेरोहरू रहेछन् ।

सधैँजस्तै त्यस दिन पनि बिहानको झिसमिसे उज्यालो भइसकेको थियो । अन्य दिशाको तुलनामा पूर्वतिर केही हल्का उज्यालो देखिन्थ्यो । त्यसदिन म सबेरै उठेर बार्दलीमा बसी चियाको चुस्कीसँगै चराहरूको सुमधुर आवाज सुनिरहेको थिएँ । मेरो यस प्रकारको दैनिकी बनेको केही समय पूरा भएको छ । सायद अबको केही महिनासम्म यो मेरो नियमित दैनन्दिनी हुनेछ । केही महिनाअघि जब म मानसिक डाक्टरलाई भेट्न गएको थिएँ, त्यसै दिनबाट मैले यसरी पूरा बिहानी बार्दलीमा बिताउने निर्णय गरेको हुँ । हुन त यो मेरो रहर थिएन, बाध्यता थियो । किनकि यसरी बिहानभर यहाँ बस्ने सल्लाह मलाई तिनै डाक्टरले दिएका हुन् ।" दिमागको चर्किएको ऐना टाल्ने यो भन्दा अचुक उपाय अन्य केही पनि हुन सक्दैन ।" एक दिन मसँग डाक्टरले भन्दै थिए ।

म चराहरूको सुमधुर सङ्गीतमा हराइरहेको थिएँ। जब मेरो घरको आडमा रहेको बकैनाको रूखबाट अनौठो आवाज आयो म झसङ्ग भएँ। त्यो आवाज मान्छेको थिएन तर मान्छे रिसाएर च्याँट्टिएको जस्तै थियो। मेरो शान्त मनमा एक्कासि हलचल पैदा भयो। बिहानपखको त्यो शान्त वातावरण अचानक खलबलिन पुग्यो। शरीरभरि काँडा उम्रिए, मेरो सातोपुत्लो उड्यो। मैले निकै होसियारीपूर्वक बकैनाको रुख र हाँगाहरूमा नजर डुलाएँ। एउटा हाँगामा बलियोसँग खुट्टाका नङ्ग्राले चपक्क च्यापेर बसेको, एउटा मझौला आकारको लाटोकोसेरो देखियो। जुन हाँगो मेरो बार्दलीमा जोडिएको थियो। जब मैले लाटोकोसेरोलाई देखेँ मेरो मन ढुक्क भयो। मैले सोचेजस्तो, त्यहाँ कुनै हिंस्रक जनावर थिएन। न कानेखुशी गर्ने मान्छेहरू नै थिए। म किन ढुक्क थिएँ भने मैले यस्ता लाटोकोसेरोहरूको सङ्गत पटकपटक गरिसकेको छु। सङ्गत मात्र होइन, मलाई लाटोकोसेरोको केही आन्तरिक र गोप्य कुराहरू पनि थाहा छ। जुन उनीहरूले प्रकटीकरण गर्न सक्दैनन्। तर त्यस कुराको जानकारी हुँदाहुँदै पनि मैले तिनीहरूको खुलेर प्रशंसा र चाकडी गर्ने गरेको छु। कसैले त्यसलाई मेरो कमजोरी भनिदिन्छ भने पनि म स्वीकार गर्न तयार छु। किनभने म यस्तै परिवेशमा घेरिएको छु। मलाई तिनको चाकडी गर्नैपर्ने बाध्यता छ। अन्यथा दिमागमा परेको धाँजो अप्रत्यासित रूपमा ह्वात्तै बढ्न सक्छ। कथंकदाचित धाँजो ह्वात्तै बढ्यो भने यो चिरबिर थेरापी अर्थहीन हुनसक्छ। म अभ्यस्त भइसकेको छु। मलाई लाटोकोसेरोको आँखा र उनीहरूले हेर्ने तरिका अनौठो लाग्छ। तिनले एकापट्टि हेरेजस्तो गर्छन् र ध्यान भने अर्कोतिर लगाउँछन्। मलाई उनीहरूको जीवनशैली देखेर आश्चर्य लाग्छ। लाटोकोसेरोको खैरो प्वाँखको त म प्रशंसक नै हुँ। त्यसदिन पनि मैले त्यो लाटोकोसेरोसँग नजिकिने प्रयास गरेको थिएँ। ऊ मलाई एकोहोरो हेरिरहेको थियो। सायद उसले आफ्नो असली रूप मजाले हेर्न सकोस् भन्ने चाहन्थ्यो। मैले ऊसँग नजिकिने उद्देश्यले आफूले चियासँग खाइरहेको एक चक्की बिस्कुट उसलाई पनि खान आग्रह गरेँ।

त्यसले मलाई बिस्तारै टाउको घुमाएर हेर्न लाग्यो। सायद शङ्काको नजरले हेरेको हुनुपर्छ। यसपछि त्यसले बिस्तारै आफ्नो पँखेटा फिँजाएर जिउ तनक्क तन्कायो अनि पूर्ववत् अवस्थामा फर्कियो। त्यो लाटोकोसेरोले निकै सावधानीपूर्वक हेर्न थाल्यो। मैले बिरालोको चालमा हात अघि बढाएँ र एक चक्की बिस्कुट उसको ठुँडो नजिकै राखिदिएँ। उसले निकै ध्यानपूर्वक बिस्कुटलाई हेर्‍यो र आफ्नो चुच्चोले एकपटक बिस्कुटको चक्कीलाई ट्वाक्क

ठुँग्यो अनि छोड्यो । त्यसले मलाई फेरि हेऱ्यो र त्यस पटक भने त्यो लाटोकोसेरो मजासँग मुस्कुरायो । मलाई विश्वास लागे, किनभने यसरी लाटोकोसेरोहरू मुस्कुराएको यसअघि चाल पाएको थिइन । मैले आफ्नो नजर पुनः लाटोकोसेरोतिरै लगाएँ । अब भने म पूर्ण रूपमा विश्वस्त थिएँ, लाटोकोसेरो साँच्चै मुस्कुराएकै हो । फेरि पनि एउटा जङ्गली चरोसँग मित्रता गाँस्न सकेकोमा मैले निकै गर्व महसुस गरिरहेको थिएँ ।

आश्चर्य भयो, भर्खर अघिसम्म मुस्कुराइरहेको लाटोकोसेरो अचानक पुनः च्याँट्ठिएर चिच्याउन थाल्यो । उसले मलाई राताराता आँखाले हेरिरहेको थियो । म जिल्ल परेँ । त्यति विघ्न खुशी देखिएको लाटोकोसेरो एकाएक किन रुष्ट भयो ? मलाई लाग्छ लाटोकोसेरो पागल हुनुपर्छ । त्यसपछि मैले परिस्थितिलाई पूर्ण रूपमा गलत व्याख्या गरिरहेको महसुस गरेँ । हुनसक्छ, लाटोकोसेरोले मसँग मित्रवत व्यवहार गरिरहेको थिएन । त्यो मेरो भ्रम मात्र रहेछ । मैले, आफ्नो गाँस काटेर एउटा जङ्गली चरोलाई बिस्कुटको प्रस्ताव गरेको थिएँ । उसले अब आफ्नो असन्तुष्टि व्यक्त गर्न आफ्नो प्रभावशाली र डरलाग्दो आवाजले मलाई तर्साउने प्रयास गरिरहेको थियो । मैले निर्क्यौल गरेँ, गल्ती मेरै थियो । यी लाटोकोसेरोहरू दिनमा होइन रातमा सक्रिय हुन्छन् । राति सक्रिय हुनेहरू प्रायः खतरनाक हुन्छन् । यिनले अँध्यारोमा शिकार गर्छन् । फेला पारेको कुनै पनि वस्तु छोड्दैनन् । लाटोकोसेरोहरू अन्धकारलाई परमसत्य मान्ने गर्छन् । यी उज्यालोका दुश्मन हुन् । त्यो यथार्थ मैले बुझ्न सक्नुपर्थ्यो । लाटोकोसेरोहरू आफ्नो अधिकांश कारोबार रात्रीको समयमा गर्ने गर्छन् । होइन यिनमा मानवता हुँदैहुँदैन भनौँ भने म सरासर गलत ठहरिन्छु किनकि यिनीहरूलाई मान्छेको रूपमा गणना गर्न सकिँदैन ।

यिनीहरू मानव अन्तर्क्रियामा रुचि राख्दैनन् । त्यो पनि मैले समयमै जान्नुपर्थ्यो । त्यस तथ्यलाई बुझ्दै नबुझी मैले लाटोकोसेरोसँग नजिक हुने प्रयास गरेँ । त्यो पनि रातमा होइन बिहानको झिसमिसे उज्यालोमा । ऊ क्रोधित भएको अवस्थालाई मैले खुशी भएको ठानेँ । यति पनि परख गर्न नसक्नु मेरो अज्ञानता थियो । सायद पागल म थिइन, म त नादान मात्र थिएँ, पागल लाटोकोसेरो थियो ।

(समकालीन साहित्य प्रतिष्ठान, बेलायत)

परिवर्तन

जब म केटाकेटी थिएँ, आमा र काकीहरू हजुरआमाको छायाँ देख्दा पनि भयभीत हुन्थे । घरका सबै बुहारीहरू हजुरआमाको निर्देशनअनुसार चल्ने गरेका थिए । कसले खाना बनाउने, कसले बारीको घाँस काट्ने, गोठको धन्दा कसले गर्नेदेखि लिएर घरको सबै काम बाँडफाँडको जिम्मा हजुरआमाको हुन्थ्यो । हजुरआमा जानु भएपछि सासु हुने पालो आमाको भयो । आमाले बुहारीहरूसँग सरसल्लाह गरेर मात्र कामको बाँडफाँड गर्ने प्रचलनको सुरुवात गर्नुभयो । समय परिवर्तन हुँदै गयो आमा वृद्धावस्थामा पुग्दा उहाँका बुहारीहरूले आफ्ना बुहारी कजाउन पाउनु भएन । केही बुहारी छोराहरूसँग युरोप र अमेरिका पुगे । बाँकी बुहारीहरू सदरमुकाममा कोठा लिएर बस्न लागे ।

संसारमा अनगिन्ती जीवहरू जन्मिन्छन् र पुराना जीवहरू प्रतिस्थापन हुन्छन् । हामीले डाइनोसरको कथा सुन्यौँ, पढ्यौँ र पटकपटक लेखी पनि सक्यौँ । कुनै बेला पृथ्वीमा अत्यन्त शक्तिशाली मानिएका डाइनोसरहरू थिए तर तिनीहरूसँग हाम्रो साक्षात्कार हुन सकेन । हामी जन्मनुभन्दा पनि लाखौँ वर्षअघि नै यिनको अस्तित्व समाप्त भइसकेको थियो । उहिले टेथिस सागर भएको ठाउँमा हिमालय पर्वत बनेको कुरा पनि पटकपटक सुनिसक्यौँ । परिवर्तन, उत्पत्ति र सृष्टिमा पनि हुने रहेछ भन्ने बलियो प्रमाण यही हो । अधिकांश परिवर्तन प्रकृतिका कारण हुने गर्छ भने केही परिवर्तन मान्छेका कारण पनि हुने गर्दछन् । जमिनको संरचना, हावापानी, वनस्पति र पानीको बहाव निरन्तर परिवर्तन भइरहेको हुन्छ । परिवर्तन भनेको नदीको बगेको पानीजस्तै हो, जुन निरन्तर नयाँ हुन्छ । यी सबै कुरा बुझेर पनि जब कुनै नयाँ उपाय वा विचार अगाडि आउँछ, हामी रक्षात्मक मुद्रा अपनाउछौँ । परिवर्तन

हामीलाई असहज लाग्छ र हाम्रो दिमागले यसको विरुद्धमा काम गर्न थाल्छ। आखिर, मान्छेमा कुनै पनि परिवर्तन स्वीकार गर्न किन यति विघ्न गाह्रो हुन्छ ? जबकि परिवर्तन निरन्तर भइरहने गर्छ। मैले यहाँ उल्लेख गर्न लागेको परिवर्तन मैले आफैले व्यहोरेको परिवर्तन हो। मैले यो परिवर्तन बाल्यकाल र किशोरावस्थाको सङ्क्रमणकालमा भोगेको थिएँ।

प्रकृतिले गरेको परिवर्तन हामी तत्काल स्वीकार गर्छौं, त्यसलाई स्वीकार्नै पर्छ, प्रकृतिका विरुद्धमा मान्छेले चुनौती दिन सक्दैन। मान्छेले गरेको परिवर्तन स्वीकार्न हामीलाई केही समय लाग्छ। मलाई राम्रोसँग सम्झना छ, हामीले खाजा खाने भन्नासाथ मकै, भटमास, मोहीलाई सम्झने गर्थ्यौं। एक थाल भुटेको फूल मकैमा एक मुठी भटमास मिसाएर साथमा एक कचौरा मोही खाइन्थ्यो। त्यो शुद्ध अर्गानिक खाजामा प्रसस्त मात्रामा प्रोटिन, फाइबर र कार्बोहाइड्रेट पाइन्थ्यो। पेट सफा हुन्थ्यो। विनापैसाको खाजाले मजाले पेट भरिन्थ्यो। त्यो महत्त्वपूर्ण खाजा अचानक त होइन बिस्तारै परिवर्तन हुँदै गयो। त्यसको ठाउँ पिज्जा, बर्गर, ममचा र चाउमिनले लियो। हेर्दाहेर्दै त्यो अर्गानिक खाजा छायाँमा परेको देखियो। ढिकी, जाँतो र कोललाई एउटै मिलले प्रतिस्थापन गरेको पनि हामीले देख्यौँ। लाहुरका नाममा काम खोज्न जाने गरेको भारतीय शहर कलकत्ता, दिल्ली र बम्बैलाई युरोप, अमेरिका, अस्ट्रेलिया र खाडी मुलुकका केही शहरहरूले प्रतिस्थापन गरेको देखिरहेका छौँ। फरक यति मात्र थियो, उहिले भारतीय शहरबाट गुन्टा र ट्याङ्का बोकेर हामी स्वदेश फर्कन्थ्यौँ भने अहिले घरबाट सुटकेस बोकेर पलायन हुने गरेका छौँ। वर्तमान विदेशी शहरहरूले हाम्रा सन्तानलाई फर्कन दिँदैनन्। स्थायी बाँधा बनाएर उतै राख्ने गरेको छ। यो अवस्थालाई आत्मसात् गर्न हामीलाई केही अप्ठ्यारो लागिरहेको छ। सायद अबको केही वर्ष पछि यो पनि हामीलाई सामान्य लाग्छ। हेर्दै जाऔँ कुनै दिन दशैँमा अग्रजको हातको टिका थाप्न र तिहारमा दिदीबहिनीको हातको भाइटीका लगाउनेहरूको भीड अहिले गोङ्गबु बसपार्कमा जस्तै विमानस्थलमा पनि देख्न सकिएला।

हामीले देखेका र प्रयोग गर्ने गरेका चौथाइ, माना, पाथी, धार्नी, बिसौली, मुरी एकाएक पुनः प्रयोग नगर्ने गरी परिवर्तन गरियो। त्यसको ठाउँमा लिटर, किलोग्राम र क्विन्टलको प्रचलन आयो। शहरी क्षेत्रमा त्यो छिट्टै प्रचलनमा आयो। मनमा असहज लागे पनि शहरी जनताले त्यसलाई पचाए।

तर गाउँमा बस्नेहरूले परिवर्तित नयाँ मापन प्रणाली स्वीकार गर्न निकै लामो समय लगाएका थिए । यसैगरी कपडा मापन गर्ने गजलाई मिटरले प्रतिस्थापन गऱ्यो । तर मान्छेले पुरानो वस्तुलाई चटक्कै बिर्सिएर परिवर्तन स्वीकार गर्न निकै समय लगाएको थियो । उक्त परिवर्तनको औपचारिक घोषणा गरिएको निकै वर्षपछि मात्र हामीले त्यसलाई स्वीकार गर्न थालेका हौँ । वास्तवमा यी परिवर्तित प्रणाली वैज्ञानिक र सरल थिए । सहज रूपमा परिवर्तन स्वीकार गर्न नसकेपछि मानिसहरूले भन्ने गर्थे, "यो नयाँ समस्या कहाँबाट आयो ?" यसरी सर्सर्ती हेर्दा पुरानो वस्तु मान्छेले बिर्सनुमा तिनको उच्चस्तरीय गुण र सरल एवं सहजता प्रमुख कारण भएको बुझिन्छ । हरेक घटनाक्रमले यही भनिरहेको छ, मान्छेको चाहना हुन्छ, परिवर्तनपछि पुरानो वस्तुभन्दा नयाँ वस्तु उच्चकोटिको हुनुपर्छ । त्यसैको अपेक्षा गरेर मान्छेले परिवर्तनलाई सहज रूपमा नभए पनि बिस्तारै स्वीकार गर्न थाल्छ ।

यी सबै वस्तुजस्तै राजनीति र व्यवस्था पनि पटकपटक परिवर्तन भएको हामी स्वयंले देखेका र भोगेका छौँ । वस्तु परिवर्तनमा गरिएको आशा स्तै मान्छेले राजनीति र व्यवस्था परिवर्तन हुँदा पनि त्यसको गुणस्तरको तुलना गरेको हुन्छ, जुन स्वाभाविक पनि छ । पुरानो व्यवस्था र राजनीतिका विकृतिहरू त परै जाओस, मान्छेले थप गुण, सुव्यवस्था र सुशासनको चाहना राखेको हुन्छ । जिम्मेवार तहमा बस्नेहरूले जनतालाई परिवर्तित राजनीति, पुरानोभन्दा उत्कृष्ठ भएको विश्वास मात्र होइन प्रमाण दिन सक्नुपर्छ । यस्तो विश्वास सैद्धान्तिक मात्र होइन, व्यावहारिक रूपमा समेत हुनुपर्छ । कथम्कदाचित व्यवस्था र राजनीतिलाई जनताले स्वीकार गर्न सकेनन् भने मुलुकमा अस्थिरता उत्पन्न हुन्छ । जब अस्थिरता बढ्छ, एकाएक उन्नति र प्रगतिका ढोकाहरू बन्द हुन्छन्, अभाव, असन्तुष्टि र असन्तुलनले मुलुक आत्रान्त बन्ने प्रबल सम्भावना रहन्छ । परिवर्तन विचारमा पनि हुने गर्छ । वैचारिक तहमा पनि हाम्रो सोचमा समय-समयमा परिवर्तन भइरहन्छ, आज जुन कुरालाई हामीले आधुनिक ठान्छौँ, त्यो प्राचीन भएको घोषणा गर्न धेरै समय कुर्नुपर्दैन । यसैलाई समयको माग भन्ने गरिएको छ ।

केही समय अगाडिसम्म १२०/८० मापनको रक्तचापलाई एकदम सामान्य अङ्क मानेर, १३० पुग्नासाथ डाक्टरले उच्चरक्तचाप घटाउने औषधीको प्रयोग गर्ने सल्लाह दिने गरेका थिए । १२५ बाट रक्तचाप उकालो

लागेपछि मान्छेहरू आत्तिने गर्थे तर दुईचार वर्षअघि मात्र विश्व स्वास्थ्य सङ्गठनले १३०/९० लाई रक्तचापको सामान्य विन्दु भनेर घोषणा गऱ्यो । यसलाई भने हामीले सुन्नासाथ स्वीकार गऱ्यौँ। यति मात्र होइन, कति उपचार विधिमा समेत परिवर्तन भएको छ । हामी केटाकेटी हुँदा पखाला लागेको बिरामीलाई पानी दिन हुँदैन भन्थ्यौँ। तैपनि बिरामी निको हुन्थे। पछि थाहा पायौँ, पखालाको बिरामीलाई पानी अपरिहार्य वस्तु रहेछ। यो कुरा आज सबैले बुझेका छन्। यी सबै समयअनुसारका परिवर्तन हुन्। कुनैबेला पृथ्वी चेप्टो छ भनिन्थ्यो, वर्तमानमा पृथ्वी गोलो छ भन्ने कुरामा सबै एकमतले सहमत छन्।

मान्छेलाई खाने, लाउने र पिउने कुराको परिवर्तन असाध्यै मनपर्छ। आफ्नै बारीमा फलेको स्वादिष्ट कोदोको परिकारलाई एकताका हामीले निकै तिरस्कार गऱ्यौँ । कोदोको उपयोग रक्सी र जाँड बनाउने मात्र हो भन्ने भ्रम अधिकांश मान्छेले पालेका थिए । बिस्तारै हामीले कोदोको महत्त्व बुझ्न थाल्यौँ । अनेक रोगमा कोदोको परिकार लाभदायक हुने समाचार सुन्यौँ । हरेक परिवर्तन स्वीकार गर्दा त्यसको गुण र दोषबारे मनग्य जानकारी लिएर मात्र गर्नुपर्छ, कुनै पनि बेला पछताउनु पर्दैन । कोदोलाई तिरस्कार गरेर चामल र गहुँको आटाको पछि लाग्नुमा हाम्रो अज्ञानता जिम्मेवार थियो। हरेक वस्तुको परिवर्तन निकै सोचविचार गरेर मात्र गर्नुपर्छ। अन्यथा कोदोको खोजी पुनः गरिएजस्तै हरेक कुराको पुनरावृत्ति हुनसक्छ । वास्तवमा, अनुकूलनको मानसिकताले हाम्रो जीवनका सबै गतिविधिहरूमा काम गरिरहन्छ । जसले नवीन प्रयासहरूलाई अस्वीकार गर्ने विचार सिर्जना गर्दछ। प्रारम्भिक चरणमा खाना पकाउने ग्यासको प्रयोग, प्लाष्टिकको प्रयोग, टेरिलिन कपडाको प्रयोग, डाल्डा घिउ, लसुन र प्याजको प्रयोगमा केही मानिस र समुदायलाई निकै द्विविधा रहेको थियो। अहिले यी कुराहरू हाम्रो जीवनको प्रमुख हिस्सा बनेका छन्। मीटर र किलोग्रामलाई आत्मसात गर्न पनि केही समय लागेकै हो, तब मात्रै सबैले बुझेका थिए यी प्रणाली कति वैज्ञानिक र सहज छन्,

कैयौँ नेपालीहरू शरीरमा लगाउने वस्त्रसमेत परिवर्तन गर्न सक्दैनन्। तर हाम्रो वर्तमान राजनीतिले सिद्धान्त, विचार र चालसमेत परिवर्तन गरिरहन्छ। भाग नपाएको निहुँमा दल परिवर्तन गरिन्छ । सत्ताको रस चुस्न, छेउ न छन्दका गठबन्धन गरिन्छ र स्वार्थ पूरा हुनासाथ तोडिन्छ । पूर्व र पश्चिम विचार भएकाहरूको पनि पार्टी एकीकरण हुन्छ । चुनावका समयमा हुने

गरेका अन्तर्घात, छलकपट, धोका त बयान गरेर सकिन्न । त्यो पनि मात्र क्षुद्र स्वार्थ, तुच्छ शान र मात्र केही दिन कुर्सीको न्यानो पाउने आशामा । जसले गाली गरिरहन्छ, उसैसँग गला मिलाइन्छ, जोसँग गला मिलाइरहेको हुन्छ उसलाई गाली गर्न थालिन्छ । राजनीतिमा कि आफ्ना हेरिन्छ कि नाफा हेरिन्छ । जब चुनावको घोषणा हुन्छ, राजनीतिज्ञहरू एकाएक बुद्ध बन्छन् । जब चुनाव परिणाम आउँछ, यी रातारात अङ्गुलीमाल बन्छन् । राजनीतिको मूलसूत्र यही हो ? यस्तो परिवर्तनले कसैको स्वार्थ सिद्ध हुन त सक्ला तर मुलुकको भविष्य अन्धकार हुन्छ । परिवर्तन सबै उचित हुन्छ भन्ने छैन् । हरेक वस्तुको परिवर्तनले मान्छेलाई केही सन्देश दिनसक्नुपर्छ । मान्छे सन्तुष्ट बन्नसक्नुपर्छ ।

बाँसुरीको धुनले आगो निभ्दैन

रोमन साम्राज्यका तत्कालीन सम्राट नीरोको नाम नसुन्ने सायदै कमै हुनुपर्छ । उनको नाम सुन्नासाथ सबैको मनमा एउटा चित्र आउने गरेको छ, आगोमा दन्किरहेको रोम र त्यही आगोको रापमा बाँसुरीको तान छेड्दै मुस्कुराइरहेको एउटा व्यक्ति नीरो । नीरो त्यही व्यक्ति हुन् जसलाई इतिहासले क्रूर, सन्की र स्वार्थी शासकको रूपमा संसारलाई परिचित गरायो । नीरो साँच्चै सन्की, क्रूर, स्वार्थी र गैह्र जिम्मेवार थिए या उनलाई विनाआधार यो पगरी गुथाइएको हो ? यो भने इतिहासको पानामा पक्कै पनि उल्लेख गरिएकै हुनुपर्छ । इतिहासमा उल्लेख गरिएको विषय भएकोले यस विषयमा म चर्चा गर्न चाहन्न । मैले चर्चा गर्न लागेको विषय भने नीरोको कुख्यातिका लागी प्रमुख भूमिका निभाउने बाँसुरीको विषयमा हो । मेरो मनमा एउटा प्रश्नले सधैँ घर गरिरहेको हुन्छ, रोम शहर जलिरहेको समयमा नीरोले बजाएको त्यो बाँसुरी कस्तो थियो ? अहिले कता होला ? कस्तो अवस्थामा होला ? वा अहिले त्यो अस्तित्वमा छ या छैन ?

नीरोको विषयमा विश्व इतिहासले अनगिन्ती शब्दहरू खर्चिएको पाइन्छ तर पनि त्यस बेला बजाइएको त्यो चर्चित बाँसुरीका बारेमा इतिहास मौन छ । नीरोले बजाउने गरेको बाँसुरीको ब्याख्या किन कतै फेला पर्दैन ? त्यस बाँसुरीका विषयमा मेरो मनमा किन यतिविधि प्रश्न उठिरहन्छ ? सायद रोम जलिरहँदा बेवास्ता गरिएको अभियोग नीरोलाई लगाएपछि बाँसुरीको पनि विस्तृत विवरण दिइएको भए कसको के बिग्रन्थ्यो ? इतिहासले नीरोका विषयमा मात्र चर्चा गरेर बाँसुरीलाई चटक्कै किन बिर्सियो ? संसारमा ठूलाबडाको मात्र इतिहास लेखिन्छ । चाहे ऊ सन्की, क्रूर र निर्दयी नै किन नहोस्, त्यसैले नीरोको इतिहास लेख्नेहरूले बाँसुरीका विषयमा लेख्न कञ्जुस्याइँ गरेकै हो ।

लाग्छ, रोम जलिरहँदा नीरोको हातमा त्यो बाँसुरी नभइदिएको भए न इतिहासले नीरोलाई यतिविघ्न निन्दा गरेर चित्रण गर्ने थियो न त उनले तीस वर्षको कलिलो उमेरमा आत्महत्या नै गर्नुपर्ने थियो, नीरोले आत्महत्या गर्नुअघि बाँसुरीलाई दोषी मान्दै कच्याककुचुक बनाएर आफूले आत्महत्या गरेका थिए वा आत्महत्या गर्ने समयमा उनलाई बाँसुरीको पटक्कै याद आएन ? त्यो कुरा इतिहासमा उल्लेख गरिएको छैन। हुनसक्छ बाँसुरीको ब्याख्या गरिएको लेख मैले फेला पार्न सकिन, ईस्वी संवत् ६४ मा रोममा भएको त्यो आगलागीले नगरको ७० प्रतिशत भाग ध्वस्त पारेको र आधा जनसङ्ख्यालाई घरबारविहीन बनाएको सत्य थियो । घटना जेजस्तो भए पनि नीरोलाई बदनाम गराउने बाँसुरी नीरोको मृत्युपछि पनि अस्तित्वमा रहिरहन सक्यो वा सकेन मेरो मनमा हरहमेशा उठिरहने प्रश्न यही हो। जतनसँग राखिएको भए त्यो बाँसुरी आजसम्म पनि ज्युँका त्युँ हुनसक्छ। होइन, नीरोलाई आगलागीको अवस्थामा स्वार्थी र लापरवाह बनाउन प्रमुख भूमिका खेलेको आरोपमा बाँसुरी त्यसैबेला कतै नष्ट गरियो वा रोम जलेको आगोको भुङ्ग्रोमा जलाइयो ?

आखिर त्यो सर्वसाधारण व्यक्तिले बजाउने बाँसुरी थिएन । रोमन सम्राटले प्रयोग गर्ने गरेको वस्तु विनासित्तै गायब पारिएको वा नष्ट गरिएको हुनसक्ने आधार पनि त देखिँदैन, सम्राटको बाँसुरी कस्तो थियो होला ? के त्यो आल्मुनियम वा पित्तलको हुनसक्छ ? कि सुनको थियो ? वा बाँसुरीमा हिरामोतीसमेत जडान गरिएको थियो ? त्यो पनि नभए बाँसुरी साधारण बाँस र निगालोको पनि हुनसक्थ्यो । बाँसुरीको लम्बाइ, मोटाइ र त्यसमा भएका प्वालहरू कति थिए ? एउटा प्वाल देखि अर्को प्वालबीचको दुरी कति थियो ? आजभोलि चलनचल्तीमा आएको बाँसुरी सोही चर्चित बाँसुरीको नक्कल हो वा केही फरक प्रकारको हो ? यसरी मैले बाँसुरीका विषयमा धेरै समय र सोचाइ खर्च गरिसकेको छु। यदि नीरोको जस्तै बाँसुरीको पनि इतिहास लेखिएको भए मैले यति धेरै सोच र समय खर्चिनुपर्ने थिएन। किन किन मलाई नीरोको विषयमा इतिहास लेख्ने इतिहासकारसँग यही कुराको गुनासो छ।

रोम शहर जल्दा जति दोषी नीरो थिए त्यति नै दोषी त्यसबेला बज्ने बाँसुरी नहुनुपर्छ। किनकि बाँसुरीसँग कुनै पनि निर्णय गर्न सक्ने क्षमता हुँदैन। नीरो उठेर आगो नियन्त्रण गर्ने प्रयास गरिरहँदा बाँसुरीले उठ्न नदिएको पक्कै होइन । बाँसुरी विल्कुल निर्जिव वस्तु हो । यथार्थमा नीरोको बाँसुरी

त वस्तु मात्र थियो, असली कुरा थियो, नीरोको सोचाइ। संसारमा त्यस्तै सोचाइ हुने शासकहरू प्रसस्त हुनसक्छन्। फरक यति मात्र हो नीरो बाँसुरी बजाउन शौखिन थिए। अन्य शासकहरू तबला र सारङ्गी बजाउन शौखिन हुनसक्छन्। कसैसँग कथा, कहानी र उखानटुक्का सुनाउने शोख हुनसक्छ। तर इतिहासले नीरोको बाँसुरी बजाउने शोखको मात्र चर्चा गरेर उनी एक्लो व्यक्तिलाई मात्र बदनाम गराउने प्रयास किन गरिएको थियो ? त्यही बाँसुरीको चिन्ताले कुनै रात म निदाउन सक्दिन। घरीघरी मेरो मनले प्रश्न गरिरहन्छ, आखिर नीरोको त्यो बाँसुरी के भयो होला ? त्यो अचेल छ कि छैन ? यदि छ भने कस्तो अवस्थामा र कहाँ छ ?

मेरो मनले भन्छ, त्यो बाँसुरी कुनै सङ्ग्रहालयमा पुरानो साम्राज्यको अवशेषको रूपमा सुरक्षित राखिएको होला। हिजोआज कुनै विदेशी पर्यटकले फोटो खिच्दै र सोच्दै होला, "यही बाँसुरीका कारण रोम जलिरह्यो।" त्यहाँ ठूलाठूला अक्षरले लेखिएको लेखोट पनि सँगै हुनुपर्छ, "रोमन सम्राट नीरोको चर्चित बाँसुरी।" त्यही लेखोटका कारण पर्यटकले सजिलै नीरोलाई जीरो बनाउने बाँसुरीको दृश्यावलोकन गरिरहेका होलान्। अथवा, त्यो बाँसुरी कुनै नाटकघरका कलाकारले प्रयोग गरिरहेका हुनसक्छन्। ऐतिहासिक नाटकलाई जीवित बनाउँदै। म त्यही बाँसुरीका विषयमा अनेक कल्पना गरिरहेको हुन्छु, अनेक सम्भावनाका बारेमा सोचिरहन्छु। मैले कल्पना गर्ने गरेका सम्भावनाहरू यति मात्र छैनन्। कहिलेकाहीँ लाग्छ, नीरोको बाँसुरी हिजोआज कुनै प्रख्यात सङ्गीतकारको हातमा छ। आजको आधुनिक समाजमा त्यो बाँसुरी "सपना पूरा गराउने बाँसुरी"को रूपमा पुनर्जीवित भएको हुनसक्छ। कुनै लोकप्रिय सङ्गीतकारले प्रयोग गरी सोही बाँसुरीको धुन भरेर निकै चर्चित गीत सङ्गीतबद्ध गरेको हुनसक्छ। बाँसुरीले पनि सोचिरहेको होला, "समय परिवर्तनशील छ, कहिले रोम जलाइयो, अहिले रोमान्सको धुन बजाइयो।"

अर्कोतर्फ, बाँसुरी बजारमा नक्कली रूप लिएर सस्तो दाममा बिक्री भइरहेको पनि हुन सक्छ। कुनै स्थानीय पसलको कुनामा थन्किएको, "रोमन सम्राटको बाँसुरीको प्रतिकृति, केवल तीस रुपैयाँमा" भन्ने साइनबोर्डमा अङ्कित गरेर अनगिन्ती थान बाँसुरी बिक्री भइसकेको हुनुपर्छ। त्यहाँ न कुनै नीरोको प्रभाव देखिने छ, न कुनै ऐतिहासिक महत्त्व नै, अनगिन्ती

सम्भावनाहरूमध्ये अचेल मेरो मनले अनुमान गर्न लागेको छ, त्यो बाँसुरी कुनै माध्यमबाट यता आइपुगेको हुनुपर्छ । म कुनै बेला राजधानी जाँदा कताकता त्यसको धुन सुनेको झझल्को लाग्ने गरेको छ । मसँग यहाँ सुनेको बाँसुरीको धुन र रोमन साम्राज्यका सम्राट नीरोको बाँसुरीको धुन छुट्याउने सामर्थ्य त छैन, त्यसैले त्यही बाँसुरीको धुन काठमाडौँमा बजेको हो भनेर म किटानसाथ भन्न पनि सक्दिन । जहाँसम्म लाग्छ, त्यो बाँसुरी आजभोलि यतै कतै हुनुपर्छ । रोमबाट बाँसुरी कसरी यता भित्रियो त्यो छुट्टै अनुसन्धानको विषय हुन सक्ला तर अचेल काठमाडौँ र आसपासका क्षेत्रमा बाँसुरी बजेजस्तो लाग्छ । ध्यान दिएर सुन्ने कोसिस गर्नुपर्छ मैले मात्र होइन त्यो धुन जो कोहीले पनि सुन्न सकिन्छ, त्यो पनि स्पष्टसँग ।

जमाना विज्ञानको हो । सायद, हिजोआज त्यही बाँसुरीको नक्कल गरिएको पनि हुनसक्छ । अचेल चारैतिर ट्याँट्याँ र टिँटिँ गर्दै त्यही बाँसुरी बजिरहेको छ । नक्कल गर्न पनि अक्कल चाहिन्छ । माउ सिँहदरबारमा बजाउने बाँसुरीको नक्कल गाउँ सिँहदरबारमा बजाउने प्रयास पटक्कै मिलेको देखिँदैन । त्यस बेलाको बाँसुरी रोम दरबारमा मात्र बजेको थियो । सारा रोमन साम्राज्यभरी एकसाथ बजेको थिएन । यहाँ भने विद्यालयका पाठ्यक्रमदेखि विद्यालय र कलेजका कक्षाकोठामा, दैनिक पत्रपत्रिकाका कार्यालयमा, लेखकका लेखहरूमा, फिल्म र नाटकहरूमा, सरकारी कार्यालयहरूमा, माउ सिँहदरबारदेखि गाउँ सिँहदरबारहरूमा समेत एकनाससँग बजिरहेको छ । बाँसुरीले हावादारी कथा होइन सुमधुर धुन निकालेको जाती हुन्छ । कुनै समस्या हुँदा, समाधान खोज्नुभन्दा दोष थुपार्ने अनि मनोरञ्जन खोज्ने हाम्रो प्रवृत्ति देख्दा लाग्छ, नीरोको बाँसुरीको जस्तै धुन सिँहदरबारमा मात्र होइन, हाम्रो मानसिकतामा पनि बजिरहेको छ ।

नीरो, रोमन साम्राज्यको एक कुख्यात सम्राट र क्रूरता एवं अत्याचारका लागि परिचित भए पनि उनको अर्को पक्ष पनि थियो जुन कम चर्चामा छ, उनको बाँसुरी बजाउने प्रतिभा । नीरोको बाँसुरी बजाउने सीप विचित्रको थियो । यही कारण उनले आफूलाई एक महान् सङ्गीतकार ठानेका थिए र सार्वजनिक रूपमा बाँसुरी बजाउन रुचाउँथे । बाँसुरी बजाउँदा उनी यसरी हराउँथे, जब बाँसुरीबाट सुमधुर आवाज निस्कन्थ्यो, उनी त्यही धुनको गहिराइमा डुबिरहेका हुन्थे । त्यसबेला नीरोलाई आफू को हुँ भन्ने पनि ख्याल

हुँदैन थियो । आफू कहाँ छु, के गरिरहेको छु, आफ्नो हैसियत के हो ? उनलाई केही पनि थाहा हुँदैन थियो । सो बाँसुरी यता आइपुगेको अनुमान त्यसै गरिएको भने होइन, वर्तमान समाज गैरजिम्मेवारी र उदासीनताको नमूना बन्दै गएको छ । अचेल राजनीति नामको बाँसुरीले बजाएका नयाँ धुनले हाम्रो कानलाई लठ्ठ बनाउने गरेका छन् । तिनका अनेक प्रकारका नक्कली धुनले हामी मख्ख परिरहेका छौँ । धुन सुन्नेहरू यति मख्ख हुन्छन् भने बजाउनेहरूलाई झनै कस्तो अनुभूति भएको होला, यसै अनुमान गर्न सकिन्छ । जब समाज वास्तविक समस्याबाट जर्जर हुन्छ, तब राजनीति र राजनीतिका खेलाडीहरू बाँसुरी बजाउँदै आत्म प्रशंसामा रमाइरहेका भेटिन्छन् ।

भोकमरी, बेरोजगारी, शिक्षा, स्वास्थ्यको आगो जतातत्तै बलिरहेको छ, तर उनीहरूको ध्यान त्यो आगो निभाउन होइन, आफ्नो कुर्सी मजबुत बनाउनतिर लाग्ने गरेको पाइन्छ । जब विकराल समस्या हाम्रो आँखाअगाडि चियाइरहेको हुन्छ, तब हामी बाँसुरीको धुनमा लठ्ठ परेर समस्यालाई बेवास्ता गर्न खोजिरहेका हुन्छौँ । घर डुबेर नाकसम्म पानी आइपुगिसकेको हुन्छ, तर हामी उही शैलीमा बाँसुरीको राग सुन्न र सुनाउनमा व्यस्त हुन्छौँ । यहाँ महङ्गीको आगो बलिरहँदा पनि बाँसुरी बजिरहेको सुनिन्छ । गरिबी र अभावको आगो बलिरहेको छ । बेथितीको आगो बल्न लागेको निकै समय भइसकेको छ । यो धुनले धन कमाउने इच्छामा सन्तानलाई सात समुद्रपारि पठाएर एक्लिएका वृद्ध बाबुआमाका मनमा दन्किएको आगो निभाउन पनि सकेको छैन । बाँसुरी वादकहरूलाई लाग्नसक्छ बाँसुरीको धुनले दन्किरहेको आगो नियन्त्रण गर्न सकिन्छ, तर यो दिवास्वप्न मात्र हो, बाँसुरीको धुनले जलिरहेको शहर र मनमा बलिरहेको आगो निभाउन सक्दैन ।

बाँसुरीको धुन मजाले सुनाउनुस् र सुन्नुस् पनि, तर मनोरञ्जनका लागि मात्र । समस्याले गाँजेको समयमा बजेको धुनले मनोरञ्जन होइन, गालामा थप्पड पाएजस्तो लाग्छ, त्यसले थप पीडा दिनसक्छ । सम्झनुस्, "आगो निभाउन पानी चाहिन्छ, बाँसुरीको धुन होइन ।"

(समकालीन साहित्य, बेलायत)

मनको दास

यो मेरो रहर हो या बाध्यता मैले बुझ्न सकिरहेको छैन । न यसलाई म आफ्नो जिम्मेवारी हो भन्न सक्छु, यो मेरो तोकिएको लक्ष्य पनि होइन जुन, आर्थिक वर्षभित्र पूरा गर्नु छ । विशेष गरी मेरी अर्धाङ्गिनी र घर परिवारका अन्य सदस्यहरूलाई मैले काममा नसघाएर एकसुरे बनेर कलम चलाउने गरेको त्यति मन पर्दैन । होइन, काम सघाउँदै लेख्न बस्ने हो भने उनीहरूले मलाई गर्ने व्यवहारमा केही भिन्नता देखिन्छ । मलाई सोझै अल्छी भनेर प्याच्च नभने पनि उनीहरूको अनुहारको भावभङ्गीको त्यो चित्र मैले स्पष्ट देख्ने गरेको छु । उनीहरूको विचारमा मैले पनि केही मान्छेले जस्तै केही न केही आम्दानी हुने काम गर्नुपर्थ्यो । कमसेकम सामान्य बन्दव्यापार गरे हुन्थ्यो भन्ने उनीहरूको इच्छा छ । हरेक मान्छेको इच्छा फरकफरक हुन्छ । मेरो इच्छा भने जिन्दगीमा लामो समयसम्म दुःख गरिसकेको कारण शारीरिक परिश्रम गर्नुभन्दा बाँकी जीवन आरामसँग बिताउने रहर छ ।

सायद बारीमा मकै छर्ने समय नभइदिएको भए उनीहरूले मेरो आवश्यकता महसुस गर्ने थिएनन् । यो पनि मलाई थाहा छ । बारीमा मल बोक्न र छर्न, जोताइका लागि ट्रैक्टरको बन्दोबस्त गर्न, मकैको बिउ जुटाउन, मकै रोप्न र जिलाउन उनीहरूले मात्र नभ्याउन सक्छन् । मेरो सहयोग थपिने हो भने मकै छर्ने काम केही सहज र सरल ढङ्गबाट सम्पन्न हुन सक्थ्यो । मेरो असहयोगी व्यवहार देखेर घरपरिवारका कुनै पनि सदस्य मसँग सन्तुष्ट छैनन् । मलाई लाग्छ, उनीहरू सन्तुष्ट हुनुपर्ने कारण पनि छैन । बरु असन्तुष्ट हुनुपर्ने कारण भने म आफैँले सिर्जना गरिदिएको छु । उनीहरू मलाई सोझै निषेध गर्न पनि सक्दैनन् । अन्य केही घरमुलीले जस्तै मैले पनि उनीहरूको निरीह अवस्थाको लाभ उठाइरहेको छु ।

वास्तवमा परिवार भनेको संसारको सबैभन्दा स्वार्थी संस्था रहेछ । हरेक परिवार, व्यक्तिव्यक्तिबीचको स्वार्थमा टिकेको हुन्छ । परिवारको एक जना

सदस्यको मात्र स्वार्थ पूरा नहुने हो भने पनि परिवारमा मनमुटाव सुरु हुन्छ । देशको शासन सम्हाल्ने र परिवार नामको संस्था सम्हाल्ने व्यक्ति नालायक हुन मिल्दैन । यति मात्र होइन, उसले कुनै सदस्यप्रति फरक व्यवहार र पक्षपाती हुन पनि मिल्दैन । पक्षपाती मात्र होइन त्यसको छनक पनि दिनुहुँदैन । यदि यसो भएमा त्यस परिवारको अथवा देशको अधोगति सुरु हुन्छ । यो अधिकांश मान्छेले देखेको र भोगेको वास्तविकता हो । मबाट पटकपटक भूल होइन गल्ती भइरहेको छ । यो वास्तविकतासँग म पूर्ण जानकार छु । यति जान्दाजान्दै पनि अझै म जुरुक्क उठेर बारीमा पुग्न सकिरहेको छैन । किनकि मेरो मनले मलाई बारीमा जाने आदेश पटक्कै दिएको छैन ।

कुनै धनाढ्यले केही खाना खुवाएको भरमा गरिब, मजदुरलाई सित्तैमा काम लगाएजस्तै मेरा जहान केटाकेटी पनि निरन्तर विनापारिश्रमिक काममा खटिइरहेका छन् । हुन त आफ्नै घरको काम गर्दा पारिश्रमिक लिने परिपाटी हामीकहाँ विकसित भएको छैन । सायद उहिलेदेखि यसप्रकारको चलन चलिआएको भए वर्तमान अवस्थामा पनि यही प्रथा कायम हुने थियो । यदि यस्तो भइदिएको भए परिवारका प्रत्येक सदस्यलाई काम गर्ने थप जाँगर र हौसला प्राप्त हुन सक्थ्यो । सबै काममा खट्ने हो भने केही न केही कृषि उत्पादनमा बृद्धि हुन्थ्यो । हरेक घरमा बढेको उत्पादनले राष्ट्रिय उत्पादन बृद्धिमा पनि यथेष्ट टेवा पुग्न सक्थ्यो । यस्तो कुरा म जस्तो सामान्य नागरिकले सोचेर मात्र नहुने रहेछ । यो त राज्य सत्ताले सोच्नुपर्ने विषय हो । सायद यसप्रकारको सोचाइ कसैमा देखिँदैन ।

के सबै घरमुलीहरू मजस्तै गैह्र जिम्मेवार हुन्छन् ? वास्तवमा मकै छर्ने, कोदो रोप्ने, धान रोप्ने र घरका अन्य महत्त्वपूर्ण काममा परिवारका अन्य सदस्यहरूजस्तै म पनि सँगै खट्नुपर्ने होइन ? यदि कुनै कारणले म खट्न नसक्ने हो भने, घरमा मेरो निर्देशन र सरसल्लाहले प्रमुख भूमिका निभाउन सक्नुपर्थ्यो । हुन त जसले काममा हात बढाउन सक्दैन, त्यस्तो व्यक्तिले अर्कालाई निर्देशन गर्नुको के सार, म चुकेकै हो, तर कसरी र कहाँनिर चुक्न पुगेँ म आफैँलाई थाहा छैन । मैले अरूसँगै काम गर्न नसके पनि कम्तीमा मेरो सल्लाह र सुझावले उनीहरू सन्तुष्ट हुन सक्थे । तर मलाई भने सामान्य सरसल्लाह दिन पनि असहज लागिरहेको हुन्छ । जब संयुक्त रूपमा काम गर्ने समय आउँछ, प्रायः म अत्यन्त व्यस्त भएको स्वाँङ पार्ने गर्छु । मेरो

विचारमा कुनै पनि मान्छे व्यस्त हुँदैनन् । व्यस्त छु भन्नु त जिम्मेवारीबाट पन्छिने बहाना मात्र हो । व्यस्तता देखाउने कमजोर व्यक्तिलाई मात्र हो । आफूभन्दा बलियो शक्तिका अघि कुनै पनि व्यक्ति व्यस्त बन्न सक्दैन ।

आफू गैह्रजिम्मेवार बन्दै गएको बुझ्दा बुझ्दै पनि म निकै महत्त्वपूर्ण जिम्मेवारी वहन गरिरहेको देखाउन मोबाइलको नोट खोल्छु । कलम र कापी पल्टाएर मात्र लेख्नुपर्ने भए म एउटा निबन्ध पनि लेख्न सक्ने थिइन् । मोबाइलमा लेख्ने हो भने सुतेर लेख्न पनि सकिन्छ, बसेर लेख्न पनि सकिन्छ । म जति पनि लेख्छु मोबाइलको सहाराले मात्र लेख्छु । मैले आजसम्म जति लेखेँ यही मोबाइलमा मात्र लेखेँ । यसरी लेख्दा सडकमा हिँड्दाहिँड्दै मनमा नयाँ विचार जन्मिएछ भने खल्तीबाट मोबाइल झिक्दै सडक छेउमा ठिङ्ग उभिएर त्यसको सार भए पनि मोबाइलको नोटमा टिप्न सकिन्छ । सायद यो मोबाइल नामको यन्त्र मजस्तै अल्छीहरूका लागि बनाइएको हुनुपर्छ । त्यसो हो भने अचेल अधिकांश मान्छेहरू मजस्तै अल्छी छन् ? होइन भने सारा मान्छे मैले जसरी मोबाइलसँग खेलिरहेको नदेखिनुपर्ने हो । मेरो मनले भनिरहेको छ, यो सालभित्र जसरी पनि एउटा निबन्ध सङ्ग्रह प्रकाशित गर्नुपर्छ । त्यसका लागि मेरा केही शीर्षकका निबन्धहरूसमेत तयार भइसकेका छन् । पुस्तकको नाम राख्ने झन्झटबाट म मुक्त भइसकेको छु । किनकि मैले पुस्तकको न्वारानसमेत गरिसकेको छु । कभर डिजाइन तयारी अवस्थामा राखेको छु । यस पटकको आफ्नो कृतिमा पहिलेजस्तै मुखबन्धमार्फत आफ्ना भनाइहरू लेखिसकेको छु । छुट्टै भूमिका लेखनको लागि कुनै सुप्रसिद्ध लेखकलाई अनुरोध गरौँ या आफ्नो आत्मकथा **मुमूर्षा**मा जस्तै आफ्नै लेखनीको मुखबन्धलाई भूमिका मानिदिउँ ? मेरो मनमा एउटा द्विविधा उत्पन्न भएको छ । त्यसैले म अलिकति अलमलिएको छु ।

यसैबीच मेरो बारीमा ट्रैक्टर आएर जोत्नेदेखि लिएर मकै छर्नेसम्मको सबै कार्य सकिसकेको जानकारी पाउँछु । मेरो अनुपस्थितिमा पनि उक्त कार्य एकछिन पनि रोकिएन । म गएको भए पनि सबै काम सम्पन्न गर्न लगभग त्यति नै समय लाग्ने थियो । मलाई लाग्छ बारीमा मेरो उपस्थिति हुनु र नहुनुमा खासै फरक नपर्ने रहेछ । त्यसो भए म बारीमा अनुपस्थित रहँदा मैले के बिराएँ ? अचेल अधिकांश मान्छेलाई यस्तै लाग्ने गर्छ । म मात्र होइन यो देशमा नेताले बारीको काम गर्नुहुन्न । साहित्यकार, पत्रकार, कर्मचारी, शिक्षक, विद्यार्थी, समाजसेवी कसैले पनि बारीको काम गर्ने प्रचलन छैन । कृषि बाली

उत्पादन गर्ने तोकिएका मान्छे पनि छैनन् । लाग्छ, अब हामी कृषि पेशाबाट बिमुख हुँदै गइरहेका छौँ । जे होस्, बारीको काम सकिएको खबरले मेरो मन हलुका हुन्छ । आखिर यही वर्षभित्र निबन्धसङ्ग्रह प्रकाशित गरिसक्नुपर्छ भन्ने पनि त छैन, यही साल निबन्धसङ्ग्रह बजारमा ल्याउन नसके न मैले पाउन लागेको पुरस्कार उम्किएला भन्ने पनि छैन । पुस्तक प्रकाशन नगरे कुनै निकायलाई जरिबाना बुझाउनुपर्ने पनि होइन, पुस्तक प्रकाशित भए के हुन्छ वा नभए के हुन्छ ? यसको यथार्थ जवाफ मसँग छैन । तर पनि मेरो मनले उक्साइरहेको छ, बाँकी केही थान निबन्ध जतिसक्दो चाँडो लेख्नुपर्छ । पुस्तक जसरी पनि यही साल प्रकाशित गर्नुपर्छ । मनले यसरी उक्साएको छ कि प्रकाशन खर्चको बन्दोवस्त मैले गर्नुपर्दैन मेरो मनले गरिदिन्छ,

आजभोलि मेरो मनले प्रायः यस्तै सोचिरहेको हुन्छ । मान्छेको मन पनि गजबको हुने रहेछ, कहिलेकाहीँ मान्छेको मन र एउटा सानो बच्चा मलाई उस्तै लाग्छ । यदाकदा मनले सानो बच्चाले जस्तै असम्भव कुराको माग गरिदिन्छ । जसरी मेरो मनले माग गरिरहेको हुन्छ । जुन कुरा न खरिद गरेर पाइन्छ, न खोसेर पाइन्छ, न त अँचोपैँचोको रूपमा पाइन्छ, तैपनि मनले, चाहेको वस्तु माग गर्न छोड्दैन । मान्छे भने प्रायः मनको माग सम्बोधन गर्ने कोसिस गरिरहन्छ । हरेक मान्छेलाई मनले शासन गरेको हुन्छ क्यारे ।

मलाई यसरी लेख्ने आदेश कसले दिइरहेको छ ? म निकै गम्भीर बनेर सोच्न बाध्य हुन्छु । मलाई लाग्छ यो मेरो मनको आदेश हो । सायद यही कारणले मेरो मनले मलाई निबन्ध लेख्ने आदेश दिइरहेको छ । म निकै व्यस्त बनेर मनको इच्छा पूरा गरिदिने उपक्रममा लागेको छु । मलाई लाग्छ मनको आदेश मान्छेले हरतरहले पालना गर्ने गरेको छ । संसारका सबै मान्छेहरू आआफ्नो मनको कमारो हुनेरहेछन् । मनले मान्छेलाई चोर्न, ढाँट्न र छल्नसमेत उत्प्रेरित गर्छ । भ्रष्टाचारका निमित्त उक्साउने गर्छ । अनि त्यही मनले निबन्ध लेख्न आदेश दिनु कुनचाहिँ ठूलो कुरा भयो,

म मनको आदेशानुसार दिनभरि लेख्ने कार्यमा व्यस्त हुन्छु । दुर्भाग्यवश कुनै दिन एक पेज पनि लेख्न सक्दिन । कुनै दिन दुई-तीनवटा निबन्ध पनि तयार भइरहेका हुन्छन् । कहिले अचानक बजेको मोबाइलको घन्टीले मेरो एकाग्रता भङ्ग गरिदिन्छ । कहिले भने मेरो आसपासमा हुने गरेका केही साहित्यिक र गैह्रसाहित्यिक गतिविधिहरूको कारण लेखनकार्य अधुरो हुने गरेको छ । मैले निकै तीव्र गतिमा धेरै लेखेँ भने मेरो मनले मलाई भन्छ, “निकै

गजबले लेखिस्, थकाइ लाग्यो होला । आज त भट्टीमा गएर मजाले घुट्‌काए हुन्छ यसले थकाइ हराउँछ ।" मनको माग त पूरा गर्ने कोशिश गरिन्छ भने मनको सल्लाह कसरी नमानौँ ? मेरो मनको सल्लाह मलाई यथोचित लाग्छ । म भट्टीमा जान्छु । धेरै लेख्न सकेको खुसियालीमा मजाले सड्‌काउँछु । जब भोलिपल्ट चार लाईन पनि लेख्न सक्दिन, मन भतक्क भत्किन्छ । फेरि त्यही मनले सल्लाह दिन्छ - "मन बुझाउन भट्टीमा जानुपर्छ ।" नभन्दै दुई चार गिलास तानिसकेपछि मन बहलाउन सकिन्छ । यसरी लेख्न सकेको दिनमा खुशीयाली मनाउन म भट्टीमा जाने गरेको छु । लेख्न नसकेको दिनमा पनि मन बुझाउन भट्टीमा जाने गर्छु । आज म धेरै लेखेको खुशियाली मनाउन पनि होइन, लेख्न नसकेको पीडा भुल्न पनि होइन, विनाकारण भट्टीमा गएको छु । यसको लागि मेरो मनभित्रको लहडले उक्साइरहेको हुन्छ । यही मनले पिउने बानी नियमित बनाइदिन खोजिरहेको छ । त्यसो भए जसरी बिग्रिएको मन पनि भट्टीमा सुधार हुने भएपछि रक्सी पिउने ठाउँलाई किन भट्टी भन्नुपरेको होला ? यसर्थ भट्टीलाई भट्टी होइन उपचार केन्द्र भनिदिएको भए जाती हुन्थ्यो । किनकि अचेल मैले आफ्नो बहकिएको जिन्दगीको उपचार त्यही भट्टीमा गर्ने गरेको छु ।

यसैबीच म एउटा प्रसङ्‌ग सम्झन्छु, "मेरो एक जना साथीको छोरो सुस्त मनस्थितिको छ । ऊ पानी परेको दिन स्कूल जाँदैन । घाम लागेको दिन पनि जाँदैन र बादल लागेको दिन पनि स्कूल जाँदैन । उसको मनले यसबाहेकका दिनमा उसलाई स्कूल जाने सल्लाह दिन्छ क्यारे । समग्रमा उसले हरेक दिनको मौसमलाई खोट लगाउने गरेको छ । त्यस दिनको मौसम उसले खोट लगाएजस्तै नभए पनि उसको मनमा हरेक दिन एउटा न एउटा बहानाको जन्म हुन्छ । जसरी पनि स्कूल नजाने, यो अल्छीहरूको सिद्धान्त हो । यसैबमोजिम मैले पनि हरेक घटनापछि रक्सी पिउनु उचित हुन्छ भन्ने निष्कर्ष निकालेको छु । त्यस दिन पनि म दिउँसै भट्टीमा पुग्छु । मेरो हातमा निकै बास्नादार रक्सीको गिलास छ । सायद निकै स्वादिष्ट हुनुपर्छ । मलाई राम्रोसँग थाहा छ, रक्सी पिउनु स्वास्थ्यका लागि हानिकारक छ । मलाई मेरो मनले रक्सीको गिलास उठाएर पिउन भन्छ तर मस्तिष्कले पिउन हुँदैन भनिरहेको छ । मैले एकैसाथ दुईवटा आदेश पाइरहेको छु, मन र मस्तिष्कको । मैले एकैपटक दुवै आदेशको पालना गर्न सक्दिनँ । मस्तिष्कको कुरा पनि सुनिरहेको छु । मनको कुरा पनि सुनेको छु । निकै

बेरको अन्तर्द्वन्द्वपछि अन्ततः मैले मनको आदेश पालना गर्ने निर्णय गर्छु । मैले ठाडै मस्तिष्कले दिएको आदेश उल्लङ्घन गरेँ । मस्तिष्कको आदेशको ठाडै अपहेलना गरेँ । मैले पिएकै कारण मेरो मन निकै खुशी हुन्छ । मस्तिष्कले चित्त दुखाएझैँ लाग्छ । मनभित्रको खुशी मेरो मुहारसम्म आएर पोखिन्छ । अन्ततः म पनि निकै खुशी हुन्छु, टन्न पिएर खुट्टा लर्बराउँदै घर पुग्छु ।

जब घरको आँगनमा पुग्छु, मेरी अर्धाङ्गिनीको मुखमण्डलमा एक किसिमको चिन्ताका रेखाहरू छरपस्ट देखिन्छन् । छोराबुहारीको अनुहारमा आक्रोशको ज्वालामुखी छचल्किरहेको हुन्छ । मेरी सानी छोरी, जसको मुहारमा भने न चिन्ता थियो, न आक्रोश । उसको मुहारमा स्पष्टसँग भय र त्रास देखिन्थ्यो । सायद त्यो घरमा घट्न सक्ने सम्भाव्य घटना र दुर्घटनाको भय एवं त्रास थियो । मैले पिएको रक्सीका कारण सबैको मुखमण्डलमा एकै प्रकारको भाव देखिनुपर्नेमा अलगअलग प्रकारका भावहरू प्रष्ट देखिएका थिए । त्यही रक्सीले हरेक मान्छेलाई खुशी, चिन्ता, आक्रोश र भय गरी चार प्रकारका भिन्न मनोभावहरू दिएको देखियो । यता केही बेर अघिसम्म मेरो अनुहारमा देखिएको खुशी अचानक गायब हुन्छ । अब मभित्र उत्पन्न खुशी एकाएक भय र त्रास मिश्रित गम्भीरतामा परिणत हुन पुग्छ । यसपछि म, न त खुशी हुन सक्छु न दुःखी नै हुन सक्छु । मैले आज थाहा पाएँ, मान्छेको मुहारमा खुशी र दुःखको मात्र भाव नदेखिने रहेछ । अर्को एउटा तेस्रो भाव पनि हुने रहेछ मिश्रित भाव । जुन, त्यस दिन मेरो अनुहारमा देखिएको थियो । त्यसबेला मेरो अनुहार मुसा नमार्ने प्रतिज्ञा गरेर तीर्थयात्रा गर्न काशीतिर निस्किएको बिरालोको जस्तै थियो । जसरी बिरालोले अब आइन्दा मुसा नमार्ने प्रतिज्ञा गरिरहेको हुन्छ । एउटा राजनीतिको अम्मलीले भ्रष्टाचार नगर्ने कसम खाइरहेको हुन्छ । एउटा बेइमानी कर्मचारीले घुस नखाने वाचा गरिरहेको पाइन्छ । ठिक म पनि त्यही पथ पछ्याउँदै भोलिदेखि रक्सी नखाने कसम खाइरहेको हुन्छु, त्यो पनि आफ्नो कान समातेर ।

सधैँजस्तै म आज पनि परिवारको हेराइमा एकपटक पुनः स्खलित हुन पुगेको छु । उनीहरूको नजरबाट निकै तल झरेको छु । यो पहिलो पटकको घटना थिएन । मेरो बेइमानी मनले मलाई पटकपटक यसरी नै धोका दिइरहेको छ । म रातभरि ओछ्यानमा निदाउन सक्दिन । केही पेग रक्सीको नशामा लट्ठिएको मेरो मस्तिष्कले मलाई केही पनि सल्लाह दिन सकिरहेको छैन । सायद ऊ सल्लाह दिनसक्ने अवस्थामा नहुनसक्छ, वा उसको आदेश

नमानेका कारण उसले मलाई पुनः सल्लाह दिन नचाहेको हुनसक्छ । आफ्नो मनले दिएको धोका सबैभन्दा खतरनाक हुने रहेछ । आफ्नै मनले बारम्बार धोका दिएपछि अर्काले धोका दियो भनेर म कसरी भन्न सक्छु ? म बिलखबन्दमा पर्छु । यता र उता कोल्टे फेर्दै म निदाउने असफल प्रयास गरिरहेको छु । मनमा अनेक प्रकारका तानाहरू चलिरहेको हुन्छ । यदाकदा कुकुर भुकेको र स्याल रोएको आवाजबाहेक केही पनि सुन्न सकिरहेको छैन । म देखिरहेको छु, हरेक दिन साँझ पर्नासाथ निदाउने रात, आज पनि मस्तसँग निदाएको छ । सायद आजसम्म रातलाई निन्द्रा नपरेको थाहा पाएको छैन । हुनसक्छ रातले मैलेजस्तै रक्सी पिएको छैन । त्यसैले त रात मजाले निदाइरहेको हुन्छ ।

मैलेजस्तै रातले पनि अनगिन्ती कथा र कहानी लेखिसकेको छ । रातका कति कहानीहरू मैले पनि पढेको छु, सुनेको छु कति देखेको पनि छु । प्रायः रातले हत्या, हिंसा र बलात्कारका कथा–कहानीहरू लेख्ने गर्छ । चोरीचकारी र डकैतीका कथाहरू लेख्छ । सत्ता समीकरण र सत्ता फेरबदलका कथाहरू, कोतपर्व, भण्डारखाल पर्व, नारायणहिटी पर्व, नमिता–सुनिता काण्डलगायत अनेकौँ चर्चित र विनाशकारी कथाहरू रातले लेखेका कथाहरू हुन् । जब म रातले सिर्जना गरेका कथा कहानी पढ्छु मन झसङ्ग हुन्छ, जीउ सिरिङ्ङ हुन्छ, रगत उम्लिएर आउँछ । आजसम्म रातले मैलेजस्तै मनगढन्ते कथा र कहानी कुनै दिन पनि लेखेको याद छैन, सायद लेख्दैन पनि । रातले जति पनि कथाहरू लेखेको छ, सत्यकथा मात्र लेख्ने गरेको छ । रात हरेक कथा र कहानीको प्रत्यक्षदर्शी र साक्षी पनि बस्छ । दुःखको कुरा, रातले लेखेका सत्य कथाहरूलाई समाजले सत्य माने पनि कतिपय मान्छेहरूले सत्य मान्ने गरेका छैनन् । किनकि केही मान्छेको मन अलि भिन्न प्रकारको हुन्छ, यथार्थमा केही मान्छेहरू पेटाहा हुन्छन् । तिनको मनले रातमा लेखिएका हत्या हिंसा, दुर्व्यवहार र बलात्कारका घटनाहरूलाई सायद अपराध मान्दैन ।

बिहान झिसमिसेमा सबै मान्छेहरूले ओछ्यान छोड्ने तरखर गर्छन्, रात मान्छेहरूभन्दा अघि नै ब्यूँझिसक्छ । यता मलाई भने बिहानीपख मात्र झुपुक्क निन्द्रा पर्छ । मेरो मनले भान्सामा भातको बास्ना नचलेसम्म सुतिरहने निर्देशन दिन्छ । म सिरकले छोपिएर मजाले सुतिरहेको हुन्छु । किनकि म मनको दास हुँ । मैले उसका हरेक निर्देशनहरू अक्षरसः पालना गरिरहेको हुन्छु ।

(समकालीन साहित्य प्रतिष्ठान, बेलायत)

मागेबुढाको झोला

"नागरिकतामा मेरो नाम मागेबुढा भए पनि हामी कार्की क्षेत्री परिवारका सदस्य हौँ । म, २००० सालमा जुम्लाको सिंजा-३, माझबुडु, हाल कनकासुन्दरी गाउँपालिकामा जन्मिएको थिएँ । म पिताजीको एक मात्र छोरा थिएँ । उबेला पनि सिंजामा हाम्रो पचास-साठी रोपनी जग्गाजमिन थियो । खेतीपाती प्रशस्त हुन्थ्यो । गाउँमा पिताजीको नाम र इज्जत राम्रै थियो । हामी गाउँको हुनेखाने परिवारमा गनिन्थ्यौँ । म तन्नेरी वयमा पुगेपछि पिताजीले मलाई केही खच्चड खरिद गरेर मालसामान ढुवानी गर्ने कामको जिम्मा लगाइदिनुभयो । उहाँको आज्ञा सिरोपर गर्दै मैले रातोदिन खच्चड धपाउने पेशा सम्हाल्न थालेँ । युवा उमेरको जोशमा मैले निकै मेहनत गरेँ । सोचेजस्तै आम्दानी भयो । हाम्रो आर्थिक हैसियत ओरालो लागेन बरू थप उँचो हुँदै गयो । त्यसताका गाउँमा विद्यालय नभएको कारण मैले पढ्ने मौका भने पाइन । बुढापाकाहरू २००७ सालमा देशमा प्रजातन्त्र आएको कुरा गर्थे । मैले भने स्पष्ट नबुझे पनि घोइरोघोइरो रूपमा प्रजातन्त्र आएको कुरा सुनेको थिएँ । गाउँका बुढापाकाहरूले भन्थे हामीले पढ्न नपाए पनि अब हाम्रा छोरानातिले भने पढ्न पाउने छन् । गाउँमा स्कूल र कलेज खोलिने छन् । बुढाहरू मरेर गए, हामी तन्नेरी भयौँ । न गाउँमा स्कूल खुल्यो, न कलेज । हाम्रो स्कूल पढाउने र शिक्षक बन्ने सपनामा तुषारापात भयो । परिणामस्वरूप हामी शिक्षक होइन खच्चड गोठाला बन्यौँ । अपितु गाउँका अन्य मान्छेको तुलनामा यो हाम्रो अहोभाग्य थियो । सबैसँग खच्चड व्यवसायी बन्ने हैसियत थिएन । त्यसका लागि पनि निकै राम्रो आर्थिक अवस्था हुनु जरुरी थियो ।

खेतबारी मनग्य भएकोले खेतीपाती गर्दा हामीले निकै मेहनत गर्यौं । अर्मपर्म गरेर मात्र खेती गर्न नसक्ने भएपछि हामीले निमेक लगाएर पनि

खेती गर्ने गऱ्यौँ । उत्पादन राम्रो भएपछि सबै अन्न घरपरिवारले मात्र उपभोग गरेर सकिँदैन थियो । केही सीमित मात्रामा अन्न र सिमी हामीले जुम्ला सदरमुकाममा लगेर बिक्री गर्न थाल्यौँ । अन्यथा एकदुई वर्ष पुरानो अन्नसमेत हामीकहाँ मौज्दातमा रहने गरेको थियो । पिताजीले मेरो विवाह धुमधामका साथ गरिदिने योजना मलाई बारम्बार सुनाइरहनु हुन्थ्यो । खच्चड व्यावसायको सिलसिलामा व्यस्त रहनुपर्ने भएकोले तत्काल मैले पिताजीको चाहना पूरा गर्न सकिन । घरबाहिर भएकै बेला पचास वर्षीय दमका रोगी पिताजीको अचानक निधन भएको खबरले म मर्माहत हुनपुगेँ । पिताजीको काजक्रिया सकेको अर्को वर्ष अत्यन्त सामान्य तरिकाले मेरो विवाह भयो । लाग्यो, बाबुआमाको इच्छा पूरा गर्न नसक्नु मेरो जीवनको सबैभन्दा ठूलो भूल थियो । आखिर एक दिन बिहे गर्नैपर्ने थियो । तर मैले किन बेवास्ता गरेँ ? आज मलाई यही प्रश्नले बारम्बार झस्काइरहन्छ ।

हाम्रो गाउँ, माझबुडुमा अधिकांश बुढा कार्की, रोकाया र बिष्ट थरका क्षेत्रीहरूको बसोबास रहेका कारण पूजाआजामा ब्राह्मण, पुरेत बोलाउने जिम्मा मेरै काँधमा आइपर्ने गरेको थियो । ब्राह्मण बोलाउन केही समयको पैदल यात्रा गरेर भट्टवाडा पुग्नुपर्थ्यो । मलाई भट्टवाडाका भट्ट ब्राम्हणले हाम्रो घरमा पूजाआजा गराइदिएको अझै पनि सम्झना छ । अचेल भने यो चलन बिस्तारै पातलो हुँदै गएको छ । घाँस काट्ने औजार, खेतबारी खन्ने कुटो, कोदालो र हलोको फाली बनाउने प्रयोजनका लागि लाहारज गाउँसम्म पुग्नुपर्ने हुन्थ्यो । त्यहाँका लोहारले सो कार्य निकै उत्कृष्ट ढङ्गबाट गरिदिन्थे । कपडा सिलाउने काम भने खुमाल गाउँका सुचीकारहरूले गरिदिन्थे । त्यहाँ हाम्रो बालीघरे सुचीकारहरू थिए ।

बिहे गरेको केही समयपछि ठूली छोरीको जन्म भयो । हामी निकै खुशी थियौँ । लगातार चार छोरापछि पुनः कान्छी छोरी जन्मिई । खेतबारी प्रशस्त भएको कारण जहान-केटाकेटीलाई हुर्काउन, बढाउन खासै कठिनाइ भएन । जिन्दगी सामान्य हिसाबले चलेका कारण हामी निकै सन्तुष्ट थियौँ । तर जीवनमा सबै कुरा सोचेको मात्र हुने रहेनछ । यसैबीच देशमा चर्किंदै गएको माओवादी जनयुद्धका कारण हाम्रो परिवारमा कहिले पनि निको नहुने घाउ बनाइदियो । त्यस युद्धले सात महिनाको अबोध नातिनीलाई एक्लो पारेर मेरी ठूली छोरी र ज्वाइँलाई सर्लक्क निलिदियो ।

निकै लामो आफ्नो जीवन कहानी सुनाइसकेपछि असी वर्षीय मागेबुढाले अघिसम्म आँखामा लुकाइराखेको आँसु अब भने लुकाइराख्न सकेनन् । असी वर्षको उमेरमा पनि उनी निकै रसिलो, पोषिलो देखिन्थे । जुम्ली चिसो पानी र पूर्ण अर्गानिक खुराकका कारण जीवनको उत्तरार्द्धमा पनि आफू रातोपिरो भएको कुरा सगौरव सुनाइरहेका थिए । उनले असी वर्ष पुगेको प्रमाणका रूपमा आफ्नो नागरिकताको प्रमाणपत्र पनि साथमा बोकेर हिँडेका रहेछन् । उनले निकै समयपछि आफ्नो मनभित्र अटेसमटेस गरेर बसेको एउटा पुरानो बोझ मेरोअगाडि पोखेर आफ्नो मन हलुका बनाए । धन्दै मेरो पिताजीको उमेरका यी मागेबुढा त्यति धेरै सन्तान हुँदाहुँदै पनि जीवन घिस्याउनैका लागि व्यापारको सिलसिलामा जुम्लाको सिंजाबाट चितवनसम्म आएका रहेछन् । “बा, निर्धक्क रुनूस् । रुन र खान लाज मान्नुहुँदैन । फेरि यसरी निर्धक्क रुन सके मन हलुका हुन्छ ।” मैले यति भनिसक्दा नसक्नै उनी आफै सम्हालिसकेका थिए ।

“त्यत्रो सम्पत्तिको मालिक, उमेरले चारबिस हिउँद र वर्षा बिताइसक्नुभएको छ । यति टाढासम्म व्यापार गर्दै किन आउनु भएको ?” भन्ने मेरो प्रश्नमा मागेबुढाको उत्तर सुनेर मलाई पनि एकछिन सोच्न बाध्य बनायो । उनी भन्दै थिए “मालबीरले एक घण्टा बाँच्ने लोभमा एउटा सिङ्गै कौवा खाएको रे ।” जुम्लातिर प्रचलित यो भनाइले जीवन के रहेछ यसै बुझ्न सकिन्छ । एक घण्टा बाँच्ने लोभमा मान्छेले सिङ्गै कौवा खानसक्छ भने म जीवन जिउनकै लागि चितवनसम्म आउनु के अनौठो भयो ? हो, म जीवनमा जिउने उद्देश्यले चितवनमा आएको हुँ । थाहा छैन जिन्दगीको भारी अझै कति बोक्नुपर्ने हो ?” उनले आफू व्यापार गर्ने सिलसिलामा चितवन आउनुपर्ने कारण खोतल्दै गए । म मधुमालतीको कथा सुने जसरी एकदम ध्यान दिएर सुनिरहेको छु ।

“देशमा शासन व्यवस्था फेरिएसँगै सामाजिक अवस्था पनि परिवर्तन भयो । गाउँमा स्कूल, कलेजहरू खुले । आफूले पढ्न नपाए पनि मैले छोराछोरीलाई जसरी पनि पढाउनुपर्छ भन्ने सोचेर सबैलाई पढाएँ । विद्याआर्जन गर्ने कुरा कसैले बल गरेर मात्र नहुने रहेछ । त्यो त भाग्यमा लेखेर ल्याउनुपर्छ । मैले यतिविधि सुविधा दिएर पढ्न कर गर्दा पनि एउटा छोराले बाहेक अरूले बाह्र कक्षा उत्तीर्ण गर्न सकेनन् । कुनै एस.एल.सी. र

कुनै नौ कक्षामा थन्किए । कान्छी छोरी आठ कक्षाभन्दामाथि जान सकिन । तैपनि जीवन राम्रैसँग चलिरहेको थियो । बुढाबुढीले घर-गृहस्थी सम्हालेका थियौँ । जेठो छोरो आफ्ना जहान बच्चासहित सुर्खेत पलायन भयो । माहिलो छोरो लोकेन्द्र, गोठी जिउला बजारमा गएर उतै बस्न थाल्यो । कान्छो हुम्ला सदरमुकामतिर लाग्यो । एउटा साँहिलो छोरोले पुर्ख्यौली सम्पत्ति धानेर बसेको छ । सारा खेतबारी बाँझै छन् । उसले मात्र खेतीपातीको काम गर्न सक्दैन । गाउँमा खेताला पाइन छोडे । गाउँ नछोडे पनि उसले हामीलाई पाल्न सकेन । उसका आफ्नै बालबच्चा हेर्दैमा उसलाई भ्याइनभ्याई छ । बुढाबुढी हामी अलग्गै बस्न बाध्य भयौँ । हाम्रो साथमा जेठी छोरीले नासोको रूपमा छोडेर गएकी उसकी टुहुरी छोरी थिई । उसलाई पनि आफ्नै सन्तान सम्झिएर मामा, सानीआमासरह पढाउन लेखाउन आफ्नो कर्तव्य सम्झियौँ ।

हामी बुढाबुढीले पिताजीको पालादेखि पाल्दै आएको भैँसी पाल्ने काम गरी दुध, घ्यु, मोही खान कहिले पनि छोडेका थिएनौँ । गत भदौमा बुढीको निधन भएपछि मेरो बाँकी सपनाहरू सबै चकनाचुर भए । "बाह्र छोरा तेह्र नाति बुढाको धोक्रो काँधमाथि" भनेजस्तै आज यो धोक्रो बोकेर हिँड्नुपरेको छ बाबु, अब हामीलाई कस्ले पाल्छ ? किन पाल्छ ? उनकै सन्तान पाल्नुपर्‍यो, पढाउनु, लेखाउनुपर्‍यो । उनले छोरा छोरीको लालनपालनमा समय दिनुपर्‍यो । बिहेदान गर्नुपर्‍यो । हामी जस्ता अनुत्पादक बुढालाई समय दिएर तिनलाई के फाइदा ? ल हो कि होइन भन्नुस् त ?"

यी बुढा आफू त रोए रोए, अब यिनले मलाई पनि रुवाउने भए । मैले कुरा अर्कैतिर मोड्ने प्रयास गर्दै भनेँ । "बाले खाना खानु भयो ?" उनले तुरुन्तै उत्तर दिए "मैले एक छाक खाने गरेको छु । नारायणगढमा एउटा कोठा लिएर बस्छु । कोठाको चार हजार तिर्नुपर्छ । बिहान-बेलुका दुई साँझ खान त पैसाले पनि पुर्‍याउन सक्नुपर्‍यो नि !"

"दिनभरि डुल्नुपर्छ, यसरी एक छाकको भरमा कसरी हुन्छ ? मान्छेले बाँच्नकै लागि खाने हो । यसरी भोकभोकै हिँड्नु भएन नि बा ।" मैले यसो भनिरहँदा उनको मुहारमा निकै पीडा र व्यथा छरपस्टसँग पोखिएको देखिन्थ्यो । अस्ति एउटा घरमा थोरै खाना भए दिनुस् न भन्दा "व्यापार गरेर दुनियाँ ठगेर हिँडेका छौ । मागेर खान लाज लाग्दैन ? पैसा तिरेर खानुपर्छ" भने । घरपरिवारमा यसै पनि बोझ बनिएको थियो । अब त व्यापार

गर्न हिँड्दासमेत दुनियाँको बोझ बनियो । अब यो शरीर र सास बिसाइदिउँ कि जस्तो लाग्न थालेको छ । मनले हरेस खाइसक्यो, बाबु !"

"के भन्नु भएको त्यस्तो ? सजिलै मर्ने कुरा गर्न हुन्न बा, त्यसरी हरेस खानु हुन्न ।" मैले प्रसङ्ग मोड्नका लागि उनीसँग प्रश्न गरेँ, "तपाईको विचारमा जीवन के रहेछ बा ?" उनले जीवनको परिभाषा दिँदै भने "बाँचुन्जेल किलोमा दाम्लो रहिरह्यो भने जीवन दुहुनो गाई रहेछ । सबैले स्याहार गर्छन्, मायाममता पनि दिन्छन् । होइन किलो उखेलियो, दाम्लो चुँडियो र भगवानले चोट दियो भने जीवन थारो गाईजत्तिको पनि होइन रहेछ ।" मागेबुढाको जीवनको परिभाषा मैले राम्रोसँग बुझ्न सकिन । सायद जीवनको परिभाषा दिँदा पनि उनीभित्र असह्य पीडा बोलिरहेको थियो । उनी निकै गम्भीर बनेर झोत्राउन थाले । अचेल म पुसमासको न्यानो घाम तापेर बाहिर बसिरहँदा मेरो घरको बाटो हुँदै मागेबुढाजस्तै अनगिन्ती मान्छेहरू हिँड्ने गरेको देखेको छु । अधिकांश मान्छे जीवन जिउने सिलसिलामा सहयोगको अपेक्षा लिएर हिँड्छन् । कोही व्यापार गर्न, कोही चन्दा माग्न । आखिर जीवन सबैलाई प्यारो लाग्छ । कोही भरतपुरको क्यान्सर अस्पतालमा उपचार गर्दागर्दै बेखर्ची भएर आइपुग्छन् । कुनै मृगौला प्रत्यारोपण गर्ने खर्चको जोहो गर्न केही थान कागजात बोकेका निरीह बन्दै आइपुग्छन् । यसरी सहयोगको अपेक्षामा कुनै रक्त क्यान्सर र मुटु रोगीहरू आइपुग्छन् । सहयोग नगरौँ हाम्रो संस्कारले पनि मान्दैन । सहयोग गरौँ आएजति याचकलाई सहयोग गरेर सम्भव हुँदैन ।

सबैलाई सानो सहयोग गर्ने हो भने पनि नोटको ठूलै मुठो लिएर बस्नुपर्ने हुन्छ । सायद संसारको कुनै पनि मुलुकमा यसरी गम्भीर बिरामीलाई चन्दा माग्दै हिँड्नुपर्ने अवस्था आइपर्दैन । हाम्रो देशमा सरकार छ, सरकारले चलाएका अस्पताल छन् । यस्ता दिनदुःखी र गरिब एवं वृद्धवृद्धालाई हेर्ने दायित्व सरकारले लिनुपर्दैन ? महिनाको दुई–तीन हजार भत्ता दिएको भरमा यिनका सबै समस्या समाधान हुन्छन् ? कुरै गर्ने हो जाबो तीन करोड जनसङ्ख्या भनेको एउटा मुलुकका लागि सामान्य कुरा हो । हाम्रो छिमेकी देशमा एउटै जिल्लामा तीन करोड जनसङ्ख्या छन् । मागेबुढा केही सामान्य अवस्थामा आएपछि मेरी अर्धाङ्गिनीले खाना ल्याएर दिइन् । उनले एकैछिनमा खाना खाइ सिध्याए । एकछाक मात्र खाने गरेको उनले भोक नलागेर होइन भन्ने कुरा उनको खाना खाने तरिकाले बताइरहेको थियो ।

यिनले एकछाक मात्र खाना खानुको मूल कारण आफ्नो खल्तीका कारण हो भन्ने प्रष्ट बुझिन्थ्यो ।

यिनको झोलामा के होला ? मलाई लागिरहेको जिज्ञासा बुझेर हो वा के हो उनले झोलामा भएका सबै वस्तुहरू एकएक गर्दै देखाए । झोलामा घोडाको नालबाट बनेका केही थान फलामे औँठीहरू थिए । केही पोका जिम्बु, बिरेनुन, सिधेनुन, कान कोट्याउने कन्कर्नो, हिँग, शिलाजीत र केही यार्सागुम्बा थिए । लाग्थ्यो मागेबुढा यस्ता मालसामान बिक्री गरेर करोडपति बनौँला, काठमाडौँमा घर जग्गा जोडौँला, आगामी संसदीय निर्वाचनमा चुनाव खर्च जुटाउँला भनेर हिँडिरहेका थिएनन् । यी त दिवङ्गत श्रीमतीको सम्झना मनबाट मेटाउन र ढुक्कसँग एक पेट अन्न पेटमा पार्न सकिन्छ कि भन्ने आशामा वृद्ध शरीरलाई घिस्याइरहेका थिए ।

(**मेरो चितवन**)

माटोको माया

मैले मेरो जन्मभूमि तान्द्राङमा अनेक रङका माटो देखेको छु । कालो, सेतो, रातो, खैरो, पहेँलो र अन्य विविध रङका माटो त्यहाँका विभिन्न स्थानमा पाइन्छन् । मोतीखोलाको किनार वरपर गणेश स्थान क्षेत्रमा सेतो माटो पाइन्छ । जसलाई हामी कमेरो माटो भन्ने गर्छौं । दशैँको आगमन भएको सूचना मैले त्यही माटो ओसारपसार हुन थालेपछि थाहा पाउने गरेको थिएँ । जब दशैँ आउन लाग्थ्यो, गाउँका अधिकांश घर कमेरो माटोले पोत्ने गरिएकोले गाउँलेहरू डोको, डालो र कुटो लिएर कमेरो माटो लिन जाने गरेका थिए । दशैँबाहेक हामीले कमेरो माटो कहिले पनि घरमा ल्याएनौँ । घर रङ्गाउने प्रयोजनबाहेक सेतो माटोको खासै उपयोग हुँदैन थियो ।

गाइखुरेको मानव निर्मित ओडारबाट रातोमाटो ल्याउन भने दशैँ कुरिरहनु पर्दैन थियो । आँगन, पिँढी, खड्केली, भान्सा र चुलो चौको पोत्नसमेत नित्य माटो चाहिने भएकोले आवश्यक पर्नासाथ रातो माटो लिन जानुपर्थ्यो । कमेरो माटो लिन जाँदाको जोश र जाँगर रातोमाटो लिन जाँदा हुँदैन थियो । त्यसैले कमेरो लिन जाने क्रममा देखिने पुरुष र बालबालिकाको ताँती रातोमाटो लिन जाँदा देखिँदैन थियो । यसो हुनुको मुख्य कारण कमेरो माटोसँग नेपालीहरूको प्रमुख चाड दशैँ जोडिएको हुन्थ्यो, जुनबेला अघिपछिभन्दा मिठो-मसिनो खान पाइन्थ्यो र नयाँ लुगा लगाउन पाइन्थ्यो । त्यसैले परिवारका सबै सदस्यहरू कमेरो माटो लिन जान निकै उत्साहित देखिन्थे ।

यता रातो माटोसँग भने केवल गृहस्थी कर्म मात्र जोडिएको हुन्थ्यो । प्रायः कर्तव्य जोडिएका कार्यहरू सम्पन्न गर्न हामीलाई त्यति उत्साह लाग्दैन । सायद यो हाम्रो जन्मजात स्वभाव हो या पुरानो र दीर्घरोग हो म सजिलैसँग

छुट्याउन सक्दिन। त्यसैले रातो माटो लिन जाने जिम्मेवारी आमा, भाउजूहरू र बुहारीहरूको मात्र हुने गरेको थियो। उनीहरूलाई रहर र उत्साहको काम गरेर उम्कने छुट थिएन। उनीहरूले जिम्मेवारी पूर्ण हुने गरी सारा काम गर्नुपर्थ्यो। यो गाउँको पुरानो परम्परा थियो। मैले गाउँ छोडेको लगभग पैँतीस वर्ष बितिसकेको छ। अहिले गाउँमा यो प्रचलनको अवशेष पनि नहुनुपर्ने हो तर म यसै भन्न सक्दिन। राम्रोसँग उब्जनी नहुने खेत, जहाँको माटो देख्दैमा पनि रोगले ग्रस्त भएजस्तो लाग्ने पहैँलो माटोलाई धेरैले मन पराउँदैन थिए। मल नपुगेको र जिमाहा खेतबारीमा यस प्रकारको माटो पाइन्थ्यो। यस्तो माटोमा मजाले बाली फस्टाउन सक्दैन थियो। मेरो हजुरबा पण्डित चेतनाथ दाहालले माटोको वर्गीकरण गर्दै भनेको यो वाक्य मलाई अझै पनि सम्झना छ। उहाँ भन्नुहुन्थ्यो, "रातो माटो राजा, कालो माटो काजी, पहैँलोचाहिँ पाजी।" कतै जाँदा यीमध्येको कुनै रङ्गको माटो देखिए मलाई अहिले पनि हजुरबाले कतैबाट उद्धृत गरेका यी पङ्क्ति याद आइरहन्छ।

उता आरूघाट छेवैको टारी फाँटका बडेमानका धानखेतका गह्रामा माटाका भाँडा बनाउने कुम्हालेहरूले ठूलाठूला खाडल खनेर कालो माटो निकाल्ने गर्थे र तिनै माटोबाट हाँडी, गाग्रा, भिउँट, आरी, खोतली, चिलिम, धुपौरो, अम्खोरा र सानासाना भुँड्का बनाउने गरेका थिए। स्मरणीय कुरा, यी कुम्हालेहरू रैथाने कुमाले थिएनन्। यिनीहरू मङ्सिर लागेपछि काठमाडौ उपत्यकाबाट माटोको भाँडाकुँडाको व्यापार गर्ने उद्देश्यले यहाँ आउने गरेका थिए। हिँउदभरि आरुघाट बजारमा भाँडाको व्यापार गर्ने कुमालेहरू नयाँ वर्ष लागेपछि केही पैसा कमाएर काठमाडौँ फर्कन्थे। माटोको व्यापारले जीवन धान्न र पैसा कमाउन पनि सकिने यो एउटा अनुपम उदाहरण थियो। माटोको रङ मात्र होइन मेरो जन्मभूमि तान्द्राङका हरेक ठाउँमा माटोको भौतिक वनावट र संरचनामा पनि भिन्नता पाइन्थ्यो। ठाउँअनुसार पाँगो माटो, बलौटे माटो, चिम्ट्याइलो माटो र ढुङ्ग्यान माटोलगायत माटोका अन्य विविध स्वरूपका माटो मेरो गाउँमा थियो।

मानव सृष्टिको पहिलो दिनदेखि नै मान्छे माटोसँग निरन्तर सम्पर्कमा रहनुपर्छ। यो अवसरबाट म पनि बिमुख हुनुपरेन। त्यही सिलसिलामा म तान्द्राङको अत्यन्त सुगन्धित माटोमा जन्मिएँ। जन्मनासाथ धर्तीको पवित्र माटोमा आफ्नो शिरले टेकेँ र धर्तीलाई नमन गरेँ। सायद त्यही पवित्र माटोलाई कलिला

हात र लात्तीले हान्दै धर्तीमातासँग अनुनयविनय गर्दै श्रद्धापूर्वक बिन्ती चढाएँ "अबदेखि म तिम्रो काखमा यसरी नै लुटुपुटु गरिरहन पाऊँ । म बाँचुन्जेल यहीँ धर्तीमा रमाउन पाऊँ । मलाई आफ्नो सन्तान स्वीकार गर धर्ती माता ।" मलाई लाग्छ मैले मात्र होइन धर्तीमा जन्म लिने सबैले यसै गरेका हुन्छन् । यो सृष्टिको नियम हो । सृष्टिमा हरेक प्राणीको यसरी नै जन्म हुने गरेको छ । जन्मनासाथ शिरले पहिलो स्पर्श धर्तीमा पर्ने गरी मान्छे जन्मिन्छन् । तर दुर्भाग्य भन्नुपर्छ, मैले जन्मनासाथ तान्द्राङको धर्तीसँग गरेका सम्पूर्ण वाचा र कसम तोड्न पुगेँ । वाचाहरू जानेर तोडियो अथवा भूलवश तोडियो त्यो भने मैले अझैसम्म पनि बुझ्न सकेको छैन । यसरी वाचा र कसम तोड्नेहरूको सूची सानो भने छैन । अनगिन्ती मान्छेहरूले मैलेजस्तै वाचा र कसम तोड्दै जन्मभूमि छोड्ने गरेका छन् ।

हुन त एउटा सामान्य मान्छेले सबै कुरा बुझ्नुपर्छ र बुझ्न सकिन्छ भन्ने पनि छैन । कस्ताकस्ता ज्ञानी र विद्वान्हरूले पनि कयौँ रहस्यमय कुराहरू कसरी भए, किन भए भन्ने कुरा सहजै बुझ्दैनन् भने मैले कसरी बुझ्न सक्छु ? आफ्नो जन्मभूमि छोड्नुमा मेरो अज्ञानता जिम्मेवार हुनुपर्छ । यति मात्र पनि नभए कुनै अज्ञात रहस्य जिम्मेवार हुनुपर्छ । पूर्वजन्ममा विश्वास गर्ने भएकोले होला म सोच्छु, मेरो पूर्वजन्मको कुनै कर्म जिम्मेवार हुनुपर्छ । अन्यथा हरेक प्राणी जन्मदा शिरले धर्तीमा दण्डवत् गर्दै जन्मिएपछि जीवनमा सम्पन्न गर्नुपर्ने सारा कर्म त्यहीँको माटोमा पूरा गर्नुपर्ने थियो र जीवनको अन्त्यसम्म पनि जन्मभूमिको सेवामा खट्नुपर्ने थियो । मलाई लाग्छ, एउटा घरमा जन्मिएको बालक केही वर्षपछि सुटुक्क अर्काको घर परिवारमा सरेर बस्नु र जन्मभूमि परित्याग गरेर कतै पलायन हुनु एउटै प्रक्रिया हो । विनाकारण अर्काको हुर्किइसकेको किशोर सन्तानलाई कस्ले स्थायी आश्रय दिने गरेको छ र ? न कुनै किशोरले घरपरिवार त्याग गरेको घोषणा गरेर छिमेकीको शरणमा आश्रय लिन पुग्छ ।

मान्छे माटोबाट सृष्टि भएकोले सबैले माटोलाई माया गर्नुपर्छ । बाल्यावस्थामा मैले घर तथा विद्यालयमा यस्तै सुनेको थिएँ । मान्छे माटोमा जन्मिएर, माटोमा कर्म गरेर, माटोमै विलीन हुनेगर्दछ । वास्तविकता यही हो । तान्द्राङस्थित रमणीय र सुन्दर गाउँमा जन्म लिएको नाताले मलाई अन्य स्थानको भन्दा त्यहाँको माटोको विशेष माया लाग्छ । त्यसो हुनुमा विशेष

कारणहरू छन् । मैले तान्द्राङको माटो मगमग बास्ना चलेको अनुभव गरेको छु । जसको बास्ना कुनै सुगन्धित अत्तरको बास्नाभन्दा कैयौँ गुणा बढी भएजस्तो लाग्थ्यो । तान्द्राङको माटो कहिले मेरो अनुहार पनि चिन्न नसक्ने गरेर ढाकिएको हुन्थ्यो । कुनै दिन दौरा टक्टक्याउँदा एक दुई माना माटो मेरो दौराले थेग्यो होला । टाउकोमा त कति हुन्थ्यो कति । तर पनि त्यो माटोले मलाई पोलेन, फोहोरी बनाएन, मनमा घृणा उत्पन्न गराउन सकेन । सधैँ मैले तान्द्राङको माटोलाई चन्दनजस्तै ठानिरहेँ र वर्तमानसम्म आइपुग्दा पनि चन्दन नै ठानिरहेको छु ।

यिनै विविध कारणले गर्दा हरेक मान्छेले जन्मभूमिको माटोलाई माया गर्छन् । एउटा तथ्य सबैलाई ज्ञात हुनुपर्छ – माटोमा काम गर्ने मानिसहरू अन्य मान्छेभन्दा अधिक सहज, शान्त र तनावमुक्त हुन्छन् । यो मैले होइन अनुसन्धानले भनेको विषय हो । यसको प्रत्यक्ष अनुभव मैले पनि गरेको छु । आजभोलि, सहरमा बस्ने मानिसहरू पनि समयसमयमा माटोसँग सम्पर्कमा रहिरहन सहरबाट निकै टाढा पुगेर खोरिया र बगैँचा जोड्न तम्सिएको देख्न सकिन्छ । आफ्नै खेतबारी, बगैँचा वा करेसाबारीमा कृषि उत्पादनहरू उब्जाउने, त्यसलाई पानी हाल्ने, खेतीपाती गर्ने, आफ्नै हातले टिप्ने र आफैँले माटो खेलाएर उब्जाएको उत्पादनको स्वाद चाख्नुभन्दा रमाइलो र स्वास्थ्यवर्धक अरू केही हुँदैन । मेरो गाउँमा यी सुविधाहरू आजसम्म पनि निर्वाध रूपमा उपलब्ध छन् । माटोको माया पोखेर कयौँ कविले अनगिन्ती कविता लेखेका छन् र धेरै लोकगीतका शब्दहरू रचना गरेका छन् । मलाई जन्मभूमिको माटोको त्यति विघ्न माया नलाग्ने भए मबाट पनि जन्मभूमिको माटो सम्झदै केही सिर्जना जन्मने थिएनन् । मलाई लाग्छ, जन्मभूमिको माटोमा प्रेम, सद्भाव र समर्पण घोलिएको हुन्छ । त्यसैले माटो भनेको धर्तीको सतहमा टाँसिएको धुलो मात्र होइन, माटो देश हो, राष्ट्रियता हो । माटो खेतबारीमा हलोले पल्टाएको चपरी मात्र होइन, माटो प्राण हो, माटो माता हो, माटो पिता हो । माटो संरक्षक हो र माटो सर्वस्व हो । अतः माटो जीवनको बन्धन हो ।

माटोविना मान्छे दुई पाइला पनि चल्न सक्दैन, उठ्न र हिँड्न सक्दैन, समग्रमा माटोविना मान्छे बाँच्न पनि सक्दैन । जन्मभूमिको माटो सम्झिएर एकपटक सोच्नुपर्छ, माटोसँगको सम्बन्ध नगुमाउनेहरू सधैँ स्वस्थ र खुशी मात्र होइन मनैदेखि सन्तुष्ट भएको देख्न पाइन्छ । मानव सृष्टिको

पहिलो दिनदेखि नै जन्मिएका सबै मान्छेको सम्बन्ध निरन्तर माटो र भूमिसँग रहिरहेको हुन्छ । जीवनको आधारभूत स्रोतको रूपमा मानव जीवनमा माटोको केन्द्रीय भूमिका हुन्छ । जन्मभूमिप्रति यतिविघ्न माया र भक्तिभाव जाग्नुको कारण एक मात्र होइन अनगिन्ती छन् । माटो आम्दानीको स्रोत मात्र होइन, मानसिक र शारीरिक स्वास्थ्यका हिसाबले पनि माटोले महत्त्वपूर्ण स्थान ओगटेको हुन्छ । स्वस्थ र सुखी जीवनका लागि माटोसँगको हाम्रो सम्बन्ध नियमित रूपमा कायम राख्नु मानवीय कर्तव्यसमेत हुन आउँछ । भूमिप्रतिको प्रेम, सांस्कृतिक अभिव्यक्ति र व्यक्तिगत अनुभवहरूमा प्रकट हुन्छ । त्यसैले माटोलाई एउटा महत्त्वपूर्ण तत्त्वका रूपमा लिन सक्नुपर्छ । माटोले मान्छेको जीवनको गुणस्तर सुधार गर्दछ । जुनसुकै स्थानको माटो पनि हरेक कोणबाट महत्त्वपूर्ण मानिन्छ । अझै जन्मभूमिको माटोको महिमाको जति वर्णन गरे पनि सकिँदैन । यिनै कारणहरूले गर्दा म तान्द्राङको माटोलाई कुनै दिन पनि बिर्सन सक्दिन ।

भौतिक रूपमा कुनै कारणले मैले जन्मभूमि छोडेँ तर मैले जन्मभूमिलाई मनबाट निकाल्न सकेको छैन । यो कसैको मनबाट निस्कने विषय पनि होइन र मनबाट निकाल्नु पनि हुँदैन । हुन त म जन्मभूमि छोडेर पराइ मुलुक हान्निएको पनि छैन । म तान्द्राङको गाउँबाट चितवनको बैँसी गोठमा झरेको मात्र हुँ । गुनासो, बैँसी झर्नेसँग होइन परदेशी बनेर पलायन हुनेहरूसँग गर्नुपर्छ । यहाँ परदेशी बन्नेहरूको सूची आजसम्म राज्यले तयार गरेको देखिँदैन । मान्छेले प्राणभन्दा प्यारो जन्मभूमि किन छोडिरहेका छन् ? कसरी छोडिरहेका छन् ? कुनै सरकारी निकायले त्यसको लेखाजोखा गरेको पाइँदैन । कसैले जन्मभूमि छोड्नेहरूको सूची तयार गरेको छ ? यदि तयार गरेको भए कुनै व्यक्तिले जन्मभूमि छोड्नुको स्पष्ट कारण पत्ता लाग्न सक्थ्यो । साँच्चै शासकहरू इमान्दार र जिम्मेवार भइदिने हो भने त्यसको निराकरणसमेत हुन सक्थ्यो । वर्तमानमा यसलाई गौण विषय ठानिए पनि भविष्यले यसलाई सहज रूपमा लिन सक्दैन ।

जहाँ एक व्यक्ति जन्मियो र हुर्कियो, जुन भूमिमा आफ्नो राष्ट्र र राष्ट्रियता छ, जहाँको माटोले आश्रय दियो र आवश्यक परे त्यसको लागि मर्न पनि डर लाग्दैन भने त्यो भूमिलाई मातृभूमि भनिन्छ । मातृभूमि राष्ट्र

बनाउने प्राथमिक मूल्यहरूमध्ये एक हो । मातृभूमि भनेको जमिनको टुक्रा मात्र होइन जहाँ मानिस जन्मन्छ, हुर्कन्छ र बाँच्दछ । माटोमुनि शहीदको रगतले उर्वर बनाएको भूमि अत्यन्त पवित्र मानिन्छ । पवित्रतामा इमान र स्वाभिमान समाहित भएको हुन्छ ।

जसरी मलाई मेरो मातृभूमि तान्द्राङको माया लाग्छ, हरेक मान्छेलाई जन्मेदेखि नै मातृभूमिप्रति माया लाग्छ । आफ्नो मातृभूमिलाई माया, इज्जत र सम्मान गर्ने व्यक्तिभित्र अत्यन्त पवित्र मूल्य र मान्यताहरू हुन्छन्, जसको लागि उनीहरू स्वेच्छाले मातृभूमिप्रतिको समर्पणका लागि सबै कुरा त्याग गर्न सक्छन् । धर्म, भाषा, इज्जत, पवित्रताजस्ता मूलभुत कुराहरू जस्तोसुकै परिस्थिति उत्पन्न भए पनि त्याग्न सकिँदैन तर छातीमा हात राखेर भन्नुपर्दा मातृभूमिको रक्षाका लागि भने यी सबैलाई गौण विषय मान्न सक्नुपर्छ र उस्तै परे त्याग्नसमेत पछि हट्नुहुँदैन ।

मातृभूमिको रक्षा गर्ने क्रममा जातजाति, धर्म, विचार, नाता र जातीयतालाई अवरोधका रूपमा देखापर्न दिनुहुँदैन । आवश्यक परे मातृभूमि रक्षाका लागि जीवनको बलिदान दिनसमेत तयार हुनुपर्छ । हामीलाई इतिहासले पनि पाठ पढाएको छ । जन्मभूमिको खातिर यो पवित्र भूमिमा अनगिन्ती वीर–विरङ्ग्गनाहरूले प्रसस्त रगत बगाइसकेका छन् । म गोरखाली भएको कारणले पनि मलाई लाग्छ, जन्मभूमिको माटो जोगाउनका लागि परिआए हामीले पनि रगत बगाउन सक्नुपर्छ ।

(**गोरखा वाङ्मय**)

मान्छेले के भन्लान् ?

कहिलेकाहीँ लाग्छ, मान्छेको सबैभन्दा ठूलो र चिरस्थायी भय यही हो"मान्छेले के भन्लान्, "हामी यही संसारमा रहन्छौँ र त अनेक अनुकूल-प्रतिकूल परिस्थितिको सामना गरिरहनुपर्छ । हाम्रो पारिवारिक संरचना एउटा सानो घरको घेराभित्र सीमित हुन्छ । यही घेराभित्र हामीले जन्म लिन्छौँ । खान लाउन, उठ्न, बस्न, हिँड्न, डुल्नदेखि लिएर सबै कुरा हामीले यहीँ सिक्छौँ । घर हाम्रो जीवनको पाठशाला हो । यहीँ हामीलाई जीवनका कखरा सिकाइन्छ । जोड, घटाउ र समग्रमा जीवनको गणित हामी घरबाटै सिक्छौँ । यहाँ अनगिन्ती सरसल्लाह हुन्छन् । हरेक घरमा नजानिँदो प्रकारले जीवन जिउने तालिम सञ्चालित भइरहेको हुन्छ । हामी अनुशासित विद्यार्थीले जस्तै पारिवारिक कक्षामा बसेर अनेक विषयमा अध्ययन गर्छौं, जुन प्रत्यक्ष रूपमा जीवनसँग सम्बन्धित हुने गर्दछन् । हामीमध्ये यो तालिम कतिले सजिलै पूरा गर्छौं । कतिले बीचमै छोडिदिन्छौँ, बीचमा तालिम छोड्नेहरूको जीवन अस्तव्यस्त हुन्छ । तर यस कुराको भेउ भने सबैले नपाउन पनि सक्छन् । कक्षा नछोडी अध्ययन गर्नेहरूले केही मात्र भए पनि जीवनको रहस्य बुझ्छन् । जीवन केही न केही सहज बनाउँछन् ।

यहीँ जिन्दगी जिउने योजनाहरू बन्छन् । उन्नति र प्रगतिका सपनाहरू बुनिन्छन् । कलह र भनाबैरी हुन्छन् । कहिले सामान्य कलह हुन्छ भने कहिले कल्पना पनि नगरिएका कलह घरभित्रै सम्पन्न हुन्छन् । यहीँ भित्र, परिवारका सदस्यहरू गुजारा गर्ने, कमाउने र रमाउनेजस्ता अनेक गतिविधिमा संलग्न हुन्छन् । प्रायः मान्छेहरू चाहन्छन्, उन्नति प्रगति र भौतिक सुखसुविधाका कुराबाहेक घरभित्रको कलह, ऋणका कुरा, घरभित्रका विकृति, आपसी विवाद र अशान्तिका कुरा घरभित्रै गोप्य रहून् । असमझदारी, रोग,

स्वास्थ्य सबै गोपनीय रूपमा रहोस् । हाम्रो घरभित्रका विकृति कसैले पनि सुइँको नपाउन् । अधिकांश घर परिवारको यही इच्छा हुन्छ । यसको मुख्य कारण "मान्छेले के भन्लान् ?" भन्ने चिन्ताले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

हामीलाई घरभित्र कलह भएकोमा त्यति चिन्ता लाग्दैन जति चिन्ता पराइले थाहा पाउनुमा लाग्छ । हामीलाई घर भाँडिएको डर त्यतिविधि लाग्दैन जति डर "मान्छेले के भन्लान् ?" भन्नेमा लाग्छ । बुहारीले सासू कुट्दा र सासूले बुहारी कुट्दा, रेस्लिङ र कुस्ती खेल जसरी दर्शकको उपस्थितिमा कुट्ने गरेको देख्नुभएको छ ? छोराले बाबु कुट्ने र बाबुले छोरा कुट्ने घटनाहरू निर्वाध रूपमा सडक, गल्ली र चौरमा घट्ने घटना होइनन् । अधिकांश घरमा नभए पनि यदाकदा केही घरमा यस्ता घटना घटिरहेका हुन्छन् । तर त्यसलाई घरको चौघेराबाट बाहिर निस्कन दिइँदैन । यसको मुख्य कारण यही हो "मान्छेले के भन्लान् ?" मान्छेलाई घरभित्र नलाग्ने डर त्रास घरबाहिरका मान्छेहरूसँग लाग्छ । डर नलाग्ने भइदिएको भए यस्ता घटनाहरू निर्धक्कसँग घरबाहिरै सम्पन्न हुन्थे । निकै रमिता देख्नुपर्थ्यो । "मान्छेले के भन्लान् ?" भन्ने डर मनमा नभए कुटाइको सिलसिलाले उग्र रूप लिन सक्थ्यो ।

हाम्रो स्थापित मान्यताअनुसार घर, परिवार र पतिपत्नीबीच समेत अधिकांश कुराहरू गोपनीय नै रहन्छन् र गोपनीय राख्नुपर्ने हुन्छन् । घरको कुरा घरबाहिर न जाओस्, यसको लागि पर्याप्त प्रयास गर्ने गरिएको हुन्छ । जब अति हुन्छ, विकृति र विसङ्गतिहरू बढ्दै जान्छन्, त्यसले घरको सीमारेखा नाघ्छ र सबै गोपनीयता घरबाहिरसमेत छताछुल्ल भएर पोखिन्छन् । यिनै विसङ्गतिको चिन्ताभन्दा भयानक चिन्ता "मान्छेले के भन्लान् ?" भन्ने मात्र लाग्छ । स्कूल, कलेज पढ्ने सन्तानले गाँजा, मादक पदार्थ र अन्य लागुपदार्थको अम्मली बनेको खबर फैलिन्छ । चिन्ता त लाग्छ तर सन्तान लतमा फसेको चिन्ताले भन्दा छिमेक र गाउँ समाजले के भन्लान् भन्ने चिन्ताले सताउन थाल्छ । शरीर पसिनाले निथ्रुक्क हुन्छ । औडाहा हुन्छ तर हामीले सन्तानको चिन्तालाई दोस्रो प्राथमिकतामा राखेर हेर्ने गरेका छौँ । हाम्रो पहिलो प्राथमिकता हुन्छ, "गोपनीयता" र "मान्छेले के भन्लान् ?"

केही समयपछि मातापिताको चाहनाजस्तै सन्तानको चाहना पनि उस्तै हुन्छ । घरको भेद बाहिर नचुहियोस् । सन्तानले बाल्यकालदेखि यही

सिकिरहेको हुन्छ, “घरभित्रको गोपनीयता घरबाहिर जानदिनु हुँदैन ।” उसको मस्तिष्कमा यही रेकर्ड गरिएको हुन्छ । यो घरभित्र सञ्चालन हुने तालिमको एउटा नमुना हो । यस्ता तालिमहरू हरेक घरमा स्वतः सञ्चालन भइरहेका हुन्छन् । जोगी घरमा आएको बेला कुनै बच्चाले हत्तनपत्त चामल दिएको र कुनैले “किन आएको ? छैन चामल”, भनेको त ख्याल गर्नु भएकै होला । यसो हुनुको मुख्य कारण घरमा दिइने अघोषित तालिम हो ।

कतिपयलाई लाग्छ, वृद्ध भइसकेका बाबुआमा रुँदा केही पनि नाप्दैन, बरु “मान्छेले के भन्लान् ?” भन्ने भयले उनीहरूलाई सताइरहेको हुन्छ । बाबुआमाको स्याहारसुसारमा केही न केही मनभित्रको यही भयले काम गर्नेगरेको हुन्छ । अधिकांश बाबुआमाका न्यूनतम आवश्यकताहरू “मान्छेले के भन्लान् ?” भन्ने कारण पूरा हुने गरेका छन् । मान्छे यतिविधि गतिछाडा प्राणी हो कि, उसलाई सितिमिति लाजशरमसमेत लाग्दैन । मौका मिले उसले हिँडिरहेको सडकमा मलमूत्र विसर्जन गरिदिन सक्छ । दिनदहाडै चोरी गर्न सक्छ तर उसलाई लाग्छ अरू त ठिकै थियो, “मान्छेले के भन्लान् ?” उसलाई अन्तिम भय यसै कुरामा लाग्छ र यसप्रकारका गतिविधिबाट केही न केही भए पनि हच्किने गरेको हुन्छ । कहिलेकाँही लाग्छ, मान्छेसँग यति मात्र पनि भय नहुने हो भने यो समाज कतिसम्म छाडा हुन्थ्यो होला ? कहाँ पुगिसक्थ्यो होला ? अनुमान गर्न सकिन्छ । अतः कुनै पनि मान्छे “मान्छेले के भन्लान् ?” भन्ने डरबाट मुक्त हुन्छ भने, ऊ मान्छे रहँदैन ।

समाज सहयोगका लागि चाहिन्छ, सहाराका लागि चाहिन्छ । प्रायः घरमा कुनै सदस्य पीडित बनेपछि समाजको खोजी हुने गरेको छ । समाजले सहयोग गरोस् या नगरोस् तर मान्छेले समाजसँग आशा, भरोसा र संरक्षणको आशा गरिरहेको हुन्छ । मान्छे समाजसँग डराउँछ र केही जघन्य अपराध गर्न पनि हिच्किचाउँछ । मान्छे समाजमा रहनुको सबैभन्दा प्रमुख उपलब्धि यही हो । जिन्दगीमा हामीले आँफैलाई कम महत्त्व दिएर अर्काको विचार र सल्लाहलाई उच्च प्राथमिकता दिने गरेको यथार्थ पत्तै पाउँदैनौँ । तपाईँले आजसम्म कुनै अपराध गरेको छैन, कसैलाई ढाँटेको, छलेको पनि छैन । चोरीचकारी त झुक्किएर पनि गर्नुहुन्न । वास्तवमा तपाईँ असल र इमान्दार मान्छे हो । यो निर्विवाद सत्य भए पनि दुर्भाग्य, तपाईँले आफैँलाई विश्वास गर्न सक्नुहुन्न ।

तपाईँलाई लाग्छ, “मेरोबारेमा अरू मान्छेहरूको सोचाइ सकारात्मक छैन होला, अन्य मान्छेले मलाई त्यति राम्रो नमान्न सक्छन् । मेरो विषयमा समाजले कस्तो पो सोच्छ ? म कसरी जानौँ ?” यही विषयले तपाईँको मनमा नराम्रोसँग डेरा जमाएको हुन्छ । तपाईँलाई यही चिन्ताले सताउन थाल्छ । तपाईँले गहिरिएर सोच्न थाल्नुहुन्छ, म असल व्यक्ति नभएर दुष्ट पो हुँ कि ? वा म अत्याचारी त होइन ? यही कुरा तपाईँको मनमा बारम्बार खेलिरहन्छ । हामीलाई आफू राम्रो भएर मात्र पुग्दैन । हामीलाई अन्य मान्छेले राम्रो भनिदिनुपर्छ । हामी यस्तै अभ्यासमा हुर्किएका छौँ ।

हामीलाई आफूसँग अरू खुशी छैनन् कि भन्ने चिन्ताले सताइरहन्छ । जब कसैले तपाईँलाई भनिदिन्छ, “तिमी त ज्यादै असल मान्छे हौ । सबैले यस्तै भन्छन् ।” जब तपाईँले अर्काको विचार सुन्नुहुन्छ, कसैको मुखबाट आफ्नो प्रशंसा सुन्नुहुन्छ, बल्ल तपाईँलाई आफूमाथि विश्वास लाग्छ । अब भने तपाईँ खुशी हुनुहुन्छ । तपाईँको मनमा भएका सबै चिन्ताहरू एकाएक गायब हुन्छन् । शरीरमा बिझेको काँढा झिके जस्तो हलुका र आनन्द महसुस हुन्छ । यसो हुनुको मूलकारण मान्छेले आफूलाई विश्वास गर्न नसक्नु नै हो । मान्छे समाजप्रति यति भर गर्ने भइसकेको छ कि आफू असल भएको कुरासमेत अर्कैले अनुमोदन गरिदिनुपर्छ । समाजले राम्रो माने राम्रो रहेछु भन्छ, होइन समाज चुपचाप छ भने उसलाई आफैप्रति शङ्का लाग्छ ।

केही मान्छेहरू हुन्छन्, जसलाई तपाईँ हामी र समाजले पनि तिनको कुकृत्यका कारण उनीहरूलाई नजिकबाट चिनिरहेका हुन्छौँ । उनीहरूको व्यवहारबाट आजित हुन्छौँ । जसले अन्याय, अत्याचार गर्छन्, हाकाहाकी घुस खान्छन्, एकअर्काबीच कान फुक्ने काम गर्छन्, समाज भाँड्ने काम गर्छन्, भ्रष्टाचार गर्छन्, अनैतिक व्यवहार प्रदर्शन गर्छन्, लुट्ने र चोर्ने काममा पनि अग्रसर हुन्छन् । तर तिनै व्यक्तिहरू सामाजिक, राजनैतिक र धार्मिक कार्यमा सक्रिय हुन्छन् । सभासम्मेलनमा उनीहरू नै अग्रणी भूमिका निभाइरहेका हुन्छन् । समाजको अग्रिम पङ्क्तिमा उनीहरू नै देखापर्छन् । उनीहरूले यस्तो सन्देश दिने प्रयास गरिरहेका हुन्छन् कि उनीहरूभन्दा स्वच्छ छवि भएको असल व्यक्ति यो दुनियामा सायदै छैन ।

त्यसैले यो संसार विचित्रको छ । तिनीहरू स्वयं असल बन्न छोडेर अरूको नजरमा मात्र असल बन्ने प्रयास गरिरहेका भेटिन्छन् । ठूलाठूला

पदमा, निर्णायक स्थानमा र समाजको नेतृत्व गर्न यिनै श्रेणीका व्यक्तिहरू अघि सर्ने गरेका हुन्छन् । जब यस प्रकारका मान्छेहरूले समाज डोऱ्याउन छाड्ने छन्, अनि मात्र देशले कोल्टो फेर्नेछ । यिनीहरूले भने आफूलाई मात्र विश्वास गर्छन्, अरू कसैको पनि विश्वास गर्दैनन् । तर असल छवि भएका व्यक्तिहरूलाई भने यही मनोविज्ञानले लखेटिरहेको हुन्छ । उनीहरूलाई लाग्छ ती अगुवा मानिनेहरूको पछि नलाग्ने हो भने "मान्छेले के भन्लान् ?" किनभने अधिकांश मान्छे तिनैको पछि लागेको भेटिन्छन् । केही मान्छे स्वयं नैतिकवान भएर अनैतिक मान्छेको पूजा गर्न दौडिरहेका हुन्छन्, तँछाडमछाड गरिरहेका हुन्छन् । अधिकांश समय तिनैका सेवा सुश्रूषामा बिताइरहेका हुन्छन् । यसरी न त नागरिक उँभो लाग्छन्, न मुलुक, फेरि पनि हामीलाई लाग्छ, सबैले पूजा गरेको वस्तुलाई पूजा नगर्ने हो भने "मान्छेले के भन्लान् ?"

मान्छे सामाजिक प्राणी भएकोले ऊ समाजमा रहनुपर्छ । समाजको नीतिनियमको पालना गर्नुपर्छ । समाजको पछि नहिँड्ने हो भने मान्छे एक्लो हुन्छ । जब एक्लो हुन्छ, जीवन गुजारा गर्न अत्यन्त कठिन हुन्छ । हरेक मान्छेलाई समाजको साथ र सहयोग चाहिन्छ । त्यसबाट पन्छिन तपाईँ पनि सक्नुहुन्न । पन्छिन पनि मिल्दैन तर तपाईले आफ्ना यथार्थ विचारहरू प्रस्तुत गर्न सक्नुपर्छ । त्यसैले हामीले समाजलाई कुल, परम्परा र शास्त्रभन्दा ठूलो मान्ने गरेका छौँ । गाउँको समाजिक प्रचलनलाई पहिलो प्राथमिकताका साथ अनुसरण नगर्ने हो भने "मान्छेले के भन्लान् ?

(**भिमोदय स्वर्ण स्मारिका, २०८०**)

मेरो जन्मभूमि मेरो तान्द्राङ

म गोरखा जिल्लाको पूर्वोत्तर भागमा रहेको एउटा सुन्दर र रमणीय गाउँ तान्द्राङमा जन्मिएको हुँ । तान्द्राङलाई, मेरो जन्मभूमि मात्र हो भनेर म पन्छिन सक्दिन । धेरै तान्द्राङी जोडीका बालबालिकाहरू अन्यत्र पनि जन्मिए होलान् । तर पनि मैले त्यो महत्त्वपूर्ण अवसर गुमाउनुपरेन । म तान्द्राङको मलिलो र सुगन्धित माटो स्पर्श गर्दै जन्मिन पाएँ । जहाँ मेरा निकै पुस्ता घिका बाजे र जिजुबाजेहरू पनि जन्मिएका थिए । वर्तमानमा भने यस प्रकारको महत्त्वपूर्ण अवसर गुमाउनेहरू प्रशस्त देखिन थालेका छन् । पराइ भूमिमा नाति र नातिनी जन्मिएको खबर सुनेर पनि काख रित्तै हुने हजुरबाहरूले मात्र यसको मर्म बुझ्न सक्दछन् ।

हाम्रो पुस्ता भने हजुरबा, हजुरआमाको न्यानो काखमा खेलेर हुर्किएको पुस्ता हो । मैले उहाँहरूबाट अनगिन्ती पौराणिक नीतिकथाहरू श्रवण गरेको थिएँ । लोककथा र दन्त्यकथाहरू सुन्ने अवसर प्राप्त गरेको थिएँ । अनगिन्ती उखानटुक्काहरू सुनेको थिएँ । गाउँखाने कथा सुनेको थिएँ । मलाई लाग्छ बढ्दो उमेरका बालबालिकाका लागि त्यो एउटा महत्त्वपूर्ण अवसर हुन्थ्यो । जुन अवसर पढ्ने विद्यालयमा हतपति पाइँदैन थियो । घरमा पाइने यस प्रकारको शिक्षा दिने क्रम आजभोलि बिरलै मात्र होइन, लगभग शून्यको अवस्थामा पुगेको हुनुपर्छ । उता राष्ट्रनिर्माता पृथ्वीनारायण शाह जन्मिएको माटोमा मेरो जन्म भएकोले म निकै गौरवान्वित हुन्छु । कामको सिलसिलामा अन्यत्र कतै जाँदा मैलै निकै फुर्ती साथ भन्ने गरेको छु, “म असली गोरखाली हुँ । मेरो जन्म पृथ्वीनारायण शाह जन्मिएकै माटोमा भएको हो ।”

त्यसो भनिरहँदा, म पनि नेपाल एकीकरण गर्न कम्मर कसेर युद्धमा निस्किएको पृथ्वीनारायण शाहको सैनिक हुँ भनेजस्तै अनुभूति हुने गर्छ ।”

यति मात्र होइन, तत्कालीन राजा, महाराजाका कुल ज्योतिष दुल्लभ जैसीले पानी खाने गरेको तान्द्राङको पँधेरो र मैले पानी खाएर हुर्किएको पँधेरो एउटै हो ।" जब म कसैलाई यो कुरा सुनाउँछु, मेरो नाक गर्वले एक बित्ताभन्दा बढी ठाडो भएजस्तो लाग्छ । त्यतिले मात्र पनि गोरखा र मसँग जोडिएका गौरवमय प्रसङ्गहरू पूर्ण भएजस्तो लाग्दैन, अझै थप गोरखाली भूमिपुत्रहरूको नाम प्रस्तुत गर्न लाग्छु । नेपालका प्रथम प्रधानमन्त्री भीमसेन थापा त्यसताका मेरो छिमेकी गाउँका थिए । देशमा गणतन्त्र स्थापनापछि त छिमेकी मात्र होइनन् उनको र मेरो गाउँपालिकासमेत एउटै भएको छ । हाम्रो गाउँपालिका एउटैभन्दा पनि भीमसेन थापा मेरो मावलीहरूको त साँधसँधियार नै हुन् । मेरो मावली र भीमसेन थापाको घर भएको ठाउँ गोरखाको बोर्लाङ हो भन्दा मलाई कम्ती खुशी लाग्दैन । नेपालका पूर्व प्रधानमन्त्रीहरू किर्तीनिधि विष्टको पुर्ख्यौली घर गोरखा थियो ।

यस्तै अर्का पूर्व प्रधानमन्त्री सन्त नेता किसुनजीका पुर्खा पनि गोरखाकै थिए । पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईको घर गोरखा हो । अझै शारीरिक कद होचो तर साहित्यिक र बौद्धिक उचाइ मनासलु हिमालभन्दा अग्लो भएका कुशल राजनीतिज्ञ राजेश्वर देवकोटाको नाम लिँदा मेरो मन खुशीले गद्गद हुन्छ । बेलायती सेनामा उच्च सम्मानका साथ भिक्टोरिया क्रस विजेता गजे घले पनि मेरो छिमेकी गाउँका हुन् । तत्कालीन शाह वंशीय गोरखाली राजाका कुलगुरु कुलानन्द ढकाल त मेरो मावली खलकका पुर्खा नै हुन् । नेपालका प्रथम शहीद लखन थापा हाम्रो गोरखाका गौरव हुन् । गोरखाका साहित्यकार एवं कथाकार पूर्णप्रसाद ब्राह्मणका कथाले मन नछुने पाठक सायदै कोही छैन होला । यी र यस्तै अनेकौँ नाम छन्, जसको नाम लिँदा पनि गोरखालीहरूको छाती गर्वले फुल्ने गर्छ ।

यो वास्तविकता हो, जन्मिएर खेतीपाती गर्दै परिवारको भरणपोषण गर्दागर्दै इहलीला समाप्त गर्नेहरूलाई इतिहासले सम्झँदैन । सम्झने भए यसरी गौरव गर्न लायक गोरखालीहरूको सूची निकै लामो हुन सक्थ्यो । किनकि गोरखालीहरू बहादुर र शुरवीर थिए । इमानदार र न्यायप्रेमी थिए । गोरखाको उर्वर माटोमा पसिना सिँचेर गोरखाका डाँडाकाँडा र भीरपाखामा सुगन्धित फूल फुलाउनेहरू गोरखामा अनगिन्ती जन्मिए । जन्मिने सबैको इतिहास बन्दैन । इतिहासमा नाम लेखाउन कि त कुनै अभूतपूर्व कार्य गर्नुपर्छ कि

आम मान्छेको मनमस्तिष्कमा बस्न सक्नुपर्छ । अन्यथा सबैले महत्त्वपूर्ण ठान्ने गरेको राजनीतिको उच्च ओहोदासम्म पुग्न सक्नुपर्छ । इतिहासले यिनै नामलाई स्वर्णाक्षरले अङ्कित गरेर राख्ने गरेको छ । यो तिनै नामहरूको सूची हो । उल्लेखित नामहरूको सूचीलाई सानो सूची मान्न सकिँदैन त्यसैले पनि मेरो जन्मभूमि गोरखाले यो सूची बनाउनु चानचुने कुरा हुँदै होइन । आशा गरौँ, कुनै कालखण्डमा अझै केही नामहरू इतिहासमा थप दर्ज हुनेछ र गोरखाको गौरव बृद्धि गर्ने सिलसिलामा पुनः केही थान इँटा अवश्य पनि थप हुनेछन् ।

देशले गौरव गर्न लायक केही ख्यातिप्राप्त व्यक्तित्वहरूसँग प्रत्यक्ष रूपमा नाम जोडिएको गोरखा प्रख्यात र ऐतिहासिक भूमि हो । नेपाल राज्यको निर्माणमा गोरखा र पृथ्वीनारायण शाहको योगदानका बारेमा विशेष रूपले वर्णन गरिरहनु पर्लाजस्तो लाग्दैन । सबैले प्रस्टसँग बुझेकै कुरा हो । त्यसैले गोरखा वर्तमान सिङ्गो नेपालको अर्ग्यानिक बीज हो । जसका कारण नेपाल नामको विशाल वटवृक्षको शीतल छहारीमा करौडौँ नेपालीहरूले आश्रय लिइरहेका छन् । मेरो शरीरको उचाइ, शब्दभण्डार, बोल्ने तौरतरिका, जीवनशैली, रूपरङ्ग र अनुहार जति पनि छन्, सबै तान्द्राङमा विकसित भएका हुन् । यसपछि मैले थप प्राप्त गरेको त केवल बाँकी उमेर र शारीरिक जीर्णता मात्र हो ।

छरछिमेक, गाउँघर, नाता, कुटुम्ब, समाज र देश भनेको के हो ? यी सबै प्रश्नको उत्तरलगायतका यावत् कुराहरू पहिलोपल्ट मलाई गोरखाको तान्द्राङले सिकाइदिएको हो । मैले सबैभन्दा पहिले बोटबिरुवा, धर्ती, धर्तीको माटो र ढुङ्गा देखेको त्यही पवित्र भूमिमा हो । मैले जीवनमा पहिलो पटक चन्द्र, सूर्य, तारा र आकाश देखेको तान्द्राङमा हो । मैले खोलानाला, नदी र तालतलैयाको बारेमा विस्तृत जानकारी पाएको पनि तान्द्राङमा हो । यी सम्पूर्ण विषयमा मैले अन्यत्र गएर बुझ्नु र सिक्नुपरेन । धर्म, संस्कार, कुल परम्परा, र पूर्वीय दर्शनका विषयमा थोरै मात्र भए पनि जानकारी पाएको पनि त्यहीँ हो । त्यसैले तान्द्राङलाई कुल गुरु सम्झने गरेको छु । मलाई लाग्छ, कापीका पन्नामा अक्षर चिन्नेहरू र जन्मभूमिको माटोमा अक्षर चिन्नेहरूबीच निकै ठूलो अन्तर हुने रहेछ । किनभने धुलौटोमा पोखिएको माटो कोरेर अक्षर चिन्नेहरू आज पनि गाउँमै छन् । कपीका पन्नामा अक्षर चिन्नेहरू जहाज चढेर लाहुर गए ।

जन्मभूमिको विषयमा अनगिन्ती कविताहरू लेखिएका छन्, चलचित्रहरू बनेका छन् र अविस्मरणीय महाकाव्यहरू लेखिएका छन् । यसरी प्रस्तुत गरिएका भावनाहरूमा देखावटीपन पटक्कै हुँदैन । यस्ता सामग्रीहरूमा मान्छेको अन्तरात्मा बोलिरहेको हुन्छ । मेरो यो सम्झना म सचेत रहँदा मात्र होइन, हरेक रात निन्द्रामा देख्ने गरेका सपनीमा समेत तान्द्राङ र गोरखाकै सेरोफेरोमा घुमिरहेको पाउँछु । गोरखासँग बात मारिरहेको हुन्छु । तान्द्राङलाई देखिरहेको हुन्छु । जन्मभूमिबारे दुईचार अक्षर लेखेर माया बाँड्दा पनि मलाई देशभक्ति र जन्मभूमिप्रतिको भावना बलियो भएजस्तो लाग्छ । एउटै धर्तीमा जन्मेका र हुर्केका मानिसहरू एउटै समाजमा एकताबद्ध भएर जन्मभूमिको मायालाई हृदयमा जीवित राख्न सक्नुपर्छ । जन्म भूमिप्रतिको मान्छेको चाहना र त्यससँग पुनः मिलन हुने इच्छा व्यक्त गरिएका गीतका शब्दहरू निकै प्रभावशाली हुन्छन् । धराको उर्वर र सुगन्धित माटोलाई तपाईँ हामी सामान्य मान्छेले अन्य मूल्यवान् वस्तु के नै पो दिन सकिन्छ र ? लाग्छ, यहाँका जति पनि भौतिक वस्तुहरू छन्, ती सबै यही धराका सम्पत्ति हुन् । हामीले त यस भूमिलाई मात्र माया, स्नेह र सम्झना गरिदिए पुग्छ, सम्मान गरिदिए पुग्छ, इज्जत गरिदिए पुग्छ । गोरखा बजार अर्थात् पोखरीथोक बजारबाट लगभग सात कोष पूर्वोत्तर केही उकालो र ओरालो पार गर्दै छ-सात सात घण्टाको यात्रापछि पुगिने तान्द्राङ गाउँमा अचेल भने डेढ दुई घण्टामा नै पुग्न सकिने भएको छ । पक्की मोटरबाटो बनेपछि सायद अहिलेको पुस्ताले गोरखा दरबार हुँदै पँदेलथोक, पिपलथोक, आहाले भञ्ज्याङ, ताप्ले, बगुवाको डाँडाबाट खान्चोक बजार निस्किएर कुवा भञ्ज्याङ हुँदै ताराखसे र जोगीगाडे हुँदै तान्द्राङ मझिन्थोक पुगिने दक्षिणपश्चिमको पैदल यात्रा गर्ने मूलबाटो बिर्सिसकेको हुनुपर्छ । किनकि गोरखा-आरुघाट जोड्ने पक्की मोटरबाटो तान्द्राङको उत्तर दिशास्थित आरूपाखा हुँदै गएको छ ।

संसारमा कैयौँ परिवर्तनहरू भइरहन्छन् । यिनैमध्येको एउटा महत्त्वपूर्ण परिवर्तन हो यो । हामीले केही वर्षअघिसम्म हाम्रा पुर्खाको पदचाप पछ्याउँदै त्यही बाटोबाट यात्रा गर्ने गरेका थियौँ । परिवर्तनको स्वाद अहिले मेरो जन्मभूमि तान्द्राङले मजैसँग लिएको छ । उहिले बा, काकाहरूले सल्लाको दियालो बालेर अक्षर चिन्दा हामीले टुकी र लालटिन बाल्यौँ । वर्तमानमा तान्द्राङका बालबालिकाहरू बिजुली बत्तीको उज्यालो प्रकाशमा अक्षरका दाना

केलाइरहेका छन् । हामीले डोकोमा खेपेर पानी खायौँ, अहिले तान्द्राङका हरेक घरका आँगनमा पानीका धारा गाडिएका छन् । खुशी लाग्छ, मेरो जन्मभूमि, जुग जमानासँग कुनै दिन पनि पछि परेको छैन । आफ्नै चालमा बामे सरिरहेको छ, जसरी समय आफ्नै रफ्तारमा बगिरहेको हुन्छ ।

यही क्रममा केही वर्षअघिसम्म पोखरीथोक बजारका नामले चर्चित गोरखा सदरमुकामलाई कसैले र कतैतिर पनि पोखरीथोक भनेको सुनिँदैन । पोखरीथोक मात्र होइन, मेरो जन्मभूमि तान्द्राङको औपचारिक पहिचान पनि बिस्तारै हराउँदै जाने क्रममा छ । तान्द्राङ गाउँ पञ्चायत, तान्द्राङ गा.वि.स. हुँदासम्म अस्तित्वमा रहिरहेको तान्द्राङ अचेल भीमसेन थापा गाउँपालिका बनेपछि उहिलेजस्तो सरकारी अड्डाका ढड्डाहरूमा तान्द्राङ पाइन र लेख्न छोडिएको छ । तान्द्राङ बिस्तारै इतिहास बन्ने क्रममा छ । केही वर्षपछि एउटा साँच्चिकै इतिहास मात्र रहन सक्छ । हामी त्यही इतिहासभित्रको एउटा अदृश्य पात्र बनिरहेका हुनेछौँ । धन्न अझैसम्म केही व्यक्तिहरूमा तान्द्राङ पहिचान गर्न सक्ने आँखाहरू अझै शक्तिशाली छन् । आशा छ तान्द्राङको नाम हराए पनि 'तान्द्राङ गाम' हराउने छैन । भन्नेले त नाममा केही छैन भनिदेलान्, मलाई लाग्छ - तान्द्राङ नाममा के छैन ? माया छ, सम्झना छ, विश्वास पनि छ र सबैभन्दा महत्त्वपूर्ण कुरा तान्द्राङ नामसँग मेरो जीवनका पुराना यादहरू छन् ।

रहर र बाल्यकाल

शरीर अहिले जस्तै थियो, नाक, कान, आँखा, मुख, हात, खुट्टा त्यसबेला पनि थिए । आन्तरिक अङ्गहरू सबै थिए । त्यसबेला पनि मन थियो । खुशी हुने, चित्त दुख्ने, रुने, हाँस्ने सबै गरिन्थ्यो । त्यसबेला बाले एउटा खद्दरको नयाँ कमिज किनेर ल्याइदिए पनि मन फुरुङ्ग हुन्थ्यो । त्यही एउटा कमिजमा अथाह खुशी लुकेको हुन्थ्यो । ती सबै अङ्गहरू अहिले पनि यथावत् छन् । एउटा नयाँ कमिज पाउँदा खुशी हुने मन अहिले कमिज कारखाना पाए पनि खुशी हुँदैन । के मान्छेको उमेर बढ्दै जाँदा, उसको मन साँघुरो हुँदै जान्छ ? होइन भने किन मान्छेमा असन्तुष्टि बढ्दै जान्छ ? त्यसैले लाग्छ, बाल्यकाल सधैँ बाल्यकाल रहिरहने हो भने कति जाती हुन्थ्यो तर के गर्नु भौतिक विकासजस्तै मानव शरीरको विकासको गति पनि आाफ्नै रफ्तारमा अगाडि बढिरहेको हुन्छ । यसै क्रममा शिशुको उमेर पनि सँगसँगै बढिरहन्छ । म मात्र त्यसको अपवाद हुने कुरा भएन । कुनै बेला मैले पनि त्यो अत्यन्त सुन्दर बाल्यावस्थालाई चटक्क छोड्नुपर्‍यो ।

बाल्यकालमा पाएको असीमित खुशी जीवनको कुनै पनि उमेरमा पाउन सकिँदैन । मलाई लाग्छ, अहिलेजस्तै बाल्यकालका कुनै पनि दिन नक्कली हाँसो हाँसेको सम्झना छैन । अहिले म लगभग हरेक दिन नक्कली हाँसो हाँसिरहेको हुन्छु । कहिलेकाहीँ मैले चाहेर पनि नहाँसी रहन सक्दिन । बाल्यावस्थामा दायित्वको बोझले थिचिएर उकुसमुकुस हुनुपरेको सम्झना पनि छैन । त्यसबेला मागेको वस्तु सहजै उपलब्ध हुन्थ्यो । पाएको वस्तु अमृत सम्झिएर खाइन्थ्यो । खुला आकाशमा चरा उडेझैँ उड्नुको बेग्लै मज्जा हुन्थ्यो । साथीहरूसँग डण्डीबियो र कबर्दी खेलमा विजयी बन्दा अहिले क्रिकेट विश्वकपमा विजयी टीमको भन्दा बढी खुशी प्राप्त हुन्थ्यो । उमेरसँगै मनका इच्छाहरू पनि परिवर्तन हुँदै गए । पढ्नुपर्ने, बढ्नुपर्ने, अह्राएको मानिदिनुपर्ने,

घरको उपलब्धता हेरेर भोजन गरिदिनुपर्ने, तोकिएको पोसाक लगाइदिनुपर्ने, बाबुआमा र घरपरिवारको बुहारी भित्र्याउने रहर पूरा गरिदिन बिहे गरिदिनुपर्ने, सन्तान जन्माइदिनुपर्ने र घरको जिम्मेवारी वहन गर्नुपर्ने, मन खुशी नभए पनि खुशी भएको अभिनय गर्नुपर्ने जस्ता कार्यबोझहरू एकपछि अर्को गरेर थपिँदै गएका छन् ।

बिस्तारै गृहस्थ नामको साङ्लो र सामाजिक दाम्लोमा बाँधिएर हिँड्नुपरेको छ । त्यो पनि साङ्ला र दाम्लाहरू ठिक यसैदिन बाँधिएका हुन् भन्ने जानकारी नहुने गरी । साङ्ला कसले बाँधिदियो, किन बाँधिदियो र कसरी बाँधिदियो भन्ने पनि हेक्का छैन । तर मजस्तै सबै मान्छेहरू यसरी नै बाँधिने रहेछन् भन्ने वास्तविकता भने थाहा भएको छ । त्यो पनि जीवनको उत्तरार्धमा आएपछि । यसरी गोरु बाँधिएझैँ बाधिनुभन्दा बरु नाकबाट सिँगान चुहाउँदै, टाउकोभरि धुलैधुलो बोकेर, कपालमा लिखा टल्काउँदै, काफलको रुख, अम्बाको रुख र ऐँसेलुको झाँगमा पाखुरा कोतर्दै हिँड्नुको मजा बेग्लै हुन्थ्यो । न कसैले अम्बा टिपिरहँदा आँखा तर्थ्यो, न ऐँसेलु र काफल चोरेको अभियोगमा समाउँथ्यो, जीवन साँच्चै स्वच्छन्द र स्वतन्त्र थियो । रिस, डाह र ईर्ष्या गर्ने मान्छे पनि हुँदैन थियो । साथीसँग बिहानभरि चिथराचिथर गर्‍यो, भुत्ल्यायो, कुटाकुट गर्‍यो तर दिउँसो एउटै थालमा मकै र भटमास नखाए चित्त बुझ्दैन थियो । अहिलेजस्तो रिस, ईर्ष्या पालेर राखिँदैन थियो, तत्काल विसर्जन गर्न सकिन्थ्यो ।

त्यसबेला खाना खान निश्चित समय चाँहिदैन थियो । जतिखेर मन लाग्यो, जे खान मन लाग्यो उत्तिखेरै उपलब्ध हुन्थ्यो । लगाउने कपडामा कुनै पनि प्रकारको प्रतिबन्ध थिएन । दाजुको कपडा लगाए पनि, दिदीको कपडा लगाए पनि कसैको हप्काइ र दप्काइ खानुपर्दैन थियो । न दिदीले गाली गर्थिन् न त दाजुले । घरभित्र तोडफोड गरे पनि सजाएँ पाएको सम्झना छैन । अनेकौँ बिठ्याइँ गर्दा पनि कसैले कार्बाही गर्न नसक्ने क्या गजबको उमेर रहेछ बाल्यकाल ! फेरि मान्छेहरूले भन्न सक्छन् “कहाँको हुतिहारा नामर्द, रहेछ । जीवनका सामान्य चुनौतीहरूको सामना गर्न नसकेर बाल्यकालमा फर्कने कुरा गर्न लाज लाग्दैन ?” हो पटक्कै लाज लाग्दैन, त्यसैले त मिलेछ भने बाल्यकालमा एकपटक पुनः पुगौँजस्तो लाग्छ । कुरो रह्‍यो मिल्ने र नमिल्नेको । यो मान्छेको हातमा त के कुरा सायद भगवानको हातमा पनि छैन, भगवानले आँटे भने अन्य कुरा जे पनि हुनसक्छ तर प्रौढावस्थामा पुगेको

मान्छेलाई बाल्यकालमा फर्काएको आजसम्म सुनेको छैन र फर्काउन सक्ने सम्भावना पनि म देख्दिन ।

सानो उमेरमा शिशु केही बोल्न सक्दैन यद्यपि यो उमेरमा उसमा सिक्ने इच्छा सर्वाधिक हुने गर्छ । उसको सामुन्ने जुन वस्तु देखिन्छ, उसले आफ्नै ढङ्गबाट त्यसलाई ग्रहण गर्छ । उसले देखेका सबै प्रकारका घटनाको छाप बालमस्तिष्कमा स्थायी रूपले अङ्कित हुने गर्छ । यसै कारण यस्तो बेलाको सूचनाको असर उसको मन मस्तिष्कमा आजीवन रहिरहन्छ । मैले बाल्यकालमा रेल बनाएको थिएँ । बस, जहाज, डुङ्गा बनाएको थिएँ । खोयाको घर त कति बनाइयो कति, हरेक कुराको नक्कल गर्न अक्कल आउँथ्यो । तर आज तिनै कुराको निर्माण आरम्भ गर्ने हो भने मान्छेले पागल भनिदिन सक्छन् ।

यिनै कारणले अधिकांश मान्छेको बाँकी जीवन र व्यवहारलाई प्रभावित गरिरहेको हुन्छ । मेरो धेरैजसो आनीबानीहरू बाल्यकालमा विकसित भएर आजसम्म र त्यो पनि अटुट अवस्थामा आएका छन् । मैले राम्रा बानीलाई यथावत राखेर नराम्रा बानी त्याग्ने अनेकौँ प्रयास नगरेको होइन । तर यो अत्यन्त कठिन कार्य साबित भयो । त्यसैले मान्छेको बाल्यकाल जीवनको सबभन्दा महत्त्वपूर्ण अवस्था हो । हरेक मान्छेलाई यस कुराको जानकारी त्यसबेला हुँदैन, जब समय बितिसकेको हुन्छ, यसको रहस्य बुझिने रहेछ । ध्यान दिएर हेर्ने हो भने भर्खर जन्मिएको शिशुमा रहेको उसको सोझोपन, निर्दोषपन र इमान्दारी, उसको कलिलो अनुहारमा स्पष्टसँग देख्न सकिन्छ । त्यही कारण कुनै पनि बच्चा देख्नासाथ सबैलाई माया लाग्छ, प्यारो लाग्छ । उसको मनमा कुनै पनि प्रकारको आग्रह पूर्वाग्रह हुँदैन । उसको मुहारमा बाह्य संसारसँग मुक्त आभा झल्किएको देखिन्छ । अहिले त दिव्य दश हजार वर्ष तपस्या गरे पनि यी कुनै पनि कुराहरू हतपत पाइँदैन । त्यसैले अहिले एकाएक आफ्नो बाल्यकालमा पुग्न सक्ने हो र मिल्ने हो भने को जान चाँहदैन थियो होला,

बच्चाको वात्सल्य मातृप्रेमबाट सुरुवात हुन्छ । एउटा बच्चाले संसारमा सबैभन्दा पहिले चिन्ने भनेको उसकी आमालाई हो । उसको स्याहारसुसारदेखि उसको दैनिक आवश्यकता उसकी आमाले पूरा गरिदिनुपर्छ । उसले सबैभन्दा धेरै समय पनि आमासँग नै बिताइरहेको हुन्छ । त्यसैले उसले सबैभन्दा नजिक आफ्नो आमालाई ठान्ने गर्छ । उनै आमा उसको जीवनको मार्गदर्शक हुन्छिन् । आँखामा आँखा मिलाएर कुरा गर्नु, मुस्कुराहटको उत्तर मुस्कुराहटबाट दिनु,

बोलाउँदा काखमा आउनु, उनले शिरमा सुम्सुम्याएपछि मात्र निदाउनु, यी सबै बच्चाका सुरुआती कक्षा हुन् । यी सबै शिक्षा आमाले जानअनजानमा बच्चालाई दिइरहेकी हुन्छिन् । कुरै गर्ने हो भने यो भन्दा आध्यत्मिक र वैज्ञानिक शिक्षा कुनै पनि छैन । यसपछिको चरणमा भोक लाग्दा रुनु, काख खोजेर च्याँट्ठिनुजस्ता क्रियाकलापहरू बच्चाहरूले सिक्ने गर्छन् । बिस्तारै उसले तातो वस्तु छुनुहुँदैन भन्ने सिक्छ, धारिलो वस्तुसँग दूरी बनाउन सिक्छ । क्रमसः सामान राख्ने र झिक्ने तरिका सिक्छ । बिस्तारै उसले चिसो र तातो पानीले नुहाउँदाको फरक बुझ्न थाल्छ । दिशा-पिसाब फोहोर वस्तु हो भने बुझ्न थाल्छ । केही महिनासम्म अघि उस्तै स्वादको लाग्ने नुन र चिनीको स्वादमा आकाश र जमिनको अन्तर फेला पार्छ ।

यसभन्दा अघिल्लो चरणमा उसले आफ्नो र पराइ छुट्याउन सक्ने क्षमताको विकास गर्छ । आफ्नो आवश्यकताहरूको माग गर्न थाल्छ । क्रमैसँग उसले निश्चित वस्तुहरूमा हक जमाउन सिक्छ, आफ्नो सामान जतन गरेर राख्न, सामान्य किसिमका र हल्का काममा सहयोग दिन थाल्छ ।

यसरी नै हरेक बच्चाहरूको जीवन चलिरहेको हुन्छ । अनेकौँ दैनिक घटनाहरू घटिरहेका हुन्छन् । हरेक व्यक्तिसँग प्रत्यक्ष रूपमा घट्ने घटनासँग न त बच्चाले अत्यन्त विश्वास गर्ने गरेको आमा र बाबुले नै ठोस समाधान निकाल्न सक्छन्, न उनीहरू आफैँ जोगिन सक्छन्, यसपछि बच्चाले जीवनमा एउटा महत्त्वपूर्ण पाठ सिक्छ । सबै प्रकारका घटना दुर्घटनामा उसका बाबुआमा एकदमै निरीह साबित हुन्छन् । उसले आमाबाबु माथि गर्ने गरेको आशा, विश्वास र भरोसामा पहिलोपटक पहिरो जान्छ । बिस्तारै उसले आमाबाबुलाई पूर्ण रूपमा भरोसा गर्न छोड्छ । उसलाई लाग्छ, सबभन्दा शक्तिशाली त बाबुआमा होइन रहेछन् । सबैभन्दा महत्त्वपूर्ण शक्ति भनेको दैवीय घटना, दुर्घटना र रोगव्याधि हुने रहेछन् । संसारमा स्वतन्त्र भनेको केवल घटनाहरू मात्र हुन् । यी जतिखेर मन लाग्यो त्यतिखेर र जहाँ मन लाग्यो त्यहाँ टुप्लुक्क देखापर्छन् । मान्छे त कसैको बन्धनमा बाँधिएको हुन्छ ।

जब बच्चामा यस प्रकारको मनोभाव पैदा हुन्छ, उसले घटनाहरूबाट कसरी बाँच्ने भन्ने कुरा मात्र सोच्न थाल्छ । यस प्रकारको चिन्ताले बालमस्तिष्कमा कस्तो प्रभाव पार्छ, सहजै अनुमान गर्न सकिन्छ । अब ऊ बिस्तारै काँतर प्रवृत्तिको देखिन थाल्छ । समाजमा घट्न सक्ने विभिन्न प्रकारका सम्भावित घटनाहरूमा मात्र उसको ध्यान केन्द्रित हुन्छ । यसले उसमा उचित ढङ्गबाट

हुनुपर्ने मानसिक विकास हुन सक्दैन । ऊ मन्दबुद्धिको देखिन थाल्छ । अन्तमा होनहार लक्षणसाथ जन्मिएको एउटा बालकको भविष्य सोचेजस्तो हुँदैन । उसको दुःखान्त जीवनकथा आरम्भ हुन्छ । उसमा न निर्दोषपन न सोझोपन नै बाँकी रहन्छ, न ऊ होनहार नै रहिरहन सक्छ, होनहार बाँकी रहने भनेको त निकै कम बच्चाहरू हुन् जसलाई उचित वातावरण दिएर हुर्काउने गरिन्छ । जब ऊ बिस्तारै ठूलो हुँदै जान्छ, उमेरको बृद्धिसँगै ऊ सांसारिक उल्झनमा फस्दै जान्छ । उसमा देखिने सोझोपन र निर्दोषपन क्रमशः धमिलो हुँदै जान्छ र एक दिन पूर्ण रूपले मेटिएर जान्छ । उसका आसपासका व्यक्तिहरू, आफन्त, इष्टमित्र र परिवारका सदस्यहरूलगायत सबैले उसको मानसिक पवित्रतालाई भङ्ग गरिदिन्छन् । बिस्तारै ऊभित्र सामजिक चतुर्‍याइँ र फट्याइँ स्थापित हुन थाल्छ ।

जब उसले आफ्नो बाल्यकालको उमेर बिसाइ सकेको हुन्छ, ऊ सांसारिक जालझेल र तिकडमसँग नजिक हुन्छ । झुटो बोल्ने, चोरीचकारी गर्ने, लुट्ने ठग्ने विषयमा पढाइने गरेको र समाजले सञ्चालन गरेको अनौपचारिक कक्षामा पुग्छ । जहाँ ऊजस्तै अनगिन्ती विद्यार्थीहरू साथमा हुन्छन् । उसले त्यहाँ लगभग नब्बे प्रतिशत खराब कुराहरू मात्र सिक्छ भने बाँकी दश प्रतिशत मात्र असल कुरा सिक्ने अवसर प्राप्त गर्छ । किनकि हाम्रो सामजिक बनावट नै यस प्रकारको छ । अर्कालाई गाली गर्ने, अर्काको ईर्ष्या गर्ने, कसैलाई उडाउने, व्यक्तिको अनुपस्थितिमा कुरा काट्नेजस्ता विषयहरू उसले समाजको सोही कक्षाबाट सिकिरहेको हुन्छ । बाल्यकालमा सबैको प्रिय बनेको त्यही व्यक्ति वर्तमान अवस्थासम्म आइपुग्दा अनगिन्ती मान्छेको अप्रिय बनिसकेको हुन्छ । उसलाई ईर्ष्या, रिस र डाहा गर्नेहरू यत्रतत्र भेटिने मात्र होइनन् उसको नजरमा पनि आँखाका कसिङ्गरहरू धेरै जना बनिसकेका हुन्छन् । यदि बाटो फेला पर्‍यो र बाल्यकालमा पुग्न सहज हुन्छ भने विचार गर्नैपर्ने हुन्छ । किनकि समय छिप्पिने क्रममा पुनः बाल्यकाल छोड्नुपर्छ र एक दिन पुनः यही लोभी पापी उमेरमा आइपुग्नुपर्छ ।

वृद्धावस्था ईश्वरको वरदान हो

समयको परिवर्तनसँगै अचेल अधिकांश वृद्धवृद्धाहरू घरको चौघेरामा झोत्राइरहेका भेटिन थालेका छन् । केही साल अघिसम्म यदाकदा बाहेक यो दृश्य खासै देखिँदैन थियो । वर्तमान अवस्थामा सबै यसरी झोत्राउनुपर्ने कारण भने एउटा मात्र छैन, अनगिन्ती छन् । अनौठो कुरा, प्रायः यस्ता दृश्यहरू हामीले आफ्ना घरपरिवारमा देख्दैनौँ अर्काको घर परिवारमा मात्र देख्ने गरेका छौँ । अचेल म पनि यसरी नै हरेक क्षण झोत्राइरहने गरेको छु । सबैका जस्ता मेरा सन्तानले पनि मुलुक छोडेर उज्ज्वल भविष्यको खोजीमा निस्किएको निकै समय भइसकेको छ । बाँकी सन्तानले चिन्दैनन् भन्न त मिल्दैन, मजाले चिन्छन् । तर तिनले घरव्यवहार र परिवारको बोझले आमाबाबुलाई हेर्न र उनीहरूसँग कुरा गर्न त्यति फुर्सद निकाल्न सक्दैनन् । यो सन्तानको बाध्यता हो ।

उमेर बढ्दै जाने क्रममा अधिकांश मान्छेको जस्तै मेरो पनि सहने शक्ति घट्दै गएको छ । वृद्धावस्थामा देखिने गरेका शारीरिक र मानसिक समस्याहरू मभित्र पनि बिस्तारै देखापर्न थालेका छन् । उमेरमा भन्दा अचेल मलाई धेरै चित्त दुख्ने गरेको छ । सायद अधिकांश वृद्धवृद्धाहरूलाई पनि यस्तै भएको हुनुपर्छ । हजुरबा पुस्तालाई बा र काकाहरूले ध्यान दिएजस्तो हाम्रो पुस्ताले बाआमालाई त्यति ध्यान दिन नसकेकै हो, यो यथार्थ भने हाम्रो पुस्ताले स्वीकार गर्नुपर्छ । बिस्तारै यो प्रचलन बढ्दै जाने क्रममा हाम्रा छोरा पुस्ताले पनि हामीलाई हेर्न त्यति नभ्याएको हुनुपर्छ । मानिसहरूले भन्छन्, बुढेसकालमा जीवनको आनन्द लिन जान्नुपर्छ । बुढेसकालमा मुस्कुराउन सक्ने व्यक्तिलाई बुद्धिमान व्यक्ति भनिन्छ । तर दुर्भाग्यको कुरा, जीवनको आनन्द लिने र सधैँ मुस्कुराउने अवसर हतपती सबैलाई प्राप्त हुँदैन । मुस्कुराउन र आनन्द लिन खुशी हुन सक्नुपर्छ, जब त्यो खुशी नै आउँदैन भने कसरी मुस्कुराउन सकिन्छ ? कसरी आनन्द लिन सकिन्छ ? मूल प्रश्न यहीँनेर छ ।

गजबको कुरा, बुढेसकालको सोचाइ डरलाग्दो हुन्छ । डरलाग्दो यसकारण हुन्छ, मान्छेले युवावस्थालाई त्यागी सकेको हुन्छ । वृद्धावस्थामा

शरीरमा बल घट्दै जान्छ । घरपरिवारका सदस्यहरूले समेत वृद्धवृद्धाहरूलाई उपयोगविहीन वस्तुमा गणना गर्न थाल्छन्, यसको छनक बिस्तारै पाइन्छ । यसैले हुनुपर्छ, वृद्धावस्था लागेपछि हरेक क्षण मृत्युले ढोका ढकढक्याइ रहेको जस्तो लाग्छ । आफूले हाड घोटेर जोडेको सम्पत्तिमा अन्य कसैले हक जमाउँदै गरेको देखिन्छ । तर यसरी कसैले हक नजमाउने हो भने हाम्रो परम्परा र सामाजिक संरचना खल्बलिने सम्भावना हुन्छ, सायद ध्वस्त पनि हुनसक्छ । त्यसैले यसलाई अस्वाभाविक मान्नु हुँदैन । मानवजीवनमा पुस्ता हस्तान्तरण नियमित र अनिवार्य शर्त हो । हामी अलमलिएको चाहिँ कहाँनिर हो भने पुस्ता हस्तान्तरण प्रक्रियालाई हामीले सामान्य घटना मान्न सकिरहेका हुँदैनौँ । पुस्ता हस्तान्तरण प्रक्रियालाई सामान्य घटना सम्झनुपर्छ । जायजेथा बुझाउने र बुझिलिने दुवै पक्षले यसलाई सामान्य घट्ना मान्न सक्नुपर्छ । पुस्ता हस्तान्तरण बोली र वचनले मात्र हुँदैन । आफ्नो जिम्माको जायजेथा र आफ्नो जीवनभरिको जति भएको कमाइ पनि साथै सुम्पिनुपर्ने हुन्छ । यसरी सम्पत्ति हस्तान्तरणपछि वृद्ध पुस्ताले संसारमा नभएको अनौठो काम गरेँ भन्ने सोच राख्नु हुँदैन । किनभने हामीसँग उपलब्ध भएको सम्पत्ति हामीलाई पनि कसैले सुम्पेको हो र हामीले पनि कसैलाई सुम्पिदा केही अनौठो भएको छैन ।

आफ्नो पोल्टाको सम्पत्ति र जायजेथा सुम्पिने काम वृद्धावस्थामा सबैले गर्छन् । यसरी सम्पत्ति हस्तान्तरण गर्दा नोक्सान मात्र हुँदैन फाइदा पनि हुन्छ । जब आफ्नो जिम्मामा सम्पत्तिविनाको बुढो शरीर मात्र बाँकी रहन्छ, सबैथरीका चिन्ताबाट मुक्त हुन पाइन्छ । अनेकथरी झिनामसिना विषयमा चिन्ता लिइरहनु पर्दैन । गृहस्थ धान्ने र घरको प्रबन्ध मिलाउने जिम्माबाट मुक्त हुन जिउ मात्र होइन, मन पनि हलुका हुनु जरूरी छ । अब घर सञ्चालन गर्दा नपुग हुने आर्थिक खर्चको चिन्ता तपाईँले कहिले पनि नलिए हुन्छ । धान काट्न खेतालो पाइएन भन्दै सुस्केरा हालिरहनु पर्दैन । व्यापारमा डुबेको उधारोको चिन्ता लिने काम अबदेखि तपाईँ हाम्रो उत्तराधिकारीले गर्छ । किनकि पुस्ता हस्तान्तरण गर्दा सम्पत्ति मात्र होइन, तपाईँले सन्तानलाई सीप हस्तान्तरण गरिसक्नु भएको हुन्छ । समाज हस्तान्तरण गरिसक्नु भएको हुन्छ । यति मात्र होइन, दैनिक जीवनका महत्त्वपूर्ण जिम्मेवारीहरूसमेत तपाईँले छोरा पुस्तालाई हस्तान्तरण गरिसक्नु भएको हुनेछ । एकपटक हस्तान्तरण गरिसकेको वस्तुप्रति पुनः हक जमाउन र चिन्ता लिन सुहाउँदैन ।

अब भने एकाएक वृद्धवृद्धाहरूको भूमिकामा परिवर्तन आइसकेको हुन्छ । यसबेला वृद्धवृद्धाहरू घरको जिम्मेवार घरमूलीबाट घरको सम्मानित

सल्लाहकारमा रूपान्तरित भइसकेका हुनेछन् । सल्लाहकारको काम कसैले सल्लाह मागे उचित रायसल्लाह दिने र नमागे खुशी भएर आनन्दले रहने हो ।

होइन, यस्तो स्थितिमा घरको लथालिङ्ग अवस्था देख्दादेख्दै पनि घर सम्हाल्न नसक्ने हुनु र सक्ने भए पनि नपाइनुलाई भयङ्कर कष्ट पाएको सम्झनु हुँदैन । निकै वर्षसम्म आफू एक्लैले सम्हालिरहेको घरमा आज, दिनखोजेको एउटा सानो सल्लाह कसैले स्वीकार गर्दैन भने पनि चिन्ता लिनु पर्दैन । किनकि तपाईँभन्दा उनीहरू सक्षम भएको उनीहरूको सोचाइ हुन्छ । यस्तो अवस्थामा सल्लाह मागेनन् भने ढुक्क हुनुहोस् तपाईँभन्दा उनीहरू सक्षम भइसकेका छन् । सन्तान सक्षम हुँदा कुनै पनि मातापिताले चिन्ता गर्नु हुँदैन बरु खुशी हुनुपर्छ । पुस्ता हस्तान्तरणमा जिम्मेवारी लिनेले पनि के बुझ्नुपर्छ भने, हामीले कसैको दयामाया र विवेकका कारण पुर्ख्यौली सम्पत्ति पाएका हौँ । यदि हाम्रा बाबु बाजेले पुर्ख्यौली सम्पत्ति नजोगाइदिएको भए आज आफ्नो हातमा केही पनि पर्ने थिएन । त्यसैले हरेक सन्तानले मातापिता भनेका परमेश्वर हुन् भन्ने ठान्नुपर्छ र सोही अनुसारको व्यवहार गर्नसक्नुपर्छ । मातापिताको स्याहारसम्भार र मानसम्मान गर्नु हामी सबैको कर्तव्य हो भन्ने बुझ्नुपर्छ ।

सन्तानका नजरमा आफू निकम्मा साबित मानिए पनि, केही सालअघि आफूले अर्काको घरपरिवारमा भएको बेमेलसमेत अन्त्य गरिदिएको दृश्य आँखाअगाडि आउनसक्छ । आफूलाई समाजले विश्वास गरेको सम्झना आउन सक्छ । आफूलाई भने घरपरिवारबाट तिरस्कृत हुनुपर्ने अन्य केही कारण भएजस्तो लाग्दैन । मात्र आफूमा आएको वृद्धावस्था नै त्यसको एक मात्र कारण बनिरहेको हुन्छ । यो यथार्थ वृद्ध वृद्धाहरूले पनि सहजै स्वीकार गर्नुपर्छ । वृद्धावस्थामा रोग, दुःखाइ, पीडा र वचनले बिस्तारै दिएको सानोतिनो थप्पड पनि कसैले गाला फुट्ने गरी दिएको चड्कनजस्तै लाग्छ । सक्रिय व्यावसायिक जीवनबाट अवकाश पाएको कारण मनमा रिक्तताको अनुभूति हुन्छ । विभिन्न माध्यमबाट उक्त रिक्तता भर्ने कोसिस गरिरहनुपर्छ । आध्यात्मिक चिन्तन, आध्यात्मिक अध्ययन, टेलिभिजन, मोबाइल, आफ्नो उमेरका साथीहरूसँगको भेटघाट, वरपरका मन्दिर, पार्क, चौर यसको लागि भरपर्दो विकल्प हुन सक्छन् । उल्लेख गरिएका यिनै भौतिक र प्राकृतिक वस्तुहरूसँग निर्धक्कसँग बात मार्न सकिन्छ । जब बात मार्ने साथी पाइन्छ, तिनैसँग मनमा गुम्सिएर बसेका कुरा पोख्न पाइन्छ, यसरी मनको बह पोख्ने ठाउँ पाउँदा मन हलुका हुन्छ ।

बुढेसकाल त्यस्तो अवस्था हो, जुन अवस्थामा हाड, छाला, दाँत, रौँ छिप्पिँदै गएको हुन्छ तर मन भने कलिलो हुँदै जान्छ । यसर्थ सानो ठक्करले पनि मनमा चसक्क चस्का दिने गर्छ । यस्ता ठक्कर एक जनाले मात्र होइन, अधिकांशले पाइरहेका हुन्छन्, चित्त बुझाउनुपर्छ । कहिलेकाहीँ सन्तान र परिवारका सदस्यको बोलीवचन मात्रले पनि पहरामा ठोकिएको कुहिनोलाई जस्तै झननन्न झन्का दिइरहन्छ । सम्झनुपर्छ, यस्ता झिनामसिना झन्काले केही पनि लछार्दैन । मान्छे जब साठी वर्षबाट उकालो लाग्छ, आँसु र हाँसो कतिखेर फुत्कन्छ स्वयं आफैलाई थाहा हुँदैन । यस्ता समस्याबाट छुटकारा पाउन बुढेसकालमा एउटा बानीको विकास गर्नुपर्ने हुन्छ । तिरस्कार, अपमान र हेला हुँदा रिसाउनुको सट्टा सकिन्छ हाँस्ने प्रयास गर्नुपर्छ अन्यथा बुढेसकालको बुद्धिको फाइदा उठाएर कुनै प्रतिक्रियाविहीन भएर बस्ने अभ्यास गर्नुपर्छ । यस्तो अभ्यासले, अपमान गर्नेले समेत सजायँ पाएको अनुभूति गर्न सकोस् आत्मग्लानि महसुस गरोस् ।

मलाई सम्झना आउँछ, सानो छँदा मलाई केही बुढापाकाहरूले निकै माया गर्थे । म उनीहरूसँग धेरै समय बिताउँथे । तिनीहरूको कुरा गर्ने शैली र तिनको मुहारमा देखिने शान्तिले मेरो आत्मविश्वास बढ्थ्यो । मलाई लाग्थ्यो युवा र प्रौढहरूको तुलनामा वृद्धवृद्धाहरूले जीवनलाई शान्तिपूर्वक हेर्ने गर्दछन्, उनीहरूले जीवनलाई राम्रोसँग बुझेका हुन्छन् । उनीहरू अधिकांश समय खेतबारी, पशुगोठ र बगैँचामा वा कुनै काममा संलग्न हुन्छन् मानौँ तिनीहरू ईश्वरसँग कुरा गर्न सक्छन्, माटो र प्रकृतिसँग कुरा गर्न सक्छन् । त्यसैले यी धेरै वर्षसम्म बाँचिरहेका होलान्, तिनीहरूबाट मात्र मैले माया पाइन, त्यसको बदलामा उनीहरूलाई मैले पनि माया दिने गरेको थिएँ । सायद मायाको उमेर हुँदैन, आकार पनि हुँदैन माया निराकार हुन्छ । मायाको निश्चित क्षेत्रफल पनि हुँदैन । जसले दिए पनि माया आखिर माया हो । प्राप्त माया शान्तिमा रूपान्तरित हुन्छ । यसैले वृद्धावस्थामा माया र सद्भाव आफूले मात्र खोजेर हुँदैन आफूले पनि अरूलाई दिने अभ्यास विकसित गर्नुपर्छ । यो सारा संसार स्वार्थमा अडेको छ । एकोहोरो प्राप्तिको कुरा कल्पनासम्म नगरे हुन्छ । भूतकाल बितिसकेको छ, जे भयो भयो । वर्तमान र भविष्य भन्ने कुरा, एक हातले दिने र अर्को हातले लिनेको मात्र सुरक्षित हुन्छ ।

विशेष गरी वृद्ध वृद्धाहरूसँग बालबालिका र किशोर किशोरीलाई सुनाउने नीतिकथा, उखानटुक्काहरू प्रशस्त हुन्छन् । जुन कथाले बालबालिका एवं किशोर किशोरीहरूलाई गहिरोसँग छुन सक्छ । सायद

त्यसैले होला, मैले त्यसताका बुढ्यौली भनेको व्यक्तिको सबैभन्दा सुन्दर र अर्थपूर्ण उमेर हो भन्ने विश्वास गरेको थिएँ, जुन विश्वास आफ्नो वृद्धावस्था नआउँदासम्म कायम थियो । जब आफू वृद्धावस्थामा पुगियो एकपटक मानेको सत्य बिस्तारै असत्य साबित बनिरहेको महसुस हुन थालेको छ । तर पनि युवा पुस्ताको मन जित्न यस्ता क्रियाकलापहरू निकै सहायक हुनसक्छन् । सधैँ अमिलो मुख बनाएर बस्ने वृद्धवृद्धालाई परिवारले मात्र होइन, समाजले पनि मन पराउँदैन । परिवारलाई आफूले दिन चाहेको र तिनले लिन नचाहेको सरसल्लाह र निर्देशन भरिसक्के दिन छोडिदिनुपर्छ । किनभने नमागेको सल्लाह कसैलाई पनि मन पर्दैन । उनीहरूले मागेको सल्लाह भने जसरी पनि दिने गर्नुपर्छ ।

जब म गाउँको निम्नमाध्यमिक विद्यालयबाट केही टाढा रहेको माध्यमिक विद्यालयमा पुगेको थिएँ, मैले आफूलाई एकाएक बूढो भएको कल्पना गर्न थालेँ । किनकि त्यहाँ मभन्दा कम उमेरका विद्यार्थीहरू प्रशस्त थिए । मसँग बाल्यकालको जस्तो रहर, जाँगर र उत्सुकता कम हुँदैँ गएको थियो । बिस्तारै मसँग थप बोझ र जिम्मेवारी थपिँदै गए । जब बुढो भइन्छ म पनि बौद्धिक व्यक्तित्त्व बनेर किशोर र युवायुवतीलाई यसरी नै कथा र कहानीहरू सुनाउछुजस्तो लाग्थ्यो । त्यसबेला जसरी मैले बुढाबुढीको मानसम्मान गरेको थिएँ, त्यसरी नै मेरो पनि मानसम्मान हुनेछ भन्ने आशा साँचिरहेको थिएँ । मेरो यो सोचाइमा केही शङ्का र आशङ्काहरू पनि थिए । पहिले जस्तै उत्सुकताको मात्रा घट्दै जान थालेको थियो ।

पहिलो कुरा बुढ्यौली उमेरको अनुभव गर्न पाइन्छ या पाइन्न ? यदि पाइने भयो भने मेरा कथा, कहानीहरू कसैले सुनिदिनेछन् वा छैनन्, मेरो मनमा यस प्रकारका शङ्का–उपशङ्काहरू क्रमशः बढ्दै जान थाल्यो । नभन्दै, आजभोलि वृद्धवृद्धाहरूका कथा, कहानी सुनिदिनेको अभाव भएको छ । एक्लै कथा, कहानी र उखानटुक्का भनौँ मान्छेले पागल भनिदिने डर हुन्छ । कसैलाई सुनाऊँ, सुन्ने नाति र नातिनी साथमा छैनन्, घरव्यवहारमा व्यस्त छोरा पुस्ताले कथा, कहानी सुन्ने फुर्सद छैन । अचेल धेरै वृद्धवृद्धाहरूले आफ्नो कथा, कहानीहरू केही सामाजिक सञ्जाललाई सुनाएर मन हलुका पार्ने गरेका छन् । यो डिजिटल प्रविधिको फाइदा तपाईँ हामीले पनि किन नलिने ? समयको परिवर्तनसँगै अब कथा सुनाउने पात्र परिवर्तन गर्नुपर्छ । यसरी सामाजिक सञ्जालमार्फत आफ्ना विचार प्रस्तुत गर्दा केही न केही मन हलुका हुन्छ ।

चिन्ता होइन, खुशी हुन सिक्नुपर्छ । गर्व गर्नुपर्छ, आफूले बुढ्यौली उमेरको स्वाद चाख्न पाएकोमा ईश्वरलाई पटकपटक धन्यवाद दिनुपर्छ । किनभने जन्मिनेहरू सबैले बुढ्यौली उमेरको स्वाद चाख्न नपाउन पनि सक्छन्। त्यसैले बुढ्यौली अवस्था पक्कै पनि भगवानको वरदान र आशीर्वाद हो । बुढ्यौली भनेको पहाड मात्र होइन सगरमाथा चढ्नु जस्तै हो । जब हामी पहाड चढ्न आरम्भ गर्छौं, हामीलाई थकाइ लाग्न सुरुहुन्छ । सास छोटो हुन्छ र सास फेर्न कठिनाइ हुन्छ । गौरव गर्नुपर्छ संसारमा रहेका अरबौँ मान्छेहरू सबैले सगरमाथा आरोहण गर्ने अवसर पाउँदैनन् । तर याद गर्नुपर्ने कुरा के हो भने यसबेला वृद्धवृद्धाहरूको दृष्टिकोण विस्तार हुँदै गएको महसुस हुन्छ । जसरी बुढेसकालको प्रातःकालीन भ्रमण गर्दा हुन्छ ।

जब म छरछिमेक, गाउँ घर र समस्त मुलुकको वातावरण र सामाजिक अवस्था हेर्छु, वृद्धावस्थालाई सकारात्मक लाग्ने दृश्य हतपती देख्न पाइँदैन, मानिसहरू बुढ्यौली उमेरदेखि डराउँछन्, तर्सिन्छन् । हालको विकसित प्रणालीले बुढ्यौली उमेरलाई निन्दा गरिरहेको प्रष्ट देख्न सकिन्छ । वृद्धवृद्धाहरूलाई हेर्ने दृष्टिकोण परिवार, समाज र राज्यको करिब एकै प्रकारको हुने गरेको छ । बुढाबुढी परिवारका बोझ मानिन्छन् समाज र राज्यले पनि राजनीतिबाहेक सबै क्षेत्रमा वृद्धवृद्धालाई अघोषित रूपमा निषेध गर्ने गरेको छ । तर राजनीतिले केही बुढाखाडाको अस्तित्वलाई स्वीकार गरे पनि कोरा बुढाहरूलाई पत्याउँदैन । पुराना र यसभन्दा अघि विभिन्न उच्च ओहोदामा पुगेर पद र पैसाको तर मारिसकेकाहरू मात्र राजनीतिको छनौटमा पर्ने गरेका हुन्छन् । वृद्धवृद्धाहरूले अर्काको छनौटमा पर्ने आश गर्ने होइन, आफ्नो छनौटमा अरूलाई पार्ने खेल देखाउनुपर्छ । वृद्धवृद्धाहरूको नयाँ र नौलो काम देखेर सबै पछि लाग्ने परिस्थिति जन्माउन सक्नुपर्छ । अनुभवले खारिएको उमेर भएकोले हरेक वृद्धवृद्धाहरूसँग यस्तो शक्ति पर्याप्त हुन्छ । किनकि वृद्धावस्था सहजै प्राप्त हुँदैन यो त ईश्वरको बरदान हो ।

(समकालीन साहित्य प्रतिष्ठान, बेलायत)

सुख : जीवनको प्रधान सूचक होइन

खुशी र सुख भनेको दुवै भिन्न-भिन्न विषय हुन् । यी दुवैमा ठूलो अन्तर हुन्छ । जीवनमा कहिलेकाँही अत्यन्त प्रतिकूल परिस्थितिको सामना गर्नुपर्छ । मान्छेले यो अवस्थालाई हरसम्भव रूपमा नियन्त्रण गर्ने प्रयास पनि गरिरहन्छ तर दुर्भाग्य, सबै मान्छेसँग त्यसलाई सहजै थान्को लगाउने क्षमता हुँदैन । कतिपय मान्छेले थोरै प्रयासले पनि त्यसलाई पन्छाउन सफल हुन्छन् भने कतिले अनेक प्रयत्न गरे पनि पन्छाउन सक्दैनन् । सुख र दुःख भनेको कुनै एउटा व्यक्तिले आइजभन्दा आउने र जाभन्दा जाने वस्तु पनि होइन । सुख प्रत्यक्ष रूपमा व्यक्तिको शरीरसँग जोडिएको हुन्छ जसलाई मान्छेको पाँच इन्द्रिय नाक, कान, आँखा, जिभ्रो र छालाले प्रत्यक्ष रूपमा उपभोग गर्छन् भने खुशी केवल मान्छेको अन्तरात्माले मात्र अनुभूति गर्नसक्छ । सुख, आवश्यकता पूर्तिले पनि दिनसक्छ । घर, मोटर, गाडी र धनसम्पत्तिले पनि सुख दिन सक्छ तर तिनले पूर्ण खुशी दिन सक्दैनन् । सम्पन्न व्यक्ति सुखी भए पनि खुशी नहुन सक्छ । निर्धन व्यक्ति कहिलेकाहीँ सम्पन्न व्यक्तिभन्दा अधिक खुशी हुन सक्दछ । केही मानवीय हेलचेक्राइँ, लापर्वाही र केही दैवयोगबाट मान्छेको जीवनमा प्रतिकूल परिस्थितिको सिर्जना हुनेगर्छ । परिस्थिति सम्हाल्न सक्नेहरूले पुनः जीवनलाई नयाँ बाटोबाट हिँडाउन सक्छन् भने केही मान्छेहरूले अनेकौँ प्रयत्न गर्दागर्दै पनि परिस्थितिलाई निश्चित मार्गमा ल्याउन सक्दैनन् । उनीहरू केही गरे पनि सुखी र खुशी हुन सक्दैनन् । फलस्वरूप उनीहरूलाई जीवनदेखि वितृष्णा उत्पन्न हुन्छ र उनीहरूले आत्महत्याको बाटोसम्म रोज्न सक्छन् । आत्महत्याको बिज हरेक मान्छेको अन्तस्करण भित्र हुन्छ । त्यसलाई अङ्कुरित हुन दिने वा नदिने भन्ने चाहिँ व्यक्तिको आफ्नै सोचाइमा निर्भर हुन्छ ।

आपदविपदका समयमा यस्ता विचारलाई मनभित्र अङ्कुरित हुन दिनुहुँदैन । खुशी भएको समयमा त्यस्ता विचारहरू स्वतः निश्क्रिय हुने गर्छन् ।

तर सुख प्राप्तिका समयमा भने त्यस्तो विचार पनि मनमा विकसित भइरहेको हुनसक्छ । यदि मनमा चिन्ता र पिर परेको समयमा त्यसको अङ्कुरण भइहाल्यो भने पनि त्यसलाई बिरुवाको आकारमा पुग्न नदिने प्रयास गर्नुपर्छ । जब त्यस विचारले वृक्षको आकार लिन्छ, समय बितिसकेको हुनेछ । न त्यसलाई काँटछाँट गर्न सकिन्छ, न त उखेलेर मिल्काउन नै, मान्छे आत्तिएको समयमा मनभित्र विचारहरूले खेल्ने अवसर प्राप्त गर्छन् । यस्तो समयको पूर्ण रूपमा सदुपयोग गरी बाँकी जीवन कसरी खुशी बनाउने, भन्नेतिर दिमाग केन्द्रित बनाउने प्रयास गर्नुपर्छ । जीवनमा जब सङ्कट आउँछ, आफू एक्लै जन्मिएको कुरा मनन गर्न सक्नुपर्छ । एक्लै जन्म लिएर आएपछि आइपरेको सङ्कटबाट निकास खोज्ने जिम्मेवारी पनि एक्लैले लिन सक्नुपर्छ । अनि मात्र जीवनको वास्तविक स्वाद पाइन्छ । दाउरा, घाँस बटुल्न एक्लै जङ्गल गएको समयमा हिँस्रक वन्यजन्तुको सामना गर्न कसैको मद्दत मागेर पाइँदैन, जसरी पनि एक्लै सामना गर्नैपर्ने हुन्छ । यसरी बाँच्नुको छुट्टै मज्जा हुन्छ । कसैको निगाहमा जीवन जिउनु भनेको आधा मर्नुसरह हो ।

घनघोर जङ्गलमा एक्लै गएको गृहस्थ व्यक्ति र मानव जीवन उस्तै हो । कसैको साथ पाइने कुरा त मात्र संयोग हो । यही हो जीवन सङ्घर्ष भनेको । सङ्घर्षले मान्छेलाई बाँच्ने सूत्र सिकाइदिन्छ, परिपक्व बनाउँछ, बलियो र शक्तिशाली बनाइदिन्छ । इतिहास भन्छ, सङ्घर्ष गर्ने व्यक्तिले मात्र उन्नति र प्रगति गर्ने गरेको छ । एउटै आमाले जन्माएका सन्तान मात्र होइन, एकै पटक जन्मिएका जुम्ल्याहा बच्चा पनि भविष्यमा एउटा सुखी र अर्को दुःखी हुनसक्छ । कुरा स्पष्ट छ मेहनती सुखी हुन्छ, मेहनत गर्न नसक्ने दुःखी । हरेक व्यक्तिले बुझ्नुपर्छ, नदीनालाहरू सबैका साझा सम्पत्ति हुन् । यसमा सबैको बराबरी हक लाग्छ । तर पनि नदीमा पस्नेले कसैले सुन टिप्छ, कसैले माछा टिप्छ भने कसैले खुट्टा मात्र भिजाएर फर्कन्छ । अझ कसैलाई त नदीले बगाउन पनि सक्छ । सामान्यतया सुन टिप्ने व्यक्ति खुशी हुनुपर्ने हो । यदाकदा सुन टिप्नेले भन्दा खुट्टा भिजाउनेले बढी खुशी र सन्तुष्टि प्राप्त गरेको पनि हुनसक्छ । प्रकृतिले दिएको उपहार समानुपातिक हिसाबले उपभोग गरिँदैन । कसैले प्रकृतिले सित्तैमा दिएको हावा, पानी र खनिज पदार्थको बिक्री गर्छन् भने कसैले तिनै वस्तु पैसा खर्च गरेर खरिद गर्नुपर्छ । जसको जति क्षमता छ, उसले त्यति नै उपभोग गर्छ । मेहनत गर्नेले चाहेको वस्तु प्राप्त गर्छ तर नगर्नेले पर्याप्त मात्रामा नपाउन सक्छ ।

गम्भीर प्रकृतिका रोगले ग्रस्त व्यक्तिहरू जीवनमा बाँच्नैका लागि अनेक उपाय गरिरहेका हुन्छन् । उनीहरूको एक मात्र लक्ष्य जीवनमा जिउनु मात्र हुन्छ । मान्छेले सबैभन्दा पहिले बाँच्ने कोसिस गर्नुपर्छ । जीवनको पहिलो लक्ष्य बाँच्नु हो । "बाँच्न सके नाच्न पाइन्छ ।" जब ऊ बाँच्न सफल हुन्छ, असीमित खुशी यसैमा पाउँछ । यसबेला मान्छेले सुखको चाहना गर्दैन । बाँच्न सफल भएको खुशी एउटा सम्पन्न व्यक्तिको सुखभन्दा कैयौँ गुणा शक्तिशाली र महत्त्वपूर्ण हुन्छ । सुख, व्यक्तिको दोस्रो प्राथमिकतामा पर्ने आवश्यकता हो । रोगी व्यक्तिले अरूलेजस्तै लोभलाग्दो कमाइ गरेर, असल साथी बनाएर, सिनेमा हेरेर, तास खेलेर खुशी हुन ऊसँग पर्याप्त समय र रहर हुँदैन । सुखी व्यक्तिले खुशी प्राप्तिका लागि माध्यमहरूको खोजी गर्छ । रोगीहरूले बाँच्नका लागि उपाय खोजी गरिरहेको हुन्छ । यी दुई प्रकारका मान्छेरूबीच निकै ठूलो भिन्नता हुन्छ ।

जीवन सबैको एकैनासको हुँदैन । कोही खुशी भइरहेको समयमा अर्को व्यक्ति दुःखी भइरहेको हुनसक्छ । हरेक सुखद अनुभवले सबैलाई खुशी दिन सक्दैन । कहिलेकाहीँ खुशी अत्यन्त महङ्गो बनिदिन्छ । सामान्यतया एउटा युद्धमा विजयी हुने खुशी र पराजित हुने दुखी हुने सर्वमान्य सिद्धान्त हो । तर कुनै अवस्थामा इच्छापूर्ति भएर पनि मान्छे खुशी हुन सक्दैन । द्वापर युगमा लडिएको महाभारतको युद्धमा पाण्डवहरू विजयी त बने तर आफ्ना वंशज र आफन्तको मृत्युका कारण पाण्डवहरूमा एक प्रकारको आत्मग्लानि पैदा भएको थियो । यस घटनाले उनीहरूलाई कहिले पनि खुशी दिएन । ठिक यस्तै परिस्थिति तत्कालीन शक्तिशाली शासक सम्राट अशोक र राजा अनन्त पद्मनाभनबीचको कलिङ्ग युद्धमा भएको थियो । यो युद्ध इतिहासको सबैभन्दा भयावह युद्ध साबित भयो । यो अत्यन्त विनाशकारी युद्ध थियो, जसमा लाखौँ निर्दोष जनताले आफ्नो बलिदान दिए । यद्यपि यो युद्धमा विजयी बनेर पनि सम्राट अशोक खुशी हुन सकेनन् । उनको हृदय परिवर्तन भयो । यसैबीच अशोकले शान्तिको मार्ग अपनाएका थिए र उनी बौद्ध धर्मको अनुयायी बनेका थिए ।

हरेक मान्छेको चाहना हुन्छ, छिट्टै सुख प्राप्त होस् । दुःखको छायँसम्म देख्न नपरोस् । यथार्थ के हो भने दुःखको प्रारम्भ भर्खरै मात्र भएको होइन । यो त सृष्टिकालमा पनि थियो । हरेक युग परिवर्तनसँगै दुःख पनि साथमा आएको हुन्छ । यो क्रम सृष्टि रहेसम्म रहिरहन्छ । यसरी जीवनको पथमा

दुःख र पीडा त अविछिन्न रूपमा आफ्नै बाटोमा हिँडिरहेका हुन्छन् । जीवन यात्राका क्रममा कुनै दिन तिनै दुःख र पीडा नामका पाहुनासँग हामी सबैको साक्षात्कार हुन्छ । जब तिनीहरू अचानक भेट हुन्छन्, तिनै दुःख र पीडाहरू केही दिन हामीसँगै रहन्छन् र निश्चित समयपछि पुनः फर्किएर जान्छन् । सुख र खुशीहरू पनि बाटोमा भेटहुने पाहुना नै हुन् । यिनीहरू पनि केहीदिनको बसाइँ पछि फिर्ता हुनैपर्छ । जीवनको रीत यही हो । मान्छेले हरेक दिन खुशी हुन त अलि टाढा देखिने खुशीको उज्यालोसँगै बाँच्न सिक्नुपर्छ । पराइको सुख र खुशीमा रमाउन जान्नुपर्छ । खुशी नामको पाहुना घुम्दैफिर्दै अवश्य पनि आफ्नो पोल्टामा पुनः कसो नआउला,

जब जीवनमा प्रतिकूल अवस्था सिर्जना हुन्छ, सम्झनुस् संसारका सबै कुराहरू अस्थायी हुन् । मौसम र ऋतुहरू परिवर्तन भएजस्तै प्रतिकूल परिस्थिति पनि सधैँ रहिरहन्छ भन्ने छैन । समय सधैँ एकनासको हुँदैन तर पनि समय सधैँ बलवान हुन्छ । त्यही बलवान समयले कुनै दिन हामीलाई पनि पूर्ण रूपमा साथ दिनेछ । जब समयको साथ पाइन्छ, जीवनले कोल्टे फेर्न लाग्छ । दुःख-सुख, उज्यालो-अँध्यारो, जाडो-गर्मी, घाम-छायाँ, रात-दिन, आँसु र हाँसो भनेका प्रकृतिका नियमित तालिकाभित्रका कार्यहरू हुन् । यिनीहरू चक्रीय प्रणालीमा घुमिरहेका हुन्छन्, जसरी चन्द्रमा, पृथ्वी र अन्य सौर्यमण्डलीय ग्रहहरू घुम्ने गर्छन् । पृथ्वी घुमिरहने क्रममा कहिले सूर्यको प्रकाश भएको ठाउँमा पुग्छ । कहिले नभएको ठाउँमा । सारा सृष्टिसमेत यसरी नै चलिरहेको छ भने, यसभित्रको मामुली भुसुनो न हो मान्छे भनेको त, हामी आफूलाई किन खुशी ठान्छौँ ? हामीलाई के ले खुशी बनाउँछ ? परिवारको सानिध्यले, अकुत सम्पतिले, सम्पन्न गरेको कामले, धार्मिक आस्थाले वा अन्य कुनै कुराले ? पढाइको नतिजा राम्रो हुँदा, जागिर पाउँदा वा नयाँ गाडी, नयाँ कपडा किन्दा ? धेरै मानिसहरू एक निश्चित लक्ष्यमा पुग्दा वा इच्छित वस्तु प्राप्त गर्दा केही हदसम्म खुशी अनुभव गर्छन् । तर यी खुशी स्थायी हुँदैनन्, यी सबै अस्थायी खुशी हुन् । अस्थायी खुशीले क्षणिक सुख दिन्छ । एक पटकको खुशीले कसैलाई पनि जीवनभरि सुख दिइरहदैन । यसैगरी भौतिक सुखले दिएको सुखभित्र स्थायी खुशी पनि हुँदैन । कतिपय अवस्थामा आजको क्षणिक खुशीले भोलि कुनै पनि समय स्थायी पीडा पनि दिनसक्छ । सन्तानले विकसित मुलुकको भिसा प्राप्त गर्दाको खुशी, त्यसदिन पीडामा परिणत हुन्छ जुन दिन सन्तानले घर फर्कन नसक्ने खबर पठाउँछ । मान्छेले

बुझ्न सक्नुपर्छ, सृष्टिमा चलिरहने नियमित क्रियाकलापका विरुद्ध कोकोहोलो मच्चाउनुको केही अर्थ हुँदैन । कुनै पनि कुरा स्थिर र स्थायी भन्ने हुँदैन । यसबाट सुख र खुशीलाई कसरी अलग्गै राख्न सकिन्छ ?

दुःखपछिको सुखको बेग्लै महत्त्व हुन्छ । बरु केही समय प्रतीक्षा र धैर्य गर्न सक्ने बानीको विकास गर्नुपर्छ । यदि हामी आफ्नो जीवनमा साँच्चै खुशी हुन चाहन्छौँ भने र सहजता चाहन्छौँ भने, दुःखलाई स्वीकार गर्न सक्नुपर्छ र कठिनाइहरूलाई जित्ने प्रयत्न गर्नुपर्छ । उक्त खुशी पुनः घुम्दै फिर्दै हामीसँगै आइपुग्छ । सुखी हुनु, मानव जीवनको प्रधानसूचक पनि होइन । कहिलेकाहीँ कष्टदायी जीवनबाट पनि भविष्यका लागि अपरिहार्य र अमूल्य वस्तु प्राप्त गर्न सकिन्छ । जसमा जीवनको गुढ रहस्य फेला पर्नसक्छ । जुन कुरा सुख, सन्तोष र ऐश्वर्यबाट प्राप्त हुँदैन । जसरी सुनलाई महत्त्वपूर्ण धातु मानेर यसलाई उपभोग्य वस्तुका रूपमा हेरिने गरिएको छ । तर पनि सुन सुगन्धित हुँदैन । मानव जीवनमा मिल्ने सुख पनि सुनजस्तै हो सहजै खरिद गर्न नसकिने र महङ्गो । प्रत्येक मान्छे सुखी भएर बाँच्न चाहन्छ । सुखलाई जीवनमा अपरिहार्य मानिए पनि सुख आफैँमा सर्वगुणसम्पन्न भने हुँदैन, जसले जीवनका सम्पूर्ण आवश्यकताहरू पूरा गरोस् । अमेरिकी लेखक विलियम सरोयनले सुखको परिभाषा यसरी दिएका छन् “तपाईँले पाउन सक्ने सबैभन्दा ठूलो सुख भनेको तपाईले सधैँ सुख पाउनुहुन्न भन्ने थाहा पाउनु हो ।”

मान्छे जस्तोसुकै प्रकारको गम्भीर र कठिन परिस्थितिबाट गुज्रिन किन नपरोस्, आफैप्रति दयालु हुनुपर्छ, इमान्दार बन्नुपर्छ, धैर्यधारण गर्न सक्नुपर्छ । दुःखले मान्छेलाई अगाडिको चुनौती पार गर्नसक्ने शक्ति र ऊर्जा दिन्छ । व्यक्तिलाई कसैले पनि पढाउन नसक्ने रहस्यमय पाठ पढाइदिन्छ । जीवनमा सुख होइन खुशी खोज्नुपर्छ । याद गरौँ जीवनमा कठिनाइहरू अनुभव गर्ने तपाईँ मात्र एक्लो व्यक्ति हुनुहुन्न । पृथ्वीमा भएका मानवलगायत हरेक जीवित प्राणीहरू, कठिनाइ र सुविधाको बीचमा बाँचिरहेका हुन्छन् बस् केवल तपाईँ आफ्नो जीवन सङ्घर्षमा आफ्नो भाग खुशी लिएर बाँच्दै हुनुहुन्छ ।

(*प्रकाश पुञ्ज*, वीरेन्द्र बहुमुखी क्याम्पस)

समाप्त